# नयनराज पाण्डेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको

एम्.ए. दोस्रो वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

कर्णबहादुर भाट क्षेत्री

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०६६

शोधनिर्देशक
सह–प्रा.डा. ताराकान्त पाण्डेय

नयनराज पाण्डेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको

एम्.ए. दोस्रो वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तुत

# शोधपत्र


शोधार्थी

कर्णबहादुर भाट क्षेत्री

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०६६

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली एम्.ए.(शैक्षिक वर्ष: २०६२/०६४) दोस्रो वर्षका विद्यार्थी कर्णबहादुर भाट क्षेत्रीले **नयनराज पाण्डेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँको शोधकार्यसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति:२०६६/०३/२१

.....................................

(सह-प्रा.डा. ताराकान्त पाण्डेय)

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय,

कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय,**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र कर्णबहादुर भाट क्षेत्रीले त्रि.वि. नेपाली केन्द्रीय विभाग स्नातकोत्तर (एम.ए.) तहमा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका निम्ति तयार पार्नुभएको **नयनराज पाण्डेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ।

### शोधपत्र मूल्याङ्कन समिति

१. विभागीय प्रमुख, प्रा.राजेन्द्र सुवेदी ..................................

२. शोधनिर्देशक, सह- प्रा.डा. ताराकान्त पाण्डेय .................................

३. बाह्य परीक्षक, उप-प्रा.डा. गोपीन्द्र पौडेल ...............................

मिति: २०६६/०३/२८

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु सह.प्रा.डा.ताराकान्त पाण्डेयज्यूको निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रर्दन गराएर अगि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा सामग्री सङ्कलन गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने काठमाडौं बसुन्धरा, श्रीटोल निवासी श्री नयनराज पाण्डेप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा विविध कार्यव्यस्थतालाई प्रवाह नगरी आफ्नो अमूल्य समय निकालेर निर्देशन सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने आदरणीय गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्न अवसर जुटाउने नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मलाई बारम्बार घच्घचाएर स्नातकोत्तर अध्ययनसम्म पुऱ्याउनु हुने तथा आर्थिक व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याई पुऱ्याउने माता मनकला भाट, स्व. पिता हर्कबहादुर भाटलगायत सम्पूर्ण परिवारजनप्रति म आजीवन ऋणी छु । प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय र मेरो शोधपत्रलाई आफ्नो अमूल्य समय दिई शुद्धाशुद्धि हेरी सहयोग पुऱ्याउने आत्मीय साथी ऋषिराम धितालप्रति हार्दिक आभार प्रकट गर्दछु । सङ्कलित सामग्रीहरूलाई झर्को नमानीकन होसियारपूर्वक शुद्धसँग टङ्कन गरिदिने क्रिएटिभ कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

...............................

कर्णबहादुर भाट क्षेत्री

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौँ

मिति : २०६६/०३/२१

# विषयसूची


| | पृष्ठ |
|---|---|
| **पहिलो अध्याय : शोधपरिचय** | |
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधकार्यको प्रयोजन | १ |
| १.३ विषयपरिचय | १ |
| १.४ समस्याकथन | २ |
| १.५ शोधकार्यको उद्देश्य | ३ |
| १.६ पूर्वकार्यको विवरण र समीक्षा | ३ |
| १.७ शोधकार्यको औचित्य र महत्त्व | १० |
| १.८ शोधपत्रको सीमाङ्कन | १० |
| १.९ सामग्री सङ्कलन र शोधविधि | १० |
| १.१० शोधपत्रको रूपरेखा | ११ |
| **दोस्रो अध्यायः नयनराज पाण्डेको जीवनीको अध्ययन** | |
| २.१ जन्म र जन्मस्थान | १२ |
| २.२ दाजुभाइ तथा दिदीबहिनीहरू | १२ |
| २.३ वंशपरम्परा | १२ |
| २.४ बाल्यावस्था र व्रतबन्ध | १४ |
| २.५ शिक्षा-दीक्षा | १४ |
| २.५.१ अक्षरारम्भ र प्रारम्भिक शिक्षा | १४ |
| २.५.२ विद्यालयीय शिक्षा | १४ |
| २.५.३ उच्चशिक्षा | १५ |
| २.५.४ स्वाध्ययन | १५ |
| २.६ दाम्पत्य जीवन र सन्तान | १६ |
| २.७ आर्थिक स्थिति र आजीविका | १६ |

२.८ रूचि र स्वभाव १७
२.९ साहित्यिक प्रेरणा र प्रभाव १७
२.१० लेखनकार्य १७
२.११ सम्पादन कार्य १८
२.१२ संस्थागत संलग्नता १८
२.१३ सम्मान तथा पुरस्कार १९
२.१४ साहित्यिक धारणा र जीवनदर्शन १९
२.१५ जीवनका अविस्मरणीय घटनाक्रम २०
२.१६ निष्कर्ष २०

**तेस्रो अध्याय : नयनराज पाण्डेको व्यक्तित्वको अध्ययन**
३.१ व्यक्तित्वको पृष्ठभूमि २२
३.२ व्यक्तित्वका विभिन्न पाटाहरू २२
३.३ निजी व्यक्तित्व २२
३.३.१ बाह्य व्यक्तित्वः शारीरिक आकार-प्रकार २३
३.३.२ आन्तरिक व्यक्तित्वः शील, स्वभाव, आचरण र प्रवृत्ति २३
३.४ सार्वजनिक व्यक्तित्व २३
३.४.१ साहित्यिक व्यक्तित्व २३
३.४.१.१ कवि व्यक्तित्व २४
३.४.२.२ कथाकार व्यक्तित्व २४
३.४.२.३ उपन्यासकार व्यक्तित्व २५
३.४.२.४ नाटककार व्यक्तित्व २६
३.४.३ साहित्येत्तर व्यक्तित्व २६
३.४.३.१ सम्पादक व्यक्तित्व २६
३.४.३.२ पटकथाकार व्यक्तित्व २७
३.४.३.३ अभिनेता व्यक्तित्व २७
३.४.३.४ स्तम्भकार-टिप्पणीकार व्यक्तित्व २८

३.४.४ जीवनी व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तः सम्बन्ध २८
३.४.५ निष्कर्ष २९

**चौथो अध्यायः नयनराज पाण्डेका कृतित्त्वको अध्ययन**

४.१ नयनराज पाण्डेका रचनाहरूको विवरण ३०
४.१.१ प्रकाशित रचनाहरूको विवरण ३०
४.१.१.१ प्रकाशित पुस्तकाकार कृति ३०
४.१.१.२ प्रकाशित फुटकर रचनाहरू ३१
४.२ नयनराज पाण्डेका साहित्यिक कृतिहरूको अध्ययन ३५
४.२.१ नयनराज पाण्डेका औपन्यासिक कृतिहरूको अध्ययन ३५
४.२.१.१ 'नाङ्गो मान्छेको डायरी' (२०४४) उपन्यासको विवेचना ३६
४.२.१.२ 'विक्रमादित्य एउटा कथा सुन !' उपन्यासको विवेचना ४३
४.२.१.३ 'अतिरिक्त' उपन्यासको विवेचना ५१
४.२.१.४ 'उलार' उपन्यासको विवेचना ५८
४.२.२ नयनराज पाण्डेका कथासङ्ग्रहहरूको अध्ययन ६८
४.२.२.१ 'खोरभित्र जोकर' कथासङ्ग्रहको विवेचना ६८
४.२.२.२ 'निदाएँ जगदम्बा' कथासङ्ग्रहको विवेचना ९६
४.३ निष्कर्ष ११२

**पाँचौं अध्याय : सारांश तथा निष्कर्ष**

५.१ सारांश ११५
५.२ निष्कर्ष ११९
५.३ सम्भावित शोधशीर्षकहरू १२१
सन्दर्भग्रन्थसूची १२२

# पहिलो अध्याय

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यकार नयनराज पाण्डेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक परिपूर्तिका लागि दसौँ पत्रको प्रयोजनार्थ सम्पन्न गरिएको छ ।

### १.३ विषयपरिचय

नेपाली सहित्यका साधक नयनराज पाण्डेको जन्म वि.सं. २०२३ साल जेष्ठ २७ गते काठमाडौंको प्युखाटोलमा भएको हो । औपचारिक रूपमा कानुन विषयमा स्नातक तहसम्मको परीक्षा उत्तीर्ण गरेका पाण्डेले अनौपचारिक रूपमा विविध विषयको स्वाध्ययन गरी आफ्नो ज्ञानको क्षेत्रलाई फराकिलो बनाएको पाइन्छ ।

उनले विद्यार्थी जीवनकाल वि.सं.२०३३ देखि नै साहित्य सिर्जनामा रुचि लिएको पाइन्छ । पाण्डेले नेपाली साहित्यको कविता, कथा, उपन्यास, नाटक आदि विभिन्न विधामा कलम चलाएका छन् तर उनको लेखनको मुख्य विधा भने कथा र उपन्यास नै हो । जीवन निर्वाहका निम्ति नेपाली चलचित्रका पटकथा/संवाद लेखन तथा निर्देशन पनि गर्दै आइरहेका पाण्डेको पहिलो साहित्यिक रचना **सुखी जीवन** बालकविता वि.सं. २०३३ सालमा रेडियो नेपालबाट प्रसारित भएको जानकारी पाइन्छ । औपचारिक रूपमा पहिलो प्रकाशित साहित्यिक रचना भने **'केही टुक्रा कविता',** रूपरेखा (२०३९) पत्रिकामा प्रकाशित भएको थियो । यसरी कवितालेखनबाट साहित्यिक यात्रा प्रारम्भ गरेका पाण्डेको पहिलो आख्यानात्मक रचना **मलाई सन्चै छ** कथा (**रूपरेखा** : २०४०) मा प्रकाशित भएको पाइन्छ ।

साहित्यमा समाज, राष्ट्र तथा शासकहरूबाट निरन्तर उपेक्षित, शोषित निम्नवर्गका पात्रहरूको प्रयोग गर्दै समय, समाज र समकालीन विकृति, विसङ्गति र भ्रष्टाचारको अभिव्यक्ति गर्न रुचाउने पाण्डेका हालसम्म विभिन्न पत्रपत्रिकाहरूमा थुप्रै फुटकर

रचनाहरूको साथै चारवटा उपन्यास र दुईवटा कथासङ्ग्रहहरू पुस्तकाकार रूपमा प्रकाशित भइसकेका छन् । **रूपरेखा** र **सिर्जना** पत्रिकाको सम्पादक जस्तो गरिमामय तथा दायित्वपूर्ण पद सम्हालिसकेका पाण्डेले नेपाली साहित्यको सेवा गरेवापत विभिन्न राष्ट्रिय स्तरका पुरस्कारहरू समेत प्राप्त गरेका छन् । साहित्यलेखनको प्रारम्भिक चरणमा मानसिक कुण्ठा, अन्तर्द्वन्द्व, यौनमनोविज्ञान आदिको प्रयोगतर्फ झुकाव राख्ने पाण्डेमा क्रमशः आममान्छेको दुःख, पीडा, सङ्घर्ष र उनीहरूका असन्तुष्टिहरूका साथै समकालीन राजनीतिक विकृतिको मुखुण्डो उतार्ने प्रवृत्ति पाइन्छ । उनको साहित्यिक लेखन सङ्ख्यात्मक दृष्टिले मात्र नभई गुणात्मक उत्कृष्टता हासिल गर्दै निरन्तर अघि बढिरहेको छ । नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका सिर्जनशील स्रष्टा पाण्डेको जीवनी, व्यक्तित्व र कृतित्वलाई यस शोधकार्यमा मूल शोध क्षेत्र बनाई अध्ययन गरिएको छ ।

## १.४ समस्याकथन

तेह्र वर्षको विद्यार्थी जीवनदेखि नै साहित्यप्रति अनुरागी बन्न थालेका नयनराज पाण्डेले **सुखी जीवन** बालकविता (रेडियो नेपालः २०३३) तथा पहिलो प्रकाशित फुटकर रचना **केही टुक्रा** शीर्षकको कविता (रूपरेखाः २०३९) मार्फत औपचारिक रूपमा नेपाली साहित्यलेखनमा प्रवेश गरेका हुन् । हालसम्म उनका **नाङ्गो मान्छेको डायरी** (२०४४), **विक्रमादित्य एउटा कथा सुन !** (२०४४), **अतिरिक्त** (२०५०), **उलार** (२०५५) गरी ४ वटा उपन्यासहरूका साथै **खोरभित्र जोकर** (२०६१) र **निदाएँ जगदम्बा** (२०६५) कथासङ्ग्रहलगायत विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा कविता, कथा, नाटक र लेखहरू प्रकाशित रहेका छन् ।

नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये पनि नेपाली आख्यान विधामा उनी अत्यन्त सफल तथा सक्रिय रहेका छन् । लेखनलाई नै मुख्य पेसाका रूपमा अँगालेका पाण्डेले साहित्यिक र केही साहित्येतर रचनाहरूमा समेत कलम चलाएका छन् । यसरी साहित्य साधनामा निरन्तर जुटिरहेका पाण्डेको नेपाली साहित्यमा हालसम्म केही फुटकर अध्ययन तथा चर्चाबाहेक समग्र जीवनी, व्यक्तित्व र कृतित्वको व्यवस्थित एवम् प्रमाणिक अध्ययन विश्लेषण भएको पाइँदैन । त्यसैले नयनराज पाण्डेका जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न पक्षको अनुशीलन गर्ने उद्देश्य राखी यो शोधकार्य गरिएको हो । यस सन्दर्भमा प्रस्तुत शोधका समस्याहरू निम्नानुसार छन्-

(क) नयनराज पाण्डेको जीवनीका मुख्य पक्षहरू के के हुन् ?

(ख) पाण्डेको व्यक्तित्वका विभिन्न पाटाहरू के कस्ता छन् ?

(ग) पाण्डेको साहित्यिक यात्रा के कस्तो रहेको छ ?

(घ) पाण्डेका हालसम्म प्रकाशित साहित्यिक कृतिहरू के कति छन् ?

(ङ) पाण्डेका साहित्यिक कृतिहरूको प्रवृत्ति र योगदान के कस्तो रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

उपर्युक्त समस्याहरूमा केन्द्रित रही साहित्यकार नयनराज पाण्डेको समग्र जीवन र उनको जीवनमा घटेका विभिन्न अविस्मरणीय घटनाहरू तथा त्यसबाट उनको जीवनमा परेको प्रभाव, उनको जीवनदृष्टि, साहित्य सिर्जनातर्फ उन्मुख हुनमा उनलाई प्राप्त भएको प्रेरणा आदि विविध पक्षहरूको निरूपण गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ । यसरी वि.सं. २०३९ देखि हालसम्म निरन्तर साधनारत यिनै साहित्य सर्जक पाण्डेको समग्र जीवनी, व्यक्तित्वका विभिन्न पक्ष र पाटाहरूको अध्ययन गर्दै उनको कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु नै प्रस्तुत शोधकार्यको मूल उद्देश्य रहेको छ । ती उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) साहित्यकार नयनराज पाण्डेको जीवनी प्रस्तुत गर्नु,

(ख) पाण्डेका विभिन्न व्यक्तित्वका पाटाहरूको परिचय दिनु ,

(ग) पाण्डेका हालसम्म प्रकाशित कृतिहरूको विवरण प्रस्तुत गर्नु,

(घ) पाण्डेका साहित्यिक यात्राको पहिचान गर्नु ,

(ङ) पाण्डेका हालसम्म प्रकाशित कृतिहरूको विश्लेषण गर्दै तिनका प्रवृत्ति र योगदानको निरूपण गर्नु ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

नयनराज पाण्डे नेपाली साहित्यका समसामयिक धाराका उल्लेखनीय प्रतिभा हुन् । मूलतः कथाकार तथा उपन्यासकारका रूपमा परिचित नयनराज पाण्डेले चारवटा उपन्यास, दुईवटा कथासङ्ग्रह, एउटा पूर्णाङ्की नाटक (अभिनित तथा गरिमा मा प्रकाशित) एउटा एकाङ्कीलगायत थुप्रै फुटकर रचनाहरू नेपाली साहित्यको भण्डारलाई दिइसकेका छन् । यसरी नेपाली साहित्यका क्षेत्रमा निरन्तर साधनारत पाण्डेका बारेमा हालसम्म नेपाली साहित्येतिहास तथा समालोचना लेखनका प्रसङ्गमा सामान्य चर्चा भएको पाइन्छ । उनको समग्र जीवनी,

व्यक्तित्व र कृतित्वका बारेमा भने कुनै सघन, विस्तृत , व्यवस्थित र विवरणात्मक शोध तथा समालोचना लेखिएको पाइँदैन । यहाँ पाण्डेका बारेमा हालसम्म केही पुस्तक र पत्रपत्रिकाहरूमा गरिएका चर्चा परिचर्चाहरूको विवरण सङ्क्षिप्त र कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

दीर्घा शर्मा (२०४४) ले **पुस्तक चर्चा स्तम्भ**मा नाङ्गो मान्छेको डायरी उपन्यासमा समकालीन चेतना यत्रतत्र देखिन्छ भन्दै प्रस्तुत उपन्यास सानो तर पठनीय भएकाले आकार प्रकारले मात्र उपन्यासलाई नजोखी पढेर मात्र त्यसको उचित मूल्याङ्कन गर्नुपर्ने सङ्क्षिप्त  टिप्पणी गरेका  छन् तर विस्तृत विश्लेषण भने गरेका छैनन् ।

ध्रुवचन्द्र गौतम (२०४४) ले **नाङ्गो मान्छेको डायरी**को भूमिकामा यस उपन्यासलाई आकर्षक शैली, सन्तुलित भाषा भएको उपन्यासिकाका रूपमा चिनाउँदै हाम्रो समाजका कतिपय वास्तविकतालाई **नाङ्गो मान्छेको डायरी** मा तीखो तुल्याएर प्रस्तुत गरिएको छ तर नारावादी किसिमले होइन भन्ने सामान्य टिप्पणी गरे तापनि उपन्यासको तत्त्वका आधारमा चर्चा गरेको पाइँदैन ।

अज्ञात (२०४४) ले **नाङ्गो मान्छेको डायरी** पुस्तक विमोचन शीर्षक लेखमा कृष्णचन्द्रसिंह प्रधानको भनाइ उद्धृत गर्दै यो उपन्यास रिपोर्ताज शैलीमा रहेको र राष्ट्रको वर्तमान सन्दर्भलाई लेखकले बडो कलात्मक ढङ्गले प्रस्तुत गरेको कुरा सामान्य रूपमा उल्लेख गरे पनि विस्तृत चर्चा गरेको छैनन् ।

अज्ञात (२०४४) ले **जनसंवाद साप्ताहिक** मा नाङ्गो मान्छेको विमोचन शीर्षक लेखमा युगकवि सिद्धिचरण श्रेष्ठको भनाइ उद्धृत गर्दै उपन्यासमा लेखिएका कुराहरू वर्तमान यथार्थसँग सम्बद्ध रहेको कुरा सामान्य रूपमा टिप्पणी गरे तापनि उक्त लेखमा अन्य तत्त्वका आधारमा उपन्यासको विश्लेषण गरेका  छैनन् ।

तुलसी अधिकारी (२०४४) ले **नयाँ कृतिः नाङ्गो मान्छेको डायरी** शीर्षक लेखमा नाङ्गो मान्छेको डायरी उपन्यासको नायक द्रव्यको मोहमा जकडिएको समाजका अगाडि बेकार र द्रव्य आर्जन गर्न असफल पुरुष पात्र भएको सन्दर्भ उल्लेख गर्दै यस उपन्यासको कथावस्तुका बारेमा समान्य चर्चा गरेका छन् तर तत्त्वका आधारमा  विस्तृत विश्लेषण  भने गरेका छैनन् ।

सुधांसु (२०४४) ले **पुस्तक/पत्रिका चर्चा** स्तम्भमा **नाङ्गो मान्छेको डायरी** उपन्यास नारावादी नभएको र लेखकले निकै सूक्ष्म र मीठा अनुभूतिद्वारा आफ्नो अति कठिन परिवेशको

दरिद्रताका पीडालाई स्वतस्फूर्त प्रतिक्रियाका रूपमा अनुभूतिहरूको सफल चित्रण गरेको कुरा उल्लेख गरेका छन् । उनले लेखकको यो औपन्यासिक प्रयास नयाँ हुँदाहुँदै पनि उच्चस्तरीय र पठनीय छ भनेका छन् तर उपन्यासको विस्तृत विश्लेषण र अन्य औपन्यासिक कृतिहरूको चर्चा भने गरेका छैनन् ।

लेखनाथ भट्टराई (२०४४) ले **नाङ्गो मान्छेको डायरी पल्टाएर हेर्दा** शीर्षक लेखमा **नाङ्गो मान्छेको डायरी** उपन्यासले सामाजिक र प्रशासनिक व्यङ्ग्य प्रहार गरेको कुरा उल्लेख गरेका छन् । उनले यस उपन्यासमा जीवनदर्शन पक्षमा हेलचेक्रयाइँ नहुनु, मनोविज्ञान, विकृति आदि प्रथम पटकको कलमबाट राम्ररी देखापर्नुले लेखकको सुनिश्चित बाटोको फराकिलो भविष्य देखिएको कुरा औँल्याएका छन् तर कृतिको विस्तृत चिरफार भने गरेका छैनन् ।

दैवज्ञराज न्यौपाने (२०४५) ले **विक्रमादित्य एउटा कथा सुन !** लेखमा **विक्रमादित्य एउटा कथा सुन !** उपन्यासको कथा सुन्ने प्रतापी राजा विक्रमादित्य किंबदन्तीमूलक छन् र कथा सुनाउने उपन्यासको प्रधान पात्र लेखक स्वयमको मुखपात्र भएर बोलेको छ भन्ने कुराको टिप्पणी गरेका छन् तर पाण्डेका अन्य औपन्यासिक कृतिहरूको भने विवेचना गरेका छैनन् ।

कृष्ण धरावासी (२०४५) ले पुस्तक परिचय स्तम्भमा **नाङ्गो मान्छेको डायरी** उपन्यासले एउटा गरिब र शिक्षित बेरोजगार नेपाली युवाको परिस्थितिको चित्रण गरेको छ भने **विक्रमादित्य एउटा कथा सुन** ! उपन्यासले अत्याचारको शासन सुरु भएपछि बौद्धिकताको औचित्य समाप्त हुन्छ भन्ने कुरा यस समग्र उपन्यासको आवाज हो भनी सङ्क्षिप्त तुलनात्मक टिप्पणी गरे पनि उक्त लेखमा तत्त्वका आधारमा उपन्यासको विश्लेषण गरेका छैनन् ।

ललिजन रावल (२०४५) ले **शरणार्थी जिन्दगीहरूको स्वअस्तित्वको खोजमा उपन्यास विक्रमादित्य एउटा कथा सुन !** शीर्षक लेखमा **विक्रमादित्य एउटा कथा सुन** ! उपन्यासमा जिन्दगीको सार्थकता रहेको र जिन्दगीले जतिसुकै दुःख र अमानवीयता सहनुपरे पनि आफ्नो अस्तित्व र अधिकार प्राप्तिका लागि उठेको भावना कहिल्यै मर्दैन भन्दै त्यसले एकदिन मूर्तरूप लिएरै छाड्छ भन्ने एउटा बलियो विश्वास र सन्देश दिने कुराको चर्चा गरे छन् तर पाण्डेका अन्य कृतिहरूको बारेमा भने चर्चा गरेका छैनन् ।

राजेन्द्र पराजुली (२०५३) ले **आस्तित्त्विक खोज-उपन्यास अतिरिक्त** शीर्षक लेखमा **अतिरिक्त** उपन्यासले हीनताग्रन्थीले आक्रान्त विसङ्गत जीवन भोग्ने नपुंसक पात्रको

असामान्य मनोदशा र शून्यबोध तथा अस्तित्वको खोजीलाई चित्रण गर्दछ भनेका छन् । पराजुलीले यस उपन्यासलाई कामुको विसङ्गति र फ्रायडीय अवचेतनको आयोडोलोजी लिएको उपन्यासका रूपमा टिप्पणी गरे पनि उपन्यासको विस्तृत विश्लेषण भने गरेका छैनन् ।

श्यामल (२०५५) ले **उलार** उपन्यासको भूमिकामा पाण्डेको यस उपन्यासलाई जनआन्दोलनपछिको नेपालको राष्ट्रिय राजनीतिको कुरूपतालाई उदाङ्गो पार्ने कृतिका रूपमा चिनाएका छन् । उनले यसलाई राजनीतिज्ञ र सीमान्त तहका जनताका बीचको दुरीलाई चित्रात्मक शैलीमा प्रस्तुत गरिएको उपन्यासका रूपमा चर्चा गरे पनि पाण्डेका अन्य औपन्यासिक कृतिहरूको बारेमा कुनै प्रसङ्ग उठाएको पाइँदैन ।

सनत रेग्मी (२०५५) ले **उलार** उपन्यासको समापन समीक्षाका क्रममा यस उपन्यासलाई नेपालगन्जको चित्र खिच्न सफल आञ्चलिक उपन्यासिकाको रूपमा चिनाएका छन् । यस कृतिमा प्रजातन्त्र पुनर्स्थापना पश्चात आजका मान्छेका भोगाइ, पीडा, सामाजिक विसङ्गति प्रजातन्त्रमा भएका विकृति र जनसामान्यको मोहभङ्गलाई उपन्यासको नायकलगायत अन्य पात्रहरूको माध्यमबाट प्रष्ट पारिएको चर्चा गरे तापनि उपन्यासका तत्त्वका आधारमा विस्तृत चर्चा भने गरिएको पाइँदैन ।

घटराज भट्टराई (२०५६) ले नेपाली लेखकहरूको परिचय दिने क्रममा साहित्यकार नयनराज पाण्डेको व्यक्तित्व र कृतित्वमाथि सामान्य टिप्पणी गरे पनि उनका कुनै पनि कृतिको विस्तृत विश्लेषण भने गरेका छैनन् ।

मञ्जुश्री थापा (२०५६) ले पुस्तक समीक्षा **उलार** शीर्षक लेखमा उलार उपन्यासको सामान्य सार खिच्दै यो उपन्यास सहजता, यथार्थता र भाषाशैलीका दृष्टिले फ्रान्सेली यथार्थवादी उपन्यासको नजिक रहेको र उपन्यासमा नेपालगन्जको क्यानभास चित्रित गरिएको सन्दर्भ उल्लेख गरे पनि उपन्यासको तत्त्वका आधारमा विस्तृत चर्चा भने गरिएको पाइँदैन ।

नारायण ढकाल (२०५६) ले **उलार र संसदको सोह्रौं अधिवेशन** शीर्षको लेखमा **उलार** उपन्यासको विषयवस्तुलाई नेपाली राजनीतिसँग जोड्दै २०४६ सालपछि नेपाली राजनीतिमा उत्पन्न असन्तुलनलाई यो कृतिले मुख्य विषयवस्तु बनाएको छ भनेका छन् । उनले यो पुस्तक राजनेता, कार्यकर्ता र सामाजिक परिवर्तनका सबैखाले नीति निर्माताहरूलाई बुद्धिबर्द्धक र खुराक बन्न सक्ने कुरा औंल्याए पनि कृतिको विस्तृत चर्चा भने गरेका छैनन् ।

राजेन्द्र सुवेदी (२०५६) ले **उलार उपन्यास आञ्चलिक धरातलको जिउँदो चित्र** शीर्षकको समालोचनात्मक लेखमा  उलार उपन्यासमा २०४७ पछिको राजनीतिक विकृतिले थपेको शोषण, दमन, उत्पीडनलाई वर्गीय दृष्टिले प्रस्तुत गर्न खोजेको छ  भनेका छन् । उनले आलोचनात्मक यथार्थवादी धाराको  यस उपन्यासमा नेपालको समग्र राजनीतिक कुरूपता र प्रजातन्त्रको नाममा थपिएको भ्रष्टता र वितण्डालाई नग्नरूपमा चित्रण गरेको कुरा औंल्याउँदै उपन्यासका तत्त्वका आधारमा विश्लेषण गरे तापनि पाण्डेका अन्य कृतिहरूको बारेमा भने कुनै चर्चा गरेका छैनन् ।

ताना शर्मा (२०५६) ले **नेपाली साहित्यको इतिहास**मा आधुनिककालका साहित्यकार-हरूका क्रममा नयनराज पाण्डेको नाम उल्लेख गरे तापनि पाण्डेका व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत चर्चा भने गरेका छैनन् ।

नारायणप्रसाद शर्मा गैरे (२०५७) ले **उपन्यासकार नयनराज पाण्डेः व्यक्तित्व र कृतित्व** शीर्षक लेखमा पाण्डेका चारैवटा उपन्यासहरूको सङ्क्षिप्त चर्चा गरे पनि उनका कथाहरूका बारेमा भने कुनै चर्चा गरेका छैनन् ।

नारायणप्रसाद शर्मा, गैरे (२०५८) ले **उपन्यासकार नयनराज पाण्डेसँग साक्षात्कार** शीर्षक अन्तर्वार्तामा पाण्डेलाई सरल र सरस भाषामा उपन्यास लेख्ने उपन्यासकारका रूपमा चिनाएका छन् । पाण्डेका उपन्यास नेपाली समाजमा रहेको विकृति र विसङ्गतिको पर्दाफास गर्दै सुसङ्गत समाजको सिर्जना गर्ने उद्देश्यले लेखिएका छन् भनी टिप्पणी गरे पनि कृतिहरूको विस्तृत विश्लेषण भने गरेका छैनन् ।

बानिरा गिरी (२०५८) ले **नयनराज पाण्डेको उलार : एक समीक्षा** शीर्षक समालोचनात्मक लेखमा पाण्डेको यो उपन्यास उनका अघिल्ला उपन्यासहरूभन्दा बढी यथार्थवादी भएको ठहर गरेकी छन् । उनले पाण्डेलाई फ्रान्सेली उपन्यासकार जोलासँग नजिक राख्दै फ्लावर्टभन्दा आक्रमक र मोपाँसाभन्दा जण्डो देखिएको टिप्पणी गरे तापनि उपन्यासका तत्त्वहरूका आधारमा  भने विश्लेषण गरेकी छैनन् ।

कृष्णहरि बराल र नेत्र एटम (२०५८) ले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** पुस्तकमा पाण्डेका औपन्यासिक कृतिहरू क्रमशः **नाङ्गो मान्छेको डायरीलाई आलोचनात्मक यथार्थवादी, विक्रममादित्य एउटा कथा सुन !** लाई प्रयोगवादी र **अतिरिक्त**लाई मनोविश्लेषण वादी धाराअन्तर्गत वर्गीकरण गरे पनि उपन्यासको समीक्षा भने गरेका छैनन् ।

मधुसूदन गिरी (२०५९) ले **नेपाली साहित्यमा भेरी अञ्चलको योगदान** अनुसन्धानात्मक लेखमा वर्तमानकालीन साहित्यकारहरूको सूचीमा नयनराज पाण्डेलाई राख्दै उनलाई कवि, उपन्यासकार, कथाकार तथा नाटककारका रूपमा चिनाए पनि उनका कृतिहरूको तत्त्वका आधारमा विस्तृत विश्लेषण भने गरेका छैनन् ।

पुरुषोत्तम सुवेदी (२०५९) ले **अविनाश श्रेष्ठ र नयनराज पाण्डेका दुई कथाः एक दृष्टि** शीर्षक समालोचनामा क्रमशः 'दन्त्यकथाभित्रको दन्त्यकथा' र 'हे नमर्दे' कथाहरूको तुलनात्मक समीक्षा गरे पनि पाण्डेका अन्य रचनाहरूको बारेमा भने चर्चा गरेको पाइँदैन ।

मधुसूदन गिरी (२०६०) ले **भेरी अञ्चलको साहित्यिक इतिहास** अनुसन्धान प्रतिवेदनमा बाँके जिल्लाका साहित्यकारहरूको चर्चा गर्ने क्रममा पाण्डेका कृतिहरूको सङ्क्षिप्त विश्लेषण गर्दै पाण्डेलाई मनोवैज्ञानिक एवम सशक्त आञ्चलिक यथार्थवादी उपन्यासकारका रूपमा चिनाए पनि तत्त्वका आधारमा उपन्यासको विस्तृत विश्लेषण भने गरेका छैनन् ।

धुव्रचन्द्र गौतम (२०६१) ले **नगरकोटको खोरभित्र जोकर** शीर्षक लेखमा नयनराज पाण्डेको कथासङ्ग्रह **खोरभित्र जोकर** (२०६१) को विमोचनको सन्दर्भ उल्लेख गरे तापनि उनका कथा तथा उपन्यासहरूको चर्चा भने गरेका छैनन् ।

पुरुषोत्तम सुवेदी (२०६१) ले **नयनराज पाण्डेका कथामा समकालीनताको तस्वीर** शीर्षक भूमिकामा पाण्डेको साहित्यकारिताको सङ्क्षेपमा चर्चा गर्दै समकालीन नेपाली समाजको नेतृत्व तहमा रहेको स्वार्थी, मौकापरस्त र नक्कली चरित्रले नेपाली समाजको अग्रगामितामा जसरी जडता र लक्ष्यहीनता व्याप्त रहेको छ, त्यसको पूरै प्रतविम्ब नयनका कथामा पात्र, घटना र परिवेशले बोकेका छन् भनी चर्चा गरे तापनि उनका कथाहरूको तत्वका आधारमा विवेचना भने गरेका छैनन् ।

सरोज अधिकारी (२०६२) ले **अक्षरको खेती** शीर्षक लेखमा विभिन्न साहित्यकारहरूको लेखनको चर्चा गर्ने क्रममा नयनराज पाण्डेले उलार (२०५५) उपन्यास प्रकाशन गरेर उपन्यास लेखनमा आफूलाई सशक्त रूपमा उभ्याएका छन् भनी सामान्य टिप्पणी गरे पनि उनको कथाकारिताको बारेमा भने चर्चा गरेका छैनन् ।

जीवलाल ढकाल (२०६२) ले **नेपाली साहित्यमा बाँके जिल्लाको योगदान** त्रि.वि. अप्रकाशित शकोधकार्यमा साहित्यकार नयनराज पाण्डे र उनका कृतिहरूको सङ्क्षिप्त विश्लेषण गरे तापनि तत्त्वका आधारमा चर्चा भने गरेका छैनन् ।

डा. गोपालप्रसाद शर्मा, अधिकारी (२०६३) ले **उलारको कथा र यसले बोकेको व्यथा** शीर्षक लेखमा समाजमा रहेको शोषण र सामन्ती संस्कारको परिणामस्वरूप गरिबी निम्तिएको र गरिबीकै कारण विद्रोही चेतनाको विजारोपण भएको सन्दर्भ उल्लेख गरे पनि उपन्यासको विस्तृत विश्लेषण भने गरेका छैनन् ।

ऋषिराम धिताल (२०६५) ले **बाँके जिल्लाका उपनयासकार र तिनका औपन्यासिक कृतिको अध्ययन** शोधकार्यमा उपन्यासकार पाण्डेका औपन्यासिक कृतिहरूको चर्चा गरे पनि उनका कथाहरूको विश्लेषण भने गरेका छैनन् ।

हरि अधिकारी (२०६५) ले **लेखकको प्रतिष्ठा बढोत्तरी गर्ने कृतिः** शीर्षकको पुस्तक समीक्षामा लेखक नयनराज पाण्डेले आफ्नो नयाँ कथासङ्ग्रह **निदाएँ जगदम्बा**मा सङ्कलित कथाहरूमा नेपाली समाजमा व्याप्त मूल्यहीनता, पाखण्ड, श्रमको शोषण, भ्रष्टाचार, कुण्ठाग्रस्त मानिसकता, राजनीतिक अवसरवाद र अकर्मण्यतालाई उधिनेका छन् भन्ने सन्दर्भ उल्लेख गरे पनि पाण्डेका कथाहरूको तत्त्वका आधारमा भने चर्चा गरेका छैनन् ।

पदम गौतम (२०६५) ले पुस्तक समीक्षा स्तम्भमा नयनराज पाण्डेको **निदाएँ जगदम्बा** कथासङ्ग्रहभित्रका कथाहरूको सङ्क्षिप्त चर्चा गर्दै उनका कथाहरू नेपालगन्जको परिवेशमा लेखिए तापनि पाण्डेका सिर्जनामा समग्र मुलुकको बेथिति र कटु यथार्थको धारिलो हतियार बनेको सङ्क्षिप्त टिप्पणी गरेका छन् । तर विस्तृत विवेचना भने गरेका छैनन् ।

मनबहादुर वस्नेत (२०६५) ले **जनताको पक्षमा उलार** शीर्षकको लेखमा राजनीतिमा मानवताको ठाउँ नहुने र जनतालाई पटक पटक धोका शिवाय केही पनि नदिएको तथ्य उल्लेख गर्दै । उपन्यास पढ्दा यसमा राजनीतिको पर्दाभित्र खेलिने घीनलाग्दा खेलभन्दा प्रेमललवा र द्रौपादीबीचको अश्लिलता ज्यादा सभ्य र मानवतावादी लाग्छ भनी उलार उपन्यासको बारेमा सामान्य चर्चा गरे पनि पाण्डेका अन्य कृतिहरूको बारेमा भने चर्चा गरेका छैनन् ।

यसरी साहित्यकार नयनराज पाण्डेको जीवनी, व्यक्तित्व र कृतित्वको सम्बन्धमा फुटकर रूपमा भूमिका लेखन, सङ्क्षिप्त परिचय र सामान्य टिप्पणी मात्र विभिन्न पत्रपत्रिका तथा पुस्तकमा सीमित रहेको देखिन्छ । यहाँ उनको जीवनी व्यक्तित्व र कृतित्वको समग्र अध्ययन तथा विश्लेषण गरी उपलब्धि र योगदानसमेत केलाउने प्रयास गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

वि.सं. २०३३ देखि हालसम्म तीन दशकभन्दा लामो साहित्यिक यात्रा पार गरिसकेका साहित्यकार नयनराज पाण्डेले लेखनलाई नै मुख्य पेसाका रूपमा अँगाल्दै आएका छन् । साहित्यका विविध विधामा कलम चलाइसकेका पाण्डेका जीवनी, व्यक्तित्व तथा कृतित्वका बारेमा सङ्क्षिप्त टिप्पणी र पत्रपत्रिकाहरूमा सामान्य चर्चा बाहेक सुव्यवस्थित र विस्तृत रूपमा अध्ययन अनुसन्धान नभएको हुनाले उनका बारेमा सर्वप्रथम व्यवस्थित र समग्ररूपमा गरिने अध्ययन अनुसन्धान औचित्यपूर्ण देखिन्छ । यस शोधकार्यबाट शोधनायक पाण्डेको बारेमा जान्न चाहने जिज्ञासु व्यक्ति, समकालीन र भविष्यका पाठक तथा अध्येताका निम्ति महत्त्वपूर्ण सामग्री भएका आधारमा पनि यस शोधकार्यको औचित्य रहेको छ । यसका अतिरिक्त नेपाली अनुसन्धान परम्परामा पनि यसले सहयोग पुऱ्याउनेछ । यी विविध दृष्टिकोणले प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व प्रष्ट हुन्छ ।

## १.८ शोधपत्रको सीमाङ्कन

नयनराज पाण्डे कवि, कथाकार, उपन्यासकार, नाटककार, पटकथाकार आदिका रूपमा परिचित एक साहित्यिक व्यक्तित्व हुन् । वि.सं २०३९ देखि औपचारिक रूपमा साहित्यिक क्षेत्रमा प्रवेश गरेका पाण्डेका हालसमम ६ वटा पुस्तकाकार कृति र अन्य फुटकर रचनाहरूको मोटोमाटी पहिचान गर्दै उनको जीवनी, व्यक्तित्व र कृतित्वका अध्ययनमा नै प्रस्तुत शोधकार्य सीमित रहेको छ । यहाँ उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई केलाई उनको साहित्यिक जीवनमा परेको प्रभाव र प्रेरणाको विश्लेषण गर्ने क्रममा पाण्डेलाई नै केन्द्रीय नायक चयन गरिएको छ । पाण्डेको जीवनी, व्यक्तित्व र साहित्य साधना यसको क्षेत्र हो भने उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरूको मात्र अध्ययन, विश्लेषणमा सीमित रहनु र फुटकर रूपमा पत्रपत्रिकाहरूमा प्रकाशित रचनाहरूको अध्ययनलाई समेट्न नसक्नु यसको सीमा हो ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्य तयार गर्ने क्रममा आवश्यक पर्ने सामग्री सङ्कलनका लागि मुख्यतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । नयनराज पाण्डेको जीवनी, व्यक्तित्व र कृतित्व पक्षको अध्ययन गर्ने क्रममा स्वयम् शोधनायकसँग प्रत्यक्ष भेटघाट गरी लिखित एवम् मौखिक प्रश्नावलीद्वारा आवश्यक जानकारी लिइएको छ । यसैगरी सम्बन्धित विषयका बारेमा

पत्रपत्रिका तथा पुस्तकहरूमा गरिएका टिप्पणी, समीक्षा र परिवारका अन्य सदस्यहरूलाई सहायक सामग्रीका रूपमा उपयोग गरिएको छ ।

यस शोधकार्यमा जीवनीलाई प्रस्तुत गर्ने क्रममा जीवनीपरक समालोचना प्रणाली र कृतित्व पक्षको विश्लेषणका निम्ति विधा सिद्धान्तलाई अवलम्बन गरिएको छ । कृति वा रचनाको विवेचनाका क्रममा भने तत् तत् विधाहरूमा स्थापित विधातात्त्विक मान्यतालाई नै आधार बनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित र सङ्गठित ढङ्गले प्रस्तुत गर्ने सन्दर्भमा निम्नानुसार पाँच अध्यायमा विभाजन गरिएको छ -

| | | |
|---|---|---|
| पहिलो अध्याय | - | शोधपरिचय |
| दोस्रो अध्याय | - | नयनराज पाण्डेको जीवनीको अध्ययन |
| तेस्रो अध्याय | - | नयनराज पाण्डेको व्यक्तित्वको अध्ययन |
| चौथो अध्याय | - | नयनराज पाण्डेको कृतित्वको अध्ययन |
| पाँचौँ अध्याय | - | सारांश तथा निष्कर्ष |

माथिका पाँच अध्यायलाई आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरिएको छ । शोधपत्रका अन्त्यमा सन्दर्भग्रन्थ सूची र परिशिष्ट पनि प्रस्तुत गरिएको छ ।

# दोस्रो अध्याय

# नयनराज पाण्डेको जीवनीको अध्ययन

## २.१ जन्म र जन्मस्थान

नयनराज पाण्डेको जन्म वि.सं. २०२३ साल जेठ २७ गते बिहिबार, कृष्ण पक्ष षष्ठी तिथि (इ.सं. १९६६ जुन ९) बिहान ६:४५ बजे बाबु डिल्लीराज पाण्डे र आमा भगवतीदेवी पाण्डेको जेष्ठ सुपुत्रका रूपमा भएको जानकारी उनको जन्मकुण्डलीबाट पाइन्छ । उनको जन्मस्थान काठमाडौं जिल्लाअन्तर्गत प्युखास्थित सरदार रुद्रराज पाण्डेको घरमा भएको हो । उनको जन्म समयमा उक्त घरको माथिल्लो तलामा भजनकीर्तन भइरहेको जानकारी शोधनायक पाण्डेकी आमा भगवतीदेवी पाण्डेबाट पाइन्छ । कुम्भ राशीअन्तर्गत धनिष्ठा नक्षत्रको शुभ मुहूर्तमा जन्म भएको हुनाले उनको न्वारनको नाम गुणराज पाण्डे राखिएको भए पनि हालको प्रचलित नाम भने नयनराज पाण्डे नै हो ।

## २.२ दाजुभाइ तथा दिदीबहिनीहरू

नयनराज पाण्डेको आफ्ना आमाबाबुको दोस्रो सन्तानका रूपमा जन्म भएको हो । पाण्डेका एक दिदी श्रीमती सुनिता जोशी, एक बहिनी श्रीमती शारदा पाण्डे र एक भाइ कृष्णराज पाण्डे गरी जम्मा ४ जना दाजुभाई तथा दिदीबहिनीहरू रहेका छन् । उनका दिदी बहिनीहरू विवाह पश्चात आ-आफ्नै घरमा बस्दै आइरहेका छन् भने भाइ कृष्णराज पाण्डे उनीसँगै सगोलमै बस्दै आइरहेको जानकारी पारिवारिक स्रोतबाट पाइन्छ ।

## २.३ वंशपरम्परा

काश्यपगोत्रीय ब्राह्मणहरू कान्यकुब्ज (कन्नौज) बाट बसाइँ सर्दै विभिन्न क्षेत्रमा जाने क्रममा कुर्माञ्चलको भीमलाल (नैनितालको नजिक) बडाखोलामा बस्दथे । पण्डितबाट अपभ्रंश भइ पाण्डे भएका यिनीहरू प्रवर काश्यप, आवत्सार र नैध्रुव (त्रिप्रवर) र माध्यान्दिनीय शाखाअन्तर्गत शुक्लयजुर्वेदाध्यायी हुन् । यिनीहरूले थर लेख्दा पण्डित, गुरु घराना, शर्मा र पाण्डे पनि लेख्ने गरेको पाइन्छ । उग्रतारा भगवती लाई इष्टदेवता मान्ने पाण्डेहरू नेपालका विभिन्न स्थानमा बसाइँ सर्ने क्रममा बाइसे चौबीसे राज्यका विभिन्न राजाहरूको राजगुरु हुँदै गएको पाइन्छ । यसै वंशका पण्डित गौरीश्वर तनहुँ र गोर्खाका प्रसिद्ध राजगुरु रहेको तथा उनले नरभूपाल शाहलाई मन्त्र सुनाएको कुरा गौरिश्वर लिखित 'भुवनेश्वरी स्तव स्तोत्र' राष्ट्रिय अभिलेखालयमा रहेको जानकारी पाण्डे वंशावलीमा उल्लेख छ । सेनवंशी

राजाहरूको राजगुरु पनि यही वंश बाट धेरै अघिदेखि भएको जानकारी पाइन्छ । त्रिविक्रम सेनका गुरु जगन्निवास र उनका छोरा नारायण पण्डितको तनहुँ र पाल्पा राज्यसँग पनि सम्वन्ध गाँसिएको देखिन्छ । नेपाल एकिकरणको अभियानमा राजीवलोचन र रमाराम पृथ्वीनारायण शाहसँग काठमाडौं आए भने सेनवंशसँगको गुरुसम्बन्धको नाताले नारायण पण्डित पाल्पा गई धरमपानी, तानसेनमा पश्चिम क्षेत्रको ठुलो कुशवीर्ता पाई बसेका थिए । पृथ्वीनारायण शाहकी छोरी सल्यानी युवराज रणभीम शाहलाई दिएपछि धर्मकर्मका निम्ति गुरु पनि साथमै पठाएको कुरा वंशावलीमा उल्लेख गरिएको छ । पाण्डे वंशकै धर्मानन्दका २५ औं पुस्ता जोगकुमार सल्यानी राजाका राजगुरु भई सल्यान पुगेका थिए । यिनै पुस्ताहरूमध्येका डिल्लीराज पाण्डे सल्यानकै माध्यमिक विद्यालयका प्रधानाध्यापक रहेका र पछि जागिरकै क्रममा नेपालगन्जमा आएका थिए । उनकै जेष्ठ सुपुत्रका रूपमा नयनराज पाण्डेको जन्म भएको बुझिन्छ । पाण्डे वंशावलीअनुसार (बडाखोला) पाण्डेहरूको वंशपरम्परा निम्नानुसार रहेको छ-

**पाण्डे वंशावली**

१. धर्मानन्द
↓
२०. गौरीश्वर
↓
२१. जगन्निवास
↓
२२. नारायण
↓
२३. पीताम्बर
↓
२४. लक्ष्मणराज
↓
२५. जोगकुमार
↓
२६. हरिप्रसाद
↓
२७. कृष्णबहुँदुर, लक्ष्मीराज, लीलाराज, अबरराज डिल्लीराज

२८. भीमबहादुर धर्मराज, पुष्पराज, भरतराज धनदेवी **नयनराज** कृष्णराज

२९. निशान्तराज निलाभराज निश्चितराज

## २.४ बाल्यावस्था र व्रतबन्ध

मध्यमवर्गीय परिवारमा जन्मेका नयनराज पाण्डेको बाल्यावस्था सामान्य किसिमको रहेको बुझिन्छ । उनी जन्मेपछिको दुई वर्षसम्मको बाल्यकाल काठमाडौंमै बितेको थियो । उक्त अवधि प्रायः मामा घरमा नै बितेको कुरा शोधनायककी आमाबाट जानकारी पाइन्छ । तत्पश्चातको समय बाबुको जागिरको क्रमसँगै सपरिवार बाँके जिल्लास्थित नेपालगन्जमा स्थायी रूपमा बितेको थियो । पाण्डे सानै उमेरदेखि भावुक तथा कल्पनाशील र अर्न्तमुखी स्वभावका थिए । उनका बाल्यकालका साथीहरू जय हमाल, विजय हमाल, सुवर्ण उपाध्याय, दिनेश अधिकारी, राजेन्द्र ज्ञवाली आदि मुख्य भएको कुरा शोधनायक पाण्डेबाट जानकारी पाइन्छ ।

ब्राह्मण परिवारमा जन्मेका नयनराज पाण्डेको व्रतबन्ध संस्कार वि.सं. २०४० सालमा १७ वर्षको उमेर हुँदा भारतको प्रख्यात तीर्थस्थल अयोध्यामा साधारण तर परम्परागत ढङ्गमा सम्पन्न भएको जानकारी पाइन्छ । यस समयमा शोधनायक आइ.एस्सी.मा अध्ययनरत थिए ।

## २.५ शिक्षा–दीक्षा

### २.५.१ अक्षरारम्भ र प्रारम्भिक शिक्षा

नयनराज पाण्डेको अक्षरारम्भ आफनै घर नेपालगन्जमा भएको हो । शिक्षित र मध्यमवर्गीय ब्राह्मण परिवारमा जन्मेका पाण्डेको अक्षरारम्भ वि.स. २०२७ श्रीपञ्चमीका दिन आफ्नै बुबा डिल्लीराज पाण्डेबाट भएको थियो । उनको प्रारम्भिक शिक्षामा आमा भगवतीदेवी पाण्डेको पनि महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । पाण्डेको अनौपचारिक शिक्षा घरबाटै सुरु भई औपचारिक रूपमा आफ्नै पिता प्रधानाध्यापक रहेको मङ्गलप्रसाद माध्यामिक विद्यालय नेपालगन्जबाट भएको जानकारी शोधनायकबाट प्राप्त भएको छ ।

### २.५.२ विद्यालयीय शिक्षा

नयनराज पाण्डेको शैक्षिक जीवनको आरम्भ घरबाटै भए पनि औपचारिक विद्यालयीय शिक्षाको प्रारम्भ वि.सं. २०२८ सालमा कक्षा १ मा भर्ना भई मङ्गलप्रसाद मा.वि. बाट सुरु गरेका हुन् । पाण्डेको कक्षा एकदेखि कक्षा सातसम्मको अध्ययन यसै

विद्यालयमा भएको हो । कक्षा आठदेखि कक्षा दससम्मको अध्ययन भने नेपालगन्जकै महेन्द्र माध्यामिक विद्यालयबाट पूरा भएको जानकारी पाइन्छ । विद्यालय स्तरमा उनका मुख्य गुरुहरू बलराम यादव, आर.पी. लाल कर्ण, मतिउद्दिन खान, मीरा श्रेष्ठ आदि प्रमुख भएको कुरा शोधनायक बताउँछन् ।

### २.५.३ उच्चशिक्षा

महेन्द्र माध्यामिक विद्यालय नेपालगन्जबाट एस.एल.सी. द्वितीय श्रेणीमा उत्तीर्ण भएपछि मातापिताको इच्छा बमोजिम महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जमा उच्चशिक्षाको क्रममा आइ.एस्सी.मा भर्ना भए । विज्ञान उनको रुचिको विषय नभएकाले प्रथम वर्षको अन्तिम चरणसम्म आफू सामान्य जानकारसम्म पनि हुन नसकेको कुरा शोधनायक बताउँछन् । पहिलो वर्षको प्रथम पत्रको परीक्षा दिएपछि दोस्रो दिनदेखि उनी परिक्षामा उपस्थित भएनन् । त्यसपछि माता-पितालाई जानकारी नै नदिई कानुन सङ्काय (आइ.एल.) मा भर्ना भए । कानुन सङ्कायको प्रथम वर्षमा कक्षा प्रथम भई जेहेन्दार छात्रवृत्ति पनि प्राप्त गरेका थिए । समग्रमा उनी कानुन सङ्कायअन्तर्गत प्रवीणता प्रमाणपत्र तहमा उत्कृष्ट विद्यार्थी भएको बुझिन्छ ।

पाण्डे बी.एल.अध्ययनको क्रममा काठमाडौं आएर नेपाल ल क्याम्पसमा भर्ना भएका छन् । यसै समयदेखि उनी साहित्य र सिनेमालेखनमा सक्रिय हुन थालेको पाइन्छ । साहित्य र सिनेमालेखनको व्यस्ततासँगै उनले बी.एल. दोस्रो श्रेणीमा उत्तीर्ण गरेका छन् । पाण्डेका क्याम्पस स्तरका मुख्य गुरुहरू गोपालप्रसाद शर्मा, अधिकारी, दिलेन्द्रप्रसाद बडु, तुलसीमान श्रेष्ठ आदि रहेको कुरा शोधनायकबाट जानकारी पाइन्छ ।

### २.५.४ स्वाध्ययन

नयनराज पाण्डेले त्रिभुवन विश्वविद्यालयअन्तर्गतको क्याम्पसबाट कानुनमा स्नातक तहसम्मको औपचारिक अध्ययन पूरा गरेका छन् । यसका अतिरिक्त आफनो ज्ञानको क्षेत्रलाई फराकिलो पार्नका निम्ति प्रशस्त स्वाध्ययन पनि गरेका छन् । उनले विशेष गरी पूर्वीय तथा पाश्चात्य साहित्य र सिद्धान्तको अध्ययन निरन्तर गर्ने गर्दछन् । आफू पूर्णकालीन लेखक भएकाले आफनो अधिकांश समय स्वअध्ययनमै बिताउने कुरा पाण्डे बताउँछन् । यसका साथै विभिन्न साहित्यिक तथा समसामयिक पुस्तक तथा पत्रपत्रिकाहरूको निरन्तर अध्ययनले यिनको कलम अगाडि बढ्नमा ठूलो सहयोग पुऱ्याएको देखिन्छ ।

## २.६ दाम्पत्य जीवन र सन्तान

नयनराज पाण्डेको झण्डै २४१/२ वर्षको उमेर हुँदा अर्थात वि.सं.२०४७ फाल्गुन ५ गते हुँगी, पाल्पा निवासी चैतन्यदेव पन्तकी कान्छी सुपुत्री सानु पन्तसँग दाम्पत्य जीवनको सुत्र गाँसिएको कुरा शोधनायकबाट जानकारी पाइन्छ । त्रिभुवन विश्वविद्यालयबाट बी.ए. सम्मको उपाधि हासिल गरेकी सानु पाण्डे सरल, सहिष्णु र सहयोगी स्वभावकी छिन् । उनीमा विद्रोही तथा खासै महत्त्वकाङ्क्षी स्वभाव नभएकाले उनीहरूको दाम्पत्य जीवन सुखमय र मेलमिलापको वातावरणमा रहेको देखिन्छ । सम्मान, स्नेह र परस्पर सहयोगको भावनामा आधारित दाम्पत्य जीवन नै अधिकतम सुखमय जीवन हो भन्ने समानुपातिक विचार नयनराज पाण्डेमा पनि रहेको छ ।

पाण्डे दम्पत्तीका सन्तानका रूपमा दुई छोराहरू रहेका छन् । जेठो छोरा निशान्तराज पाण्डे कक्षा १० मा र कान्छो छोरा निलाभराज पाण्डे कक्षा ८ मा काठमाडौंकै निजी विद्यालय (बोर्डिङ) मा अध्ययनरत छन् । उनीहरूको हालसम्मको शैक्षिक स्तर सन्तोषजनक नै देखिन्छ । विभिन्न पत्रपत्रिका र टेलिभिजनजस्ता सूचना सामग्रीहरूको निकटताले उनीहरूमा आफनो उमेर अनुसारको बौद्धिकता रहेको कुरा आमा सानु पाण्डे बताउँछिन् ।

## २.७ आर्थिक स्थिति र आजीविका

मध्यमवर्गीय जागिरे परिवारमा जन्मिएका नयनराज पाण्डेको परिवारमा आफ्नै पाखुराको बलमा पसिना बगाएर खर्च चलाउन सक्ने केही पुर्ख्यौली सम्पत्ति भए पनि उनी खेतीपातीतिर लागेको देखिंदैन । यति हुँदाहुँदै पनि पाण्डेको आयआर्जनको स्थायी स्रोत भने देखिदैन् । विद्यार्थी जीवनमा पनि उनका पिता मङ्गलप्रसाद माध्यमिक विद्यालय नेपालगन्जका प्रधानाध्यापक भएकाले आर्थिक अभाव महसुस नभएको शोधनायक बताउँछन् । चलचित्र तथा टेलिश्रृङ्खलाका कथा, पटकथा तथा संवाद लेखन र निर्देशनबाट आएको पारिश्रमिक नै उनको मुख्य आयस्रोतको रूपमा देखिन्छ । यही आयश्रोतबाट नै पाण्डेले आफनो दैनिक खर्च टारिरहेका छन् । उनको पुर्ख्यौली सम्पत्तिको रूपमा बर्दियामा केही विगाहा जग्गा र काठमाडौंको बसुन्धरास्थित श्रीटोलमा १० आना क्षेत्रफलमा ८ कोठे भवन रहेको छ । यसका अतिरिक्त साहित्यलेखनबाट पनि उनले केही पारिश्रमिक पाउने गरेका छन् । अतः उनको आम्दानीको मुख्य स्रोत लेखनकार्य नै देखिन्छ ।

## २.८ रूचि र स्वभाव

हरेक व्यक्तिका आ-आफनै रूचि र स्वभाव रहेका हुन्छन् । मानिसको चाहना वा रूचि अनुसार नै उसको व्यक्तित्व निर्माण भएको हुन्छ । बाल्यकालदेखि नै एकान्तप्रेमी र अन्तर्मुखी स्वभावका पाण्डेको तेह्र वर्षको उमेरदेखि नै साहित्य सिर्जना र चलचित्रप्रति रुचि रहेको पाइन्छ । सादा जीवन उच्च विचार भएका पाण्डे सरल र सन्तुलित आहारप्रति नै रुचि रहेको बताउँछन् । साहित्य सिर्जना गर्नु, स्वदेशी तथा विदेशी साहित्यकारहरूका कृतिहरू अध्ययन गर्नु, साहित्यका बारेमा समकालीन लेखकहरूसँग चर्चा-परिचर्चा गर्नु नयनराज पाण्डेका रुचिका विषयहरू हुन् ।

सरल व्यवहार, मिलनसारिता, सहयोगी, इमानदारिता र मृदुभाषिता पाण्डेभित्र रहेका गुणहरू हुन् । शिष्ट तथा शालीन स्वभावका पाण्डे स्पष्ट वक्ताका रूपमा देखिन्छन् । सदाचार र सत्कर्ममा विश्वास राख्ने पाण्डेमा नराम्रा कुराहरूप्रति असन्तुष्टि व्यक्त गर्ने खरो स्वभाव देखिए पनि अहङ्कार र घमण्ड भने पाइँदैन । समग्रमा दैनिक पाँच घण्टा लेखनकार्यमै व्यस्त रहने पाण्डेको साहित्यलेखन मुख्य रुचि क्षेत्र र चलचित्रलेखन पेसा बनेको देखिन्छ ।

## २.९ साहित्यिक प्रेरणा र प्रभाव

कुनै पनि स्रष्टाले साहित्य सिर्जना गर्नुको पछाडि कुनै व्यक्ति, घटना वा परिवेश आदिले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । नयनराज पाण्डेले पनि साहित्य सिर्जनाको प्रेरणा र प्रभाव आफू बाँचेको परिवेश, समय, परिस्थिति, राजनैतिक वातावरण, आम मानिसहरूको सङ्घर्ष र दुःख-पीडाबाटै प्राप्त गरेको कुरा बताउँछन् । यसका साथै कविता, कथा आदि रचना गरेको आमा भगवतीदेवी पाण्डेलाई मनपर्ने र पिताले सामुन्नेमा केही नभने पनि कहिलेकाहीँ अन्य व्यक्तिहरूसँग गरेको प्रशंसा जस्ता स-साना अनुभूतिहरूबाट पनि उनलाई साहित्यिलेखनतर्फ प्रेरणा प्राप्त भएको बुझिन्छ ।

## २.१० लेखनकार्य

जब प्रकृतिको रमणीय दृश्यावली र समाजका विविध घटनाहरूले सर्जकका मनमा प्रभाव पार्न थाल्छ तब ती अनुभूतिहरूलाई अभिव्यक्त गर्न लेखनी र कागजलाई माध्यम बनाई साहित्यकारले नयाँ सिर्जना निमार्ण गर्दछ । यस्ता मानसिक अभिव्यञ्जनहरूलाई प्रथम पटक मूर्तरूप दिइएको लेख वा रचना नै लेखकको लेखनकार्यको प्रारम्भिक विन्दु हो । पाण्डेको लेखनारम्भ १३ वर्षको उमेरमा सुखी जीवन (२०३३ :रेडियो नेपाल) बाल कविताबाट

भएको हो । प्रकाशनका दृष्टिले भने उनको प्रथम रचना **केही टुक्रा** कविता (रूपरेखा : २०३९) हो । त्यसपछि पाण्डेको लेखनकार्य जारी रह्यो । उनले २०३९ सालदेखि निरन्तर रूपमा विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा कविता, कथा नाटक तथा फुटकर लेखहरू प्रकाशित भएको पाइन्छ । पाण्डेका पुस्तकाकार कृतिका रूपमा हालसम्म चारवटा उपन्यासहरू र दुईवटा कथासङ्ग्रह प्रकाशित भइसकेका छन् भने नाटक विधाअन्तर्गत छवटा पूर्णाङ्की तथा एकाङ्की र रेडियो नाटक पनि रहेका छन् । पुस्तकाकार कृतिका रूपमा उनको प्रथम रचना **नाङ्गो मान्छेको डायरी** (२०४४) उपन्यास हो । यसका साथै उनले २५०० भन्दा बढी पटकथा र विभिन्न पत्रपत्रिकाहरूमा फुटकर लेख/ रचना प्रकाशित गराएको पाइन्छ ।

## २.११ सम्पादन कार्य

नेपाली साहित्यको विविध विधामा कलम चलाउने पाण्डेले विभिन्न पत्रपत्रिकाहरूको सम्पादन पनि गरेका छन् । पाण्डेले वि.सं २०४१ मा बाँके जिल्लाको नेपालगन्जबाट प्रकाशन हुने हस्तलिखित युवा मासिक पत्रिकाको सम्पादनबाट सम्पादन कार्य प्रारम्भ गरेका हुन् । उनले वि.सं. २०४४ मा बाँके जिल्लाको नेपालगन्जबाट प्रकाशन हुने **सिर्जना** त्रैमासिक, वि.सं. २०४४ देखि २०४५ सालसम्म **रूपरेखा** मासिक र वि.स. २०५७ देखि वि.स. २०५८ सम्म **स्पेसटाइम** दैनिकको वरिष्ठ उपसम्पादकका रूपमा रहेर काम गरिसकेका छन् । यसरी पाण्डेले उपत्यका र उपत्यका बाहिरबाट प्रकाशन हुने साहित्यिक तथा समसामयिक पत्रपत्रिकाहरूको सम्पादन तथा प्रकाशनमा आफ्नो संलग्नता देखाएका छन् ।

## २.१२ संस्थागत संलग्नता

नयनराज पाण्डे विभिन्न समय विभिन्न सङ्घसंस्थाहरूमा आवद्ध रहँदै आएको पाइन्छ । उनी संलग्न भई सामाजिक सेवा गरेका संस्थाहरू निम्नानुसार रहेका छन् :-

क) 'हयुमन राइट्स आइ' को कार्यसमिति सदस्य

ख) 'उत्तम शान्ति पुरस्कार गुठी'को कार्यसमिति सदस्य

ग) 'चलचित्र विकास बोर्ड'को सदस्य

घ) 'च्यानल नेपाल टेलिभिजन'मा शाखाप्रमुख

ङ) 'नेपाल टेलिभिजन'को कार्यक्रम उद्घोषक/ निर्माता

च) 'साझा प्रकाशन' को सञ्चालक समितिको निर्वाचित सदस्य

यी विभिन्न सङ्घ-संस्थामा संलग्न हुँदै आएका पाण्डे हाल प्रायः लेखनमै व्यस्त रहेको पाइन्छ ।

## २.१३ सम्मान तथा पुरस्कार

नयनराज पाण्डेले आफनो जीवन यात्राका क्रममा नेपाली साहित्य र साहित्येतर क्षेत्रमा समेत योगदान पुऱ्याएको पाइन्छ । उनले विविध क्षेत्रमा पुऱ्याएको योगदानको कदर तथा मुल्याङ्कन गर्दै विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ-संस्थाहरूले सम्मान तथा पुरस्कार प्रदान गरेका छन् । ती सम्मान तथा पुरस्कारहरूमा पाण्डेले 'सीमा बाहिर' पूर्णाङ्की नाटकका लागि **सर्वश्रेष्ठ नाटकलेखन पुरस्कार** (ने.रा.प्र.प्र.) नाटक महोत्सव (२०४४), महिला तथा बालबालिका मन्त्रालयबाट **राष्ट्रिय प्रतिभा पुरस्कार** (२०५३) **लोकेन्द्र साहित्य पुरस्कार** (२०५८), 'उलार' उपन्यासका लागि **रामराज स्मृति पुरस्कार** (२०५८), 'प्रभु' कथाका लागि **गरिमा सम्मान** (२०६०), महेन्द्र पुस्तकालय नेपालगन्जबाट **सारस्वत सम्मान** (२०५३), सर्वश्रेष्ठ पटकथाका लागि **मोसन पिक्चर्स अवार्ड** (२०५८) आदि थुप्रै सम्मान तथा पुरस्कार प्राप्त गरिसकेका छन् ।

## २.१४ साहित्यिक धारणा र जीवनदर्शन

साहित्य जीवन हो र जीवन नै साहित्य हो । जीवन नभएको साहित्य हुँदैन । साहित्यकार एउटा स्रष्टा हो, ऊ आफ्ना सिर्जनाद्वारा एउटा नयाँ समाजको आशा गर्दछ । यसका निम्ति उसले आफ्नो स्पष्ट जीवनदर्शन बनाएको हुन्छ । साहित्यकारले बनाएको यस्तै जीवनदर्शनबाट उसको यथार्थ मूल्य निर्धारण हुन्छ । नयनराज पाण्डे साहित्यमा समाजको त्यस पक्षको अभिव्यक्ति गर्न चाहन्छन् जसलाई समाजले कि देखेकै छैन कि भने निरन्तर उपेक्षा गरिरहेछ । यसरी समाजका फोहोर विकृति, विसङ्गति अनि यसभित्र रहेको आम मानिसहरूप्रतिको शोषण र उपेक्षाका भावनाहरूलाई उनी आफनो साहित्यमा स्पष्ट पार्न चाहन्छन् । साहित्यिक रूपमा उनका आदर्श ती सीमान्तकृत मानिसहरू हुन् जसलाई राजनीति, सरकार, न्यायालय सबैले उपेक्षा गरिरहेको हुन्छ । साहित्यमा विचार र कलाको सन्तुलन हुनुपर्दछ । यो अर्थहीन कुण्ठा, निराशा र शब्दको थुप्रो मात्र नभइ कुनै न कुनै अर्थमा सार्थक र सम्प्रेषणीय हुनुपर्दछ । यसमा आम मानिसहरूको टिठलाग्दो अनुहार पनि झल्किनुपर्छ । त्यसैले साहित्यकारहरू समाजप्रति उत्तरदायी हुनुपर्दछ भन्ने उनको धारणा रहेको पाइन्छ ।

जीवनमा दु:ख र पीडालाई तनावभन्दा ऊर्जाको रूपमा लिनुपर्ने मान्यता राख्ने पाण्डेमा नैतिकता र इमान्दारिताको समन्वय पाइन्छ । उनी मानवजीवनमा नैतिकता, इमान्दारीता र कर्मठताप्रति आस्थावान देखिन्छन् । समाजमा साहित्यकारले लेखकीय दायित्वअन्तर्गत सिर्जनात्मक र कलात्मक शैलीमा स्वस्थ र जीवन्त रूपमा आफ्ना भावनाहरू अभिव्यक्त गर्नुपर्दछ भने सामाजिक दायित्वअन्तर्गत प्रत्येक लेखकले आफू बाँचेको समाज र परिवेशप्रति इमान्दार भएर बहुजनहितायमा आफनो अभिव्यक्ति पोख्नु पर्दछ भन्ने उनको जीवनदर्शन रहेको पाइन्छ ।

## २.१५ जीवनका अविस्मरणीय घटनाक्रम

जिन्दगीलाई सुख र दु:खको सङ्गम भनिन्छ । जीवनमा सुख र दु:खका घटनाहरू घुमिरहनु स्वभाविकै हो । नयनराज पाण्डेको जीवनमा पनि केही यस्ता घटनाहरू रहेका छन् जसलाई उनी विशेष रूपमा सम्झिरहन्छन् । पाण्डे १० वर्षको हुँदा ९० वर्षको उमेर काटिसकेकी हजुरआमाको मृत्यु उनका आँखा अगाडि भएको थियो । त्यस क्षणमा आफन्तलगायत स-परिवारको रोदन, बुबाको गीतापाठ, हजुरआमाको घिट्घिट् हुन थालेको स्वासप्रस्वाससँगै ‘हे राम ! ’ र ‘काल पस्यो’ भनेका ध्वनिहरू कुनै सजीव चित्रझैं अर्थात ‘मृत्युकोलाज’ जस्तो स्मृतिपटलमा ताजै रहेको पाण्डे बताउँछन् ।

त्यसैगरी वि.सं. २०६३ मा पाण्डे वीरगन्जको दङ्गामा होटलभित्रै घेरिँदा आक्रमण र आगलागी भएको थियो । केही समयपछि होटलका मानिसहरूको पुलिसले उद्धार गरी तीन दिनसम्म उनीहरूको संरक्षणमा बसेपछि मात्र काठमाडौं फर्कन सफल भएको घटना पनि उनको जीवनको अविस्मरणीय घटना बनेको कुरा शोधनायकबाट जानकारी पाइन्छ ।

## २.१६ निष्कर्ष

नयनराज पाण्डेको जन्म २०२३ साल जेष्ठ २७ गते काठमाडौंको प्युखामा भएको थियो । आफ्ना माता-पिताको चार सन्तानमध्ये दोस्रो सन्तानका रूपमा यिनको जन्म भएको हो । पाण्डेको दुई वर्षसम्मको बाल्यकाल काठमाडौंस्थित मावली घरमा नै बितेको पाइन्छ । काश्यप गोत्रीय ब्राह्मण परिवारमा जन्मेका उनका पिता डिल्लीराज पाण्डे जागिरकै सिलसिलामा मङ्गलप्रसाद मा.वि. नेपालगन्जमा अध्यापन गर्न थालेपछि स-परिवार स्थायी रूपमा नेपालगन्जमा नै बसोवास गर्न थालेको पाइन्छ । आफ्नै घरबाट अक्षराम्भ गरेका नयनराज पाण्डेले प्रा.वि.र नि.मा.वि. मङ्गलप्रसाद मा.वि. नेपालगन्ज, मा.वि.महेन्द्र मा.वि.

नेपालगन्ज, आई.एल.महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज र बी.एल.नेपाल ल क्याम्पस काठमाडौँबाट उत्तीर्ण गरेका हुन् ।

पाण्डेको दाम्पत्य जीवनको सूत्रपात वि.सं. २०४७ मा पाल्पाकी सानु पन्तसँग भएको पाइन्छ । उनीहरूबाट हाल २ छोराहरू सन्तानका रूपमा रहेका छन् । उनको पुर्ख्यौली सम्पत्तिमा काठमाडौंको वसुन्धरामा १० आना क्षेत्रफलमा ८ कोठे भवन र बर्दियामा केही विगाहा जग्गा भए पनि मुख्य आयश्रोत चलचित्रलेखन तथा निर्देशन नै देखिन्छ । साहित्यलाई रुचि र चलचित्रलेखनलाई पेसाका रूपमा अँगाल्दै आएका पाण्डेले १३ वर्षको उमेरमा **'सुखी जीवन'** (रेडियो नेपाल:२०३३) कविता लेखे पनि औपचारिक साहित्यको यात्रा भने **केही टुक्रा** (रूपरेखा:२०३९) शीर्षकको कविताबाट भएको हो । विभिन्न पत्रपत्रिकाको सम्पादनसमेत गरिसकेका पाण्डेले कविता, कथा, उपन्यास, नाटकजस्ता विविध विधामा कलम चलाए तापनि हालसम्म उनका ४ वटा उपन्यास र २ वटा कथासङ्ग्रह प्रकाशित भइसकेका छन् ।

सिनेमाको पटकथा/संवाद लेखनमा समेत उच्चतम सफलता प्राप्त गरेका पाण्डेले हालसम्म २५०० भन्दा बढी सानो तथा ठूलो पर्दाका चलचित्रका पटकथा/संवाद लेखन तथा निर्देशन गरिसकेका छन् । यी विविध क्षेत्रमा कलम चलाउने पाण्डेलाई विभिन्न सङ्घ-संस्थाहरूले सम्मान तथा पुरस्कारसमेत प्रदान गरेको पाइन्छ ।

# तेस्रो अध्याय

# नयनराज पाण्डेको व्यक्तित्वको अध्ययन

## ३.१ व्यक्तित्वको पृष्ठभूमि

व्यक्तिले जीवनमा गरेका विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । मानिसको शारीरिक गठनदेखि लिएर उसभित्र निहित प्रतिभालाई नै व्यक्तित्वका रूपमा लिइन्छ । व्यक्तित्वलाई यसरी अर्थ्याइएको पाइन्छ- व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एकरूपताको निर्माण हो । एकरूपताको अर्थ मानिसले सधैं एकै किसिमको काम गरोस् भन्ने नभइ यसको अर्थ व्यापक छ । वास्तवमा व्यक्तित्वको अभिप्राय आफ्नो आन्तरिक स्वरूपलाई दृढ गराउनु हो । त्यसैले व्यक्तित्व प्रतिकूल स्थितीको अनुकूल चल्नसक्ने त्यो शक्तिसत्ता हो, जसले मानिसलाई प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्दछ । यसैले व्यक्ति भित्र निहित प्रतिभा नै व्यक्तित्व हो (ओझा, इ.स. १९७५:३१) ।

## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

कुनै पनि मानिसको जीवन भोगाइमा आउने विविध घटना, हर्ष-विस्मात, आरोह, अवरोह, घात-प्रतिघात तथा क्रिया-प्रतिक्रियाले व्यक्तित्व निमार्णमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त व्यक्तिको व्यक्तित्व निमार्णमा ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक तथा वातावरणीय प्रभावले पनि उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ । यी विविध परिवेशबाट निर्माण भएको व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी २ भागमा विभक्त गरेर हेर्न सकिन्छ । अझ निजी व्यक्तित्वलाई आन्तरिक र बाह्य तथा सामाजिक वा सार्वजनिक व्यक्तित्वलाई साहित्य र साहित्येत्तर व्यक्तित्व गरी विभाजन गरेर हेर्न सकिन्छ ।

## ३.३ निजी व्यक्तित्व

प्रत्येक व्यक्तिको निजी व्यवहारसँग सम्बन्धित व्यक्तित्व नै निजी व्यक्तित्व हो । सामाजिक वा सार्वजनिक व्यक्तित्व बुझ्नका लागि पनि निजी व्यक्तित्वको पहिचान हुनु आवश्यक हुन्छ किनभने व्यक्तिको आफ्नो नितान्त निजी व्यक्तित्वको छवि सामाजिक व्यक्तित्वको कणकणमा बगिरहेको हुन्छ । निजी व्यक्तित्वमा अन्तर्निहित हुने आन्तरिक तथा बाह्य पक्षको यथार्थ रूपमा सही ज्ञानका लागि व्यक्तिको शीलस्वभाव, आचरण, प्रवृत्ति तथा

बाह्य आकार-प्रकारका आधारमा अवलोकन गर्न उपयुक्त हुने भएकाले यहाँ पनि तदनुसार हेर्ने प्रयास गरिएको छ ।

### ३.३.१ बाह्य व्यक्तित्वः शारीरिक आकार-प्रकार

नयनराज पाण्डे शारीरिक रूपमा मझौला आकृतिका देखिन्छन् । शारीरिक रूपमा उनलाई हेर्दा ५ फिट ७ इन्च उचाइ भएको, हृष्टपुष्ट र फुर्तिलो शरीर देखिन्छ । गहुँगोरो वर्ण, प्रचण्ड मुखाकृत्ति, चौडा निधार, ओजस्वी अनुहार मिलेका दन्तलहर, कालो केश तथा जुँगा, झुलुक्क हेर्दा गम्भीरजस्तो देखिए पनि स्वभाव भने फरासिलो रहेको छ । हँसिलो र चौडा मुहुडामा लगाएको सुनौलो चश्माले उनको शारीरिक व्यक्तित्वलाई अझ आकर्षक तथा प्रभावशाली तुल्याएको देखिन्छ ।

### ३.३.२ आन्तरिक व्यक्तित्वः शील, स्वभाव, आचरण र प्रवृत्ति

नयनराज पाण्डे एक निडर, विवेकशील, सचेत, चिन्तनशील र परिपक्व व्यक्तिका रूपमा देखापर्दछन् । बाहिरबाट हेर्दा गम्भीर स्वभावका देखिए पनि उनी अत्यन्त सहयोगी, मिलनसार, स्वाभिमानी र परिश्रमी छन् । पाण्डेमा सबैसँग समान व्यवहार गर्ने तथा जाति, लिङ्ग, धर्म, वर्ण आदिका आधारमा सानो ठूलो र उच-नीच जस्ता भावना नराख्ने स्वभाव पाइन्छ । उनीमा समाजमा रहेका शोषित पीडित मानिसको पक्षमा रहेर सामाजिक दुर्नियति र भ्रष्टाचारको कडा प्रतिवाद गर्ने खरो स्वभाव पनि पाइन्छ ।

## ३.४ सार्वजनिक व्यक्तित्व

सार्वजनिक वा सामाजिक व्यक्तित्वले मानवले समाजअनुरूप  चलेर  समाजकालागि विभिन्न कार्य गर्नुलाई बुझाउँछ । मानिस  सामाजिक प्राणी भएकाले उसको व्यवहार पनि समाजअनुरूप नै हुन्छ । यसरी आम मानिसका अगाडि देखिएको र सबैका सामु गरिएका व्यवहारहरू नै सामाजिक व्यक्तित्व हो । यसले समाजमा कुनै न कुनै रूपमा प्रभाव पारेको हुन्छ । सामाजिक व्यक्तित्वमा अन्तर्निहीत कुरालाई साहित्यकारका सन्दर्भमा साहित्यिक र साहित्येतर व्यक्तित्व गरी २ भागमा विभाजन गरेर हेर्न सकिन्छ :-

### ३.४.१ साहित्यिक व्यक्तित्व

नयनराज पाण्डे वि.सं. २०३९ मा **केही टुक्रा** शीर्षकको कविता लिएर 'रूपरेखा' पत्रिकामार्फत औपचारिक रूपमा नेपाली साहित्यमा देखापरेका हुन् । यस अघि उनले केही फुटकर कविताहरू लेखी रेडियो नेपालबाट प्रसारित भएको जानकारी प्राप्त भए पनि ती

कविताहरू अप्रकाशित र हाल अनुपलब्ध छन् । उनको कविता विधाबाट प्रस्फुटित साहित्यिक प्रतिभा विस्तारका क्रममा कथा, उपन्यास, नाटक, एकाङ्कीजस्ता विधालाई पनि विषय बनाएको पाइन्छ । पाण्डेका कथा र उपन्यासतर्फ साहित्यिक कृतिहरू पुस्तकाकार रूपमा प्रकाशित भइरहेका छन् भने अन्य विधाका रचनाहरू विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । उनको साहित्यिक व्यक्तित्वलाई विधागत रूपमा निम्नानुसार हेर्न सकिन्छ ।

### ३.४.१.१ कवि व्यक्तित्व

नयनराज पाण्डेले आफ्नो साहित्यिक यात्राको सुरुवात नै कविता विधाबाट गरी दर्जनौं कविताहरूको रचना गरेर आफूलाई कवि व्यक्तित्वका रूपमा चिनाएका हुन् । उनले विद्यालयीय अध्ययनका क्रममा नै कविताको रचना गरी विभिन्न कार्यक्रमहरूमा सुनाउने गरेको शोधनायक बताउँछन् । यसका अतिरिक्त रेडियो नेपालको 'को भन्दा को कम' कार्यक्रममा पनि उनका कविताहरू प्रसारण भएको बुझिन्छ । उनका हालसम्मका फुटकर कविताहरू विभिन्न स्थानबाट प्रकाशित हुने 'रूपरेखा', 'गरिमा', 'मधुपर्क', 'सुरमासरोवर',
'नवजागरण', 'बगर', 'मुकुट' 'गोरखापत्र' आदि पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । सङ्ख्यात्मक रूपमा दर्जनौं फुटकर कविताहरू प्रकाशित भए पनि हालसम्म उनको कवितासङ्ग्रह भने प्रकाशित भएको छैन । उनका कविताहरूमा मुख्य गरी उन्मुक्ति, स्वतन्त्रता र समुन्नतिको चाहना, खोक्रो आडम्बर र अभावग्रस्त जीवनको पीडा, जातीय, वर्गीय समानता र स्वतन्त्रताको चाहना, निरङ्कुशताको विरोध र नयाँ नेतृत्वको खोजीजस्ता प्रवृत्तिहरू पाइन्छन् ।

### ३.४.२.२ कथाकार व्यक्तित्व

नयनराज पाण्डेको साहित्यिक यात्रा कविता विधाबाट प्रारम्भ भए पनि उनले सफलता प्राप्त गरेको विधा कथा पनि हो । वि.सं. २०३९ मा 'रूपरेखा' पत्रिकामा प्रकाशित **मलाई सञ्चै छ** कथा उनको पहिलो कथा हो । पाण्डेका कथामा कतै सामान्य वर्णनात्मक कतै प्रयोगात्मक नाटकीय एवम् कतै स्वैरकल्पनात्मक शैली र परामनोविज्ञानको प्रयोग समेत पाइन्छ (गिरी, २०६०: ३६९) ।

यसरी वि.सं. २०४० देखि हालसम्म कथालेखनमा निरन्तर रूपमा कलम चलाउने पाण्डेका दुईवटा कथासङ्ग्रह **खोरभित्र जोकर** (२०६१) र **निदाएँ जगदम्बा** (२०६५) पुस्तकाकार

रूपमा प्रकाशित भइसकेका छन् । केही कथाहरू भने फुटकर रूपमा पत्रपत्रिकाहरूमा नै सीमित रहेको पाइन्छ । उनका कथामा सामाजिक राजनीतिक यथार्थ, सामाजिक विसङ्गति, नागर सभ्यताको संवेदनाहीन यान्त्रिकता, धार्मिक, साम्प्रदायिक हत्या, हिंसा र आतङ्कको आञ्चलिक त्रासदी, आर्थिक विषमता आदि टड्कारो रूपमा आएका छन् । समग्रमा पाण्डेका कथाहरूमा प्रजातन्त्रको स्थापना र त्यसपछिको सामाजिक, सांस्कृतिक र राजनीतिक जीवनको गहिरो विश्लेषण तथा विसङ्गतिको सूक्ष्म विवेचना गरिएको पाइन्छ ।

### ३.४.२.३ उपन्यासकार व्यक्तित्व

साहित्यकार नयनराज पाण्डेलाई पाठकहरूका माझ चर्चित बनाउने अर्को विधा उपन्यास हो । उनको पहिलो प्रकाशित उपन्यास **नाङ्गो मान्छेको डायरी** (२०४४) अनुभव प्रकाशन काठमाडौंबाट प्रकाशित भएको पाइन्छ । यस उपन्यासमा पाण्डेले 'आलोचनात्मक यथार्थवादी प्रवृत्तिलाई अङ्गालेर सामन्ती निरङ्कुशताले निम्त्याएको विसङ्गतिपूर्ण जीवन, शिक्षित बेरोजगारीका कारण आर्थिक अभावले निम्त्याएको दुष्परिणाम, पारिवारिक विघटन र मूल्यहीनताको चित्रण गरेका छन् । उनको दोस्रो उपन्यास **विक्रमादित्य एउटा कथा सुन** ! (२०४४) रूपायन प्रकाशनबाट प्रकाशित कृति हो । यस उपन्यासमा विश्वलाई एक शरणार्थी शिविर र सम्पूर्ण जनताहरूलाई शरणार्थीका रूपमा प्रस्तुत गर्दै तानाशाही व्यवस्था र त्यसका पृष्ठपोषकहरूद्वारा जनतामाथि भएको दुर्व्यवहारको मुक्तिका निम्ति सङ्घर्ष गरिएको कथा देखाइएको छ । पाण्डेको तेस्रो उपन्यास **अतिरिक्त** (२०५०) साझा प्रकाशनबाट प्रकाशित कृति हो । यस उपन्यासमा आङ्गिक रूपले अपूर्ण नपुंसक पात्रभित्रका निराशा, कुण्ठा र अस्तित्वहीनताको बोधले जन्मेका मानसिक घात-प्रतिघात वा द्वन्द्व-प्रतिद्वन्द्वको मनोविश्लेषण देखाइएको छ । उनको चौथो उपन्यास **उलार** (२०५५) तन्नेरी प्रकाशनले प्रकाशित गरेको हो । उनका उपन्यासहरूमध्ये सर्वाधिक चर्चामा रहेको यस उपन्यासले नेपालगन्जको सजीव चित्र उतार्न सफल बनेको छ । यसले एकै साथ एकातिर २०४६ को परिवर्तन पश्चातको टाँगारूपी नेपाली समाजको सन्तुलन बिग्रेर **उलार** भएको अर्थात् नेपाली समाजको सामाजिक, आर्थिक अवस्थाको सन्तुलन बिग्रेर घोप्टिनै लागेको यथार्थलाई सजीव सशक्त र प्रतीकात्मक शैलीमा प्रस्तुत गरेको छ (गिरी, २०६०:३६८) । यसरी उपन्यास विधामा उनले सीमान्तकृत तहका मुख्य पात्रहरूको छनौट गरी उनीहरूलाई पाठकहरू माझ उपस्थित गराएका छन् ।

### ३.४.२.४ नाटककार व्यक्तित्व

नयनराज पाण्डेको व्यक्तित्वको अर्को पाटो नाटक हो । पाण्डेका हालसम्म आधादर्जनभन्दा बढी नाटक/ एकाङ्कीहरू प्रकाशित भइसकेका छन् । उनले रचना गरेका नाटकहरूमा **स्वयं आतङ्क, ईंटको पूजा, साढेसात मिनेटको नाटक, सीमाबाहिर** (२०४७) पूर्णाङ्की नाटक, **वीर्ता** एकाङ्की नाटक (२०५६) आदि रहेका छन् ।

पाण्डेका नाटकमा पनि समसामयिक राजनैतिक, सामाजिक, सांस्कृतिक, आर्थिक पक्षमा देखापरेका विकृति तथा विसङ्गतिको चित्रण गरिएको पाइन्छ । उनको 'वीर्ता' एकाङ्की २०४६ पछिको राजनैतिक विषयवस्तुलाई लिएर आफू मन्त्री हुँदासम्म अकुत धन र खोको मान पाउन सक्षम रहेको तर मन्त्री पद खुस्केपछि सवै थोक गुमाएको र मन्त्रीपदलाई वीर्ता नै ठान्ने मनस्थितीको यथार्थ चित्रण गरिएको छ । पाण्डेको **सीमाबाहिर** सर्वश्रेष्ठ नाटकलेखन ( २०४६) **राष्ट्रिय प्रतिभा** पुरस्कार प्राप्त गरेको पूर्णाङ्की नाटक हो । यसमा राजसंस्था नै जनताहरूको प्रगति र स्वतन्त्रताको बाधक बनेको कुरा देखाउँदै यिनीहरूबीचको द्वन्द्वलाई प्रतिकात्मक रूपमा देखाइएको छ । 'ईंटको पूजा' मा देश र जनताका निम्ति कुनै राम्रो काम गरी आफ्नो पहिचान बनाउन असमर्थ र अस्तित्वहीन नेता र यस्ता नेताहरूको पिछलग्गु स्वार्थी कार्यकर्ताहरूका बीचको फोहोरी खेलको चित्रण गरिएको छ । त्यसैगरी 'साढेसात मिनेटको नाटक' र 'स्वयं आतङ्क' मा पनि समसामयिक विकृति तथा विसङ्गतिलाई नै देखाइएको छ (पूर्ववत्) । यसरी उनका प्रारम्भिक नाटकहरूमा सामान्य त्रुटी देखिए पनि पछिल्ला नाटकहरूले भने सचेतता हासिल गरेका छन् । समग्रमा सरल र स्पष्ट भाषाशैलीको प्रयोग गरिएका उनका नाटकले पाठकमा कुतूहलता जगाउन सफल रहेका छन् ।

## ३.४.३ साहित्येत्तर व्यक्तित्व

नयनराज पाण्डेका साहित्यिक व्यक्तित्वका अतिरिक्त अन्य व्यक्तित्व पनि रहेको पाइन्छ । उनका साहित्यित्तर व्यक्तित्वलाई निम्नानुसार चिनाउन सकिन्छ-

### ३.४.३.१ सम्पादक व्यक्तित्व

नयनराज पाण्डेले आफ्नो साहित्येत्तर व्यक्तित्वलाई विभिन्न पत्रपत्रिकाहरूको माध्यमबाट पनि अघि बढाएका छन् । यिनले वि.सं २०४१ मा नेपालगन्जबाट प्रकाशन हुने **युवा** मासिक (हस्तलिखित) वि.स. २०४४ सालमा बाँके जिल्लाको नेपालगन्जबाट प्रकाशन

हुने **सिर्जना** त्रैमासिक पत्रिकाको ११ अङ्क सम्पादन गरेर सम्पादक व्यक्तित्वका रूपमा प्रवेश गरेका हुन् । यसै समयमा उनले **युग सन्देश** साप्ताहिक समाचार पत्रको अतिथि सम्पादकको भूमिकासमेत निवार्ह गरेको पाइन्छ । समय क्रमसँगै वि.सं. २०४४ देखि २०४५ सम्म **रूपरेखा** मासिक पत्रिकाको १८ अङ्क पनि सम्पादन गरिसकेका छन् । यसरी यी विभिन्न समयमा राजधानी तथा मोफसलका पत्रपत्रिकाहरूको सम्पादन गरेर उनले आफूलाई सफल सम्पादकका रूपमा चिनाइसकेको पाइन्छ ।

### ३.४.३.२ पटकथाकार व्यक्तित्व

नयनराज पाण्डे चर्चित पटकथाकारका रूपमा पनि स्थापित भइसकेका छन् । उनले साहित्यलाई रुचि र चलचित्रलेखनलाई जिविकोपार्जनको माध्यम बनाएको पाइन्छ । सहकर्मी मित्र स्व. लोकेन्द्र शाहको सहयोगबाट चलचित्र क्षेत्रमा प्रवेश गरेका पाण्डेले सर्वप्रथम २०४५ सालमा नेपाल टेलिभिजनबाट प्रसारित **त्याग** शीर्षकको टेलिफिल्मको पटकथा/संवाद लेखनबाट चलचित्रलेखनको प्रारम्भ गरेका हुन् । विद्यार्थी जीवनदेखि नै हिन्दी तथा नेपाली चलचित्रप्रति रूचि भएका पाण्डे हाल एक सफल पटकथाकारका रूपमा स्थापित भइसकेका छन् ।

हालसम्म उनले 'जुनतारा', 'मलाई माफ गरिदेऊ', 'शहिदगेट', 'सन्तान थरी-थरीका', 'आफ्नो घर आफ्नो मान्छे', बसाइँ' 'कस्तो साइनो', 'उकाली-ओराली', 'जिद्दी', 'जीवनमृत्यु', 'लडाई', 'निर्मोही', आदि ठूलो पर्दाका चलचित्र (सेल्युल्वाइड फिल्म) को पटकथा /संवाद लेखन गरिसकेको जानकारी शोधनायकबाट प्राप्त भएको छ ।

ठूलो पर्दाका चलचित्रका अतिरिक्त उनले जीवनयात्रा (२८ भाग), 'करूणा' (१०४ भाग), 'पुष्पाञ्जली' (५६ भाग), 'चाहना मनको' (५३) भाग), 'दुई दिनको जिन्दगी' (५६ भाग), दुई थोपा आँसु (३२ भाग), किनारा' (३३ भाग) 'कसलाई आफ्नो भनूँ' (९८० भाग) लगायतका टेलिश्रृङ्खलाहरूका २५०० भन्दा बढी भागहरू (एपिसोडहरू) लेखन कार्य गरिसकेका छन् ।

सर्वश्रेष्ठ पटकथाका लागि 'मोसन पिक्चर्स अवार्ड' (२०५८) प्राप्त गरिसकेका पाण्डेको चलचित्रलेखन क्षेत्रले पनि निकै सफलता पाएको देखिन्छ ।

### ३.४.३.३ अभिनेता व्यक्तित्व

नयनराज पाण्डेलाई चिनाउने व्यक्तित्वको अर्को पाटो अभिनेता व्यक्तित्व पनि हो । अभिनय उनको बाल्यकालदेखिकै रुचिको विषय भएको कुरा पाण्डे बताउँछन् । अभिनयलाई उनले आफ्नो जीवनमा पेसाको रूपमा नभइ रुचि वा सोखका रूपमा लिएको पाइन्छ । पाण्डेले अभिनय गरेको पहिलो टेलिश्रृङ्खला ध्रुवचन्द्र गौतमको 'निमित्त नायक' उपन्यासमा आधारित रहेको छ । यसमा उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यसका साथै पाण्डेले **निधो, संस्कार, राप** लगायतका टेलिफिल्म र **चण्डाल**जस्ता ठूलो पर्दाका चलचित्रका साथै विभिन्न नाटकहरू समेत अभिनय गरिसकेका छन् ।

यसरी पाण्डेले सानो तथा ठूलो पर्दाका चलचित्र तथा नाटकहरूमा अभिनयन गरेर आफ्नो अभिनेता व्यक्तित्वलाई दर्शकहरूका माझमा प्रस्तुत गरिसकेमा छन् ।

### ३.४.३.४ स्तम्भकार–टिप्पणीकार व्यक्तित्व

नयनराज पाण्डेले अन्य लेख तथा रचनाहरूसमेत लेखेर आफूलाई लेखक/स्तम्भकार व्यक्तित्वका रूपमा पनि स्थापति गरेका छन् । उनका यस्ता लेखहरू अधिकांश चलचित्र क्षेत्रसँग सम्बन्धित रहेको पाइन्छ । यी लेखहरूमा उनले चलचित्र क्षेत्र र यससँग सम्बद्ध व्यक्तिहरूको समसामयिक यथार्थ, विकृति विसङ्गति तथा भ्रष्टाचारको पर्दाफास गर्ने काम गरेका छन् ।

पाण्डेका यस्ता लेख तथा रचनाहरूमा 'मोफसल सिनेमा','सिनेमाफियाको रणनीति', 'प्रतिगामी मानसिकतामा चलचित्र', 'त्रासमा छन् नायिका', 'नेपाली चलचित्रमा समाज र राजनीति', 'पीडा सेन्सरको, सन्दर्भ 'अहङ्कार'को, 'नेपालमा डकुमेन्ट्री फेसन', 'लोकतान्त्रिक चलचित्रकर्मीको आशा' प्रमुख छन् र यिनको प्रकाशन 'कान्तिपुर' 'राजधानी', 'नयाँ पत्रिका' आदिमा भएको पाइन्छ ।

### ३.४.४ जीवनी व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तः सम्बन्ध

नयनराज पाण्डेको चारदशक लामो जीवनयात्रालाई केलाउँदा यिनले बाल्यकालदेखि नै त्यति आर्थिक अभावको पीडा भोग्नुपरेको देखिँदैन । उनले अध्ययनका क्रममा नेपालगन्जदेखि काठमाडौँसम्म र जीविकोपार्जनका लागि विभिन्न सङ्घ-संस्थामा रहेर पनि काम गरेको पाइन्छ । यिनै जीवनजगत्का विभिन्न अनुभवहरूसँगै उनको साहित्यिक व्यक्तित्वको निर्माण र विकास भएको छ ।

पाण्डेले आफू बसेको धर्तीमा जुन असङ्गत विसङ्गत पक्षहरूलाई देखे अथवा मानवीय जीवन सङ्घर्षमा जुन मूल्यगत द्वन्द्व, अस्तित्वको सङ्कट, बाँच्नुको विवशता र समाजको कुरूपतालाई देखे त्यसलाई नै उनले आफ्नो साहित्यलेखनको विषयवस्तु बनाएका छन् । उनका रचनाहरूको प्रत्येक पात्रहरूमा यिनै कुराहरूको प्रतिछायाँ पाइने साक्षीका रूपमा यिनका कृतिहरू नै रहेका छन् । नेपालगन्जमा नै नयनको जीवन, समय र सौन्दर्य चेतना निर्माण भएकाले त्यहाँको अराजनीतिक सामाजिक, सांस्कृतिक परिदृश्य, अशिक्षा र गरिबीको व्यापक पकड नयनले अत्यन्त निकटरूपले बुझ्केका छन् । किसान, श्रमिक, राजनीतिज्ञ र सामन्तहरूबाट संरक्षित र प्रताडित व्यक्तिहरू मात्र होइन , पहुँच र मौका नपाएका भूमिहीन गरिब र दुखियाहरू पनि उनका रचनामा आएको पाइन्छ ( सुवेदी; २०६१:) । पाण्डेले आफ्ना जीवन सङ्घर्षका क्रममा विभिन्न सङ्घ-संस्था र स्वाध्ययनबाट प्राप्त गरेको ज्ञानबाट पनि उनको साहित्यिक लेखनमा प्रौढता आएको छ । यसरी उनको जीवनी, व्यक्तित्व र साहित्यलेखनका बीच आन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ ।

### ३.४.५ निष्कर्ष

नयनराज पाण्डेको वैयक्तिक जीवन सामान्यरूपमा व्यतित भइरहेको छ भने उनको व्यक्तित्व बहुआयामिक रहेको छ । विभिन्न क्षेत्रका अध्ययन, अनुभवबाट हासिल गरेको ज्ञान, सिर्जनशील प्रतिभा र तीक्ष्ण बुद्धिले उनको वैयक्तिक जीवनमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको पाइन्छ । सानैदेखिको साहित्य र सिनेमाप्रतिको रुचि तथा शोख आज यथार्थमा परिणत भई पाठक तथा स्रोताहरूका माझमा चर्चा पाएको छ ।

पाण्डेका विभिन्न व्यक्तिहरुमध्ये बाह्य व्यत्तित्वअन्तर्गत ५ फिट ७ इन्च उचाइ, गहुँगोरो वर्ण र हृष्टपुष्ट शारीरिक बनोट रहेको पाइन्छ भने आन्तरिक व्यक्तित्वमा विवेकशील, चिन्तनशील, सहयोगी, मिलनसार, परिश्रमि तथा स्वाभिमानी व्यक्तित्व पाइन्छ । उनका सार्वजनिक तथा साहित्यिक व्यक्तित्वमा कवि व्यक्तित्व, कथाकार व्यक्तित्व उपन्यासकार व्यक्तित्व, नाटककार व्यक्तित्व आदि रहेका छन् । पाण्डेका साहित्येतर व्यक्तित्वअन्तर्गत सम्पादक व्यक्तित्व, पटकथाकार व्यक्तित्व, अभिनेता व्यक्तित्व, स्तम्भकार-टिप्पणीकार व्यक्तित्व आदि प्रमुख रहेको पाइन्छ ।

# चौथो अध्याय

# नयनराज पाण्डेका कृतित्वको अध्ययन

## ४.१ नयनराज पाण्डेका रचनाहरूको विवरण

वि.सं.२०३३ मा **सुखी जीवन** शीर्षकको कविता लेखी रेडियो नेपालबाट प्रसारण भएपछि साहित्य सिर्जनामा निरन्तर रूपमा लागिरहेका पाण्डेको प्रथम प्रकाशित रचना **केही टुक्रा** कविता (रूपरेखा :२०३९) हो । यसैगरी उनको पहिलो प्रकाशित पुस्तकाकार कृति **नाङ्गो मान्छेको डायरी** (२०४४) उपन्यास हो । हालसम्म उनका चारवटा उपन्यास र दुईवटा कथासङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । पाण्डेका प्रशस्त फुटकर रचनाहरू विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ ।

पाण्डेका प्रकाशित पुस्तकाकार कृतिहरू र फुटकर रचनाहरूका साथै साहित्येतर लेखहरूको विवरण तल प्रस्तुत गरिएको छ -

### ४.१.१ प्रकाशित रचनाहरूको विवरण

नयनराज पाण्डेका हालसम्म प्रकाशित भएका पुस्तकाकार उपन्यास कथासङ्ग्रह र फुटकर रचनाहरूको विवरण सूची यसप्रकार छ -

#### ४.१.१.१ प्रकाशित पुस्तकाकार कृति

नयनराज पाण्डेका प्रकाशित पुस्तकाकार कृतिका रूपमा हालसम्म चारवटा उपन्यास र दुईवटा कथासङ्ग्रहहरू रहेका छन् । जसको प्रकाशन मिति र प्रकाशकसहित क्रमश: यसप्रकार प्रस्तुत गरिएको छ-

| **कृति** | **विधा** | **प्रकाशन मिति** | **प्रकाशक** |
|---|---|---|---|
| (क) नाङ्गो मान्छेको डायरी | उपन्यास | वि.सं. २०४४ | अनुभव प्रकाशन |
| (ख) विक्रमादित्य एउटा कथा सुन ! | उपन्यास | वि.सं. २०४४ | रूपायन प्रकाशन |
| (ग) अतिरिक्त | उपन्यास | वि.सं. २०५० | साझा प्रकाशन |
| (घ) उलार | उपन्यास | वि.सं. २०५५ | तन्नेरी प्रकाशन |
| (ङ) खोरभित्र जोकर | कथा | वि.सं. २०६१ | दोभान प्रकाशन |
| (च) निदाएँ जगदम्बा | कथा | वि.सं. २०६५ | दूबो प्रकाशन |

### ४.१.१.२ प्रकाशित फुटकर रचनाहरू

प्रकाशित रूपमा चारवटा उपन्यास र दुईवटा कथासङ्ग्रह लिएर देखापरेका पाण्डेका धेरैजसो रचनाहरू फुटकर रूपमा छरिएर रहेको देखिन्छ। गोरखापत्र', 'मधुपर्क', 'गरिमा', 'समकालीन साहित्य', 'नेपाल', 'रूपरेखा', 'मिर्मिरे, 'बगर'जस्ता पत्र पत्रिकाहरूमा उनका अनेकौं रचनाहरू प्रकाशित भएका छन्। जसको विवरण विधा उपविधागत रूपमा छुट्टाछुट्टै निम्नानुसार देखाइएको छ -

**(क) नयनराज पाण्डेका प्रकशति फुटकर कविताहरू**

| क.सं. | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क | पत्रिका | मिति | पृ. |
|---|---|---|---|---|---|---|---|
| १ | केही टुक्रा | २३ | ७ | २५९ | रूपरेखा | २०३९ मङ्सिर | ४४ |
| २ | यो जीवन | ७ | २ | - | सुरमासरोवर | २०४० वैशाख | - |
| ३ | तीन मुक्तक | २४ | ६ | २७० | रूपरेखा | २०४० कार्तिक | ७० |
| ४ | नेपाली पोशाक | २४ | ६ | २७० | रूपरेखा | २०४० कार्तिक | ७० |
| ५ | बाध्यता | २४ | ६ | २७० | रूपरेखा | २०४० कार्तिक | ७० |
| ६ | दुई टुक्रा | १ | ४ | ४ | बगर | २०४० चैत-जेठ | ४३ |
| ७ | तिम्रो कल्पित देशमा | १० | २५ | - | किरण साप्ताहिक | २०४० चैत्र | - |
| ८ | मेरो देश | १५ | | ४० | अभिव्यक्ति | २०४१ वैशाख | ३० |
| ९ | अभ्यास | १५ | - | ४० | अभिव्यक्ति | २०४१ वैशाख | ३० |
| १० | गर्मी र जाडो | १७ | २ | - | मधुपर्क | २०४१ असार | ६१ |
| ११ | मेरो देश | १६ | ३२ | - | मातृभूमि | २०४१ श्रावण | - |
| १२ | प्रतिबिम्ब | ३ | २८ | - | नवजागरण | २०४१ कार्तिक | - |
| १३ | युवकको खोजी | २५ | ७ | २८३ | रूपरेखा | २०४१ मङ्सिर | ३३ |
| १४ | दुई मसिना कविता | ६ | - | ८ | अठोट | २०४१पुस | ११ |
| १५ | मेरी आमा | २३ | ४ | - | रचना | २०४१ पुष | ८ |
| १६ | समयले कतिपल्ट . . . | - | - | ४३ | अभिव्यक्ति | २०४१ | - |
| १७ | किसान | - | | १६ | कविता | २०४२ कार्तिक-पुस | १९ |
| १८ | रक्सी पसललाई पिउनेहरूले बाहेक अरुले घृणा गर्छन | १ | १ | - | चिप्लेटी | २०४३ असार | ६३-६४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | यी हातहरू होइनन् | २ | - | ११ | बगर | २०४३ मङ्सिर-माघ | १७ |
| २० | सपना कसरी किन देखिन्छ | ७ | ३ | - | समष्टि | २०४३ माघ-फागुन | २९ |
| २१ | कसरी भनुँ यो मात्र दुख्छ | ५ | ३ | ५१ | गरिमा | २०४३ फागुन | ५३ |
| २२ | देश हराएको शरणार्थी | ८६ | ३३० | - | गोरखापत्र | २०४३ चैत्र | ख |
| २३ | अँध्यारो रातमा | ९ | १२ | - | पर्म | २०४४ असार | २० |
| २४ | यदि तिमी चित्रकार हौ भने | ६ | - | १३ | बगर | २०४४ भदौ-कार्तिक | २२ |
| २५ | मान्छेदेखि डराइरहेछन् | २४ | ३४ | - | मुकुट | २०४८ असार-मङ्सिर | ९१ |
| २६ | मरेपछि | - | - | ५४ | कविता | २०५२ कार्तिक-पुस | ४० |
| २७ | आगमन | १०८ | १५३ | - | गोरखापत्र | २०६६ वैशाख | ग |

### (ख) नयनराज पाण्डेका प्रकाशित फुटकर कथाहरूको विवरण

| क.सं. | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क | पत्रिका | मिति | पृ. |
|---|---|---|---|---|---|---|---|
| १ | मलाई सञ्चै छ । | २४ | ११ | २७५ | रूपरेखा | २०४० चैत्र | ३८ |
| २ | माइट स्टोन | - | - | ६५ | मिर्मिरे | २०४४ असार | २१ |
| ३ | जुत्तामा टल्कने अनुहारको कथा | - | - | ७२ | मिर्मिरे | २०४५ भाद्र | ९४ |
| ४ | युग | - | ७ | - | जमर्को | २०४६ भाद्र | ९७ |
| ५ | बाघ | २५ | ९ | - | ध्वनि | २०४६ पौष | २७ |
| ६ | सत्ता | २० | २ | - | नियोजन | २०४७ वैशाख-असार | १८ |
| ७ | अन्तिम यथार्थ | ८ | ७ | ९१ | गरिमा | २०४७ असार | ६८ |
| ८ | फास्ट लाइफ | २३ | ३ | २५४ | मधुपर्क | २०४७ साउन | ३९ |
| ९ | पुलिस | ९ | - | २८ | बगर | २०४७ कार्तिक-पौष | १६ |
| १० | तरुल | १० | - | ३३ | बगर | २०४८फागुन-चैत्र | - |
| ११ | चस्मा | - | २६ | ९ | गरिमा | २०४८ कार्तिक | ५ |
| १२ | दानव | २५ | १ | २७६ | मधुपर्क | २०४९ जेठ | ३९ |
| १३ | नोट | ९२ | १३० | - | गोरखापत्र | २०४९ भदौ | ख |
| १४ | महानगर | २५ | १० | २८५ | मधुपर्क | २०४९ फागुन | ४९ |
| १५ | भूत | १५ | - | - | तन्नेरी | २०५० वैशाख-असार | ४५ |
| १६ | प्रवास | ३ | २ | १० | समकालीन साहित्य | २०५० वैशाख-असार | २९ |
| १७ | बाठो | - | - | - | विपुल | २०५० | - |
| १८ | बन्द | २६ | ७ | २९४ | मधुपर्क | २०५० मङ्सिर | १४२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | बाघ | २७ | ७ | ३०६ | मधुपर्क | २०५१ | ४८ |
| २० | भ्रम | १२ | १२ | १४४ | गरिमा | २०५१ मङ्सिर | ३१ |
| २१ | पतन | - | - | ४ | विपुल | २०५१ माघ-चैत्र | - |
| २२ | अन्तर | २८ | १ | ३१२ | मधुपर्क | २०५२ जेठ | ३१ |
| २३ | उचाइ | - | - | - | सोपान | २०५२ असोज | - |
| २४ | आक्रमण | १७ | १ | - | तन्नेरी | २०५१/५२ | ३ |
| २५ | युद्ध | ५ | ३ | १९ | समकालीन साहित्य | २०५२ साउन-असोज | ५५ |
| २६ | रोग | १४ | ४ | १६० | गरिमा | २०५२ चैत | ५६ |
| २७ | हिटलर | ६ | २ | २२ | समकालीन साहित्य | २०५३ वैशाख-असार | ७३ |
| २८ | जोकर | - | - | - | तन्नेरी | २०५३ मङ्सिर | १६ |
| २९ | सलिम | १५ | - | ५३ | बगर | २०५३ पुस-माघ | ८५ |
| ३० | हे नर्मदे | ७ | २ | २६ | समकालीन साहित्य | २०५४ वैशाख-असार | ८२ |
| ३१ | मारुती ८०० | - | - | ७ | विपुल | २०५४ कार्तिक-पुस | ७ |
| ३२ | खोर | ७ | ४ | २८ | समकालीन साहित्य | २०५४ कार्तिक-पुस | ४७ |
| ३३ | भित्ता | १६ | २ | १८२ | गरिमा | २०५४ माघ | ३४ |
| ३४ | खेल | ८ | ३ | ३१ | समकालीन साहित्य | २०५५ साउन-असोज | ६५ |
| ३५ | चक्लेट | १० | ३ | ३८ | समकालीन साहित्य | २०५७ असार-असोज | - |
| ३६ | देश | २० | ५ | २३३ | गरिमा | २०५९ वैशाख | ७२ |
| ३७ | प्रभू | २१ | १२ | २५२ | गरिमा | २०५९ मङ्सिर | - |
| ३८ | संविधान | - | - | - | मूल्याङ्कन | २०६१ असोज | - |
| ३९ | अमेरिका | ५ | १२ | - | नेपाल | २०६१ कार्तिक | ६९ |
| ४० | घिच्नु /घिचाउनु | २३ | - | ७१ | बगर | २०६१ कार्तिक-पुस | ३१ |
| ४१ | निदाएँ जगदम्बा | २३ | २ | २६६ | गरिमा | २०६१ माघ | २८ |
| ४२ | कुकुर | १ | १२ | - | शब्द संयोजन | २०६१ चैत्र | ९ |
| ४३ | भिडन्त | १ | १ | - | हाम्रो प्रतिध्वनि | २०६२ असोज | ९ |
| ४४ | उदाहरण | ४ | ४ | - | नोबेल | २०६२ | ८२ |
| ४५ | मृत्यु शैयामा युधिष्ठिर | ८ | ७ | - | नेपाल | २०६४ असोज | ५२ |
| ४६ | भिडन्त | २ | १३३ | - | नयाँ पत्रिका | २०६५ भदौ | ग |

## (ग) नयनराज पाण्डेका प्रकाशित फुटकर नाटक/एकाङ्कीहरूको विवरण

| क्र.सं. | शीर्षक | वर्ष | अङ्क | पूर्णाङ्क | पत्रिका | मिति | पृ. |
|---|---|---|---|---|---|---|---|
| १ | स्वयम् आतङ्क | - | - | - | रेडियो नाटक | २०४६ | |
| २ | सीमा बाहिर (भाग १) | ८ | ९ | ९३ | गरिमा | २०४७ भाद्र | ६९ |
| ३ | सीमा बाहिर (भाग २) | ८ | १० | ९४ | गरिमा | २०४७असोज | ७३ |
| ४ | सीमा बाहिर (भाग ३) | ८ | ११ | ९५ | गरिमा | २०४७ कार्तिक | २७ |
| ५ | बिर्ता एकाङ्की | १ | १ | १ | खसानी | २०५६ असोज | ३१ |
| ६ | ईटको पूजा | - | - | - | - | - | - |
| ७ | साढे सात मिनेटको नाटक | - | - | - | - | - | - |

## (घ) नयनराज पाण्डेका प्रकाशित फुटकर साहित्येतर लेखहरूको विवरण

| क्र.सं. | शीर्षक | पत्रिका | मिति | पृ. |
|---|---|---|---|---|
| १ | सम्पादकको खोजीमा छ मेरो कविता | गोरखापत्र | २०४२ भाद्र १५ | ख |
| २ | लेखक | गोरखापत्र | २०४३ साउन ३२ | ख |
| ३ | छदमवेशलाई नङ्ग्याउने उत्तरदायित्व लेखकको हो | साप्ताहिक विमर्श | २०४३ असोज १० | - |
| ४ | नेपाली चलचित्रमा समाज र राजनीति | नयाँ पत्रिका | २०६४ वैशाख २२ | ५ |
| ५ | पीडा सेन्सरको,सन्दर्भ 'अहङ्कार'को | नयाँ पत्रिका | २०६४ जेठ १९ | ५ |
| ६ | डिजिटलभित्र देवदूतको खोजी | नयाँ पत्रिका | २०६४ असार २ | — |
| ७ | सिर्जनाको अपमानका दुई उदाहरण | नयाँ पत्रिका | २०६४ असार १६ | ७ |
| ८ | आख्यान , दशा र दिशा | नयाँ पत्रिका | २०६४ असार ३० | ७ |
| ९ | नेपालमा डकुमेन्ट्री फेसन | नयाँ पत्रिका | २०६४ साउन १२ | ७ |
| १० | लोकतान्त्रिक चलचित्रकर्मीका आशा | नयाँ पत्रिका | २०६४ भदौ ८ | ७ |
| ११ | सिनेमामा स्टार सिस्टम | नयाँ पत्रिका | २०६४ भदौ २२ | ७ |
| १२ | सिनेमाको प्रचार | नयाँ पत्रिका | २०६४ मङ्सिर १ | ७ |
| १३ | हडिउडका लेखक र हामी | नयाँ पत्रिका | २०६४ मङ्सिर १५ | ७ |
| १४ | प्रतिगामी मानसिकतामा चलचित्र | नयाँ पत्रिका | २०६४ मङ्सिर २९ | ७ |
| १५ | सिनेमाफियाको रणनीति | नयाँ पत्रिका | २०६४ पुस १४ | ७ |
| १६ | मोफसल सिनेमा | नयाँ पत्रिका | २०६४ पुस २८ | ७ |
| १७ | बहसयोग्य कागबेनी | नयाँ पत्रिका | २०६४ माघ २६ | ७ |
| १८ | त्रासमा छन् नायिकाहरू | नयाँ पत्रिका | २०६५ चैत्र ८ | ७ |
| १९ | फिल्म नेपाली, तामझाम हिन्दी | कान्तिपुर | २०६५ चैत्र २९ | घ |
| २० | हाम्रा नायकहरू | कान्तिपुर | २०६६ वैशाख २६ | घ |

(ङ) **नयनराज पाण्डेका प्रकाशित अन्तर्वार्ताहरूको विवरण**

| क.सं. | शीर्षक | पत्रिका | मिति | पृ. |
|---|---|---|---|---|
| १ | उपन्यासकार नयनराज पाण्डेसँग साक्षात्कार | नेपालगन्ज एक्सप्रेस | २०५८ | २ |
| २ | नयनराज पाण्डे साहित्यकार | बुधबार साप्ताहिक | २०५९ भाद्र १२ | ६ |
| ३ | जम्काभेट | कान्तिपुर साप्ताहिक | २०६४ पुस ६ | १४ |
| ४ | पाँच प्रश्न | नयाँ पत्रिका | २०६५ कार्तिक२५ | मध्यपृष्ठ |
| ५ | जीवन संवाद (नयनको कालो चस्मा) | नयाँ पत्रिका | २०६५ मङ्सिर २२ | मध्यपृष्ठ |
| ६ | अतिथि अभिव्यक्ति | राजधानी | २०६५ फागुन १ | ६ |
| ७ | मिडियाले किताब हैन, अनुहार हेर्छ | राजधानी | २०६५ चैत्र ८ | ७ |
| ८ | पुस्तकवार्ता | कान्तिपुर | २०६५ चैत्र २२ | ख |

## ४.२ नयनराज पाण्डेका प्रकाशित पुस्तकाकार कृतिहरूको अध्ययन

नयनराज पाण्डे नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले नेपाली साहित्यमा कविता, कथा, उपन्यास, नाटक, एकाङ्की र समसामयिक लेखजस्ता विभिन्न विधामा कलम चलाएका छन् । हालसम्म उनका चारवटा उपन्यास, दुईवटा कथासङ्ग्रह पुस्तकाकार कृतिका रूपमा र छवटा नाटक/एकाङ्कीलगायत अनेकौं फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । यस अध्यायमा उनका पुस्तकाकार कृतिहरूको विधागत तत्वका आधारमा परिचयात्मक अध्ययन गरिएको छ ।

### ४.२.१ नयनराज पाण्डेका औपन्यासिक कृतिहरूको अध्ययन

नयनराज पाण्डेको साहित्ययात्राको तीनदशक लामो समयावधिमा उनका जम्मा चारवटा उपन्यासहरू प्रकाशित भएका पाइन्छन् । वि.सं. २०४४ सालमा उनको पहिलो **नाङ्गो मान्छेको डायरी** र दोस्रो **विक्रमादित्य एउटा कथा सुन !** उपन्यास प्रकाशित भएको पाइन्छ । यस्तै उनको तेस्रो औपन्यासिक कृति **अतिरिक्त** (२०५०) र चौथो **उलार** (२०५५) प्रकाशित भएका छन् ।

पाण्डेका यी उपन्यासहरूमा नेपाली साहित्यको प्रचलित परम्परा र केही नयाँ मूल्य दुवै प्रवृतिहरू देख्न सकिन्छ । उनका उपन्यासहरूमा सामाजिक यथार्थ, आलोचनात्मक यथार्थ, मनोविश्लेषण र प्रयोगवादजस्ता मूल प्रवृत्तिहरू देखिन्छन् । नेपाली साहित्यमा पछिल्ला अढाइदशकदेखि हुर्कँदै आएको दुर्बोध्य प्रयोगवादी साहित्यलेखनका विरुद्धमा सहज र बोधगम्य साहित्यको सिर्जना गरेर पाठक र स्रष्टाका बीचमा बढ्दै गएको दुरीलाई हटाई निकटता कायम गर्ने काम गर्दै आफ्नै किसिमको मौलिक पहिचान पाण्डेले

दिएका छन् । सत्तासीनहरूको अकर्मण्यता, शैक्षिक बेरोजगारी, जनउत्तरदायित्वरहित तथा स्वेच्छाचारी निकाय र नोकरशाही प्रवृत्ति, आर्थिक दुरावस्था, मानवीय मूल्यहीनताको जीवन्त र सीमान्त चित्रण, पारिवारिक विघटन आदि चित्रण गर्नमा उनी सफल मानिएका छन् । उनका उपन्यासहरू वर्णनात्मक,नाटकीय, प्रयोगात्मक, स्वैरकल्पनात्मक शैलीमा लेखिएका छन् । पाण्डेले परम्परागत रूपमा चल्दै आएका नेपाली औपन्यासिक मान्यतालाई भत्काई आफ्नै नवीन शील्प र संरचनाको निर्माण गर्दै उपन्यासहरूको रचना गरेको पाइन्छ । यी विशेषतायुक्त उनका उपन्यासहरूको विवेचना यहाँ बेग्लाबेग्लै उपशीर्षकमा गरिएको छ ।

### ४.२.१.१ 'नाङ्गो मान्छेको डायरी' (२०४४) उपन्यासको विवेचना

नयनराज पाण्डेको पहिलो प्रकाशित उपन्यास **नाङ्गो मान्छेको डायरी**को रचना वि.सं. २०४३ मा भएको हो । वि.सं. २०४४ मा अनुभव प्रकाशन काठमाडौंद्वारा प्रकाशित यस उपन्यासमा २५ खण्ड र ती खण्डहरूभित्र विभिन्न उपखण्डहरू रहेका छन् । यसमा एउटा व्यक्तिगत जीवनको अनुभवहरूलाई घटनाक्रमद्वारा प्रस्तुत गरिएको छ । आर्थिक अभावका कारण पिल्सिएको र बेरोजगारी समस्याद्वारा सताइएको एक युवकको विकृत एवम् अस्तित्वविहिन अवस्थाले नाङ्गिएको तथा घरबार लथालिङ्ग भएको कुरालाई डायरी शैलीमा प्रस्तुत गरिएकोछ ।

### (क) कथावस्तु

**नाङ्गो मान्छेको डायरी** उपन्यासको कथावस्तु नाङ्गो मान्छे वा 'म' पात्रसँग सम्बन्धित छ । उपन्यासमा शिक्षित बेरोजगार युवक रोजगारीका निम्ति सिफारिस लिन गएको प्रसङ्गबाट कथावस्तु प्रारम्भ हुन्छ । सोर्स र वरिष्ठता नभएका कारण काम नबनेपछि 'खाली दिमाग शैतानका घर' भनेजस्तै ऊ अनैतिक र गैर कानुनी कल्पनामा रमाउन पुग्छ । पैसा आर्जन नै वर्तमान जीवनमा मानिसको मापनको आधार बनेकाले पैसा आर्जन गर्न नसकेपछि परिवार र बाबुका दृष्टिमा 'म' मात्र काम नलाग्ने मान्छे बन्न पुग्छ । परिवारको सम्पूर्ण खर्च दाजुले बेहोरेकाले तथा उसले आफूले कमाउन नसकेकाले ऊ पुराना केही सम्पत्ति र सर्वेन्ट क्वाटर भन्न मिल्ने टहरो अंशवण्डामा प्राप्त गर्छ । अन्तर्वार्ताको नतिजामा हैसियत प्राप्त व्यक्तिहरू मात्र उत्तीर्ण हुन्छन् । कोही व्यक्ति आएर बिजुलीको खाँबोमा बाँधेर श्रीमती र छोरीमाथि बलत्कार गर्न सक्ने सम्भावना देख्ने 'म' पात्र सहरमा एक्लै हिंड्नुपर्दा सुरक्षाको निम्ति अँध्यारा

गल्लीहरूमा हिँड्दछ । आर्थिक अभाव टार्न केही दिन आफ्नी श्रीमतीलाई माइत पठाएर केही राहत भएको महसुस गर्दछ । भोको पेटमा टन्न भोजन खुवाउने साथीहरू भेट्ने कल्पना गर्दा कवि, स्वयम्सेवक र नेता तीनजना साथीमध्ये कसैले भोजनका बारेमा कुरै नगरेपछि ऊ आफ्नो भोकलाई शान्त पार्न सार्वजनिक धारामा टन्न पानी पिएर रातिको ९ बजे घर फर्कन्छ । जिन्दगीको खास प्रयोजन पत्ता लगाउन  नसक्ने र लक्ष्यहीन भएर हिड्ने 'म' पात्र स्वास्नी र छोरी बिरामीका  कारण लखतरान हुँदा पनि मृत्युको खबर पाएमा आफू धेरै खुसी हुने कल्पना गर्दछ । पोसिलो खानाको अभावमा स्तनबाट दूध नझर्दा बालक छोरो भोक मेट्न सक्दैन ।

'म' पात्र आर्थिक अभावले निम्त्याएको आक्रान्त अवस्थालाई समाधान गर्न आफ्नो टहरो बेचेर गुफा जस्तो दुई कोठाहरू भाडामा लिनपुग्छ । साथी हाकिम भएको र उसले गगल्स, बुट, घडी र ज्याकेटसहितका साथीहरूको तडकभडक देख्दा इर्ष्या गर्न पुग्दछ । उसलाई आफ्ना असीमित सपनाहरूले नै गिज्याइरहेको जस्तो लाग्छ । भोक, रोग र अभावमा पिल्सिएकी आफ्नी पत्नीले घरभाडा नतिरे घरबेटीले कोठा छाड्न भनेको कुरा सुनाउँदा त्रसित बन्दछ । पत्नीले आफूलाई निर्धक्कसँग नपुंसक भन्दा ऊ सहन बाध्य हुन्छ । सहरमा विष्फोट भइदिए हुन्थ्यो भन्ने चाहना राख्ने उसको मनोदसा केही असामान्य जस्तो लाग्छ ।

ऊ सहरबाट टाढा जान खोज्दा आफूलाई सहरले निलिसकेको जस्तो आभाष पाउँछ । दाउराको समस्या, छोराछोरीको विद्यालयको शुल्क र खाद्य सामग्रीको भाउ चर्किदा समस्या अझै गम्भीर बन्दछ । अनायासै रोजगारका निम्ति छ महिने परीक्षणकालको नियुक्ति आएपछि बाबुआमाले केही माया गरे जस्तो गर्दछन् । तर पुलिसको गोप्य रिपोर्ट अनुसार ऊ परीक्षणकालमा अयोग्य ठहरिन्छ र त्यो खुसी हराउँछ । तालुखुइले महाशय आएर आफ्नी स्वास्नीसँग लहसिन थालेको र बाँच्नका निम्ति आफ्नै पत्नीले घृणित कार्य गर्नु परेको बाध्यताका बारेमा ऊ कल्पना गर्दछ । मूर्ति चोरको आरोपमा पुलिसद्वारा छोरो गिरफ्तार भएपछि 'म' पात्रले छोराको भविष्य गर्भमा नलेखिएरै आएको ठान्दछ ।

'म' पात्र स्वास्नीको भनाइबाट मात्र छोरी तरुनी भइसकेकी भन्ने जानकारी पाउँछ । कलगर्ल, महङ्गो रेट र परिवारको गुजाराको निम्ति वेश्यावृत्ति गरेको भन्ने छोरीको चरित्रहत्यासँग सम्बन्धित हल्लाहरू सुनेर ऊ बिनाकष्ट घर खर्च चलिरहेको प्रश्नको उत्तर थाहा पाउँछ । ऊ आफूलाई श्रापित ठान्दछ र आमा र छोरी श्रापित देवताको छहारीमा बसेर मूर्ख बन्ने छैनन् भन्ने सोच्दछ । आमा र छोरी आफूभन्दा पनि बुद्धिमान ठान्दै

आफूलाई त्यसप्रति पीडाबोध नभएको ठान्दछ । उनीहरूले प्रत्येक रात आफ्नो जिन्दगीलाई टुक्रा-टुक्रा पारेर बेच्ने तथा त्यसको भुक्तानीले भावी जीवनको जीर्णोद्वार गर्ने र कष्टमय जीवनलाई अर्कै रूपमा ढालेर जिउने कल्पना गर्दछ । उनीहरूले बाँच्ने नयाँ जीवनलाई हृदयदेखिको शुभकामना दिन्छ । यसरी एक्लो, निरस र गन्तव्यहीन जीवनसँगै उपन्यासको कथावस्तु समाप्त भएको देखिन्छ ।

यस उपन्यासको कथावस्तु आदि, मध्य र अन्त्यको श्रृङ्खलामा नै रहेको छ । यहाँ नाङ्गो मान्छे वा 'म' पात्र रोजगारीका निम्ति सिफारिस लिन गएको प्रसङ्ग आदि भाग, स्वास्नीले निर्धक्कसँग नपुंसक भन्नु र ६ महिने रोजगारीको परीक्षणकालमा अयोग्य ठहरिनु मध्यभाग तथा श्रीमती र छोरीले वेश्यावृत्तिमा लागेर घर त्याग्नु अन्त्य भागका रूपमा आएका छन् । झिनो कथावस्तु भएको यो उपन्यास एउटै मूलकथामा आधारित रहेको छ । 'म' पात्रको पीडाजन्य अवस्था समय र परिस्थितिसँग सङ्घर्ष गर्दागर्दै नियतिको शिकार बन्न पुगेको घटना र विसङ्गतिजन्य परिवेश यस उपन्यासमा रहेको छ ।

## (ख) चरित्रचित्रण

**नाङ्गो मान्छेको डायरी** उपन्यासमा थोरै उल्लेख्य पात्र रहेका छन् भने गौण पात्रहरू अधिक सङ्ख्यामा रहेको पाइन्छ । उपन्यासको मुख्य पात्रका रूपमा 'म' पात्र आएको छ भने सहायक पात्रको रूपमा 'म' पात्रकी स्वास्नी रहेकी छे । गौण पात्रहरूमा 'म' पात्रकी छोरी, 'म' पात्रको छोरा, सिफारिस दिने व्यक्ति, बाबुआमा, पानपसले, साथी, दाजु, कवि, स्वयम् सेवक, नेता, बाबुसाहेब मित्र, पुलिस, घीनलाग्दो व्यक्ति र ठूलो घरकी युवती आदि रहेका छन् ।

उपन्यासको प्रमुख तथा केन्द्रीय चरित्र 'म' पात्र नाङ्गो मान्छेको रूपमा यस उपन्यासमा आएको छ । ऊ कपडाले नाङ्गो नभई द्रव्यको मोहमा जकडिएको समाजका अगाडि बेकार र द्रव्य आर्जन गर्न असफल पुरुष पात्र हो । आर्थिक सम्पन्नताको मापनले मूल्य निर्धारण गरिने समाजमा बाँच्ने ऊ शिक्षित बेरोजगार व्यक्तिका रूपमा विषम आर्थिक समस्यामा पर्दछ । आदर्श जीवनयापन गर्ने इच्छा हुँदाहुँदै पनि तीतो यथार्थ भोग्न विवश ऊ अर्धविक्षिप्त मानसिकतामा रहेको छ (गैरे, २०५७:२ ) । सधैं सङ्घर्ष गर्दागर्दै पनि प्रतिकूल स्थिति भोग्न बाध्य 'म' पात्र अन्तर्मुखी स्वभाव भएको, कार्य भूमिकाका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, जीवनचेतनाका आधारमा वर्गीय ,बद्ध तथा मञ्चीय पात्र हो ।

'म' पात्रकी स्वास्नी यस उपन्यासकी सहायक पात्र हो । 'म' पात्रको सङ्कटग्रस्त आर्थिक अवस्थाको सिकार बनेकी ऊ घरको आर्थिक समस्या समाधान गर्न केही दिन माइत बस्छे । ऊ पोसिलो खाने कुराको अभावमा काखको बालकलाई दूध चुसाउन असमर्थ लोग्नेलाई असह्य भएर निर्धक्कसँग नपुंसक भन्दछे । आफ्नै लोग्नेको अगाडि तालुखुइले व्यक्तिसँग वेश्यावृत्ति अँगाल्नुपर्ने उसको बाध्यता देखिन्छ । छोरीका साथमा आफ्नो लोग्ने र घर छोड्ने ऊ प्रतिकूल चरित्र हो । ऊ उपन्यासकी स्त्री, गतिशील बर्गीय बद्ध र मञ्चीय पात्र हो । घरखर्च चलाउन महङ्गो रेटकी कलगर्ल बन्न पुगेकी 'म' पात्रकी छोरी र श्रीमती, आर्थिक अभावका कारण पेट भर्नका निम्ति मूर्ति चोर्दा पुलिसबाट गिरफ्तार गरिएको 'म' पात्रको छोरो प्रतिकूल, वर्गीय पात्र हुन् । उपन्यासमा यी पात्रहरूका अतिरिक्त बूढो रुख, टेबुल घडी र राक्षसजस्ता पात्रहरू प्रतिकात्मक पात्रका रूपमा आएका छन् ।

### (ग) परिवेश

यस उपन्यासको परिवेश एउटा प्रमुख सहरको सेरोफेरोमा केन्द्रित रहेको पाइन्छ । सहरको नाम स्पष्ट नभए पनि राजधानी सहर हुनसक्ने अनुमान गर्न सकिन्छ । उपन्यासमा पानपसल, सडक, अँध्यारो कोठा, रेष्टुराँ, घण्टाघर, फुटपाथ, अदालत आदि ठाउँहरू स्थानगत परिवेशका रूपमा आएका छन् । समयगत परिवेशका रूपमा २०४६ सालको प्रजातन्त्र पूर्वको निरङ्कुश पञ्चायती शासन र त्यसले निम्त्याएको बेरोजगारी अवस्था देखिन्छ । 'म' पात्रको मानसिक अवस्थाको विसङ्गति र केही असामान्य विकृत मनोदशाले आन्तरिक परिवेशलाई देखाइएको छ । 'म' पात्रको आर्थिक सङ्कटग्रस्त अवस्था, अभावग्रस्त गरिबी, पारिवारिक विघटन, पत्नी र छोरीले लोग्ने तथा घर छोडेर गएको घटनाले कारुणिक वातावरणको समेत सिर्जना गरेको पाइन्छ ।

### (घ) संवाद

यस उपन्यासमा सङ्क्षिप्त र थोरै संवाद प्रयोग गरिएको छ । संवाद प्रत्यक्ष रूपमा नआएर पूर्वस्मृतिका रूपमा एकालापीय ढङ्गले प्रस्तुत भएको पाइन्छ । संवादले कतिपय स्थानमा पात्रका कुण्ठा र परिचय गराएको छ । उपन्यासभित्र बोलिएका सबै संवादहरूमा 'म' पात्रको प्रत्यक्ष संलग्नता पनि रहेको पाइन्छ । ती संवादहरू यस प्रकारका छन् -

- तपाईंको शुभ नाम ?

- मैले आफ्नो नाम भनिदिएँ ।
- के काम गर्नुहुन्छ?
- मैले आफ्नो काम भनिदिएँ ।
- के कामले पाल्नु भयो ?       (पृ.३५)

आर्थिक अभावमा बाँच्दा चियासमेत पिउन छाडेको सन्दर्भमा 'म' पात्र र उसको साथीको बीचमा भएका संवादहरू यस्ता छन्-

- "किन अचेल चिया पिउन छोडिदिएको ?" मैले उसको कुरा स्वीकार गरें ।. . . उसले जानेको कुरा भन्यो -
- तिमीहरू जस्ताले चिया पिउन छाडिदिने हो भने हामी गरिबको के होला? (पृ.३४)

आर्थिक सङ्कटग्रस्त पारिवारिक जीवनमा 'म' पात्र र उसकी स्वास्नीका संवादहरू यस्ता रहेका छन् -

- तपाईं साह्रै दुब्लाउनु भयो ।
- दुब्लाए यत्रैसित्ति ।
- अरु कोशिस त गर्नु भएन ?
- भुत्रो गर्ने ।
- (फलानो) ले . . . केही गर्थ्यो कि ?
- भुत्रो गर्छ . . . (पृ.३५)

यहाँ आर्थिक अभावका कारण पिल्सिएका निम्नस्तरका ग्रामीण पात्रहरूले बोल्ने संवादको प्रयोग गरेको पाइन्छ । यसरी उपन्यासभित्र संवादहरू न्यूनस्तरका भए पनि रोचक र जीवन्त बनेका छन् ।

**(ङ) उद्देश्य**

सामन्ती निरङ्कुशताले निम्त्याएको विसङ्गतिपूर्ण जीवन, शिक्षित बेरोजगारीका कारण आर्थिक अभावले निम्त्याउने दुष्परिणाम, पारिवारिक विघटन र मूल्यहीनताको चित्रण यस उपन्यासले गरेको छ । देशमा व्याप्त बेरोजगारी समस्या र दुरावस्थाको चित्रण गर्दै गरिबीले सिर्जना गरेको मानवीय मूल्यहीनताको जीवन्त र सीमान्त चित्र प्रस्तुत गर्नु यस उपन्यासको उद्देश्य हो (गिरी, २०६०:३६८) । सामन्ती संस्कारमा जकडिएको समाजमा सामान्य नागरिकको कुनै मूल्य नभएको र सङ्घर्ष गर्दागर्दै पनि असफलताको भारी बोक्नुपर्ने स्थितिको

चित्रण यस उपन्यासमा गरिएको छ । बेरोजगार युवकको असमान्य मनोदशाको चित्रण गर्दै सामाजिक तथा प्रशासनिक पक्षप्रति व्यङ्ग्य गर्नु पनि यसको उद्देश्य रहेको छ ।

**(च) द्वन्द्व**

**नाङ्गो मान्छेको डायरी'** उपन्यासमा आन्तरिक र बाह्य दुवै द्वन्द्वहरूको प्रवलता रहेको पाइन्छ । बाह्यद्वन्द्वअन्तगर्त 'म' पात्र र उसको परिवारका बीचमा भएको द्वन्द्व घीनलाग्दो व्यक्ति र 'म' पात्रलाई अदालतमा त्यो व्यक्तिको विरोधमा साक्षी बसिदिने आग्रह गरेपछि घीनलाग्दो व्यक्तिले आफ्नो विरुद्धमा गरेको बयान फिर्ता लिन आग्रह गर्दछ तर 'म' पात्रले नमान्दा उक्त व्यक्ति हिंस्रक पशुमा परिणत हुन्छ । यसलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ- '. . . दाँत कटकटाउन थालिसकेको छ । . . . . हत्केला मुठीमा परिणत हुँदैछ . . . अब ऊ मलाई झम्टने मुद्रामा उभिइसकेको छ ।'

"साला ! घीनलाग्दो मान्छे ।" अनि म आक्रोश पोख्छु । (पृ. ४९)

त्यस्तै बेरोजगारी समस्याका कारण आमाबाबुले काम नलाग्ने छोरो भनी घरबाट छुट्याइदिएपछि उसमा परिवारसँगको द्वन्द्व उत्पन्न भएको छ । आर्थिक विपन्नताले स्वास्नी र छोरीले छाडेर वेश्यावृत्तिमा जानु अघिसम्म उसमा उनीहरूलाई कसरी पाल्ने भन्ने समस्याले द्वन्द्वको सिर्जना गरेको देखिन्छ । निरङ्कुशताका कारण उत्पन्न चाकडी, चाप्लुसी प्रवृत्ति, शिक्षित भए पनि बेरोजगारीका कारण आर्थिक समस्याले सिर्जना गरेको दुर्दशाले 'म' पात्र र राजनैतिक प्रणालीका बीच द्वन्द्व देखिन्छ । यी विविध समस्याले पारेको उसमा आन्तरिक द्वन्द्वको समेत सिर्जना गरेको छ । उपन्यासमा 'म' पात्रलाई सपना र भ्रमका माध्यमले अर्धविक्षिप्त मनस्थिति भएको सङ्केत र बेहोसीपनले पनि आन्तरिक द्वन्द्वलाई नै सङ्केत गरेको छ । समग्रमा यस उपन्यासमा बाह्यभन्दा मानसिक द्वन्द्वकै प्रधानता रहेको देखिन्छ ।

**(छ) दृष्टिबिन्दु**

प्रस्तुत उपन्यास 'म' पात्रको केन्द्रीयतामा अघि बढेको छ । 'म' पात्रले प्रमुख पात्रको भूमिका निर्वाह गर्दै आफ्ना अभाव, कुण्ठा, विवशता र मनोदशाको चित्रण गरेकाले यसमा आन्तरिक दृष्टिबिन्दुअन्तर्गत केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

उपन्यासको आरम्भ यसरी गरिएको छ :

कुराकानीको क्रम स्वभाविक रूपमा चल्न थाल्यो;

- तपाईको शुभ नाम ?

- मैले आफ्नो नाम भनिदिएँ । (पृ. १३)

उपन्यासमा लेखकले 'म' पात्रका  माध्यमबाट एक बेरोजगार युवकका भावना भोगाइ, विसङ्गत जीवन, मानिसक विक्षिप्तता आदिको चित्रण गरेकाले यस उपन्यासमा प्रथम पुरुषीय कथनपद्धतिको प्रयोग गरेको पाइन्छ ।

### (ज) भाषाशैली

यस उपन्यासको भाषा सरल, स्पष्ट तथा शैली डायरी अर्थात रिपोर्ताज रहेको छ । यहाँ परम्परागत शैलीभन्दा भिन्न प्रयोगवादी शील्पको प्रयोग देखिन्छ । उपन्यासमा परम्परागत कथानकको निर्वाह नभएर अनेकौं सूक्ष्म कथावस्तुलाई स्वतन्त्र रूपमा समावेश गरिएको छ । भाषामा विविध चिह्न तथा शब्दभण्डारको प्रयोग गरिएको छ । उपन्यासको आवरण चित्र पनि अमूर्त रहेको छ ।

उपन्यासमा अङ्ग्रेजी शब्दहरू जस्तैः सर्वेन्ट क्वाटर,  ब्लू फिल्म, फूलस्केप साइज, कलगर्ल, क्लाइमेक्स आदिको प्रयोग गरिएको छ भने बहाना, नीच, यार, कहावत हिन्दी-उर्दू शब्दहरूको प्रयोग गरेको पाइन्छ । प्वाक्कै, टिक्टिक्, फटाफट, लगलग जस्ता अनुकरणात्मक शब्दले भाषामा मिठास उत्पन्न गरेका छन् । कतिपय ठाउँमा भाषा अनौपचारिक र कथ्यस्तरको रहेको देखिन्छ । जसमा भुत्रो, यत्रैसित्ति, पत्तुर, साला जस्ता शब्दहरू रहेका छन् । 'भगवान देता है तो छप्पर फाडकर देता है ' जस्तो हिन्दी प्रचलित उखान पनि उपन्यासमा आएको छ ।

उपन्यासमा घटना र प्रसङ्गलाई पुष्टि गर्ने उदाहरणहरू आत्मकथात्मक शैलीमा 'म' पात्रले प्रस्तुत गर्दछ । उपन्यासमा बूढो रुख सामन्तवादी राजसंस्था, राक्षस निरङ्कुश शासक र टेबुल घडी समय र परिस्थितिको दास मानसिकताको प्रतीकका रूपमा आएका छन् । वर्णनात्मक शैलीको प्रधानता रहेको यस उपन्यासमा देखिन्छ भने संवादात्मक शैलीको पनि आंशिक प्रयोग गरिएको पाइन्छ । सपना र असामान्य मनोदशाको चित्रण भाषाका माध्यमबाट उपन्यासमा यसरी प्रस्तुत गरिएको छ -

'मैले राति सपना देखें - म भर्खर जन्मिएको छु . . . र मेरो अगाडि कलम कागज र मसी लिएर उभिएको 'भावी' छ . . . र ऊ मेरो भाग्य लेख्न आएको हो सायद । . . . तर केही नलेखेर ऊ त्यसै फर्कियो' (पृ.४७) ।

यी विविध आधारमा  यस उपन्यासलाई छोटो मीठो भाषायुक्त, परम्पराभन्दा केही भिन्न शैली र शील्प प्रयोग गरिएको उपन्यासका रूपमा लिन सकिन्छ ।

**निष्कर्ष**

**नाङ्गो मान्छेको डायरी** यथार्थ धरातलमा विसङ्गत जीवन र समाजको आलोचना गर्ने आलोचनात्मक यथार्थवादी उपन्यास हो । व्याकरणिक वर्णविन्यासगत त्रुटिहरू, भावुकताको प्रवलता जस्ता सामान्य कमजोरीहरू भए पनि उपन्यास जीवन्त पात्र र शिक्षित बेरोजगारी समस्याको ज्वलन्त यथार्थचित्रण गर्न सफल रहेको छ । आर्थिक अभावले निम्त्याएको मानवीय मूल्यहीनता, अर्धविक्षिप्त मनिस्थिति र पारिवारिक विघटनलाई प्रस्तुत गर्नु नै यस उपन्यासको सारवस्तु रहेको छ ।

## ४.२.१.२ 'विक्रमादित्य एउटा कथा सुन !' उपन्यासको विवेचना

नयनराज पाण्डेको दोस्रो औपन्यासिक कृति **विक्रम विक्रमादित्य एउटा कथा सुन !** वि.सं २०४४ मा प्रकाशित भएको हो । रूपायन प्रकाशनद्वारा प्रकाशित यस उपन्यासमा जम्मा तीन खण्डहरू रहेका छन् । ६३ पृष्ठमा संरचित यो उपन्यासमा विक्रमादित्य तिमीलाई भनी समर्पण गर्दै . . . प्रारम्भ, एक, अतिरिक्त प्रसङ्ग-एक, अतिरिक्त प्रसङ्ग दुई, . . . प्रारम्भ दुई, अतिरिक्त प्रसङ्ग, . . . फेरि प्रारम्भ, तीन जस्ता खण्ड र उपखण्ड रहेका छन् भने कुल १९ वटा छोटा छोटा परिच्छेदहरू रहेका छन् ।

### (क) कथावस्तु

यस उपन्यासमा स्वस्थानीको कथामा आधारित संसारका हरेक प्राणीलाई दासताबाट मुक्त गराएर खुसी र स्वतन्त्रता प्रदान गराउने यात्रामा संलग्न विक्रमादित्यको किंबदन्तीमा आधारित कथावस्तु रहेको छ । कथाको प्रमुख पात्र 'म' ले  शक्ति र बुद्धिका धनी राजा विक्रमादित्यलाई आजको संसारका मान्छेका अनुहारबाट खुसी हराउनको कारण पत्ता लगाई उनीहरूलाई पुनः खुसी बाँड्ने र पीडा हटाउने उद्देश्यसहितको यात्रामा थकाइ मेट्न सुनाएका कथाहरूले उपन्यासको प्रारम्भ भएको छ । सिङ्गो पृथ्वी एउटा शरणार्थी शिविरमा परिणत भएको र पृथ्वीका प्रत्येक व्यक्ति शरणार्थी भएको हुनाले आफ्नो देश र आफ्नो भन्ने हरेक गुमाउनुको आतङ्क पीडा, विद्रोह र आक्रोशको कथा नै यस उपन्यासको कथा हो ।

उपन्यासमा घटना प्रसङ्गहरू अनगिन्ती रहेका छन् । सूत्रात्मक रूपमा घटनाक्रमहरूको अन्विति गरिएको छ । शरणार्थी शिविरमा शरणार्थीहरूको रेखदेखको निम्ति सरकारबाट हरेक पन्ध्र दिनमा एउटा क्याप्टन खटाइन्छ जसले शरणार्थीहरूको रेखदेख

र सुरक्षा नगरी अत्याचार र पाशविकता प्रकट गर्दछ । पहिलो क्याप्टेन द्वितीय विश्वयुद्धताका एउटी अङ्ग्रेज युवतीलाई बलात्कार गर्दा युवतीको घातक प्रहारले एउटा आँखा गुमाएको छ । ऊ आइमाईहरूलाई किताब पढेझैं गरी हेर्दछ । कफीभन्दा रक्सी र रक्सीभन्दा आइमाई मनपराउने ऊ देशको सार्वभौमिकता र शान्तिका विरुद्ध कसैले हतियार राख्न नहुने ठान्दछ । शरणार्थी शिविरमा रेकिना नामकी सुन्दर युवती आवाज गुमाएर विक्षिप्त हुन पुग्दछे र अपहरणमा परी क्याप्टेन, मेयर र कमिस्नरद्वारा पेटभरिको आहार बन्दछे । क्याम्पभित्र साना केटाकेटीहरू खेल्ने आँगन, पोखरी, वन नभएकाले निद्रामै बरबराउने रोगका सिकार भएका छन् । बिरामी शरणार्थीहरू जुनसुकै रोग लागे पनि एक प्रकारको पन्यालो झोल र सेतो ट्याब्लेट खान बाध्य छन् । आफ्नो घर, देश, राष्ट्रियता, भाषा र भविष्य नभएका शरणार्थीहरूको डरलाग्दो वर्तमान रहेको छ । आफ्नो देश नहुँदा आत्महत्या र बम पड्काउने बाहेक अर्को विकल्प नरहेको देखिन्छ ।

शरणार्थी शिविरमा दोस्रो पुड्के क्याप्टेन नियुक्त भएपछि उसको अत्याचार बढ्दै जान्छ । आफ्नो रुचि र विचारलाई लुगा फेरेझैं फेरिरहने ऊ शरणार्थीहरूले उठेर अभिवादन गर्दा आफ्नो अगाडि उभिने दुस्साहस गरेकामा हातपात गर्दछ भने बसेर अभिवादन गर्दा सम्मान नगरेको भनी दण्डित गर्दछ । पाउरोटी फ्याक्ट्रीसँग सर्म्पक गरी बासी पाउरोटी शरणार्थीलाई दिएर नौनीवापतको आधा पैसा कमिसन खाने गर्दछ । शरणार्थीमध्ये एक मिकुले बासी पाउरोटी र मिसावट नौनीको विषयमा उजुर गर्दा उसलाई लास पारिन्छ भने उसकी प्रेमिकाले आत्महत्या गर्दछे । पुड्के क्याप्टेन तेह्र चौध वर्षको बालिका बढी मन पराउँछ जसको सिकार किटी नामकी बालिका हुन पुग्छे । किटीकी आमा छोरी फिर्ताको निम्ति क्याप्टनको शरणमा पर्दछे तर रातभरिसँगै सुतेमा छोरी फिर्ता दिने कुरा नमानेपछि भोलिपल्ट छोरीको लास फिर्ता पाएर विक्षिप्त बन्दछे । शरणार्थी शिविरभित्रका युवकहरूलाई नसामा लठ्ठ बनाएर सिर्जनात्मक क्षमता मार्न एक किसिमको पदार्थ र इन्जेक्सन दिइन्छ जसबाट क्याप्नटको सालो 'किटर' क्याप्टनबाट मोटो रकम पाउँछ । नसाद्वारा धेरै युवकहरूको मृत्यु भएर लास निकाल्दा उनीहरूको हातमा ग्लोब, सेतो कागज र नक्सा भएको र उनीहरूले आफ्नो हराएको देश खोजिरहेको देखिन्छ ।

चौथो क्याप्टनको आगमन हुँदा शरणार्थीहरू शौचालय नहुँदा झाडावान्ता भएपछि म्याद नाघेका औषधी बाँडेको घटनाबाट प्रारम्भ भएको छ । प्रत्येक रात केही मानिसहरूले बन्दुक तेर्स्याएको सपना देख्ने एक रोगीलाई जेलमा हालिन्छ । आफ्नो सानो छोरालाई एक्लै

छाडेर सहर गएकी आमा प्रदर्शनकारी र प्रहरीको मुठभेडमा मारिन्छे र छोरो पनि मृत्युको शिकार हुनपुग्छ ।

दोस्रो खण्ड शरणार्थीहरूमा आएको परिवर्तनसँग सम्बन्धित छ । पृथ्वीमा अत्याचार हुँदा ईश्वर अवतरित भएर दुष्टहरूको संहार गर्ने प्रसङ्ग उल्लेख गर्दै अत्याचारको प्रथा अझै बढ्दै गए पनि इर्श्वर अवतरण नभएकाले शरणार्थीहरूको ईश्वरमाथि भरपर्ने मानसिकता समाप्त भएर आफूले नै केही गर्नुपर्ने अनुभवको विकास भएको छ । क्याप्टनको अत्याचारका विरुद्ध लिखित प्रतिवेदन पेस गरी नेतृत्व लिएकी क्याप्टनबाट शोषित युवती 'रुमु' मृत्युदण्डको भागी हुनपुग्छे भने जासुसी गरी तथ्य घटना पत्ता लगाउने सकर्टले राम्रो पारिश्रमिक प्राप्त गर्दछ । निराश, हतास र कुण्ठाग्रस्त शरणार्थीहरू सपना देख्न छोडिदिन्छन् । आफ्ना सपनाको व्याख्या गर्ने दार्शनिक काका सपनाको अर्थ आफ्नो देश प्राप्ति लगाउँछन् । सपना देख्ने रोगी पात्रले आफ्नो टाउकोको ठीक बीचको प्वालबाट गिदी हराएकोले मस्तिष्क नभएपछि नयाँ मस्तिष्क चाहेको बताएको छ । शरणार्थी क्याम्पका निम्ति खटिएको स्वयमसेवकले १७-१८ वर्षकी एउटी केटीमाथि बलात्कार गर्ने प्रयास गर्दा त्यही युवकको प्यान्टमा रहेको पिस्तोलले युवकलाई मारेर बच्न सफल भए पनि केटीलाई सार्वजनिक ठाउँमा नङ्ग्याएर अङ्गप्रत्याङ्गहरू काटिन्छ । अर्को एक क्याप्टेन कवि भए पनि कविता लेख्ने शरणार्थीलाई देशद्रोही ठान्दछ र कविता लेखेकै आरोपमा गोली ठोक्दछ । शिविरभित्रका शरणार्थीहरू अन्यौल, उकसु-मुकस, आतङ्क र मृत्युमा बहुलाउन थालेका, टेन्ट च्यातेर भाग्न खोजेका देखिन्छन् । 'केम' नामक पात्र मैले देश भेट्टाएँ भनेर कागतमा लेख्नुकै कारणबाट मर्नुपर्दछ । व्यक्तिको अनुहारमा देश गुमाउनुको पीडा रहेको देखिन्छ । 'म' पात्र विक्रमादित्यलाई रगत र लासबाट आतङ्कित भएर आफ्नो यात्रालाई अधुरो छोडेमा अस्तित्व टुक्रा-टुक्रा हुने बताउँछ ।

तेस्रो खण्डमा असुरक्षाको स्थितिमा क्याप्टनहरू क्याम्पबाहिर प्रदर्शन र ढुङ्गामूढा गर्दै शरणार्थीलाई देश छाड्ने आदेश दिनेछन् भने शरणार्थी भएर बसेको देशमा बस्न नपाएपछि शिविर बाहिरका शरणार्थी शिविरभित्रका शरणार्थीहरूका विरोधमा हडताल गर्दै शरणार्थीहरूलाई तुरुन्त देश निकाला गर्नुपर्ने माग गर्नेछन् भन्दै भविष्यतिर कथानक डोरिन्छ । हत्या र गृहयुद्धसँगै देश खतरामा रहेकाले शरणार्थीहरूलाई निष्कासित गर्ने उच्च अधिकारीद्वारा फैसला भएपछि क्याम्पभित्रका जीवन र आशाका अवशेषहरू भताभुङ्ग हुनेछन् र कसैबाट सञ्चालित नियन्त्रित र अधीनमा रहेका शरणार्थीहरूले शरणार्थीरुलाई नै धपाउनेछन् ।

गृहयुद्धको सङ्केत गर्दै विशाल हुलबाट पीडितहरूको समूह तयार भई क्याम्पटेनको क्याम्पतिर बढ्नेछ भन्ने कुरा स्पष्ट पारिएको छ । शक्तिशाली पाइलाका साथ अगाडि बढ्दै देशको माग पूरा हुने र विक्रमादित्यको गन्तव्य स्पष्ट भएको उल्लेख छ । 'म' पात्र विक्रमादित्यलाई यात्रामा निरन्तर अगाडि बढ्न अनुरोध गर्दै सबैसित देश हुनेछ भनी विश्वास व्यक्त गर्दै कथावस्तुको अन्त्य भएको छ ।

उपन्यासमा घटनाश्रृङ्खला एकपछि अर्को गर्दै 'म' पात्रले प्रस्तुत गर्दै जान्छ । एउटै कथानक नभएर विभिन्न घटना सन्दर्भलाई जोड्दै कथावस्तु प्रस्तुत भएको छ । विक्रमादित्यलाई संसारका व्यक्तिहरूको पीडाका कथाक्रमहरू, शरणार्थी शिविरका अत्याचारहरू सुनाएको प्रसङ्गसँगै कथावस्तुको आरम्भ भएको छ भने शरणार्थीहरू ईश्वरको भरमा नपरी आफूले केही गर्नुपर्ने आवश्यकताअनुरूप मानिसकतामा परिवर्तन हुनु कथावस्तुको मध्यभाग हो । त्यसैगरी विक्रमादित्यलाई साहस साथ यात्रामा अगाडि बढ्न आग्रह गर्दै आशावादी दृष्टिमा उपन्यास अन्त्य भएको छ ।

## (ख) चरित्रचित्रण

**विक्रमादित्य एउटा कथा सुन !** उपन्यासमा मुख्य रूपमा दुई पात्रहरू कथा सुन्ने विक्रमादित्य र कथा भन्ने 'म' पात्र आए पनि कथाभित्र धेरै पात्रहरू आएका देखिन्छन् । जसमध्ये प्रमुख पात्र 'म' पात्र हो भने विक्रमादित्य, ध्वाँसे क्याप्टन, पुड्के क्याम्पटन,, तेस्रो क्याप्टन ,चौथो क्याप्टन  रेकिना, रोगी, दार्शनिक काका सहायक  पात्रको  रूपमा आएका छन् । यसैगरी जुमि, डाक्टर, मिकु, रिका, किटी, किटीकी आमा, एक आमा, छोरा, रुमु, सर्कट , जुग, क्यामन सुमा, रामर, केम, किटर आदि गौण पात्रको भूमिकामा आएका छन् ।

'म' पात्र यस उपन्यासको प्रमुख पुरुष पात्र तथा नायक हो । विक्रमादित्यलाई उसले शरणार्थी शिविरमा भएका अत्याचार, तानाशाही प्रवृत्ति र शोषणका घटनाहरू संस्मरणात्मक रूपमा वर्णन गरेको छ । शरणार्थी शिविरमा परिणत भएको विश्वलाई स्वतन्त्र र अधिकार दिलाउन विक्रमादित्यलाई आह्वान गर्नुले 'म' पात्र समाज परिवर्तनका पक्षमा गतिशील देखिन्छ । सम्पूर्ण उपन्यास उसको घटना वर्णनमै आधारित छ । विक्रममादित्यलाई आतङ्कित नभई यात्रामा निरन्तर अगाडि बढ्न हौसला प्रदान गर्ने 'म' पात्र बद्ध र मञ्चीय पात्र हो ।

विक्रमादित्य यस उपन्यासको सहायक पात्रको रूपमा आएको छ । ऊ संसारका प्राणीहरूलाई दासतबाट मुक्त गराएर स्वतन्त्रता र खुसी फर्काउने यात्रामा संलग्न छ । 'म'

पात्रका घटना सन्दर्भहरू सुन्दै र त्यसको प्रत्युत्तर दिने ऊ गतिशील पात्र हो । पृथ्वीमा देखिएको शोषकहरूको दमन र अत्याचारबाट मुक्तिका निम्ति आत्महत्या वा विद्रोह गर्न सक्ने धारणा राख्ने ऊ उन्मुक्तिका निम्ति नयाँ जाँगर, उत्साह र नवीन सोचाइ राख्नुपर्ने धारणा व्यक्त गर्दछ । ऊ उपन्यासको बद्ध र मञ्चीय पात्र पनि हो ।

उपन्यासमा वर्णित भएका चारजना क्याप्टेनहरू सहायक पुरुष पात्रहरू हुन् । शरणार्थी शिविरको सुरक्षाका निम्ति भनिएका तर शरणार्थीहरूलाई नै अत्याचार, शोषण, यातना दिई मार्ने प्रतिकूल पात्रका रूपमा उनीहरू उपन्यासमा देखिन्छन् । शरणार्थीलाई विनाकसुर यातना र बलात्कार गर्ने, उनीहरूको नाममा आएको सम्पत्ति कुम्ल्याउने, कमिसन खाने आदि अत्याचार उनीहरूले गरेका छन् । ध्वाँसे क्याप्टेन रेकिना नामकी युवतीलाई बलात्कार गरी मार्ने , जुमि र उसकी आमालाई समेत मार्ने कार्य गर्छ । पुड्के क्याप्टन बासी पाउरोटी र नौनीमा मिसावट गरी शरणार्थीका निम्ति आएको रकम भ्रष्टाचार गर्दछ र उसले किटी नामकी बालिकालाई बलात्कार गरी मार्दछ र उसकी आमाले पनि मृत्युवरण गर्नुपर्दछ । क्याप्टेनहरू यस उपन्यासका प्रतिकूल खल, वर्गीय, बद्ध र मञ्चीय पात्रहरू हुन् ।

शरणार्थीहरूमध्ये क्याप्टेन, मेयर र कमिस्नरबाट यौन शिकार भएकी रेकिना, आफूतिर बन्दुक तेर्स्याएको सपना देख्ने रोगी र सपनाहरूको व्याख्या गर्ने दार्शनिक काका जस्ता सहायक पात्रहरू तथा आमालाई घर फर्कौं भनी निद्रामा बर्बराउने जुमी, बासी पाउरोटी र नौनीमा मिसावट तथा कमी भएको सम्बन्धमा उजुर गर्ने मिकु , बाह्र वर्षकी बलात्कृत केटी किटी र उसकी आमा, कर्फ्युमा मारिने आमा-छोरा स्वयम सेवकलाई मार्ने युवती देशको सपना देख्ने रामर र केम जस्ता गौणपात्रहरू एक एक गरी मारिन्छन् । शरणार्थीहरू सत् पात्रका रूपमा रहेका छन् ।

## (ग) परिवेश

**विक्रमादित्य एउटा कथा सुन !** उपन्यासमा स्वास्थानीको मिथकबाट लिइएका विक्रमादित्यलाई प्रस्तुत गर्नुले ऐतिहासिकता र पौराणिकताको सन्दर्भ देखिन्छ भने वर्तमान सन्दर्भमा विक्रमादित्यलाई ल्याई निरङ्कुशता र अत्याचारबाट विश्वसमाजलाई मुक्ति दिलाउने प्रसङ्गले समसामयिकतालाई स्पष्ट पारेको छ । दोस्रो विश्वयुद्धका बेला युवतीलाई बलात्कार गर्ने ध्वाँसे क्याप्टेन भनिएकाले दोस्रो विश्वयुद्ध पछिको परिवेशलाई पनि सङ्केत गरिएको छ । समयक्रमलाई हेर्दा पृथ्वी शरणार्थी शिविरमा परिणत

भएको भन्ने कुराले भूत, वर्तमान र भविष्य तीनै सन्दर्भहरू सङ्केत गरेको देखिन्छ । स्थानगत परिवेशभित्र विश्लेषण गर्दा विश्वव्यापी अर्थात् सम्पूर्ण पृथ्वीमा रहेका देशको कथा र व्यथा बनेर आएको छ । शरणार्थी शिविरभित्रको त्रासद, आतङ्कित र विभत्स दृश्यले कारुणिकता र भयानक वातावरणको सिर्जना भएको छ । त्यस्तै क्याप्टेनको पाशविक र अत्याचारी संस्कारका विरुद्ध शरणार्थीहरूमा आक्रोश र विद्रोहको भावना फैलँदा रौद्र र वीर भावको वातावरणको सिर्जना प्रस्तुत हुनपुग्छ । उपन्यासले देश, भाषा, जातीय अस्तित्वको प्रश्न उठाउँदै सुन्दर, शान्त र विकसित मुलुकको परिकल्पना गरेकाले परिवेशगत विविधता देख्न सकिन्छ ।

**(घ) संवाद**

**विक्रमादित्य एउटा कथा सुन!** उपन्यासमा संवादको प्रबलता देखिए पनि 'म' पात्रले बढी संवादको प्रयोग गर्दै शरणार्थी शिविरका घटनाक्रमहरू प्रस्तुत गर्दछ । विक्रमादित्यको भूमिका संवादमा न्यून रहेको पाइन्छ । पात्रहरूले संवादद्वारा आफ्नो बौद्धिकता प्रस्तुत गरेका छन् । प्रस्तुत उपन्यासमा प्रयोग गरिएका संवादका नमुनाहरू यस प्रकारका छन् -"था छ ? . . . आज मैले सपनामा एउटा घर देखेँ . . . र हामी सबैजना त्यहीँ घरमा थियौँ . . . बुझ्यौ यो सपनाको अर्थ ? . . . था छ आज मैले सपनामा आफ्नो देश देखेँ . . . था छ यसको अर्थ ?(पृ :४१) ।

शरणार्थी शिविरभित्रको उकुसमुकुस वातावरणमा शरणार्थीहरूको उन्मुक्तिको चाहना माथिको संवादमा आएको छ । त्यस्तै 'म' पात्र र विक्रमादित्य बीचको संवाद यस्तो रहेको छ-

"कथाको दुई भाग मैले तिमीलाई सुनाइएकें . . . कथा तिम्रो यात्राको थकाइ मेट्न अवश्य सुनाएको हुँ मैले . . . तर यसको सम्बन्ध तिम्रो यात्रासँग पनि छ . . . तिम्रो प्राप्तिसित पनि छ ।. . . . के अब तिमी भन्न सक्छौ कि तिमी किन/कुन उद्देश्यले के चीजको प्राप्तिको निम्ति यात्रामा संलग्न छौ ?

- हो मित्र, मैले कथा (सुनाए जति) ध्यानपूर्वक सुनेको छु . . . र अब यो स्पष्ट हुँदै आएको छ कि आज व्यक्तिको अनुहारमा जुन गुमाएको पीडा व्याप्त छ . . . त्यो पीडाको उत्पत्तिको कारण आफ्नो भन्ने कुरा गुमाउनु हो . . . र त्यो आफ्नो भन्नु नै देश हो" (पृ. प. ५७) ।

यसरी यस उपन्यासमा 'म' पात्रले एकोहोरो आफ्नो संवाद बोल्दा पनि घटनाभित्रका सन्दर्भले स्वभाविकता प्रदान गरेको पाइन्छ ।

## (ङ) उद्देश्य

यस उपन्यासमा निरङ्कुशता र सत्तासीनहरूको अत्याचारबाट पीडित भएका जनताहरूको दारुण व्यथालाई प्रस्तुत गरिएको छ । सम्पूर्ण विश्व नै शरणार्थी शिविर र विश्वका सर्वसाधारणहरू शरणार्थीको रूपमा चित्रण गर्दै सरकारका पृष्ठपोषक क्याप्टेनहरूद्वारा शरणार्थीहरूमाथि पशुवत बर्बरता र अमानवीय व्यवहार गरेर मारिएका देखाइएको छ । आतङ्क, अन्यौल र शून्यअवस्थामा मानिसको चेतना र सोच्ने क्षमता गुमाउँदा आत्महत्या वा विद्रोहमध्ये मानिसले कुनै एक निर्णय लिन सक्ने दृष्टिकोण उन्यासले प्रस्तुत गरेको छ । त्यस्तै वर्तमान अशान्त वातावरण र पीडाबाट मुक्ति पाउन विक्रमादित्य जस्तो प्रतापी र मानवताका धनी शासकको खोजी हुनुपर्ने कुरा पनि उपन्यासले निर्देश गरेको छ । सम्पूर्ण मानिस नै यस संसारमा शरणार्थी भएकाले कसैले कसैमाथि भेदभाव र ज्यादती गर्नु व्यर्थ छ । यदि ज्यादती बढ्दै गएमा पीडितहरूले क्याप्टेनजस्ता क्रूर पशुहरूका क्याम्पमा प्रवेश गरी तिनीहरूको ज्यादती समाप्त पार्ने निश्चित भएको र सबैसित आफ्नो हराएको देश पाउने आशावादी भाव उपन्यासले व्यक्त गरेको छ । (गिरी, २०६०:३६८) । देश भन्नु केवल माटो र हावा मात्र होइन त्यसैले कुनै देशको नागरिकता पाउँदैमा देश आफ्नो हुने नभई यो देश मेरो हो भन्ने भावना पनि हुनुपर्दछ भन्ने कुरा व्यक्त गरिएको छ । जब अत्याचारको शासन सुरु हुन्छ तब बौद्धिकताको औचित्य समाप्त हुन्छ  भन्ने कुरा देखाउनु यस उपन्यासको उद्देश्य हो ।

## (च) द्वन्द्व

प्रस्तुत उपन्यासमा बाह्य द्वन्द्व प्रबल रूपमा आएको देखिन्छ । संसारभरका तानाशाह, निरङ्कुश र सत्तासीनहरू तथा शोषित, अन्याय र अत्याचारमा परेका शरणार्थीको रूपमा चित्रित सर्वसाधारण जनताहरूका बीच बाह्य द्वन्द्व रहेको छ । सत्तासीनहरूका क्रूरता, निरङ्कुशता र अत्याचारका विरुद्ध शारणार्थीहरूले आन्दोलन गरी स्वतन्त्रता र न्याय प्राप्त गर्ने छन् भनी द्वन्द्वको निकास प्रस्तुत गरिएको छ । शरणार्थी शिविर बाहिरका र भित्रका शरणार्थीहरूबीच द्वन्द्व भई विरोध, हड्ताल र गृहयुद्धको अवस्थालाई देखाइएको छ । आन्तरिक द्वन्द्वमा शरणार्थीहरूका सपना र चाहनाको तीव्र दमनले निराशा, वेदना, कुण्ठा र पागलपन समेत देखिएको छ ।

## (छ) दृष्टिविन्दु

**विक्रमादित्य एउटा कथा सुन !** उपन्यास संवादात्मक रूपमा निर्मित भएको र 'म' पात्रले शरणार्थी शिविरभित्रका घटनाहरूलाई प्रस्तुत गरेकाले मुख्यतः प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दु रहेको पाइन्छ । तर 'म' पात्रले विक्रमादित्यलाई सम्पूर्ण घटनाक्रमलाई सर्वज्ञ झैं बनेर प्रस्तुत गर्दा र घटनामा प्रत्यक्ष रूपमा संवाद प्रयोग हुँदा त्यहाँ तृतीय पुरुष दृष्टिविन्दु पनि देख्न सकिन्छ ।

## (ज) भाषाशैली

भाषा प्रयोगका दृष्टिले उपन्यास सरल र सहज रहेको छ । बिम्ब र प्रतीकको सशक्त प्रयोग गरिएकाले पनि यसमा भाषाले अभिव्यञ्जनात्मक शक्ति प्राप्त गरी छोटा अध्यायहरूमा धेरै भन्ने खुबी राखेको देखिन्छ । यस उपन्यासले रहस्यात्मक रोमाञ्चक आधारमा घटनासन्दर्भ प्रस्तुत गर्दै प्रतीकात्मक माध्यमद्वारा समसामयिक विश्वजनीनतालाई चित्रण गरेको छ (न्यौपाने, २०४५) । शीर्षक छनोट नै अनौठो र नाटकीय भान हुने यस उपन्यासको शर्षिकले नै बृहत् कुरालाई प्रस्तुत गरेको छ ।

यस उपन्यासमा कन्टयाक्ट, ब्वाय फ्रेन्ड, एक्स्ट्रा क्लास, डेट एक्स्पायर्ड जस्ता अङ्ग्रेजी शब्द, पेट मिचिमिचि हास्नु, थुक निल्नु, पेटभरि खानु, चोक्टा लुछ्नु , भताभुङ्ग हुनु जस्ता प्रशस्त टुक्काहरूको प्रयोगले भाषामा लाक्षणिक र कलात्मक अर्थ प्रस्तुत भएको छ । भाषामा नयाँपन कोष्ठक, खाली ठाउँ, उदाहरण, विकल्पबोधक चिह्न, पर्यायवाची शब्दहरू पनि देखिन्छन् ।

विम्ब प्रतीकको प्रयोग पनि यहाँ स्वभाविक रूपमा आएका छन-्

- परिणाम प्राप्तिको निम्ति सम्भव छ तिमीलाई रगतको नदी र लासको पहाड नाघ्नु परोस् (पृ.:५८) ।
- अनि तिम्रो अगाडि शरणार्थी शिविरबाट आफ्नो स्वाभाविक स्थितिमा फर्किएको पृथ्वी हुनेछ . . . सुन्दर । शान्त पृथ्वी . . . जहाँ आफ्नो देशको सपना ओढ्ने आँखाहरू तिम्रो आगमनमा हर्षित हुनेछन् (पृ. ६३) ।

यस उपन्यासमा स्वास्थानीको मिथकको विमिथीकीकरण गरिएको छ । विक्रमादित्यलाई सम्बोधन गर्दै लेखिएको यस उपन्यासमा शरणार्थीलाई प्रतीकात्मक व्यङ्ग्यका रूपमा प्रस्तुत गरिएको छ भने फोटो खिचेझैं विविध कथाहरू जोडिएका छन् । यस

उपन्यासको मूल कथा भित्र अर्को कथा पनि आएकाले अधिउपन्यास बन्न पुगेको छ । उपन्यासमा औपन्यासिक सीमा र परम्परालाई पालन गरेको पाइँदैन ।

**निष्कर्ष**

**विक्रमादित्य एउटा कथा सुन !** ले विश्वका तानाशाही शासकको निरङ्कुशता र अत्याचारले उत्पन्न गरेको जनमानसप्रतिको तिरस्कारको सफल चित्रण गर्दै विद्रोहमार्फत आफ्नो गुमेको मातृभूमि प्राप्त गरी शान्त र समुन्नत समाज निर्माण गर्नु पर्ने धारणा व्यक्त गरेको छ । प्रस्तुत कृति विश्वजनीन र त्रिकालिक परिवेशको साथै मिथकको विमिथीकीकरण गर्दै परम्परा भिन्न उपन्यासका रूपमा प्रस्तुत भएको छ ।

## ४.२.१.३ 'अतिरिक्त' उपन्यासको विवेचना

नयनराज पाण्डेको तेस्रो औपन्यासिक कृति **अतिरिक्त** साझा प्रकाशनद्वारा २०५० सालमा प्रकाशित उपन्यास हो । जम्मा १३१ पृष्ठमा रहेको यस उपन्यासमा सात खण्डहरू रहेका छन् । समाजद्वारा उपेक्षित नपुंसक जस्तो पात्रलाई उभ्याई उसको मानसिकताको चिरफार गर्ने काम यस उपन्यासमा पाण्डेले गरेको देखिन्छ ।

### (क) कथावस्तु

प्रस्तुत उपन्यास समाजले उपेक्षित ठानेको नपुंसकको जीवनवृत्तमा आधारित छ । यस उपन्यासले मनोविज्ञानबाट कथावस्तुको स्रोत लिएर नपुंसकको विसङ्गति शून्यबोध र अस्तित्वको प्रयासमा पाइएको निस्सारता जस्ता पलायनका सन्दर्भमलाई प्रस्तुत गर्ने काम गरेको छ । जटिल मनस्थिति भोगिरहेको र आफ्ना निजी पीडालाई निरन्तर भोग्ने नपुंसक आफू पनि अस्तित्वमा रहेको बोध गर्दा गर्दै पनि समाजको अस्विकृतिले जीवनप्रति सकारात्मक भावना राख्न सक्दैन । उपन्यासमा नपुंसकको दिनचर्यालाई नजिकबाट हेर्न खोज्ने द्रष्टा 'म' पात्रले नपुंसक 'ऊ' को मानसिकता र व्यवहारलाई देखाउन खोजेको प्रसङ्गबाट कथावस्तुको प्रारम्भ भएको छ । कसैसँग पनि राम्ररी खुल्न नसक्ने नपुंसक भन्न खोजेको कुरा अस्पष्ट छोड्छ र व्यक्त गर्न सक्दैन । समयले मेटेर मेटन् नसक्ने उसलाई आर्थिक सहयोग सान्त्वना, सहानुभूति, उत्साह केहीको आवश्यकता देखिँदैन । बाबुआमाको तेस्रो सन्तान ऊ जिन्दगीलाई मर्दै जानुको स्थितिभन्दा बढी केही देख्दैन । ऊ जन्मँदा नपुंसक भई जन्मेकाले कसैले खुसी र उल्लास व्यक्त गरेनन् । उसका निम्ति

बालसुलभ रुचिहरू पनि बर्जित थिए । उसको दाजु बिहेपछि भाउजूको सुन्दरतामा मुग्ध थियो । एकदिन भाउजूले उसलाई पसलबाट कण्डम लिन पठाउँदा ऊ बेलुन जस्ता थैलाहरू देखेर फ्याँकिएको कण्डम खेलाउँदा दाजुको थप्पड बज्रन्छ । सानैदेखि बेलुन हेर्न नहुने चीच हो भन्ने बोध भएको ऊ लुकेर बेलुन हेर्दै रोमाञ्चित हुन्छ । भाउजूले पनि हेर्न नहुने भनेपछि किन हेर्न नहुने भन्ने कारण बुझ्न सक्दैन । इच्छामाथि डर थपिँदा उसका इच्छाहरूले कहिल्यै फस्टाउने मौका पाउँदैनन् ।

उसले लगाउने लुगा सम्बन्धमा घरमा आमाको फ्रक लगाउन बेस कि बाबुको पाइन्ट सर्ट लगाउन बेस भन्ने विवाद अनुसार पाइन्ट सर्ट लगाएपछि पोसाकबाटै उसको असन्तुष्टि पैदा हुन्छ । आफूलाई सबै मानिसले अरु मानिसजस्तै व्यवहार गरुन भन्ने ठान्दा पनि आफ्नो पीडामा यातनाको स्थिति जन्माउने मानिसमात्र भेटेकाले ऊ सबैसित असन्तुष्ट र निरास भएको छ । शिक्षादीक्षामा खासै अभिरुचि नभएकाले पढाइमा प्रगति गर्न सक्दैन र कक्षाकोठामा झ्यालबाट बाहिर हेरेर समय बिताउँछ । आफूलाई अरुभन्दा भिन्न ठान्दा ऊभित्र अहम् नभई हीनता भाव जन्मिन पुग्छ । निदाउनका निम्ति सङ्घर्ष गर्दागर्दै सिङ्गो रातको एक चौथाई समयमात्र केही निदाएको अनुभव गर्ने र बिहान उठ्दा मनभित्र स्थापित गरिदिएको डर र जिज्ञासाको द्वन्द्वले उसलाई कहिल्यै स्वस्थ अनुभव गर्न दिएन । कुनै एक अङ्गले अपूर्ण हुने कुरा उसले बुझ्न सक्दैन र अरुले पनि बुझिदिंदैनन् । उसलाई आफ्नो परिचय स्त्री वा पुरुषमध्ये एक अथवा बीचको अथवा अतिरिक्त के हो भन्ने सङ्कटले पिरोल्दछ । आफ्नो परिचय आफैलाई नभएकाले नाङ्गिएको अनुभव गर्दै आतङ्कित हुन पुग्छ । उसलाई आफ्नो मन आफ्नो इच्छा भन्दा विपरीत भएकोले आफूलाई सुरक्षाहीन , उपायहीन र तर्कहीन पारेकाले आफ्नै मनलाई बहिष्कार गर्दछ ।

विद्यालयमा अध्ययनरत रहँदा असल र जेहेन्दार विद्यार्थी नभएकाले शिक्षकबाट उपेक्षित भई जसोतसो कक्षाहरूको खुडकीलो उक्लनु, शिक्षकद्वारा प्रश्न नसोधिनु, आफ्नो बोलिले कक्षामा हाँसो उठेर पढाउने काम नै भताभुङ्ग हुनाले ऊ एक कमजोर विद्यार्थीमा गनिन्छ । बाबुआमाले एकैछिन नियन्त्रित गर्न सकेको भए आफू नजन्मने र यस्तो यातना खप्नु नपर्ने ऊ ठान्दछ । दाजु र भाउजू रतिक्रीडामा व्यस्त रहँदा उनीहरूलाई जनावरसँग दाँज्न पुग्नु, दुवैले युद्ध गरेर दुवै पक्ष हारेर पनि सन्तुष्ट हुनुको कारण बोध नहुनु जस्ता कुराले उसको मस्तिष्क नफस्टाएको देखिन्छ ।

जसोतसो हाइस्कुल उत्तीर्ण गरी कलेजका दिनहरूमा पनि नयाँ वातावरणमा ऊ घुलमिल हुन असहज बन्दछ । पढाइ, कुराकानी र राजनीतिजस्ता कुरासित पनि सरोकार राख्न नसक्दा हीनताबोध बढ्दै जान्छ । शिक्षकको व्यवहारमा आत्मीयता नहुनु र सहपाठीहरू माझ उत्साह नपाउनुले ऊ निरास हुन पुग्दछ । क्याम्पसमा आफ्नै कक्षाकी एक सहपाठी महिलातिर आकर्षित भए पनि उक्त महिला एक पूर्ण व्यक्तिसँग स्पर्श गर्दै सन्तुष्टिका साथ हाँस्दै आफूभन्दा बढी सन्तुष्टि आनन्द र तृप्तिको व्यवहार देखेर उसमा आक्रोस उत्पन्न हुन्छ । भौतिक आकर्षणबाट नभई स्पष्ट धारणा, स्वच्छ र सरल व्यवहारबाट उक्त सहपाठी महिलासँग आकर्षित भएर ऊ केही पूर्णताको अनुभव गर्न थालेको हुन्छ । तर त्यस घटनाले सारा सृष्टि भताभुङ्ग पार्ने आफैलाई च्यातिदिने र मार्ने भाव उत्पन्न भएर पनि क्रोधले आफैलाई दुःख दिने शिवाय केही गर्न सक्दैन ।

एकदिन भाउजूले एक्लै कोठामा बोलाएर यौनतृप्ति लिन खोज्दा र प्याकेट खोलेर दाहिने हातको औंला कण्डमभित्र पसालेर हास्तै गरेकी भाउजूका कार्यप्रति आश्चर्य मान्दै रन्थनिएर भाउजूलाई धकेलेर ढोकाबाट बाहिर निस्कन्छ । भाउजूले आफूलाई अतिरिक्त भनेर जान्दाजान्दै आफ्नो पूर्णता, असमर्थता र अस्तित्वप्रति कडा व्यङ्ग्य र उपेक्षा गरेजस्तो उसलाई लाग्दछ ।

डाक्टरी परीक्षणबाट पूर्ण मानिस बन्ने सम्भावना पछि ऊ आफूलाई अतिरिक्त र अपवाद भन्नेहरूको बदला लिएरै छाड्ने प्रतिज्ञा गर्दछ । सपनामै भए पनि सहपाठी महिलालाई बलात्कार गर्न पुग्दछ । आफू पुरुष भएर पूर्णता पाए जेलभित्र जिन्दगीभरि सड्नुपरे पनि विपनामै उक्त महिलालाई बलात्कार गर्ने, भाउजूसँग प्रतिशोध लिएर छाड्ने भावनाहरू उसमा पलाउँछन् । परीक्षणपछि ऊ एउटी स्त्रीको आकृति, सङ्कोच, लज्जा र अस्तित्वमा परिणत हुन्छ । अब आफू केही बन्ने कुराले विज्ञानको प्रगतिलाई धन्यवाद दिन्छ तर लिङ्ग फेरिँदैमा मानिसका सोचाइ र विचार फेरिन सकेनन् । नपुंसकता अब नभए पनि चेतना, विचार विगतका भोगाइ र स्मृतिहरूलाई उसले विर्सन सकेन । बार्दलीबाट आफ्नी पूर्वसहपाठी महिला देख्दा ऊ लुक्न पुग्छ । पूर्णता प्राप्तिको खुसी र अस्तित्व ग्रहण गर्नुको उमङ्ग क्रमशः उसले बिर्सदै जान्छ । ऊ आफू आइमाईको स्वरूपमा भए पनि आमा र भाउजूका व्यवहारका कारण आइमाईका स्वरूपप्रति वितृष्ण प्रकट गर्दछ । घरमा बाबु आमाले बिहेको कुरा गर्दा ऊ बिहे कसैको अस्तित्वसँग आफू गाँसिनु, अर्काको व्यक्तित्वभित्र हराउनु र रित्याउनु भएकाले आफ्नो अस्तित्व अरुसँग

गाँसेर पूर्णताको भ्रम पाल्ने पक्षमा ऊ छैन । ऊ एउटा पुरुषलाई आफूमाथि हेलिन र स्थापित हुन दिन चाहन्न । बिहेप्रति उसले प्रतिकार गरेपछि घरमा हल्लीखल्ली मच्चियो र उसले परम्परागत मान्यताप्रति विद्रोह गरेको ठानियो । नपुंसकमा अँध्यारोमा कसैले साङ्घातिक हमला गरोस् र त्यसको प्रतिकार गर्दागर्दै शिथिल भएर मरिदिउँ भन्ने चाहना भइरहेको बेला एक्सकासी तातो हात उसको सम्पूर्ण शरीरमा सल्बलाउँदा त्यो युद्धलाई रोक्ने प्रण गर्दागर्दै नसकेर  आफ्नो अस्तित्वको विखण्डन भएको सम्झन पुग्छ । इच्छा विपरीतको बलात्कार आफ्नै दाजुबाट हुन पुगेको आकृति देख्दा स्तब्ध बन्दछ । नातासम्बन्धको झिनो आवरणलाई आफ्नै दाजुले च्यातिदिएपछि नहुनु पर्ने कुरा भएजस्तो डरले समात्न पुग्दछ र उसलाई सम्पूर्ण सृष्टिमा आगो लगाइदिउँ जस्तो लाग्छ । आफू स्त्री भएको कुरा बलजफ्ती सावित गर्न वा आफू केही होइन भनेर जाँच्न दाजुले उक्त षडयन्त्र गरेजस्तो उसलाई लाग्छ । हरेक पल्ट उसले आफ्नो अस्तित्व खोज्दा पनि उसलाई अस्तित्वहीन पारिए पछि ऊ अपरिचितहरूको माझमा पुगेर आफ्नो परिचय स्थापित गर्न अपरिचित ठाउँतिरको यात्रा प्रारम्भ गर्न खोज्दछ । यसरी उसको यात्रा नटुङ्गिएरै कथानकको अन्त्य भएको छ ।

उपन्यासको कथावस्तु पूर्ण श्रृङखलित नभए पनि आदि, मध्य र अन्त्यको रूपरेखा देखिन्छ । नपुसंक पात्र कसैसित घुलमिल हुन नसक्नु र पीडामा बाँच्नुले आरम्भ अवस्था, महिला सहपाठीतिर आकर्षित हुनु तर पूर्ण मानिससँग लागेको थाहा पाई क्रोध जाग्नुले मध्यवस्था र वैज्ञानिक परीक्षणबाट स्त्रीत्व प्राप्त गरेपछि दाजुबाट बलात्कृत भई अस्तित्वको निम्ति अन्यत्रै यात्रा गर्नु कथावस्तुको अन्त्य भागका  रूपमा  रहेका  छन् ।

## (ख) चरित्रचित्रण

**अतिरिक्त** उपन्यासमा थोरै पात्रहरू रहेका छन् । प्रमुख पात्रका रूपमा अतिरिक्त पात्र नपुंसक रहेको छ भने सहायक पात्रको रूपमा द्रष्टापात्र उसको साथी रहेको छ । त्यस्तै नपुंसकको साथी र दाजु सहायक पात्रको रूपमा आएका छन् भने शिक्षकहरू, आमा, बाबु र महिला सहपाठी, भाउजू आदि गौण पात्रको रूपमा आएका छन् ।

नपुंसक पात्र यस उपन्यासको प्रमुख र केन्द्रीय पात्र हो । जीवनमा निरूपाय, असहाय र अभावग्रस्तता भोग्ने भोक्ता ऊ सत् पात्र भए पनि जन्मदेखि नै एउटा अङ्ग नहुँदा तथा सक्षम र आफ्नो कार्यमा सफल नभई समाजका विकृत तत्त्वसँग सङ्घर्ष गर्दागर्दै घटनाबाटै थिचिएकाले ऊ असफल नायकको रूपमा देखिन्छ ।

जीवन क्रमबद्ध हुन नसकेको उसको जीवनमा हीनताग्रन्थीले आक्रान्त भई समस्त विसङ्गतिको भोक्ता बनेको छ । कसैसँग खुलेर बोल्न नसक्ने र भयभीत ऊ जीवनमा सार्थकता पाउँदैन । नपुंसक भएर आफ्नो पनि अस्तित्व छ भन्ने सोच्दा पनि विसङ्गति भोगिरहन्छ । जीन्दगीलाई मर्दै जानुको स्थिति ठान्ने ऊ पीडा, हीनता, शून्यता, विसङ्गति, वितृष्णा, निराशा तथा क्रमहीनताले सताइएको ऊ न आफूले आफैलाई बुझ्छ न अरुले नै उसलाई बुझ्दछन् । आफू नपुंसक भए पनि आफ्ना सोचाइ, विचार र भावनालाई नपुंसकतासँग जोड्ने मानिसको प्रवृति देखी रोष प्रकट गर्दछ । डाक्टरी परीक्षणबाट स्त्रीत्व प्राप्त गरेपछि आफ्नै दाजुद्वारा बलात्कृत हुन पुगेको ऊ विवाह गरेर आफ्नो अस्तित्वलाई अर्कासँग गाँसेर पूर्णताको भ्रम पाल्ने पक्षमा छैन । उपन्यासमा ऊ स्थिर मञ्चीय, वैयक्तिक अनुकूल र बद्ध पात्रका रूपमा उभिएको छ । आफ्नो अस्तित्व खोजको निम्ति अनिश्चित ठाउँतिर जाने सङ्केतले ऊ पलायनवादी देखिन्छ ।

नपुंसकको साथी यस उपन्यासको सहायक पात्रको रूपमा आएको छ । ऊ नपुंसक पात्रको द्रष्टा भए पनि पूर्णरूपमा नपुंसकलाई बुझ्न सक्दैन । नपुंसकको अस्तित्वको खोजको निम्ति सहयात्री बनेर ऊ हरेक दिन निस्किएको छ (पराजुली २०५३: ९७) । ऊ उपन्यासमा मञ्चीय, बद्ध, स्थिर अनुकूल र वैयक्तिक पात्र हो । नपुंसकको दाजु गौण पात्र हो । नपुंसकले कण्डम हेरिरहँदा ऊ उसलाई गालामा हिर्काउँछ जसबाट नपंसुकमा भावनाको विकास हुन नदिने कार्यमा असर गरेको छ । त्यस्तै भाइले स्त्रीत्व प्राप्त गरिसकेपछि उसलाई बहिनीको रूपमा स्वीकार गर्न नसकी ऊ नपुंसक भाइलाई बलात्कार गर्दछ । ऊ उपन्यासमा प्रतिकूल र बद्ध पात्रको रूपमा देखापरेको छ ।

नपुसंककी महिला सहपाठी गौण पात्रको रूपमा आएकी छे । नपुंसक कलेजमा पढ्दा उसको सरल र निश्चल व्यवहारबाट प्रभावित थियो र ऊ पनि भौतिक आकषर्ण नभई स्पष्ट धारणा, स्वच्छ र सरल व्यवहारले नपुंसकको अस्तित्वलाई महत्त्व दिन्थी । आफ्नो प्रेमीसँग शरीर जोडेर हिँडेको देखी नपुंसकलाई कुण्ठित पार्ने काम उसले गरेकी छ । ऊ यस उपन्यासकी प्रतिकूल, मञ्चीय, गतिशील र बद्ध पात्र हो ।

### (ग) परिवेश

**अतिरिक्त** उपन्यासले मुख्य रूपमा आन्तरिक परवेशको चित्रण गरेको छ । नपुंसकको मानसिक धरातल, आवेग, छपटी, कुण्ठा, सन्देह, जिज्ञासा, सन्त्रास र अभावग्रस्त जिन्दगीको पात्र प्रस्तुत गर्दै उसको मानसिक पक्षको चित्रण यसमा रहेको छ । यहाँ नपुंसकको जीवनको

निस्सारता, निरर्थकता र कारुणिकताको प्रस्तुति पाइन्छ । कार्यस्थलका रूपमा स्थानहरू नपुंसकको घर, खेत, साथीको घर, स्कुल र कलेजका कक्षाकोठाहरू र सडक रहेका देखिन्छन् । नपुंसक पात्रको अवचेतन मनको विश्लेषण गरी विसङ्गतिले निम्त्याएको उसको अवस्था र प्रभाव नै यसको मूल परिवेश हो ।

### (घ) संवाद

यस उपन्यासमा संवादको प्रयोग छैन । दोहोरो संवाद नभएको र नपुंसकको एकालीपय वर्णनात्मक भाषाको प्रस्तुति मात्र देख्न सकिन्छ ।

### (ङ) उद्देश्य

यस उपन्यासले नपुंसक प्रकृतिद्वारा नै ठगिएको र सामाजिक प्राणी भएकाले उसलाई परिवार समाजले उसको भावना र चाहनाको सम्मान गर्दै ऊ पनि आफ्नो अस्तित्व राख्न चाहन्छ भन्ने कुरा बुभ्मनु पर्ने दृष्टिकोण राखिएको छ । आङ्गिक रूपमा नपुंसकको मनोदशा तथा उसको अस्तित्वहीनताको बोधले जन्मेका घात, प्रतिघात द्वन्द्व र प्रतिद्वन्द्वको मनोविश्लेषण गरिएको छ (गिरी, २०६०: ३६८) । बिहे कसैको अस्तित्वसित आफू गाँसिनुको नाम भएकाले आफ्नो अस्तित्व बचाउन अर्काको व्यक्तित्वभित्र आफूलाई हराउन नचाहने दृष्टिकोण यसमा आएको छ ।

विज्ञानको चमत्कारका कारण नपुंसक लैङ्गिक परिवर्तनद्वारा स्त्री भएर मानिसको शारीरिक पूर्णता स्थापित गरे पनि व्यक्तिका भावना, आकाङ्क्षा र विचारको तहलाई परिवर्तन गर्न नसक्ने भएकाले यहाँ विज्ञानको कमजोरीप्रति व्यङ्ग्य प्रहार गर्ने उद्देश्य राखिएको पाइन्छ । मान्छेभित्र निहीत अस्तित्त्वबोधले नै उसका सोचाइहरू निर्धारित हुनुका साथै उच्च विचार आदर्श र सिद्धान्तकै भरमा मान्छे आफ्ना आवश्यकताहरूबाट पन्छिन सक्दैन भन्ने कुरा देखाउनु पनि यसको उद्देश्य रहेको छ । यसका साथै एउटी स्त्री यौन तृष्णाबाट कहिल्यै पनि विमुख हुन सक्दिन भन्ने कुरा नपुंसककी भाउजू र सहपाठी महिला मित्रद्वारा पुष्टि गरिएको छ ।

### (च) द्वन्द्व

मनोवैज्ञानिक उपन्यास भएकाले यस उपन्यासमा आन्तरिक द्वन्द्व प्रबल रूपमा देखापरेको छ । विसङ्गतिमा जीवन जिउने नपुंसक अस्तित्व प्राप्तिका निम्ति

निरन्तर सङ्घर्ष गर्दा द्वन्द्व उत्पन्न भएको छ । ऊ स्वतन्त्रता र अस्तित्व खोजीमा लागिरहन्छ । तर दाजु भाउजू, बाबु, आमा, महिला सहपाठी, शिक्षकलगायत सबैबाट अपहेलित भइरहन्छ । उसलाई ऊ आफैले पनि बुझ्न नसक्नुले अझै जटिलता पैदा गरेको छ । उसका इच्छाहरू दमित हुँदा ऊ कुण्ठित भएको छ र कहिल्यै निस्कन नसक्ने गरी भासिएको छ । सबै मानिसहरूको पूर्णताको दम्भले र आफ्नो अपूर्णताप्रति गरिएको व्यङ्ग्य प्रहारले उसमा द्वन्द्वको चरमोत्कर्ष देख्न सकिन्छ । हरेक मानिस उसका प्रतिद्वन्द्वी बनेका छन् तर ऊ उनीहरूसँग बदला लिन सक्दैन र आफ्नै अन्तर्मनमा एकोहोरो युद्ध लडिरहेको देखिन्छ । उपन्यासभरि उसमा द्वन्द्व देखिन्छ र द्वन्द्वले कतैबाट पनि निकास पाउन सकेको देखिँदैन । विसङ्गति र अस्तित्वबोधका बीचको द्वन्द्व नै यहाँ प्रमुख द्वन्द्वका रूपमा रहेको छ जुन नपुंसकको जीवनमा पाइन्छ ।

## (छ) दृष्टिविन्दु

दृष्टिविन्दुका तहमा यस उपन्यास परम्पराभिन्न भएर आएको छ । प्रारम्भमा नपुंसकको साथी 'म' पात्रको रूपमा नपुंसकलाई 'ऊ' द्वारा सम्बोधन गरी उसको घटनावृत्त प्रस्तुत गर्दछ भने अर्को प्रसङ्गमा फेरि नपुंसक आफै 'म' पात्र बनेर साथीलाई ऊ भनी आफ्ना धारणाहरू व्यक्त गर्दछ । यसरी प्रथम पुरुष अर्थात आन्तरिक दृष्टिविन्दु एकातिर देखिन्छ भने अर्कोतिर ऊ सम्बोधनले तृतीय वा बाह्य दृष्टिविन्दु जस्तो पनि देखिन्छ । यसरी यस उपन्यासमा प्रत्येक उपखण्डमा क्रमशः नपुंसकको साथी द्रष्टा पात्रले आफूलाई म र अर्को प्रसङ्गमा नपुंसकले आफूलाई 'म' का रूपमा चिनएकाले आन्तरिक दृष्टिविन्दु नै मान्नुपर्ने देखिन्छ ।

## (ज) भाषाशैली

**अतिरिक्त** एउटा मनोवैज्ञानिक उपन्यास भएकाले यहाँ नपुंसकको मानिसकता र व्यवहारलाई प्रस्तुत गर्ने विविध शब्द र चिन्तनमा आधारित भाषाको प्रयोग गरिएको छ । अन्योल, अपूर्ण, अतिरिक्त, अपवाद , अक्रमबद्ध ,अशक्त जस्ता निस्सार र विसङ्गतिबोधक शब्दहरूको प्रयोग अत्यधिक देख्न सकिन्छ । फ्लास लाइट, फेस, फ्रेमजस्ता केही अङ्ग्रेजी शब्द तथा खर्लप्प, लोप्पा, झ्याउलो, जस्ता झर्रा नेपाली शब्दहरू पनि उपन्यासमा रहेका छन् ।

यस उपन्यासमा प्रतीकको प्रयोग पनि प्रशस्त छ । बन्द खाम, बिन्दु र थोप्ला, रित्तो, खाडलजस्ता प्रतीकले नपुंसकतालाई जनाएका छन् । अनुप्रास अलङ्कारको प्रयोगका कारण भाषिक मिठासपन प्रशस्त देखिन्छ ।

- असहाय, निरूपाय भएर काखीको दुर्गन्ध र थिच्चिनुको , भत्किनुको, भाँच्चिनुको, छिनिनिुको पीडा सहिरहेको थिएँ (पृ १२७)

नपुसंकसताको बोध यसरी भएको छः-

- म त केही पनि होइन रहेछु । अन्यौल, अपूर्ण, अतिरिक्त, अपवाद, असहज, असरल, अक्रमबद्ध, असार्थक - बस यिनै शब्दहरूको पर्याय रहेछु म । कति अशक्त रहेछु त म? (पृ.:९०)

मनोविश्लेषणवादी धाराको यस उपन्यासमा समाजबाट उपेक्षित जन्मजात नपुंसक मानिसको नियतिजन्य र विवशतापूर्ण जीवनचर्यालाई चेतनप्रवाह र पूर्वदिप्ती शैलीका माध्यमबाट सङ्घर्षशील जीवनको चित्र उतारेको छ ।

**निष्कर्ष**

मनोविश्लेषणवादी उपन्यास अतिरिक्त समाजबाट उपेक्षित र अपहेलित जन्मजात नपुंसकको नियतिजन्य विसङ्गत जीवनचर्यालाई विश्लेषण गर्दै अस्तित्व प्राप्तिका निम्ति उसको प्रयासलाई अभिव्यक्त गरिएको छ । संवादका तहमा उपन्यास फितलो भए पनि आन्तरिक द्वन्द्व र मनोविज्ञानका तहमा उत्कृष्ट मान्न सकिन्छ । भाषामा विविध आनुप्रासिकता र पर्यायवाची शब्दको सफल संयोजनले नयाँपन दिएको छ । विज्ञानको आविष्कारले नपुंसकलाई लैङ्गिक परिवर्तन गरी शारीरिक पूर्णता दिए पनि व्यक्तिको आन्तरिक चेतना र विचारलाई परिवर्तन गर्न नसक्ने हुँदा विज्ञानको हार देखाइएको छ । नेपाली उपन्यास परम्परामा नपुंसकजस्तो उपेक्षित पात्रलाई प्रमुख पात्र बनाई उसको मानसिक धरातल र व्यवहारको चित्रण गर्नु उनको उल्लेख्य कार्यका रूपमा लिनुपर्दछ ।

## ४.२.१.४ 'उलार' उपन्यासको विवेचना

नयनराज पाण्डेको चौथो औपन्यासिक कृति **उलार** तन्नेरी प्रकाशनद्वारा २०५५ सालमा प्रकाशित भएको हो । ६१ पृष्ठ रहेको यस लघु उपन्यासमा कुल पाँच खण्ड रहेका छन् । पहिलो खण्डमा ९ उपखण्ड, दोस्रो तेस्रो र चौथो खण्डमा ६/६ उपखण्ड र पाँचौ खण्डमा ७ वटा उपखण्डहरूले निर्मित भएको छ भने ती उपखण्डभित्र पनि विभिन्न

प्रखण्डहरू रहेका छन् । उपन्यासमा सामाजिक यथार्थको उत्कर्षता र आलोचनात्मक यथार्थवादी स्वर प्रस्तुत भएको छ ।

## (क) कथावस्तु

प्रजातन्त्र पुनर्स्थापनापश्चात नेपाली राजनीतिमा देखा परेको भ्रष्टाता र त्यसले जनसमान्यमा सिर्जना गरेको मोहभङ्गको सचित्र प्रस्तुति नै उलार उपन्यासको कथावस्तु हो । नेपालगन्जको स्थानीय मधेशीमूलको निम्न वर्गीय अशिक्षित पात्र प्रेमललवा (प्रेमलाल) को जीवन कथालाई यस उपन्यासले यथार्थ रूपमा चित्रण गरेको छ । प्रेमललवा टाँगा चलाएर जीविकोपार्जन गर्ने नेपालगन्जको स्थानीय राजनीतिज्ञ राजेन्द्रबाबुको संरक्षणमा रहेको भए पनि उनकै शोषणमा परेको देखिन्छ ।

उपन्यासमा प्रेमललवाको बराजु नेपालगन्जको मुख्य बजारमा रहेका थिए भने ऊ सानो छँदा सुर्खेत रोडमा रहेको थियो । त्यसपछि क्रमशः सुर्खेत रोडबाट कोरियनपुर र त्यहाँबाट परसपुर गाउँमा पुग्न बाध्य हुनुमा राजेन्द्रराज र शान्तिराजा जस्ता राजनीतिज्ञहरूको प्रमुख हात रहेको देखिन्छ । राजेन्द्रबाबुले प्रेमललवाको बाबु ट्रक दुर्घटनामा मर्दा क्षतिपूर्ति वापत पाएको रु.१८ हजारमध्ये ८ हजार रकम मात्र दिएकाले ऊ ठगिन पुग्दछ । १० हजार रकम कमिसन खाएर राजेन्द्रबाबुले प्रेमललवाकै बाँकी रकमले वैंकमा खाता खोलिदिई टाँगासमेत किनिदिन्छ । निमोनिया रोग र आर्थिक सङ्कटका कारण सहाराविहीन प्रेमललवा राजेन्द्रबाबुकै घरमा आश्रय लिन पुग्दछ । उसले आफ्नो उपचार खर्चको निम्ति पुर्ख्यौली घर र सडक किनारको जग्गा राजेन्द्रबाबुकै आग्रहमा रु. १ लाखमा बेच्दछ र जसमध्ये रु. ३० हजारमात्र प्राप्त गर्दछ । निरक्षर प्रेमललवा बाँकी ७० हजार रकमका बारेमा शोधखोज गर्दैन तर उसले बेचेको जग्गामा केन्द्रीय नेता शिलाबाबुको पार्टी अफिस निर्माण हुन पुग्दछ । ऊ आफूसँग भएको ३० हजार रकममध्येबाट कोरियनपुरमा सानो छाप्रो, आधा काठ्ठा जग्गा र टाँगा चलाउनका निम्ति एउटा घोडी किन्दछ । उपन्यासले नेपालको भूमि व्यवस्था र प्रेमललवाजस्ता पिछडिएका वर्गका मानिसहरू कसरी क्रमशः गरिब, भूमिहीन र सर्वहारा हुँदैछन् भन्ने यथार्थलाई देखाएको पाइन्छ ।

नेपालगन्जको गगनगन्ज टोलमा वादी जातिका महिलाहरूले आफ्नो आर्थिक समस्या टार्न देहव्यापार गर्नु परेको बाध्यताजन्य परिस्थितिलाई पनि उपन्यासले चित्रण गरेको छ। प्रेमललवा र कलुवा जस्ता पात्रहरू दिनभरि आफ्नो काम गरेर साँझपख मदिरा खाई द्रौपदी

र सावित्री कहाँ गई आफ्नो यौनतिर्खा मेटाउँछन् । प्रेमललवाले अत्यधिक मनपराउने बदिनी द्रौपदीकी एउटी छोरी छे तर ऊ कसबाट जन्मिएकी हो भन्ने कुरा आमा नै चिन्न सक्दिन । आफ्नो कोही नभएको ठान्ने प्रेमललवा बदिनी द्रौपदीलाई हृदयदेखि नै प्रेम गर्दछ । जसबाट वर्गीय प्रेमको नमुना देख्न सकिन्छ । द्रौपदीले प्रेमललवालाई कमजोर भएकाले तागतको औषधि खाने सल्लाह दिनु, प्रेमललवाले द्रौपदीलाई सधैं हाँसिरहन भन्नु र मायाले सुम्सुम्याई आफ्नो घरमा अटाउन सक्ने कल्पना गर्नु जस्ता घटनाले प्रेमललवा र द्रौपदीबीचको आत्मीयता प्रकट भएको देखिन्छ ।

प्रेमललवा आफूलाई संरक्षण दिने राजेन्द्रबाबु प्रतिद्वन्द्वी शान्तिराजसँग चुनावमा विशाल मतअन्तरले पराजित भएकाले स्तब्ध बन्न पुगेको छ । उसको आडभरोसा राजेन्द्रबाबु नै भएकाले नुनको सोभो गर्ने र इमान्दारिता प्रस्तुत गर्ने क्रममा ऊ कतै विचलित भएको देखिँदैन । ऊ रिक्सा चलाएर जीविकोपार्जन गर्ने आफ्नो साथी ननकऊ जस्ता द्वैध चरित्र भएका अवसरवादीहरूका कारण राजेन्द्रबाबु पराजित हुनुपरेकोमा दुःख व्यक्त गर्दछ । चुनावको परिणामपछि स्तब्ध भएको प्रेमललवा प्रतिद्वन्द्वी शान्ति राजाको विजय जुलुसमा जाने इच्छा नहुँदा नहुँदै पनि आर्थिक अभावका कारण साथी कलुवाको आग्रहमा टाँगा लिएर जान बाध्य हुन्छ । राजेन्द्रबाबुले चुनावमा सत्तरी प्रतिशत भोट शान्तिराजाको नाममा खसाउन लगाए वापत ५ लाख रूपैयाँ कमिसन लिन्छ । तर यो कुरालाई प्रेमललवाले विजय जुलुसमा सुने पनि विश्वास गर्दैन । घोडीको पिठ्यूँमा घाउ भए तापनि टाँगामा १७-१८ जना व्यक्तिहरू बसेका कारण एकातर्फ मात्र भार एकत्रित भई टाँगाको सन्तुलन बिग्रेर उलारहुन पुग्दछ । दिनभरिको भोको घोडी हिंड्न नसक्दा १०/२० चाबुक खाएर भूईंमा पछारिएकाले बीचबाटो बाट प्रेमललवा फर्किन बाध्य बन्दछ । थोरै समय मात्र काम गरेवापत उसले रु. २५ मात्र प्राप्तगर्दछ । प्रेमललवाले बिरामी भएको घोडीलाई उपचार गर्न लैजाँदा हिन्दू-मुस्लिम दङ्गाका कारण कर्फ्यू लागेकाले उपचार नपाई घोडी मर्न पुग्दछ ।

राजेन्द्रबाबुले ऊ र उसका सामानहरू बिना पारिश्रमिक ओसारपसार गरिदिने भएकाले घोडी मरेर रोइरहेको प्रेमललवालाई सान्त्वनास्वरूप शान्तिराजाको नाममा घोडीको क्षतिपूर्तिका निम्ति चिठी लेखिदिन्छ । उसलाई क्षतिपूर्तिस्वरूप १०-१५ हजार रु. लिन आउने आश्वासन दिई शान्तिराजा काठमाडौंतर्फ लाग्दछन् र मन्त्री हुन पुग्दछ । काठमाडौं जाँदा लाग्ने रकम आफूसँग पूरा नभएकाले उसकी प्रेमिका द्रौपदीले दिएको कानको टप, घाँस बेचेर जीविकोपार्जन गर्ने उसको साथी कलुवा र उसकी श्रीमतीले दिएको २५-२५ रूपैयाँ लिएर

प्रेमललवा काठमाडौंतर्फ लाग्छ । काठमाडौं पुगेपछि मन्त्री शान्तिराजालाई भेट्न मन्त्रीक्वाटर, मन्त्रीक्वाटरबाट पुल्चोक र क्रमशः सिंहदरबार, बालुवाटार, पार्टी अफिस चार दिनसम्म धाउँदासमेत तीनछाक खानामै गुजारा गर्छ ।

पार्टी अफिसमा मन्त्रीलाई भेट्न जाने क्रममा २००७, २०३६ र २०४६ सालको आन्दोलनहरूमा सक्रिय रहेको बूढो व्यक्तिले मन्त्रीलाई भेट्नुभन्दा गाउँ फर्केर राजनीति गरी आफै मन्त्री बन्न चाँडै हुने बताउँछ । काठमाडौं यात्राका क्रममा प्रेमललवा ४-५ पटक चप्पलको फित्ता गाँस्न, एकरात लजमा र अर्को रात सडकमा, एकरात मन्त्री निवासको वरन्डामा रात काट्न बाध्य भएको छ । ऊ लेखक निराकारप्रसादबाट मन्त्रीलाई भेटाइदिने नाममा रु. ८० ठगिन्छ । जसोतसो मन्त्रीलाई भेटेर बाटो छेकी आफ्नो कुरा राख्दा मन्त्रीको पि.ए.ले यातायाता मन्त्रीलाई सम्बोधन गरिएको पत्र थमाउँछ र ऊ यातायात मन्त्री कहाँ पुग्दछ । यातायातमन्त्री र शान्तिराजाका बीचको आन्तरिक मनमुटावका कारण प्रेमललवाको काम नबन्ने भएपछि उसको आशा र विश्वास मृतप्राय भई नेपालगन्जतर्फ फर्कन्छ ।

घर पुग्दा घर भत्किएको र टाँगा पनि चोरी भएकोले उसले जीविका चलाउने कुनै उपाय नदेखि राजेन्द्रबाबुकै सहायता लिन पुग्दछ । बाँकी रहेको कोरियनपुरको आधाकठ्ठा घडेरी राजेन्द्रबाबुकै सिफारिसमा ९० हजारको कागजमा ल्याप्चे लगाई ३० हजार रूपैयाँ मात्र हात पार्दछ र केही पर परसपुर गाउँमा पुनः २० हजारमा आधा कठ्ठा जमिन र १० हजारमा टाँगा र घोडा किनी जीवन गुजारा गर्न थाल्दछ । उसले आफू र आफूजस्तै निम्नवर्गका मानिसहरू क्रमशः गाउँतिर धकेलिनु पर्नाको कारण गम्भीर भएर सोच्दछ र रहस्य पत्ता लगाउँछ । ऊ अबदेखि राजेन्द्रबाबु र शान्तिराजा जस्ताको भार बोकेर टाँगा उलार गराई शोषित नबन्ने अठोट गर्दछ । अन्त्यमा प्रेमललवा बदिनी द्रौपदीलाई पत्नीका रूपमा स्वीकार्ने निश्चय गरी नयाँ जीवनको खोजी गर्दै द्रौपदी कहाँ पुगेपछि कथावस्तुको अन्त्य हुन पुग्दछ ।

उपन्यासको कथावस्तु रैखिक ढाँचामा रहेको छ । राजेन्द्र बाबुको पराजय सुनेर स्तब्ध हुनु प्रारम्भ भाग हो भने घोडी मर्नु र घोडीको क्षतिपूर्ति नपाएर रित्तै फर्कनु, मध्य भाग हुन् । राजेन्द्रबाबु जस्तालाई सित्तैमा चढाएर टाँगा उलार हुन नदिने प्रण गर्नुले र द्रौपदीलाई बिहेका लागि लिन जानु कथावस्तुको अन्त्य हो ।

## (ख) चरित्रचित्रण

**उलार** उपन्यासमा विविध पात्रहरूको प्रयोग गरिएको छ । प्रमुख पात्रको भूमिकामा प्रेमललवा आएको छ । सहायक पात्रको भूमिकामा द्रौपदी, वसन्ती घोडी, राजेन्द्रबाबु र शान्तिराजा जस्ता पात्रहरू छन् भने गौण पात्रको भूमिकामा कलुवा, ननकउ, शिलाबाबु , पि.ए., यातायात मन्त्री, निराकारप्रसाद, बूढो, प्रहरीहरू, पसले, कलुवाकी श्रीमती, सावित्री र कृष्ण जस्ता पात्रहरू आएका छन् ।

यस उपन्यासको प्रमुख पात्र र नायक प्रेमललवा सीमान्तकृत जनताको प्रतिनिधित्व गर्ने गरिब, असहाय र पिछडिएको जातिको वर्गीय चरित्र हो । निम्न वर्गीय परिवार व्यवस्थित नभएकाले ऊ सत्तासीनहरूको चक्रव्यूहमा परी सर्वहाराकरणतिर अभिमुख बन्दै गएको छ । आमाबाबु बिनाको एक्लो टुहुरो र असहाय ऊ नेता राजेन्द्रबाबुको संरक्षण पाए झैं गरी शोषित हुन्छ । टाँगा चलाएर जिविका गर्ने श्रमजीवी पात्र प्रेमललवा नुनको सोझो गर्नुपर्छ भन्ने मान्यता राख्ने कर्तव्यपरायण र इमान्दार पात्र हो । उसले राजनीतिको कुटिल चाल बुझ्न सक्दैन । राजेन्द्रबाबु र शान्तिराजाबीच पाँच लाखमा भोट किनबेच भएको पत्याउन नसक्ने ऊ बाबु मर्दा, जग्गा बेच्दा र घोडी मर्दा हरेक पटक ठगिएको छ । सिंहदरबार, बालुवाटार, संसदभवन र मन्त्रीनिवास धाउँदा-धाउँदा आफैं रित्तिए पनि प्रेमललवाले जीवनदेखि कहिल्यै हरेस खाएको देखिँदैन । बरु ऊ समाजबाट उपेक्षित द्रौपदीलाई जीवनसँगिनीको रूपमा अँगाल्दै कुसंस्कृतिमाथि नै क्रमभङ्ग गरेर राजनीतिक रूपमा पनि मौन नरहने निचोडमा पुग्छ (वस्नेत, २०६५:९) । शान्तिराजाको विजययात्रामा घोडी मरेपछि पारिश्रामिक र क्षतिपूर्तिसमेत नपाएको ऊ राजेन्द्रबाबु र शान्तिराजा जस्ता समाजका नेतृत्व गर्ने सामन्त नेताहरूबाट सधै सुठाउँबाट कुठाउँमा धपाइन्छ । नेपालको राजनीतिक विकृतिको ठोस भोक्ता बनेको प्रेमललवालाई षडयन्त्र र कमिसनतन्त्रको खेलौना बनाइएको छ । अन्त्यमा भए पनि अब उप्रान्त शान्तिराजा र राजेन्द्रबाबुलाई सित्तैमा टाँगामा चढाएर उनीहरूको भार बोकी टाँगा उलार हुन नदिने प्रणले उसलाई गतिशील बनाइएको छ । ऊ यस उपन्यासको बद्ध, मञ्चीय, अनुकूल पात्र हो ।

द्रौपदी यस उपन्यासकी सहायक स्त्री पात्र, नायिका र प्रेमललवाकी प्रेमिका तथा भावी पत्नीको रूपमा देखिन्छे । प्रेमललवालगायत पुलिस, पत्रकार, हाकिमजस्ता मानिसहरूद्वारा भोगिएकी, सबैको फोहोर फाल्ने पाइप भए पनि प्रेमलालकी प्रेमिका बनेकी छे । प्रेमललवालाई कमजोर भएकाले तागतको औषधी खान भन्नु, प्रेमललवा घोडीको

क्षतिपुर्ति लिन काठमाडौं जाँदा कानबाट टप निकालेर दिनु जस्ता घटनाले उसमा आत्मीय प्रेमको नमुना पाइन्छ । उपन्यासमा ऊ बद्ध, मञ्चीय, वर्गीय, अनुकूल र स्थिर पात्रका रूपमा आएकी छे ।

वसन्ती घोडी मानवेतर प्राणी यस उपन्यासको अर्को सहायक पात्र हो । प्रेमललवाको जीविकोपार्जनको साधन घोडी विजययात्रामा बढी भारका कारण सन्तुलन बिग्रिएपछि टाँगा उलार हुँदा मर्दछ । घोडीको मृत्युमा प्रेमललवा आफ्नै मृत्युसँग तुलना गर्दछ ।

राजेन्द्रबाबु यस उपन्यासको सहायक पुरुष पात्र र खलनायक हो । प्रेमललवा जस्ता सोझा, अपठित र सर्वसाधारण जनतालाई आश्रय र संरक्षण दिएजस्तो गरी शोषणका माध्यमबाट प्रेमललवालाई सर्वहारा बनाउने प्रतिकूल पात्र हो । ट्रकले किचेर प्रेमललवाको बाबु मर्दा क्षतिपूर्ति स्वरूप ट्रकवालासँग १८ हजार लिएर आठहजार मात्र प्रेमललवालाई दिन्छ । स्थानीय प्रभावशाली नेता राजेन्द्रबाबु ९० हजारमा प्रेमललवाको जग्गा बेचेको कागजमा ल्याप्चे लगाउन लगाई तीसहजार मात्र दिनुले उसमा शोषणको पराकाष्ठा नाघेको छ । बुर्जुवा प्रवृत्ति भएको र आजको राजनीतिमा जनताको श्रम, पसिना र सार्वभौमिक मताधिकार शोषण गरेर मुलुकलाई प्रतिक्रियावादी धारतिर धकेल्न प्रेरित गर्ने अवसरवादी र भ्रष्ट चरित्र हो । ऊ, उपन्यासको मञ्चीय, प्रतिकूल, वर्गीय र बद्ध पात्र पनि हो । शान्तिराजा पनि राजेन्द्रबाबुजस्तै खल र प्रतिकूल पात्रको रूपमा चित्रण गरिएको छ ।

## (ग) परिवेश

**उलार** उपन्यासले प्रजातन्त्रपुनर्स्थापनापछि नेपाली राजनीति क्षेत्रमा देखापरेको पुरानै सामन्तवादी संस्कारका साथै कुत्सित र नग्न राजनीतिक खेललाई परिवेशको रूपमा प्रस्तुत गरेको छ । शान्तिराजाको आचरणमा सम्पूर्ण राजाहरूको जागृत बनेको र आजको संसदीय व्यवस्थामा पनि रोग बनेर देखापरेको छ । शोषणका जराहरू गाउँका तहसम्म पुगेको तथा राजेन्द्रबाबु र शान्तिराजाहरू टोलटोलको उत्पीडन र शोषणबाट राष्ट्रकै शोषणमा सामेल हुन पुगेका छन् (सुवेदी, २०५६:१२६-२७) ।

नेपालगन्जको आञ्चलिक परिवेशमा मधेशी जनसमुदाय, बदिनी टोल, धार्मिक तथा साम्प्रदायिक दङ्गाजस्ता प्रसङ्गहरू आएका छन् । स्थानगत परिवेशका रूपमा मुख्यतः नेपालगन्ज र नेपालगन्ज आसपासका क्षेत्रहरू मेनरोड, मुख्य बजार, सुर्खेत रोड, कोरियनपुर, परसपुर, नगरपालिका गगनगन्ज, बाँकेवगिया, शान्तिराजाको दरबार, भगवान् तलैया, घसवारिन टोल प्रस्तुत भएका छन् भने काठमाडौंअन्तर्गत कृषि मन्त्रालय, पुल्चोक, सिंहदरबार,

बालुवाटार, होटल, मन्त्री क्वाटर आदि स्थानहरू रहेका छन् । त्यस्तै नेपालगन्जको नजिक पर्ने भारतका नानपारा, रूपैडिया, बहराइच जस्ता ठाउँहरू पनि प्रसङ्गअनुसार आएका छन् ।

राजनीतिक विकृति र वितण्डा, कमिसनतन्त्रको खेल, चुनावमा मतको क्रयबिक्रय आदि प्रवृत्तिहलाई प्रजातन्त्रको कुसंस्कारको रूपमा चित्रण गरिएको छ । शान्तिराजा र राजेन्द्रबाबुको कपटले रौद्र भावको सिर्जना गर्छ भने प्रेमललवाको दयनीय अवस्था र घोडीको मृत्युले करुण वातावरणको सिर्जना भएको छ ।

## (घ) संवाद

**उलार** उपन्यासका संवादहरू निकै रोचक र आर्कषक रहेका छन् । स्थानीय अवधीभाषा मिश्रित संवादहरू पढ्दा स्वभाविक र जीवन्त लाग्दछ । उपन्यासको प्रमुख पात्र प्रेमललवा नै संवादमा बढी भाग लिन्छ । प्रेमललवाले द्रौपदी, ननकउ, राजेन्द्रबाबु, शान्तिराजा, कलुवा, बूढो, निराकारप्रसाद, कलुवाकी श्रीमती, पाले, पी.ए. आदिसँग संवादमा भाग लिएको छ । प्रेमललवा र कलुवाबीचको प्रारम्भिक संवादहरू यस्ता रहेका छन्-

"साले- दरौपदी कहाँ त गै' नस् ?" प्रेमललवा जङ्गिन्छ ।

'गै' न बे - माँ कसम !' कलुवाले प्रेमललवालाई निश्चित गराउँछ (पृ.१२) ।

यो संवादमा स्थानीयस्तरमा निम्न वर्गका अवधीभाषीहरू एक अर्कामा निम्नस्तरको भाषाको प्रयोग गर्दछन् भन्ने कुरो देखिएको छ । यसरी पात्रको स्तरले संवादमा प्रभाव पारेको छ ।

यस्तै प्रेमललवा र द्रौपदीका बीचमा भएका संवादहरूमा केही अश्लीलता देखिए पनि ती त्यहाँका वास्तविक चित्र हुन् -

'तँलाई म एक दिन उडाएर लैजान्छु ।'

'तैले लैजाने ? ...म रण्डीलाई ?

'अनि के त? ....तँत मेरी रानी होस- श्रीदेवी होस्' द्रौपदी हाँसिरही । नपत्याएर ।

''रण्डी ल्याऊँ कि पतुरिया - मलाई कसले के गर्ने ? एक्लो मान्छे- जे गरुँ - कसले रोक्ने मलाई ?" प्रेमललवाको यस्तो बोलीले एकै छिनलाई भए पनि ऊ कल्पिन थाल्छे ( पृ: १९.२०) । प्रेमललवाको बदिनी द्रौपदीसँगको संवादमा निम्नस्तरीय कथ्यभाषाको प्रयोग पाइन्छ ।

विजयजुलुसमा घोडी मरेको क्षतिपूर्ति लिन काठमाडौं पुगेको प्रेमललवा मन्त्रीक्वाटरबाट सिंहदरबार, सिंहदरबारबाट पार्टी अफिसमा शान्तिराजालाई खोजिरहँदा प्रजातन्त्र सेनानी बूढोले बोलेका संवादमा  नेताको प्रवृत्तिप्रतिको व्यङ्ग्यलाई यसरी प्रस्तुत गरिएको छ -

- 'यतातिर किन ?'
- 'मन्त्रीज्यूलाई भेट्नु छ' उसले मन्त्रीज्यूको शुभनाम' पनि भन्यो ।
- 'मन्त्रीले तँलाई चिन्छ ?'
- 'खै -अलिअलि' उसले जवाफ दियो ।
- 'त्यसो भए जा- आजै घर फर्की बित्थामा यो काठमाण्डूको जाडोमा ।
- जा -तेरो काम बन्दैन' (पृ: ४८) ।

यसरी नेपालगन्जको ग्रामीण क्षेत्रमा बसोवास गर्ने अशिक्षित, निम्नवर्गका पात्रहरूले प्रयोग गर्ने कथ्यभाषाका  माध्यमबाट उपन्यासले यथार्थताको चित्रण गर्न सफल बनेको छ । संवादहरूले उपन्यासलाई जीवन्त बनाएका छन् ।

### (ङ) उद्देश्य

**उलार** उपन्यासको उद्देश्य प्रजातन्त्रपुनर्स्थापनापछि पनि सत्तारूढ शक्ति र व्यक्तिले गरेका जनविरोधी व्यवहारलाई भन्डाफोर गर्नु र सकारात्मक परिवर्तनका पक्षमा जोड दिई प्रगतिशील रूपान्तरणको सङ्केत गर्नु हो । २०४६ सालको जनआन्दोलनपछिको प्रजातन्त्रपुनर्स्थापना पश्चात् जनताहरूले अपेक्षा गरेको आशाको बदला प्रजातन्त्र, देश र जनताको सेवा कल्याणको नाममा भाषण, आश्वासन, छलकपट र षडयन्त्रको खेती गरी पद, पैसा र सत्ताको व्यापार गर्ने राजनीतिक व्यापारीहरूका निम्ति मात्र निर्मित सरकार वा व्यवस्था बन्न पुगेको देखाइएको छ । उपन्यासमा नेताहरूको व्याक्तिगत स्वेच्छाचारिताले टाँगारूपी नेपाली समाजको सन्तुलन बिग्री उलार भएको यथार्थलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । राणाशासनभन्दा अघिदेखि मुख्य बजारमा बसोवास गर्दै आइरहेका प्रेमललवाहरू मूल बजारबाट गाउँसम्म र पूँजीपतिवर्गबाट लखेटिँदै सर्वहाराकरण हुदै गएको कुरालाई सशक्त रूपमा व्यक्त गरिएको छ (गिरी, २०६०: ३६९) । नेपालगन्जको आञ्चलिक रङ्ग, भाषा र परिवेशको चित्रण, वादीजातिको देहव्यापारको समस्या, साम्प्रदायिक तथा धार्मिक दङ्गाको चित्रण गर्नु पनि यस उपन्यासको उद्देश्य हो । निर्धन प्रेमललवारूपी राजनीतिक मोहीहरूसँग चुनावका बेला राजनीतिक अधिकाररूपी कुत उठाइसकेपछि राजधानी पुगेर

मन्त्री भइ कुत हसुरेर ऐस गर्ने प्रतिस्पर्धामा अन्धा भइरहेका राजनीतिक तल्सिङ्हरूको तथाकथित नकाव यस उपन्यासमा उतार्ने प्रयास गरिएको छ (गिरीः पूर्ववत) । त्यस्तै जनयुद्धका आमन्त्रणकर्ताहरू समाजका सत्तासञ्चालक बनेका कारण नेपाली समाज विद्रोह र जनसङ्घर्षको गर्ततिर धकेलिंदै छ भन्ने कुराको प्रारम्भिक सङ्केत पनि यस उपन्यासले गरेको छ (सुवेदी, २०५६ः १२७) ।

यस उपन्यासले एकै साथ २०४६ को परिवर्तन पश्चातको टाँगारूपी नेपाली समाजको सन्तुलन बिग्रेर उलार भएको अर्थात् नेपाली समाजको सामाजिक र आर्थिक अवस्थाको सन्तुलन बिग्रेर घोप्टिनै लागेको यथार्थलाई प्रतीकात्मक रूपमा देखाउने उद्देश्य राखेको पाइन्छ ।

## (च) द्वन्द्व

**उलार** उपन्यासमा बाह्य द्वन्द्वको आंशिक प्रयोग भएको देखिन्छ । बाह्य द्वन्द्वका रूपमा प्रेमललवा र ननकउबीचको द्वन्द्व देख्न सकिन्छ । राजेन्द्रबाबुको संरक्षणमा हुर्किएको प्रेमललवा प्रतिद्वन्द्वी शान्तिराजालाई भोट हाल्ने ननकउ जस्ता रिक्सा एसोसियनहरूले कपट गरेकाले मुखभरिको गाली गर्दछ । त्यसैगरी आफू सीमान्तकृत तहमा पुगेको थाहा भएपछि शान्तिराजा र राजेन्द्रबाबुको विरुद्ध सङ्घर्षमा लाग्ने र वर्गसङ्घर्ष हुन सक्ने सङ्केत उपन्यासले गर्दछ ।

आन्तरिक द्वन्द्वमा आफ्नो जीविकोपार्जन गर्ने माध्यम घोडी मरेपछि प्रेमललवामा देखिन्छ । उसलाई मृत्यु आफ्नो हो वा वसन्तीको भन्ने कुराको सन्देह रहन्छ । चोरले सामान चोर्नु र पानीले घर भत्काउनु जस्ता घटनाले द्वन्दलाई उत्कर्षमा पुऱ्याएको छ ।

‘तर ऊ रुन पनि सकेन । हाँस्न पनि सकेन । हिँड्न पनि सकेन । भागेर कतै पनि जान सकेन । कहालिएर चिच्याउन पनि सकेन । . . . ऊ थचक्क भुइँमा बस्यो र भत्किएको आफनो घरलाई हेरिरह्यो (पृ. ५४) ।

यसरी यस उपन्यासमा आन्तरिक तथा बाह्य द्वन्द्व दुवै सशक्त बनेर आएका छन् ।

## (छ) दृष्टिविन्दु

प्रस्तुत उपन्यासमा उपन्यासकारले बाहिरै बसेर द्रष्टाको रूपमा प्रेमललवाको कथालाई प्रस्तुत गरेका छन् । लेखकले बाहिरै बसेर दृश्यजगत्मा विचरण गरी सबै पात्रका

भावना र हरेक घटनालाई आफै टिप्पणी र विश्लेषण गरेकाले यस उपन्यासमा तृतीय पुरुष ( बाह्य) अन्तर्गतको सर्वज्ञ (सर्वदर्शी) दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ ।

## (ज) भाषाशैली

शीर्षकमा नै प्रतीकात्मक अर्थ बोकेको उलार उपन्यासले समग्र देश नै राजनैतिक विसङ्गतिका कारण असन्तुलित भएको र गरिब तथा निमुखाहरू सामन्त सत्तासीनहरूद्वारा असन्तुलित बनेको यथार्थलाई सहज र सुन्दर ढङ्गले प्रस्तुत गरेको छ । समाजको यथार्थ तस्वीर खिच्न सफल यस उपन्यासले प्रजातन्त्र पुनर्स्थापनापछिको राजनीति र सीमान्त तहका जनताबीचको दुरीलाई चित्रात्मक शैलीमा प्रस्तुत गरेको छ (श्यामल, २०५५:४) । यस उपन्यासमा शीर्षक, पात्र र कथ्यविषय सबैले विम्बात्मक र प्रतीकात्मक अर्थ राख्दछन् । २०४६ सालको परिवर्तन पश्चात्को टाँगारूपी नेपाली समाजको सन्तुलन बिग्रेर उलार भएको प्रतीकात्मक अर्थ एकातिर देखिन्छ भने अर्कोतिर शासनसत्तालाई अवसरवादिताको लेनदेनबाट सांसद र मन्त्रीपद हत्याउने शान्तिराजा नेपालगन्जको स्थानीय विम्बको रूपमा शान्तिशमशेर राणा, राष्ट्रियस्तरमा सूर्यबहादुर, गिरिजाप्रसाद के.पी.वली तथा अन्तर्राष्ट्रिय स्तरमा क्लिन्टन र यल्तसिनसम्मका विम्ब बनेर देखापरेका छन् (सुवेदी, २०५६: १२६) ।

उपन्यासमा दगाबाजी, सुअरको औलाद, मेहरू, सिना जस्ता हिन्दी र उर्दू शब्दहरू तथा बार्गेनिङ, एडवान्स, ब्लैक, अपेनडाउन, ओभरलोड जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ । ठाम्मै, भ्याच्च, तानातान, फटाफट्, चुइँक्क, ठस्ठसी, चिटिक्क, ल्याफ्ल्याफ्ती, लुरुक्क, तलतल, खुरुखुरु जस्ता अनुकरणात्मक र झर्रा शब्दको प्रयोग र थकथक लाग्नु, ठुस्स पर्नु, हत्तु हुनु, जिन्दगी छिचोल्नु जस्ता टुक्काहरूले भाषामा जीवन्तता र मिठास थप्ने काम गरेका छन् । मधेशी मूलका शब्दहरू र स्थानीय अश्लील प्रतीत हुने गालीगलौजयुक्त शब्दहरू जस्तै साला, माँ बहिन, रँडुवा, पतुरिया, चुतड, मुला र नेवारी शब्द मर्स्या पनि आएका देखिन्छन् । उपन्यास सरल तथा पात्रअनुसारको भाषिक प्रयोगका कारण आकर्षक हुनुका साथै आञ्चलिक तथा स्थानीय रङ्गले जीवन्त बनेको छ ।

**निष्कर्ष**

यथार्थवादी धरातलमा आलोचनात्मक स्वर प्रस्तुत गर्ने नयनराज पाण्डेको पछिल्लो औपन्यासिक कृति **उलार** समसामयिक विषयवस्तुमा आधारित उपन्यास हो । यस उपन्यासले प्रजातन्त्र प्राप्तिपछि पनि देखापरेको राजनीतिक विसङ्गति, नग्नता र भ्रष्टतालाई उदाङ्गो पारेको

छ । नेपालगन्जको आञ्चलिकता; स्थानीय भाषा, सार्थक र सफल विम्ब तथा प्रतीकको सशक्त प्रयोगले उपन्यास जीवन्त बनेको छ । बाह्य दृष्टिविन्दुको प्रयोग गर्दै प्रजातन्त्र प्राप्तिपछिको राजनीति र सीमान्त तहका जनताबीचको दुरीलाई आलो-चनात्मक ढङ्गले प्रस्तुत गरिएकाले यो आलोचनात्मक यथार्थवादी उपन्यास हो ।

### ४.२.२ नयनराज पाण्डेका कथासङ्ग्रहहरूको अध्ययन

वि.सं. २०३९ देखि साहित्यलेखन सुरु गरेका नयनराज पाण्डेको पहिलो कथा **मलाई सन्चै छ** रूपरेखा २०४० मा प्रकाशित भएको हो । कविता विधाबाट साहित्ययात्रा सुरु गरेका पाण्डेले आख्यान विधामा तुलनात्मक रूपमा बढी सफलता प्राप्त गरेको देखिन्छ । हालसम्म उनका दुईवटा कथासङ्ग्रहहरू **खोरभित्र जोकर** (२०६१) र **निदाएँ जगदम्बा** (२०६५) पुस्तकाकार रूपमा प्रकाशित भइसकेका छन् । पाण्डेका अन्य थुप्रै कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । यहाँ उनका कथासङ्ग्रहभित्र रहेका कथाहरूको परिचयात्मक अध्ययन गरिएको छ । पहिलो कथा कथासङ्ग्रह खोरभित्र जोकर (२०६१) का तीनवटा कथाहरू पछिल्लो कथासङ्ग्रह निदाएँ जगदम्बा (२०६५) मा दोहोरिएकाले ती दोहोरिएका कथाहरूको अध्ययन पछिल्लो कथासङ्ग्रहअन्तर्गत नै गरिएको छ ।

#### ४.२.२.१ 'खोरभित्र जोकर' कथासङ्ग्रहको विवेचना

**खोरभित्र जोकर** कथासङ्ग्रह पाण्डेको प्रथम कथा सङग्रह हो । वि.स. २०६१ मा प्रकाशित यस कथासङ्ग्रहलाई दोभान प्रकाशनले प्रकाशित गरेको हो । यस कथासङ्ग्रहमा सङ्कलित कथाहरू मुलुकको समकालीन सामाजिक, आर्थिक, राजनीतिक र मनोवैज्ञानिक धरातल नखज्मज्याई उतारिएका कलात्मक शब्दचित्र हुन् । सामाजिक दायित्व बोकेका र मर्यादाको आवरण ओढेकाहरूको गैरजिम्मेवारपन र निर्लज्जता यसमा देखिन्छ । यस कथासङ्ग्रहका माध्यमबाट सङ्कटपूर्ण समाज र विषाक्त संस्कृतिको विघटन गरी निष्कपट र आशावादी जिन्दगीको बिजारोपण गर्नु पाण्डेको मूल अभीष्ट हो (भण्डारी, २०६१:पृ.घ) । राजनैतिक, धार्मिक र जातीय कारणले हुने दङ्गा तथा जमिन्दारी संस्कृतिबाट प्रताडित सामान्य मान्छे र दरिद्र विपनामै बाँच्नु परेका धेरै मान्छेहरूको कथालाई पाण्डेले जीवन्त उपस्थित गराएका छन् । समकालीन नेपाली समाजको नेतृत्व तहमा रहेको स्वार्थी, मौकापरस्त र नक्कली चरित्रले नेपाली समाजको अग्रगामितामा जसरी जडता र लक्ष्यहीनता व्याप्त रहेको छ त्यसको पुरै प्रतिबिम्ब नयनका कथामा पात्र, घटना र परिवेशले बोकेका

छन् । श्रमको संस्कृति र नैतिक आचरणको क्षयले सामाजिक जीवनमा पारेको नकारात्मक प्रभावको पहिचान गरी छदम, पाखण्ड र दोहोरो मापदण्डको पतनोन्मुख दुराचार विरुद्ध कडा प्रहार गर्न उनी प्रतिबद्ध रहेका छन् (सुवेदी, २०६१.पृ....) । वर्तमान युगका दूषित संस्कार, प्रजातन्त्रको नाममा भएका ज्यादती, प्रतिगामी तत्त्वको हालिमुहाली, तराईको जीवनपद्धति र त्यहाँको परिवेशमा उत्पन्न वास्तविक छवि सूक्ष्म र सकारात्मक ढङ्गले विश्लेषण गरिएका छन् ।

यस सङ्ग्रहमा उनका जम्मा ३१ कथाहरूसङ्गृहीत छन् । यहाँ कथातत्त्वका आधारमा यस सङ्ग्रहभित्रका कथाहरूको विवेचना गरिएको छ ।

### (क) शीर्षक चयन

नयनराज पाण्डेको **खोरभित्र जोकर** कथासङ्ग्रहका कथाहरूमध्ये **पुलिस** पहिलो कथा हो । यस कथामा पुलिसको निर्दयी, संवेदनाहीन, कामुक प्रवृत्तिलाई देखाइएको छ । दुर्घटनामा परेका 'म' पात्र र उसकी भाउजूको धनमाल लुट्ने पुलिससँग उसले आफ्नो दाजु इन्स्पेक्टरको स्वभावसँग तुलना गरिएकाले कथाको कथ्यविषय र पात्रसँग शीर्षकले तादात्म्यता राखेकाले शीर्षक सार्थक रहेको छ ।

**तरूल** कथाले धरानी निम्नवर्गीय जीवनका विसङ्गति तथा आर्थिक अभावले निम्त्याएको पारिवारिक स्थिति आदिको चित्रण गरेको छ । यसमा तरूल जीवनसँग आरोपित भएकाले आर्थिक समस्याका आधारमा प्रतीकात्मक रूपमा शीर्षक सार्थक छ ।

**एकैदिन** कथामा साहिँली छोरीको विवाहका निम्ति जग्गा बेचेको पैसा लिन नभ्याउँदै साहुको मृत्यु भएपछि गरिब किसान कामता पासीको पनि त्यहीँ अन्तिम दिन भएको छ । यसरी यस कथामा एउटा गरिबले आफूसँग भएको सम्पूर्ण सम्पति गुमाएर साहूको मृत्युसँगै आफ्नो पनि मृत्यु भएको ठानेको छ । त्यसैले यस कथाको शीर्षक कथ्यविषयसँग सार्थक रहेको छ ।

**वेद र ऋचा** कथाको शीर्षक कथाका प्रमुख पात्रहरूको नामका आधारमा राखिएको छ । ऋचाको अर्थ पौराणिक सन्दर्भमा वेदका पवित्र मन्त्रहरू भन्ने बुझिन्छ तर यस कथामा ऋचाले सोझा पुरुषहरूलाई आफ्नो यौन तुष्टिका लागि उपभोग गरेपछि लत्याइदिएकी छ । व्यङ्ग्यात्मक रूपमा यस कथाको शीर्षक सार्थक रहेको छ ।

**कोठार** कथामा प्रयुक्त 'कोठार' शब्दले तराईको धनाढ्य जमिन्दारको घरलाई बुझाउँछ जहाँ प्रशस्त नोकर-चाकर रहेका हुन्छन् र कुनै गाउँको कुनै पनि महत्त्वपूर्ण कुराको निर्णय

गरिन्छ । यहाँ कोठारमा हुने गरेको श्रम र यौन शोषणलाई देखाइएको छ । यसरी कोठारकै परिवेशमा आधारित रहेकाले यस कथाको शीर्षक सार्थक रहेको छ ।

**महानगर** कथाले सहरीया मानिसहरूको स्वार्थी, संवेदनाहीन व्यवहार, त्यहाँको महङ्गी र मानिसले मानिसलाई नचिन्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ । यसरी कथ्य विषयअनुसार यसको शीर्षक सार्थक रहेको छ ।

**भूत** कथाले वर्तमान अवस्थाको मानिसले जस्तो सुकै अनैतिक र कुकार्य गर्न पनि पछि नपर्ने प्रवृत्ति देखिएको छ । यस्तो भ्रष्ट र पतित मानिसले नैतिकता जस्तो मूल्यवान र आदर्श कुरालाई भूत वा डर त्रासको रूपमा हेरेको पाइएकाले कथ्य विषयअनुरूप यस कथाको शीर्षक सार्थक रहेको देखिन्छ ।

**बाठो** कथामा देहव्यापार गरेर जीवन धान्ने युवतीलाई विवाह गर्ने आश्वासन दिएर उसले आर्जन गरेको रूपैयाँलगायत आफूले यौनसन्तुष्टि लिए वापतको रकम पनि नदिएर चलाख वा बाठो बन्ने प्रयास गरिएकाले कथ्य विषयअनुरूप शीर्षक व्यङ्ग्यात्मक रूपमा सार्थक रहेको छ ।

**बन्द** कथाले बन्दका कारण जनजीवनमा पार्ने प्रत्यक्ष असर प्रस्तुत गरेको छ । गाडी चलाएर जीवन निर्वाह गर्ने ड्राइभरले बन्दका कारण आफनो गाडी चलाउन नपाउँदा र ऋण पनि समयमा उपलब्ध हुन नसक्दा छोराको उपचार गर्न नसकी मृत्यु हुन पुगेको छ । यसरी कथ्य विषयअनुसार अभिधात्मक अर्थमा शीर्षक सार्थक रहेको छ ।

**बाघ** कथामा घरमा काम गर्ने नोकर्नीलाई यौनसर्म्पक नगरे पनि महिनावारी रोकिएपछि सामाजिक अवगाल र आफूलाई पर्न सक्ने मानसिक त्रास मालिकमा उत्पन्न भएको छ । आफूले गल्ती नगरे पनि समाजको त्रासको मानसिकता मालिकमा देखिएकाले डर वा त्रास बाघ बनेर प्रतीकात्मक रूपमा आएको छ । यसरी यस कथाको शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको छ ।

**भ्रम** कथाले आजको समाजको मूल्यहीनता, मानिसबीचको बढ्दो कटुता, कपट र बेइमानी, आफन्तहरूबीचको झगडा, काटमार र बलात्कारजस्ता कुराहरू आजका वास्तविकता हुन भन्ने कुरा प्रस्तुत गरेको छ । वास्तविकतालाई ‘म’ पात्रले भ्रम ठानेकाले कथाको शीर्षक व्यङ्ग्यात्मक अर्थमा सार्थक छ ।

**आक्रमण** कथाले सञ्चार माध्यम, नयाँ संस्कृति, सभ्यता र परिवेशले एउटा गरिब नोकरको मानसिकतामा आक्रमण गरी पुरानो सभ्यता र संस्कारमा परिवर्तन ल्याएको देखाइएको छ । यसरी यस कथाको शीर्षक कथ्य विषयअनुरूप सार्थक रहेको छ ।

**जनता** कथाले जनताद्वारा चुनिएका नेताहरूको अकर्मण्यता र स्वार्थी प्रवृत्तिप्रति आक्रोश व्यक्त गर्ने 'ऊ' पात्रलाई उभ्याएको छ । 'ऊ' पात्र जनताको प्रतिनिधिमूलक पात्रको रूपमा आएकाले जनता शीर्षक कथ्यविषयअनुरूप सार्थक छ ।

**पतन** कथाले आफ्नो स्वार्थ पूरा हुँदा पूर्ण समर्थन जनाउने तर स्वार्थ पूरा नहुँदा विरोधी बनी विपक्षीदललाई समर्थन गर्ने प्राध्यापक जस्ता बौद्धिक स्तरका व्यक्तिहरूको पतनोन्मुख प्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ । बोलीकै भरमा आफ्नो निर्णय फेर्ने पतित मानसिकता देखाउँदै विरोधीसँग नजिकिए जस्तो गरे पनि निर्णय फेर्दा देवेन्द्रजीको सम्भावित भविष्य पनि पतित हुनसक्ने संभावना प्रस्तुत गरिएको छ । यसरी विषयवस्तु र कथ्यअनुरूप शीर्षक सार्थक देखिन्छ ।

**अन्तर** कथाले नेता र जनताबीचको सोचाइ तथा मानसिकतामा देशलाई हेर्ने दृष्टिकोणप्रति अन्तर देखाइएकाले कथ्यविषयअनुरूप यस कथाको शीर्षक सार्थक छ ।

**उचाइ** कथाले सरकार सञ्चालनमा रहेका गृहमन्त्रीले विरोधी पार्टीको भातृसङ्गठनमा आवद्ध भई विरोध प्रदर्शन गर्ने आफ्नो छोराको उचाइको आधारमा बचाउ गर्न सफल भएकाले आफ्नो उचाइ पनि बढेको महशुस गरेको छ । यसरी यस कथाको शीर्षक कथ्य विषयसँग सम्बन्धित भएकाले सार्थक छ ।

**युद्ध** कथाले विद्यार्थी जीवनदेखि नै सङ्घर्षरत तर असफल पात्र रमेशलाई उभ्याएर उसको जीवनका हरेक पराजयलाई केलाइएको छ । आफ्नो विद्यार्थी कालदेखि एकोहोरो मन पराएकी केटीलाई बलात्कार गरी प्रहरीद्वारा हत्कडी लगाइँदा पनि आफ्नो क्षमता, हैसियत र स्तरभन्दा माथिको कुरा प्राप्त गरेकोमा विजयको भाव उसमा देखिन्छ । यसरी कथ्यविषयअनुरूप यसको शीर्षक सार्थक रहेको छ ।

**रोग** कथाले नेपाली राजनीतिकवृत्तमा भ्रष्टाचारले जरा गाडेकोले यसले रोगको रूप धारण गरिसकेको यथार्थलाई प्रस्तुत गरेको छ । यसरी कथ्य विषय र उद्देश्यअनुरूप प्रतीकात्मक रूपमा शीर्षक सार्थक देखिन्छ ।

**जोकर** कथाले दुई प्रतिस्पर्धी नेताहरू पैसाले मतको किनबेच गरी आफ्नो स्वार्थ पूरा गर्ने तर आर्थिक रूपले समेत सहयोग गर्ने सोझो र इमान्दार 'ऊ' पात्रजस्ता जनताहरूलाई जोकर बनाउने नेताहरूको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएकाले कथ्यविषयअनुरूप शीर्षक सार्थक रहेको छ ।

**सलिम** कथामा सलिम 'म' पात्रको बाल्यकालको मुस्लिम साथी बनेर प्रस्तुत भएको छ । 'म' पात्र पटकथाकार बन्नुमा सलिमको भूमिका बढी भएको तर गरिबीका कारण सलिम जुत्ता पालिस गर्ने काममै लाग्नु परेको यथार्थता प्रस्तुत गरिएको छ । सलिम यस कथामा प्रमुख पात्रको रूपमा आएको र 'म' पात्रको निम्ति पनि प्रेरणादायी भएकाले पात्र र कथ्यविषयसँग शीर्षक सार्थक रहेको देखिन्छ ।

**हिटलर** कथाले वर्तमान समयको आतङ्कित र भयभीत वातावरणमा इतिहासको क्रूर शासक हिटलर पात्र उभ्याई ऊ पनि आजको अवस्थामा काँतर र हैसियत नभएको बन्न पुगेको देखाएको छ । यसरी हेर्दा व्यङ्ग्यात्मक रूपमा शीर्षक सार्थक छ ।

**हे नर्मदे** कथाले नर्मदा नदीमा फ्याँकिएका पैसाहरू बटुलेर आफ्नो रोजीरोटी टार्ने परिवारको कथालाई प्रस्तुत गरेको छ । सोही नदीमा रमेशुको बाबुले ज्यान गुमाउनु परेको छ भने छोरो रमेशु र उसकी आमाको प्राण धान्ने माध्यम पनि 'नर्मदे' नदी नै बन्न पुगेकाले कथ्यविषय र शीर्षकबीच सामजस्यता रहेको पाइन्छ ।

**मारूती ८००** कथाले भारतले नेपालको आन्तरिक मामिलादेखि लिएर राजनीतिक र प्रशासनिक आदि क्षेत्रमा गरेको हस्तक्षेपलाई प्रस्तुत गरेको छ । **मारूती ८००** ले यहाँ साम्राज्यवाद र सम्पन्नताको प्रतीकको रूपमा आएकाले शीर्षक प्रतीकात्मक रूपमा सार्थक देखिन्छ ।

**खोर** कथाले गरिबीका कारण जीवन धान्ने क्रममा नयाँ खोर (घर) बनाउने युवती र उसका बाबुआमाको चाहनालाई एक वनपालेद्वारा प्रेमको नाटक रचेर आफ्नो स्वार्थ पूरा गरी उनीहरूलाई बिल्लीबाठ बनाएको छ । उनीहरूको खोर बनाउने चाहना भताभुङ्ग हुन पुगेकाले कथाको केन्द्रीय कथ्य र शीर्षकका बीचमा सामजस्यता रहेको छ ।

**भित्ता** कथाले प्रजातन्त्र प्राप्तिका निम्ति आफूलाई जनआन्दोलनमा घाइते तुल्याउने डि.एस.पी. कृष्णबहादुरलाई नै बाध्यतावश आशीर्वाद दिनुपर्ने प्रजातन्त्रप्रेमी शिक्षकको दयनीय अवस्थालाई देखाएको छ । आफू र देशलाई जसले जे मन लाग्यो त्यही गरे हुने भित्तोसँग आरोप गरेकाले प्रतीकात्मक रूपमा यस कथाको शीर्षक सार्थक छ ।

**खेल** कथामा आफ्नो मालिक ज्ञानुबावुलाई भोट नदिने विमलीलाई नोकर्नी रामेसोरीले लिएको बदलाको खेललाई देखाइएको छ । यसैगरी अर्कोतर्फ अवैध प्रेम गर्ने विमली र रामलखनको रतिक्रीडाको खेललाई देखाएको छ । यसरी यस कथाको कथ्यविषयअनुरूप शीर्षक सार्थक रहेको छ ।

**प्रभु** कथाले देशको अशान्त र आतङ्कपूर्ण अवस्थाबाट मुक्त हुनका निम्ति दलहरूले सहाराका रूपमा प्रभुका अवतार राजाबाट आशा गरेको देखाएको छ । सहारा लिंदालिँदै पनि प्रभु विस्तारै निरङ्कुश बन्दै गएकाले डरलाग्दो स्थिति सिर्जना भएको छ । प्रभु यहाँ राजाको प्रतीकका रूपमा आएकाले कथ्यविषय र शीर्षकबीच प्रतीकात्मक र व्यङ्ग्यात्मक रूपले सार्थक रहेको छ ।

**नायक** कथाले नेपाली सिनेजगत्मा देखिएको निर्माता निर्देशकको रुचिअनुसार कथामा नायकले भूमिका खेल्नु पर्ने अवस्थालाई देखाएको छ । आफ्नो पारिश्रमिक नपाएर वर्वाद हुनबाट बच्न र आफ्नो पेसालाई निरन्तरता दिनको निम्ति पनि निर्माता निर्देशकको दास बन्नु परेको बाध्यताजन्य स्थितिलाई देखाइएकाले कथ्यविषयअनुरूप शीर्षक सार्थक रहेको छ ।

**(ख) कथावस्तु**

**पुलिस** कथाको कथावस्तु पुलिसको निर्दयी र लुटपाट गर्ने प्रवृत्तिसँग सम्बन्धित छ । 'म' पात्रको इन्स्पेक्टर दाजुले काठमाडौंमा कान्छी स्वास्नी राखेर जेठीलाई वास्ता नगरेकाले जेठी भाउजूको मनस्थिति ठीक नभएको देखिन्छ । नेपालगन्जबाट काठमाडौं गई 'म' पात्रको दाजुलाई भेटेर नेपालगन्ज फर्कने क्रममा बस दुर्घटना हुन पुग्छ । त्यसै समयमा घाइते 'म' पात्रले अर्द्धचेतन अवस्थामा बर्दी लगाएका पुलिसहरूद्वारा घाइतेहरूको उद्धार गर्ने नाममा आफू र मृत भाउजूका घडी, पैसा तथा गरगहना लुटेको देख्छ । 'म' पात्रले लुटपाट गर्ने पुलिसमा आफ्नै इन्स्पेक्टर दाजुको संवेदनहीन र सम्बन्धहीन आकृति देख्न पुगेको घटना नै कथा वस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

**तरूल** कथाको कथावस्तु धरानदेखि विराटनगरसम्मको 'म' पात्रको यात्रासंस्मरणमा आधारित छ । 'म' पात्र बसमा यात्रा गर्दा बूढी, बुहारी र नातिनी पनि यात्रामा सहभागी हुन पुगेका छन् । यी तीन पुस्ताको जीविकाको एउटै स्रोतका रूपमा रहेको घरेलु रक्सी ग्यालेनमा राखेर बेच्ने ठाँउसम्म पुऱ्याउन लाग्दा प्रहरीले खोसेर पोखिदिन्छ, आफैंलाई कात्रोको जोहो गरेर राख्ने निर्धन वृद्धाको सपनादेखि लिएर उनकी अधबैंसे बुहारीको घरबार धान्ने योजना र

पठ्ठी नातिनीको प्रेमी भेट्ने आकाङ्क्षा एकसाथ तुहिन गएको कथावस्तुलाई यस कथाले समेटेको छ ।

**एकैदिन** कथाको कथावस्तु रामगाउँले ब्राहमण र कामता पासी दलित जातका परिवारसँग सम्बन्धित छ । गरिब कामता पासीले साहिँली छोरीको बिहेको निम्ति गाउँको जमिन्दार राम गाउँलेसँग ऋण लिन्छ । रामगाउँलेको ऋण तिर्न र बेरोजगार छोरालाई सानो पसल खोलिदिन कामता पासीले आफूसँग भएको जम्मा दसधुर जग्गा रामगाउँलेलाई पास गरिदिन्छ तर पैसा भने बुझेको हुँदैन । भोलिपल्ट जग्गा बेचेको पैसा लिन जाँदा रामगाउँलेको मृत्यु भइसकेकाले उसको पैसा पाउने संभावना नरहेको देखाइएको छ ।

**वेद र ऋचा** कथाले चरित्रहीन युवतीले सोझा पुरूषहरूलाई आफ्नो यौन तृप्तिका लागि उपभोग गरेपछि लत्याएको कथावस्तु प्रस्तुत गरेको छ । वेद र ऋचाको पारिवारिक सम्बन्ध कलहमा परिणत भएपछि वेद घरबाट निस्कन्छ । ऋचाले चिया बेचेर धनी भएका विवाहित नारायण दाइसँग सम्बन्ध गाँस्दछे । नारायण दाइकी पहिली पत्नी छोराछोरी बोकेर माइत लाग्छे । यता आफ्नो जग्गा र छाप्रो बेचेर ऋचालाई गरगहना बनाइदिन्छ । चिया पसल पनि छोडिदिन्छ । त्यो ठाउँमा हरिदाइको चिया पसल स्थापित हुन पुग्छ । नारायण दाइको सम्पत्ति र यौवन सकिएपछि ऋचाले हरिदाइसँग सम्बन्ध गाँसेको कथावस्तु रहेको छ ।

**कोठार** कथाले तराईको ग्रामीण क्षेत्रको जमिन्दारी प्रथा र उनीहरूले गर्ने आर्थिक, यौन शोषण र सामाजिक प्रभुत्व तथा त्यसले जन्माएका विकृतिहरूलाई केलाएको कथावस्तु प्रस्तुत गरेको छ । एकै बाबु र भिन्न आमाबाट जन्मेका सन्तानहरूबीच जातीयताका कारणले एउटा मालिक र एउटा नोकर बन्नु परेको अवस्था यसमा चित्रित छ । कोठारमा बहादुरवा सम्पत्तिकी मालिक्नी थरूनीबाट जन्मिए पनि नोकरको रूपमा हेरिन्छ । आमाको मृत्यु पछि ऊ कोठारबाट छाप्रोमा आइपुग्छ र हली र नोकरको रूपमा कोठारमा काम गर्न बाध्य हुन्छ । कोठारमा भएको रक्तमिश्रणको घटनाका रूपमा बहादुरवाकी छोरी र सौतेनी आमाको छोरोबीचको यौन दुराचारलाई पनि देखाइएको कथावस्तु रहेको छ ।

**महानगर** कथाले काठमाडौं महानगरभित्रको सहरीया व्यस्तता, अपरिचित वातावरण, महङ्गी, बेरोजगारी र मानवताहीन यान्त्रिक जीवनशैलीलाई कथावस्तुको रूपमा प्रस्तुत गरेको छ । एक्सिडेन्ट पर्दा ब्लड दिएर प्राण बचाउने रमेश नामको सहयोगीलाई 'म' पात्रले सिनेमा हलमा भेट्दा चिन्न सक्दैन । रमेशले उसको निम्ति टिकट र नास्ताको व्यवस्थाका साथै

आफ्नो बेरोजगारी समस्याको कारण मधेशतिर जाने दुखेसो व्यक्त गर्दछ । अन्त्यमा छुटिने बखत 'म' पात्रले चिन्न नसकेको बताएर आफ्नो लाचारी प्रकट गरेको कथावस्तु यस कथामा रहेको छ ।

**भूत** कथाले नैतिकता नामकी मरिसकेकी युवती मध्यरातमा प्रकट भएर 'म' पात्रसँग यात्रा गर्दाको क्षणलाई स्वैरकल्पनाका माध्यमबाट कथावस्तु प्रस्तुत गरेको छ । मध्यरातको समयमा 'म' पात्र मोटरसाइकलमा यात्रा गरिरहँदा धन, प्रतिष्ठा, ज्ञान र पहुँचको नशामा मस्त देखिन्छ । नैतिकता नामकी युवती भने समाज अभद्र अनैतिक र अशिष्ट भएको दुःखेसो पोख्दछे र 'म' पात्रलाई त्यस्ता व्यक्तिहरूसँग साथ नगर्न आग्रह गर्दछे । भोलिपल्ट उक्त युवतीको घरमा जाँदा एक जना बूढो व्यक्तिले नैतिकता मरिसकेको बताइएको घटना यस कथामा कथावस्तुको रूपमा आएको छ ।

**बाठो** कथा वेश्यावृत्तिमा संलग्न एक बत्तीस वर्षे आकर्षक र सिपालु वेश्याको घटनावृत्त प्रस्तुत भएको छ । थुप्रैकी भोग्या ऊ म पात्रकी पनि शारीरिक भोगकी साधन बनेकी छे । 'म' पात्रले उसलाई उद्धार गर्ने नाममा बिहे गर्ने आश्वासन दिई पैसासमेत लिएर आफ्नो खर्च चलाउँछ । वेश्याले आफ्नी छोरीलाई आफू जस्तो नबनाई ठूली मान्छे बनाउने सोच राखेकी छे । अन्त्यमा 'म' पात्रले रोयल्टीबाट प्राप्त रु. ७५० मात्र वेश्याकी छोरीलाई दिनखोजे पनि वेश्याको मृत्यु भएपछि उसकी छोरी पनि वेश्या नै बन्न सक्ने संभावना भएकाले पैसा नदिएरै घरतिर फर्किएको घटनालाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

**बन्द** कथाको कथावस्तु गरिबी र अभावग्रस्त जीवन बाँच्ने टेम्पो ड्राइभरको घटनामा आधारित छ । छोरो एपेन्डिक्सको रोगी भएकाले औषधी उपचारका निम्ति दसतिर धाउँदा पनि नपाएपछि ऊ निराश भएको छ । त्यसै दिन बन्दका कारणले उसले आफ्नो ट्याम्पो पनि चलाउन पाउँदैन । केहीबेर ढिलो भएमा मर्न सक्ने संभावना भएकाले छोराको अप्रेसन समयमै गर्नुपर्ने देखिन्छ । धेरै ठाउँ रकम खोजेपछि बल्ल बल्ल रिक्सा चलाउने उसको साथीबाट रकम प्राप्त गर्छ । अस्पताल पुग्दा छोरो मरिसकेको हुन्छ । यसरी बन्दको असरले उसको छोराको जीवन नै बन्द हुन पुगेको कथालाई कथ्य विषयको रूपमा लिइएको छ ।

**बाघ** कथा पारिवारिक घटनाक्रममा आधारित छ । घरमा 'ऊ' पात्रकी स्वास्नीको निधनपछि दाजुले आफ्नो ससुरालीबाट ल्याइएकी चम्पा नाम गरेकी केटी घरमा काम गर्दछे । चम्पाको जवानी र क्रियाकलापले उनी शसङ्कित र केही आकर्षित हुन पुगेको देखिन्छ ।

बजारमा तरकारी लिन पठाउँदा चम्पा भोलिपल्ट मात्र घरमा आएपछि उनी रिसाउँछन् । चम्पाको महिनावारी रोकिन पुग्दछ । गाउँका सुब्बा बाजेले पनि स्वास्नी मरेको वर्षदिन नपुग्दै घरमा काम गर्ने युवतीलाई गर्भ बोकाएकोले आफुलाई पनि समाजले त्यस्तै शङ्का गर्न सक्ने भएकाले इज्जत जाने त्रासमा रहन्छन् । बेइज्जतीबाट मुक्त हुन चम्पालाई उसकै घरमा पुऱ्याइन्छ । डाक्टरको भनाइअनुसार टाइफाइड भएमा महिनावारी केही महिना रोकिन सक्ने जानकारी पाएपछि उनीहरू पश्चातापमा पर्दछन् ।

**भ्रम** कथाको कथावस्तु 'म' पात्रको शङ्कालु मानसिकतामा आधारित छ । 'म' पात्र निरुद्देश्य हिँड्दा देवकृष्णको पसलमा अनाथ केटालाई कुटिरहेको देख्न पुग्छ । देवकृष्ण र माहिला दाजुको अनुहार एक अर्कामा दाँज्दछ । विवेक र धर्म कुस्ता कुस्ती गरी लडिरहेको देख्न पुग्दछ । हर्कमान आफ्नो पसलमा चामल चोरेको आरोपमा दुई शरणार्थीलाई कुटिरहेको हुन्छ । बाटोमा बच्चा फ्याँकिएको दृश्य, छोराको पिटाई खाएर थला परेको वृद्ध ईश्वरसित मृत्युको भीख मागिरहेको, आफन्तहरू काटमार गरिरहेका, आफ्नी पत्नीजस्तै अनुहारकी युवती बलात्कृत भएकी आदि घटनाक्रमहरू 'म' पात्रको अनुभव भ्रम बनेर कथावस्तुको रूपमा प्रस्तुत भएका छन् ।

**आक्रमण** कथाको कथावस्तु थारू जातिको समृद्ध व्यक्तिको घरमा बस्दै आएको गाउँले इमान्दार नोकर असर्फीसँग सम्बन्धित छ । जमिन्दारका छोराछोरीहरूको सुकिला र मिलेका लुगाहरू, जीवनशैली र खानपान देखेर पनि उसले ती सुविधा पाएको छैन । उसले बाहिरको वातावरणमा भएका तलाउ, मेला, नौटङ्की जस्ता कुराहरू मन पराउन छोड्दछ । आफ्नी थरूनीलाई मन नपराएर अरूहरूको अनुहार खोज्न थालेको छ । ऊ महरामका छोराछोरी बस्ने कोठीभित्र रमाउन थालेको छ । आफूसँग भएका जति सबै चीजहरू ऊ मन नपराउने भएको छ । कोठीभित्रको टेलिभिजनमा देखिएको नयाँ संसार, नयाँ परिभाषा, नयाँ संस्कार आदिले उसमाथि आक्रमण गरेकाले गाउँका सबैथोक उसलाई रङ्गहीन लागेको घटनालाई कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

**जनता** कथा नेपालका राजनैतिक नेताहरूको निर्लज्जताप्रति जनताहरूले पोखेको पीडा र आक्रोशसँग सम्बन्धित छ । जनता नेताको सत्ता र कुर्सीमोह, देशभक्तहीन, अकर्मण्य, भ्रष्टाचार, घुसखोरी र कमिसनतन्त्रका मतियार, पथभ्रष्ट, अमानवीयता जस्ता व्यवहारप्रति आक्रोश पोख्दछन् । नेता भने जनताको भनाइप्रति सचेत हुनुको सट्टा निर्लज्ज हाँसेर टारिदिन्छ । भोक, रोग र अभावका पीडाहरूले ग्रस्त आन्दोलित जनता अन्त्यमा नेताले

टेरपुच्छार नलगाएपछि लाचार बन्नु परेको बाध्यात्मक परिस्थिति सिर्जना भएको कथावस्तु रहेको छ ।

**पतन** कथा मध्यावधि निर्वाचनमा देखिएको नेपालगन्जको स्थानीय राजनीतिक चुनावी माहोललाई आधार बनाई लेखिएको छ । क्याम्पसका प्राध्यापक देवेन्द्रले राष्ट्रिय राजनीति गर्ने शिलाबाबुलाई यसपटक भोट नदिने निर्णय गर्न पुग्दछन् । आफूलाई क्याम्पस प्रमुख नबनाइएको र छोरीलाई पनि सहयोग नगरेकोले उनी शिलाबाबुका विरोधी बन्न पुग्दछन् । आफूसँग भोट माग्न आएमा जुत्ताको मालासमेत लगाइदिने सोच राख्ने उनी शिलाबाबुका विरोधी राजेन्द्रबाबुलाई भोट दिन सबैलाई आग्रह गर्ने सोच राख्न पुग्छन् । पहुँचमा रहेका शिलाबाबुको आफ्नै आँगनमा भएको आगमनले उनी पग्लिन पुग्दछन् । शिलाबाबुले आफ्नो नाम लिंदै धाप दिएपछि पुराना कुरा सबै भुली विशिष्ट व्यक्तिको धाप पाएर देवेन्द्र उनकै झोला बोकेर पछि लागेको घटना नै यसको कथावस्तु हो ।

**अन्तर** कथा तीनचार वर्ष मसान साध्ने अभ्यासपछि अर्काको शरीरमा प्रवेश गर्ने परकाया प्रवेशको सिद्धि प्राप्त गरेको साधारण व्यक्तिले आफूले र नेताले सोच्ने अन्तरका सम्बन्धमा यहाँ विश्लेषण गरिएको छ । खाना, कामवासना आदि तहमा जनताको र नेताको सोचाइमा खासै भिन्नता देखिँदैन । देश र प्रजातन्त्रका सम्बन्धमा भने नेता र सर्वसाधारण जनताको सोचाइमा निकै फरक पाइन्छ । नेताले प्रजातन्त्र र देशलाई स्वादिलो फल नरिवललाई हातमा राखेको ठान्ने मानसिकताको विश्लेषण यस कथाको कथावस्तुमा प्रस्तुत भएको छ ।

**उचाइ** कथाको कथावस्तु बाबु गृहमन्त्री र छोरो विपक्षी दलको भातृसङ्गठनको विद्यार्थी नेता हुँदा हुन पुगेको अप्ठ्यारो परिस्थितिसँग सम्बन्धित छ । विरोध जुलुसमा आफ्नो छोराको आँखामा चोट लागेकाले भइरहेको यो विरोध जुलुसमा पनि दुर्घटना हुन सक्ने संभावना देखिन्छ । घरबाट गृहमन्त्रीको स्वास्नीले छोरो घाइते भएकोले तलमाथि हुन सक्ने हुँदा छोरो सम्मिलित विरोध जुलुसमा कुनै कारवाही नगर्न लोग्नेलाई सचेत गराउँदछे । उता प्रहरी प्रधान कार्यालयबाट बारम्बार कारवाहीका सम्बन्धमा आदेश मागिरहँदा गृहमन्त्रीले आफ्नो छोराको बचाउका निम्ति छोरो साढे चार फिटको भएकाले पाँच फिटभन्दा मुनि लाठी चार्ज नगर्न र होचालाई गिरप्तार गरी टाढा लगेर मात्र हवाई फायर गर्ने प्रहरीलाई आदेश दिई छोरालाई सुरक्षित राखेको कथावस्तु रहेको छ ।

**युद्ध** कथा भूतपूर्व सैनिक बाबुको छोरो 'म' पात्रको साथी रमेशको जीवनसङ्घर्षमा आधारित छ । गरिब र निर्धन ऊ शिक्षकहरूका दृष्टिमा कहिल्यै असल छात्र बन्न नसकेको पाइन्छ । एस.एल.सी.सम्म मुस्किलले उत्तीर्ण गर्ने ऊ पाँच वर्ष जेठी श्रीमती बिहे गर्दछ । स्कुलमा पढ्दा रमा नामकी सुन्दर केटी मन पराए पनि उसले केही गर्न सक्दैन । उसकी स्वास्नी नै पोइल गएपछि उसको जीवन हारैहारमा परिणत हुन पुगेको देखिन्छ । बेरोजगार युवकका रूपमा देखापरेको ऊ काम नपाएर त्यसै बरालिन्छ । आफूले एकोहोरो मन पराएकी सुन्दर केटीलाई एकदिन बलात्कार गरेपछि उसलाई प्रहरीले हत्कडी लगाए पनि विजयको मुस्कान देखापरेको घटनालाई यस कथाले कथावस्तुको रूपमा प्रस्तुत गरेको छ ।

**रोग** कथामा भ्रष्ट र अनैतिकताले मानिसको जीवनमा प्रवेश गरेको घटनालाई कथावस्तु बनाइएको छ । इमान्दार, नैतिक र सदाचारी नेतालाई पनि विस्तारै भ्रष्ट मानसिकताले अँगाल्न थालेको देखिन्छ । सांसद, मन्त्री, प्रधानमन्त्रीका हरेक विचार, गोष्ठी, घर हुँदै आचरणमा समेत भ्रष्टताले आश्रय लिएको छ । भ्रष्ट आचरणले मानिसलाई सदाचार, नैतिकता र स्वविवेकीबाट पथभ्रष्ट बनाएको छ । यसरी सबै नेताहरू सरह 'ऊनी' स्वयम् पनि देशको राजनीतिमा मनपर्ने भ्रष्टाचारी भएको घटनालाई यसको कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

**जोकर** कथा नेपालगन्जको स्थानीय राजनीतिक वृत्तमा देखिएको मतको क्रयविक्रय र पतनोन्मुख राजनीतिसँग सम्बन्धित छ । चुनावको बेला डेढ तोला सुनको सिक्री, गिरबी राखिएको चालीस तोला चाँदी, रु.१५०० र परिश्रम खर्चेर उम्मेदवार बनेका राजेन्द्र बाबुलाई उसले थुप्रै लगानी गर्दछ । स्वास्नी र आमाको रकम दुकानमा लगाउनु पर्ने मागलाई लत्याएर प्रजातन्त्र र राजेन्द्रबाबुमाथि विश्वास गरेको उसले चुनावमा हारेको राजेन्द्रबाबु कहाँ पैसा सापटीको कुरा गर्न जान्छ । अर्का प्रतिद्वन्द्वी शिलाबाबु र राजेन्द्रबाबुको राजनीतिक कपट अर्थात मतको सहयोगवापत लेनदेन भएको देखेर स्तब्ध हुन पुग्दछ । राजेन्द्रबाबुले वास्ता नगरेर ढोकामा चुकुल लगाएपछि उसले आफूलाई तासको खेलमा फाल्तु भएको जोकरजस्तो ठान्न पुगेको घटनालाई यस कथाले कथावस्तुका रूपमा प्रस्तुत गरेको छ ।

**सलिम** कथा बाल्यकालको मुस्लिम साथी सलिमलाई 'म' पात्र अर्थात लेखकको जीवनसँग तुलनात्मक रूपमा वर्णन गर्ने क्रममा आएका घटनाहरूसँग सम्बन्धित छ । बाल्यकालमा माछा मार्नेदेखि लिएर साइकल चलाउन र सिनेमा हेर्न लेखक उसैबाट सिक्छन् । बालसुलभ मित्रता उनीहरूको दिगो र अविष्मरणीय रहन्छ । फिल्ममा हिरो बन्ने सोख भए

पनि सलिम गरिबीका कारण जुत्ता पालिस गर्ने काम गर्न पुग्दछ भने लेखक सिनेमा निर्माणमा सम्बद्ध हुन पुग्दछन् । निकै समयपछि छायाङ्कनका क्रममा गृहनगर पुग्दा लेखकले आफ्नो जुत्ता पालिस गर्न दिँदा सौतेनी आमाले जुत्ता सिउँदा प्रयोग हुने औजारले हानेर फुटेको निधारमा खत भएको उही 'सलिम' देख्दा ज्यादै अचम्मित हुन पुगेको घटनालाई यहाँ कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

**हिटलर** कथामा विश्वका तानाशाही क्रूर, निरङ्कुश हत्यारा हिटलरलाई कथाको पात्र बनाई आजको यो आतङ्कित युगमा हिटलर जस्तो पात्र पनि त्रसित र कायर हुनु परेको यथार्थलाई कथावस्तु बनाइएको छ । दूध खान मन लागेको हिटलर दूधको खोजीमा जाँदा बजारमा बन्दुक, चेन, गोला, छुरा आदि प्रदर्शन भइरहेकाले त्रसित बनेको छ । बजारमा कर्फ्यु लागेको छ । म पात्र पनि दङ्गालाई छिचोल्दै हिटलरका खोजीमा निस्कन्छ । आजको हत्या, मारकाट, अस्थिरता, दङ्गा, अविश्वास र राजनीति तानातानीका बीच हिटलर एक नगन्य र निरीह व्यक्ति बनेको घटना नै हिटलर कथाको कथावस्तु हो ।

**हे नर्मदे** कथाको कथावस्तु नर्मदा नदीमा भक्तजनद्वारा फ्याँकिएका पैसाहरू बटुल्ने जातिका मानिसहरूको कहालीलाग्दो जीवनसँग सम्बन्धित छ । पुर्ख्यौली पेसा नै फ्याँकिएका सिक्का टिपेर जीविकोपार्जन गर्ने रमेशु र उसकी आमा जीवन र मरणको दोसाँधमा रहेर सङ्घर्ष गर्दछन् । रमेशु तीन वर्षको हुँदा उसको बाबु नदीको धारमा विलीन हुन पुगेको थियो । नदीमा फ्याँकिएका पिण्डलाई पिसेर रोटी बनाई स्वादिष्ट परिकार रूपमा खानु उनीहरूको नियति बनेको छ । सिक्काहरू बटुलेर सिङ्गमरमरको मूर्तिको पसल खोल्ने चाहना भएको रमेशु धेरै पैसा बटुल्ने झोला लिएर नदीमा जान्छ तर प्वाल परेको झोला भएकाले पैसा सबै नदीले बगाएर  उसको सपनामा तुषारापात भएको घटना नै यस कथाको कथावस्तुका  रूपमा प्रस्तुत भएको छ ।

**मारुती ८००** कथामा नेपाली राजनीतिक क्षेत्रमा वैदेशिक चलखेल र हस्तक्षेपलाई आधार बनाएर लेखिएको कथावस्तु रहेको छ । दिल्लीबाट नेपाल आई पैसाको भरमा नेपाली अङ्गीकृत नागरिकता प्राप्त गर्ने रितेशको बाबु कानुन मिचेर दिल्लीदेखि काठमाडौँसम्म मारुतीमा यात्रा गर्दछ । ऊ पात्र, रितेश र रितेशका बाबुमध्ये 'ऊ' गरिब परिवारको साइकल पनि चढ्न नपाउने नेपाली केटा हो । मारुतीलाई नजिकबाट हेर्ने रहर गर्ने नेपाली केटा बीच बाटोमा गएर गाडी रोक्न खोज्दछ । ट्राफिक नियमसमेत  नमान्ने र

लाइसेन्स पनि नभएको रितेशको बाबु गाडी नरोकी उसलाई किचेर अगाडि बढेको घटना नै यहाँ कथावस्तुका रूपमा प्रस्तुत भएको छ ।

**खोर** कथाको कथावस्तु प्रेमको नाममा गरिने शोषणसँग सम्बन्धित छ । आरक्ष क्षेत्र नजिकै २ हजारमा झुपडी किनेका मुनाका बाबुआमाका २ छोरा हैजाले मरेका र एक छोरो भारत गएपछि मुना एक्लिन पुगेकी छे । बागलुङबाट बर्दिया आएका उनीहरू आरक्ष नजिकै बसोबासका निम्ति आउँछन् । आरक्षको वनपाले मदन र मुनाबीच प्रेम सम्बन्ध कायम हुन पुग्छ । मुनाको कोखमा मदनको गर्भ हुर्कंदै गएपछि मातापिताले एउटा झुपडी बनाउन प्रस्ताव राख्दछन् । मदनले आरक्षबाट रूख ढालेर ल्याउन लगाएपछि रूख ढाल्दै गर्दा अर्को बनपालेले मुना र मुनाका बाबुआमालाई पाता कसेर लैजान्छ । मदनले मुनासँग बीस हजार रूपैयाँ दिएर त्यहीबाट भाग्न भनेपछि झुपडी बनाउने सपना चकनाचुर हुन पुगेको छ । मदनले अर्को वनपालेसँग लेनदेन गरेको देखेर खोरमा थुनिएको पशुझैँ मुना लाटी हुन पुगेको घटना नै यस कथाको कथावस्तु हो ।

**भित्ता** कथाको कथावस्तु एक आदर्शवादी, राष्ट्रप्रेमी, प्रजातन्त्रका निम्ति आफ्नो जीवन व्यतित गर्ने एक शिक्षकको जीवनसँग सम्बन्धित रहेको छ । देशको अन्याय, अत्याचार र दमनशोषणका विरुद्ध २०३६ र २०४६ सालमा आन्दोलनको नेतृत्व गर्ने ऊ पुलिसको गोलीले लङ्गडो हुन पुगेको छ । देशमा प्रजातन्त्रपछि गृहमन्त्रीमा आफ्नै ससुरो भएका कारण आन्दोलन दबाउने र लङ्गडो तुल्याउने कृष्णबहादुरको उल्टै पदोन्नति हुँदै डि.एस.पी. बन्दछ । शिक्षकका दुई छोराहरू नै अ.स.इ. भएकाले उनीहरूलाई नै साथमा लिएर आएपछि रक्षाबन्धन बाँधिदिन नचाहेर पनि श्रीमती र छोराको आग्रहमा कृष्णबहादुरको घरमा पुग्नुपर्ने बाध्यता रहेको छ । आफूलाई लङ्गडो तुल्याउने कृष्णबहादुरलाई आशीर्वाद दिनुपर्दा ऊ आफू र देशलाई जसलाई जे मन लाग्यो त्यही गर्ने भित्तो सम्झन पुगेको घटनालाई यस कथाले कथावस्तुका रूपमा प्रस्तुत गरेको छ ।

**खेल** कथाले गा.वि.स. अध्यक्षमा पराजित ज्ञानुबाबुलाई एक मतले हराउने व्यक्तिलाई बदला लिने प्रसङ्गलाई प्रस्तुत गरेको छ । ज्ञानुबाबुको घरमा काम गर्ने ओरगानी रामेसोरीले भोट नदिने विमलीलाई कसरी बदला लिने भनी सोच्दछे । आफ्नो मालिकलाई तन र मन दुवै दिएकी रामेसोरी नुनको सोझो गर्न चाहान्छे । रामलखन र विमलीको अवैध प्रेमसम्बन्धलाई आश्रयस्थलका रूपमा आफ्नो मालिकको अनुपस्थितिमा घरमा बस्न दिएर उनीहरूको प्रेमक्रीडा भइरहेको बेला गाउँलेहरूलाई सुराकी दिएर पक्डाउँछे । पञ्चायतको

फैसलाले विमली पुरानो लोग्ने कँहा जानुपर्ने हुन्छ । विमली नामर्द र हुतिहारा लोग्ने कहाँ नजाने बताउँछे । विमलीले चुनावमा ज्ञानुबाबुलाई भोट नदिएकाले रामेसोरीले बदला लिएको घटना नै यस कथाको कथावस्तुका रूपमा प्रस्तुत छ ।

**प्रभु** कथाले दरबारहत्याकाण्ड पछि दलहरूमा आएको मनस्थितिको विश्लेषण गर्ने प्रयास गरेको छ । माओवादी जनयुद्धका कारण देशका विभिन्न ठाउँमा पुल, बाटाघाटा भत्किएका तथा अन्यौल र अत्यासलाग्दो स्थिति पैदा भई देशको निकास ननिस्किएकाले यसबाट मुक्ति हुन दलका नेताहरू एकआपसमा शत्रुता भए पनि स्वार्थगत एकता गर्न बाध्य हुन्छन् । उनीहरू राजालाई सार्वभौम शक्ति ठानेर जटिल स्थितिबाट पार लगाउन स्तुति गर्न थाल्दछन् । आफ्नो उद्धार राजाबाट हुनसक्ने ठानेका दलहरू उनको निरङ्कुश कदमका कारण पीडित बन्न पुगेको घटना नै 'प्रभु' कथाको कथावस्तुका रूपमा प्रस्तुत छ ।

**नायक** कथाको कथावस्तु चलचित्र पेसासँग सम्बन्धित छ । पटकथाकारले आफ्नो भावना बमोजिमको पटकथा बनाउँदा निर्माता र निर्देशकबाट व्यापारिक रूपले कथालाई संशोधन गर्नुपर्ने बाध्यता देखिन्छ । निर्देशक तथा निर्माताको निर्देशन बमोजिम काम नगर्दा त्यस क्षेत्रमा काम गर्ने नायकलगायत मेकअपम्यान, स्पोर्टब्वाय, कुक, जुनियर कलाकार आदिले अप्ठ्यारो भोग्नुपर्ने बाध्यता भएको कथ्यविषय नै यसको कथावस्तुका रूपमा प्रस्तुत भएको छ ।

### (ग) पात्रविधान

नयनराज पाण्डेका यस सङ्ग्रहका कथाहरूमा निम्न, मध्यम र उच्च वर्गीय नारी र पुरुष पात्रको प्रयोग गरिएको छ । नेपाली समाजको यथार्थ धरातलबाट टिपिएका उनका कथाहरू सजीव छन् । उनका कथाका पात्रहरूमा वितृष्णा भाव पाइँदैन । उनीहरूमा जीवनप्रतिको सचेतता र सङ्घर्षको पनि चित्रण पाइन्छ ।

**पुलिस** कथामा 'म' र 'भाउजू' प्रमुख पात्रका रूपमा रहेका छन् । तर कथा 'म' पात्रकै केन्द्रीयतामा अघि बढेको छ । यहाँ 'म' पात्र भाउजूको वितृष्णालाई नजिकबाट नियाल्छ । 'म' पात्रको दाजु इन्स्पेक्टर र 'पुलिस' सहायक पात्रको रूपमा देखिन्छ । उनीहरू प्रतिकुल पात्रका रूपमा देखिएका छन् ।

**तरूल** कथाको प्रमुख पात्र 'ऊ' हो । 'ऊ' केन्द्रीयतामा नै कथावस्तु अगाडि बढेको छ । सहायक पात्रका रूपमा बूढी, बुहारी र नातिनी सीता रहेका छन् । उनीहरू वर्गीय पात्र हुन् । केटा र पुलिस यहाँ गौण पात्रको रूपमा आएका छन् ।

**एकै दिन** कथामा प्रमुख पात्रका रूपमा राम गाउँले र कामता पासी आएका छन् । कामता पासी गरिब वर्गको प्रतिनिधित्व गर्ने अनुकूल चरित्र हो । रामगाउँले गाउँको जमिन्दार शोषक सामन्तीको प्रतिनिधित्व गर्ने प्रतिकूल र वर्गीय पात्र हो । रामगाउँलेको छोरो र उसका परिवार गौण पात्र हुन् ।

**वेद र ऋचा** मा नारायण दाइ र ऋचा प्रमुख पात्रका रूपमा आएका छन् । ऋचा सोझा लोग्ने मानिसहरूलाई फसाएर आफ्नो यौवनको तृष्णा मेट्ने चरित्रहीन र प्रतिकूल पात्र हो । ऋचाको लोग्ने वेद, हरिदाइ, नारायण दाइकी जेठी पत्नी यहाँ सहायक पात्रको रूपमा आएका छन् ।

**कोठार** कथामा प्रमुख पात्रका रूपमा बहादुरवा प्रस्तुत भएको छ । चौधरी परिवारको धनाढ्य आमाबाट जन्मेको ऊ बाबुले अर्की बाहुनी श्रीमती ल्याएपछि नोकरको रूपमा काम गर्न पुग्छ । ऊ वर्गीय पात्र हो । बहादुरवाकी आमा, बाबु र सौतेनी आमाको छोरो मालिक सहायक पात्रको रूपमा प्रस्तुत भएका छन् भने चिया पिउने ग्राहकहरु र छिमेकी गौण पात्र हुन् ।

**महानगर** कथामा 'म' पात्र र उसको सहयोगी प्रमुख पात्र हुन् । 'म' पात्र धनाढ्य र जागिरदार युवक हो । ऊ आफैंलाई रगत दिएर बचाउने आफ्नै सहयोगीलाई नचिन्ने प्रतिकूल चरित्र बनेको छ । 'म' पात्रको सहयोगी सहरमा जागिर नपाएकाले बस्न नसकी गाँउतिर लाग्ने सोच्दछ । ऊ बेरोजगार युवाहरूको प्रतिनिधित्व गर्ने वर्गीय चरित्र हो । म पात्रको काका गौण पात्र हो ।

**भूत** कथाको प्रमुख पात्र 'म' हो । नैतिकता र बूढी यस कथामा सहायक पात्रको रूपमा आएका छन् । यस कथामा नैतिकता जस्तो अर्मूत कुरालाई मानवीकरण गरेर प्रस्तुत गरिएको छ । 'म' पात्रलाई आजको अनैतिक र पाखण्डी कुराबाट टाढा रहन 'नैतिकता' ले उत्प्रेरित गर्दछे । ऊ कथाको अनुकूल पात्र हो ।

**बाठो** कथामा प्रमुख पात्रका रूपमा 'म' पात्र र वेश्या आएका छन् । वेश्या आर्थिक अभावका कारण देहव्यापार गर्न बाध्य वर्गीय पात्र हो । 'म' पात्र पेसाले पत्रकार भए पनि उद्धार गर्ने नाममा वेश्याको पैसा र शरीरमा मोज गर्ने भ्रष्ट र प्रतिकूल पात्र हो । वेश्याकी छोरी यहाँ गौण पात्रको रूपमा आएकी छे ।

**बन्द** कथामा थोरै पात्र प्रविष्ट छन् । यहाँ 'ऊ' र उसको छोरी प्रमुख पात्र हुन् । 'ऊ' आर्थिक अभावमा बाँचेको वर्गीय पात्र हो । रिक्सा चालक र डाक्टर सहायक पात्र हुन ।

**बाघ** कथामा 'उनी' र 'चम्पा' प्रमुख पात्रका रूपमा आएका छन् । आफूले गल्ती नगरे पनि त्रास मानसिकतामा बाँच्न विवश उनी स्थिर पात्र हुन् । चम्पा उनको घरमा काम गर्ने नोकर्नीका भएकाले वर्गीय पात्र हो । उनका दाजु र सुब्बा सहायक पात्रको रूपमा रहेका छन् भने कान्छी र डाक्टर गौण पात्रका रूपमा रहेका छन् ।

**भ्रम** कथाका पात्रहरूको विस्तृति देखिन्छ । 'म' पात्र यस कथाको प्रमुख पात्र हो । जताततै भ्रम देख्ने ऊ स्थिर पात्र हो । देवकृष्ण, काले, माइल्दाइ, विवेक, धर्म, हर्कमान, पुलिस, महिला दुई आइमाई, शरणार्थी, एउटा व्यक्ति, बूढो, मामा, वृद्ध, बलिष्ठ पुरुष आदि थुप्रै पात्रहरू गौण पात्रको रूपमा रहेका छन् ।

**आक्रमण** कथामा 'असर्फी' प्रमुख पात्र हो । गाउँको सोझो इमान्दार नोकरको रूपमा वर्गीय पात्र 'ऊ' टेलिभिजनजस्तो सञ्चार माध्यमले गर्दा पुरानो संस्कृति र संस्कार मन पराउन छाड्दछ । त्यसैले ऊ गतिशिल पात्र हो । महराम थारू, महरामका छोराछोरी, स्वास्नी आदि यस कथाका गौण पात्र हुन् ।

**जनता** कथाका सम्पूर्ण पात्र प्रतिनिधि पात्रका रूपमा रहेका छन् । यहाँ आएका दुई जनामध्ये एक जिङरिङ्ग कपाल भएको, आँखाभित्र पसेको, भोको जनताको प्रतिनिधि वर्गीय पात्र हो भने जनताको भनाइलाई हाँसेर टारिदिने प्रतिकूल पात्रको रूपमा नेताको प्रतिनिधित्व 'म' पात्रले गरेको छ ।

**पतन** कथाका प्रमुख पात्रहरू शिलाबाबु र देवेन्द्र हुन् । शिलाबाबु केन्द्रीयस्तरका नेता हुन् । क्याम्पसक प्राध्यापक रहेका देवेन्द्र आफ्नो स्वार्थ पूरा नहुँदा विरोधी बन्न खोज्ने तर पछि पहुँच र बोलीकै पछि लाग्ने अवसरवादी, प्रतिकूल, नीच र वौद्धिक वर्गका व्यक्ति हुन् । राजेन्द्रबाबु सहायक पात्र हुन् भने देवेन्द्रकी श्रीमती र कृष्णे गौण पात्र हुन् ।

**अन्तर** कथामा प्रमुख पात्रका रूपमा 'ऊ' र नेता आएका छन् । कथा ती दुई पात्रको संयोजनबाट निर्मित छ । सर्वसाधारण ऊ पात्र सिद्धि प्राप्त गरेर नेताको सोचाइको रहस्य पत्ता लगाउँछ । नेताले देश र प्रजातन्त्रलाई नरिवल ठानेकाले ऊ प्रतिकूल पात्रका रूपमा आएको छ ।

**उचाइ** कथाको मुख्य पात्र गृहमन्त्री हो । विरोधी पार्टीको भातृसङ्गठनको विद्यार्थी नेता भएको आफ्नो छोराको बचाउ गर्ने ऊ नातावाद र कृपावादलाई प्रश्रय दिने स्वार्थी चरित्र हो । गृहमन्त्रीकी श्रीमती र छोरो सहायक पात्र हुन् भने प्रहरी प्रधान कार्यालयका वरिष्ठहरू, डफ्फाका नाइके आदि गौण पात्र हुन् ।

**युद्ध** कथामा प्रस्तुत भएका 'म' पात्र र रमेश प्रमुख पात्र हुन् । रमेश 'म' पात्रसँग एस.एल.सी.सम्म सँगै पढ्ने साथी हो । कक्षामा निष्क्रिय, अल्छी र उदासिन ऊ गतिहीन पात्र हो । स्कुल पढ्दा आफूले एकोहोरो मन पराएकी केटीलाई बलात्कार गर्ने ऊ प्रतिकूल पात्र हो । 'म' पात्रले एकोहोरो मन पराएकी रमा सहायक पात्र र रमेशकी स्वास्नी गौण पात्र हुन् ।

**रोग** कथामा आएका दुई पात्रहरू 'उनी' र 'त्यो' दुवै प्रमुख पात्रहरू हुन् । 'त्यो' भ्रष्टाचारी प्रवृत्तिलाई मानवीकरण गरिएको पात्र हो । 'उनी' एकजना मन्त्री हुन् । ऊ ले सदाचारी 'उनी' का हरेक क्षेत्रमा विस्तारै प्रभुत्व जमाउँदै गएकाले गतिशील पात्र हो ।

**जोकर** कथामा 'ऊ' र राजेन्द्र प्रमुख पात्रका रूपमा रहेका छन् । ऊ चुनावमा राजेन्द्रलाई हरतरहले सहयोग गर्ने वर्गीय पात्र हो । राजेन्द्र आफ्नो मत बेचेर जनता ढाँट्ने र 'ऊ' ले गरेको आर्थिक लगानी पनि नदिने प्रतिकूल र गतिशील पात्र हो । शान्तिराजा सहायक पात्र हो भने राजेन्द्रको पत्नी, 'ऊ' की पत्नी र आमा गौण पात्र हुन् ।

**सलिम** कथामा सलिम र 'म' पात्र गरी दुई प्रमुख पात्र हुन् । गरिबी र अभावका कारण जुत्ता सिउने पेसा अँगाल्ने सलिम वर्गीय र स्थिर पात्र हो । 'म' पात्र बाल्यकालको सलिमको साथी भए पनि सम्पन्न भएकाले सिनेमामा काम गर्ने गतिशील पात्रको रूपमा देखिन्छ । सलिमको बाबु र सौतेनी आमा गौण पात्रका रुपमा रहेका छन्

**हिटलर** कथामा 'म' र 'हिटलर' गरी दुई प्रमुख पात्र हुन् । दुवै रुमपार्टनर भएर बस्दछन् । शहरको दङ्गाले भयभीत वातावरणले हिटलर कातर भएको छ । यस कथामा सहरमा देखिने अन्य व्यक्तिहरू गौण पात्रका रूपमा आएका छन् ।

**हे नर्मदे** कथाको प्रमुख पात्र 'रमेशु' हो । नर्मदा नदीमा पैसा टिपेर जीवन धान्ने ऊ वर्गीय चरित्र हो । सिङ्गमरमरको पसल थापेर आफ्नो जीवनस्तर सुधार्न चाहने गतिशील पात्र भए पनि उसको सपना पूरा भएको छैन । उसको बाबु नर्मदा नदीमै आफ्नो प्राण पखेरू उडाउँछ । रमेशुकी आमा यस कथाकी सहायक नारी पात्र हो ।

**मारुती ८००** कथामा 'ऊ' र रितेशका बाबु प्रमुख पात्रका रूपमा रहेका छन् । 'ऊ' नेपाली गरिब जनताको प्रतिनिधि र वर्गीय पात्र हो । रितेशको बाबु नेपाललाई विदेशको नियन्त्रणमा राख्न खोज्ने खल र प्रतिकूल पात्र हो । कथामा रितेश र ट्राफिक गौण पात्रका रूपमा आएका छन् ।

**खोर** कथामा 'मुना' र 'मदन' प्रमुख पात्रका रूपमा देखिन्छन् । गरिब र सोझी मुना वर्गीय र स्थिर पात्र हो । आरक्षमा काम गर्ने वनपाले मदनले सोझी मुनालाई नक्कली प्रेम

गरेर गर्भिणी तुल्याइ आर्थिक रकम पनि शोषण गरेकाले मदन प्रतिकूल र गतिशिल पात्र हो । मुनाका आमा र बाबु सहायक पात्र हुन् । अन्य वनपालेहरू यहाँ गौण पात्रका रूपमा उपस्थित भएका छन् ।

**भित्ता** कथाको प्रमुख पात्र 'शिक्षक' हो । प्रजातन्त्रवादी र देशभक्त अग्रणी व्यक्ति ऊ उचित मूल्याङ्कन नगरिएको स्थिर पात्र हो । अ.स.इ. कृष्णबहादुर यस कथाको सहायक पात्र हो । जनआन्दोलन दबाउने र शिक्षकलाई लङ्गडो बनाउने ऊ प्रतिकूल र गतिशील पात्र हो । शिक्षककी पत्नी र दुई छोराहरू गौण पात्र हुन् ।

**खेल** कथामा 'रामेसोरी' प्रमुख पात्रको रूपमा प्रस्तुत भएकी छे । आफ्ना मालिक ज्ञानुबाबुप्रति इमान्दार र नुनको सोझो गर्ने ओरगानी ऊ वर्गीय र गतिशील पात्र हो । रामलखन र विमली सहायक पात्र हुन् । आफ्नो लोग्ने भएर पनि अर्को प्रेमी बनाउने विमली प्रतिकूल र गतिशील पात्र हो । ज्ञानबाबु सहायक पात्र हो भने विमलीको लोग्ने र पञ्च भलाद्मीहरू आदि गौण पात्रको भूमिकामा रहेका छन् ।

**प्रभु** कथामा प्रमुख पात्रको रूपमा 'प्रभु' र 'हामी' आएका छन् । 'प्रभु' प्रतीकात्मक रूपमा राजाको चरित्रको रूपमा आएको छ । ऊ वर्गीय, प्रतिकूल र गतिशील पात्रको रूपमा देखिन्छ । 'हामी' पाँच जनाले पाँच राजनीतिक दल र बाँकी साथीहरूले राजनीतिक दलहरूलाई बुझाएको छ । मानवेतर पात्रको रूपमा बाघ देखिन्छ । बाघले निरङ्कुशतालाई सङ्केत गरेको छ ।

**नायक** कथाको प्रमुख पात्र 'म' अर्थात पटकथाकार हो । सिनेमाको अन्तिम दृश्यमा नायकलाई मरेको देखाउनु पर्ने निर्माता तथा निर्देशकको सल्लाहले उसको भावना कुण्ठित भएको छ । ऊ स्थिर पात्र हो । नायक, निर्माता, निर्देशकहरू सहायक पात्र हुन् भने जुनियर कलाकारहरू आदि गौण पात्र हुन् ।

### (घ) द्वन्द्वविधान

नयनराज पाण्डेका कथाहरूमा बाह्य र आन्तरिक दुवै द्वन्द्वको प्रयोग भएको पाइन्छ । उनका कथामा व्यक्ति-व्यक्तिबीच, व्यक्ति र समाजका बाह्य विसङ्गतिबीच, वर्गवर्गका बीच तथा व्यक्तिको मनोद्वन्द्व पाइन्छ ।

**पुलिस** कथामा आन्तरिक द्वन्द्व रहेको छ । दाजुले अर्को श्रीमती ल्याएर काठमाडौंमा राखेको थाहा भएपछि 'म' पात्रको भाउजूको मनस्थिति ठीक नभएकोले उनमा आन्तरिक द्वन्द्व देखिन्छ ।

**तरूल** कथाका बूढी, बुहारी र नातिनी पात्रहरूमा आन्तरिक द्वन्द्व रहेको देखिन्छ । रहर, भावना र अभावका द्वन्द्वमा उनीहरू गुजुल्टिरहेको बेला पुलिसले रक्सीको ग्यालेन पोखिदिए पछि उनीहरूमा आन्तरिक द्वन्द्वको उत्कर्षता देखिन्छ ।

**एकैदिन** कथामा बाह्य द्वन्द्व र आन्तरिक द्वन्द्व दुवै रहेको छ । गाउँको धार्मिक कट्टर रामगाउँले साहिँली छोरी कमैयासँग पोइल गएकोमा क्रूध बन्दछ । ऊ आफ्नो आक्रोशका कारण बन्दुकले दुवैलाई मार्दछ । त्यसैगरी कामता पासीले छोरीको बिहेको ऋण तिर्न जग्गा पास गरेर पैसा नबुझ्दै रामबाबुको मृत्यु भएपछि कामता पासीमा आन्तरिक द्वन्द्व देखिन्छ । हाँस्न र रुन नसकेको ऊ आफ्नो पनि रामगाउँलेसँगै मृत्यु भएको ठान्दछ ।

**वेद र ऋचा** कथामा बाह्य द्वन्द रहेको छ । वेद र ऋचाको दाम्पत्यबीच गृहकलह बढेर एकअर्कालाई बेइमान, हुतिहारा ठानेको देखिन्छ । यौन असन्तुष्ट ऋचा फेरि नारायण दाइसँग गृहकलह मच्चाउँदछे । ऋचाले छाडेपछि नारायण दाइ एक्लै, निराश र निरीह हुनुले उनमा केही आन्तरिक द्वन्द्व देखिन्छ ।

**कोठार** कथामा आन्तरिक द्वन्द्व रहेको छ । लोग्नेले सौता ल्याएपछि बहादुरवाको आमा चिन्तित हुन पुग्छे । तर त्यस्तो होला भनी उसले सपनामा पनि सोचेकी थिइन् । आफ्नै पत्नी र सौतेनी आमाको छोराबीच एक-अर्कामा अनैतिक सम्बन्ध राखेको देखेर बहादुरवा अवाक् हुनपुग्छ । बढ्दो आन्तरिक द्वन्द्वका कारण ऊ घर छोडेर हिंड्छ ।

**महानगर** कथामा आन्तरिक द्वन्द्व देखिन्छ । शहरको महङ्गीले घर बेचेर मधेश जानुपर्ने बाध्यता 'म' पात्रको सहयोगमा देखापर्दछ । 'म' पात्रलाई सहयोग गरिरहँदा साथीलाई नचिनेर माफी माग्न नसक्नुले 'म' पात्रमा आन्तरिक द्वन्द्वको सिर्जना हुन्छ ।

**भूत** कथामा केही आन्तरिक द्वन्द्व रहेको छ । रातिसँगै मोटरसाइकलमा यात्रा गर्ने 'नैतिकता' नामकी युवती वर्षौं अघि मृत्यु भएको भन्ने थाहा पाएपछि म पात्रको थर्थर गरी जीउ काँप्नाले उसमा आन्तरिक द्वन्द्व बढेको देखिन्छ ।

**बाठो** कथामा आंशिकरूपमा आन्तरिक द्वन्द्व रहेको छ । 'म' पात्रले वेश्यालाई मरेको देख्दा सिर्जनात्मक कार्यबाट कमाएको पैसा वेश्याकी छोरीलाई दिने कि नदिने भन्ने द्वन्द्व सिर्जना भएको छ ।

**बन्द** कथामा आन्तरिक द्वन्द्व रहेको छ । समयमै छोराको उपचार खर्च लैजान नसक्दा 'ऊ' पात्रमा छटपटी, हतास र अत्याश पैदा भएको छ ।

**बाघ** कथामा श्रीमती मरेका 'उनी' पात्र नोकर्नी पर नसर्दा कसैको गर्भ रहेको भन्ने रिस, सन्त्रास, समाजको बेइज्जतको डर र आशङ्कामा रहन्छन् । जसका कारण उनमा आन्तरिक द्वन्द्व देखिएको छ ।

**भ्रम** कथामा बाह्य र आन्तरिक दुवै द्वन्द्व रहेको छ । धर्म र विवेकबीचको कुस्ताकुस्ती र पसलेले काम गर्ने केटालाई कुट्दा बाह्य  द्वन्द्व सिर्जना भएको छ । 'म' पात्रले बलात्कृत भइरहेकी महिलालाई देख्दा म पात्रमा आन्तरिक द्वन्द्व उत्पन्न हुन्छ । 'म' पात्रमा आएको भ्रमले उसमा आन्तरिक द्वन्द्वको प्रवलतालाई जनाएको छ ।

**आक्रमण** कथामा आन्तरिक र बाह्य दुवै द्वन्द्व रहेको छ । यहाँ पुरानो संस्कार र संस्कृति तथा नयाँ संस्कार र संस्कृतिबीच बाह्य द्वन्द्व देखिन्छ भने असर्फी जस्तो गाउँले युवक सञ्चारमाध्यमका कारण पुरानो संस्कृतिको चाहना राखे पनि पुरा नहुनुले तीव्र आन्तरिक द्वन्द्व देख्न सकिन्छ ।

**जनता**' कथामा बाह्य र आन्तरिक दुवै द्वन्द्व रहेको देखिन्छ । बाह्य द्वन्द्वमा जनता र नेताबीच द्वन्द्व रहेको छ भने आन्तरिक द्वन्द्वमा सत्ता लोलुपता र अकर्मण्यताले जनता निकै क्रुद्ध र आक्रोशित भएको छ ।

**पतन** कथामा बाह्य द्वन्द्व देखिन्छ । शिलाबाबुलाई अघिल्लो पटक चुनावमा जिताएर देवेन्द्रले आफ्नो स्वार्थ पूरा नगरिदिएकाले यस पटक भोट माग्न आए जुत्ताको माला पहिऱ्याउने आक्रोश पोख्दा बाह्य द्वन्द्वको सिर्जना हुन पुगेको छ ।

**अन्तर** कथामा आंशिक द्वन्दको प्रयोग भएको छ । स्वास्नी जारसँग गएकाले 'ऊ' पात्र भित्रभित्रै मुरमुरिएकाले कथामा आन्तरिक द्वन्द्व रहेको देखिन्छ ।

**उचाइ** कथामा बाह्य र आन्तरिक दुवै द्वन्द्व रहेको छ । बाह्य द्वन्द्वमा विरोध प्रदर्शन र लाठीचार्जले विरोधी पार्टी र सरकारबीच द्वन्द्व देखिन्छ । त्यस्तै आन्तरिक द्वन्द्वमा छोराको बचाउका लागि आमामा तथा लाठीचार्ज गर्ने वा नगर्ने भन्ने दोधारले बाबु गृहमन्त्रीमा सिर्जना भएको द्वन्द्व प्रमुख छ ।

**युद्ध** कथामा आन्तरिक द्वन्द्व रहेको छ । थकित र व्याकुल 'ऊ' पात्र पट्यारलाग्दो र निरस जीवन व्यतित गर्दछ । हारैहारको स्थितिले उसमा मनोद्वन्द्व रहेको देखिन्छ ।

**रोग** कथामा आन्तरिक द्वन्द्व देखिन्छ । मन्त्रीको जीवनमा अनौठो स्थिति लिएर आउने 'ऊ' यथार्थमा को हो भन्ने उत्सुकताले पनि चिन्न नसक्दा द्वन्द्व देखिन्छ । उसको दुर्गन्धले रन्थनिएर आफ्नै धरातलमा मन्त्री डगमगाएकाले मन्त्रीमा आन्तरिक द्वन्द्व देखिन्छ ।

**जोकर** कथामा आन्तरिक द्वन्द्व रहेको छ । चुनावमा उठेको आफ्नो पक्षको उमेदवार राजेन्द्रबाबुलाई आफूले आर्थिक लगानी गरेर पनि उपेक्षित हुदाँ 'ऊ' पात्र न रुन न हाँस्न नै सक्छ । त्यसैले उसमा आन्तरिक द्वन्द्वको प्रबलता देखिन्छ ।

**सलिम** कथामा आन्तरिक द्वन्द्व रहेको छ । बाल्यकालका साथीहरू सलिम र 'म' पात्रमध्ये ठूलो भएपछि 'म' पात्रले उही अवस्थामा सलिमलाई देख्दा मुखबाट नाम ननिक्लेको र लाटो भएकाले यहाँ मनोद्वन्द्व देख्न सकिन्छ ।

**हिटलर** कथामा द्वन्द्वको प्रधानता रहेको छ । बाह्य द्वन्द्वमा एकअर्काबीच मारकाट, आरोपप्रत्यारोप, दङ्गा रहेका छन् भने डर, त्रास र भययुक्त वातावरणले आन्तरिक द्वन्द्व प्रस्तुत गरेको छ ।

**हे नर्मदे** कथामा द्वन्द्वको प्रधानता देखिन्छ । नर्मदाको धारमा भोक र अभावसँगको युद्धको निम्ति जीवन धरापमा राखेर पैसा टिप्नु सङ्घर्षको नमुना हो । प्रकृति र मानव, कल्पना वा आशा र यथार्थका बीच यहाँ द्वन्द्व देखिएको छ । सिङ्गमरमरका मूर्तिको पसल थापेर नयाँ पेसा खोज्ने चाहनाका बीच प्वाल परेको झोलाबाट पैसा खसेपछि प्रकृतिबीच द्वन्द्व देखिन्छ ।

**मारुती ८००** कथामा बाह्य र आन्तरिक दुवै द्वन्द्व रहेको पाइन्छ । गरिब नेपाली केटो 'ऊ' र नेपाली नागरिकता लिएर विदेशी स्वार्थमा कार्य गर्ने रितेशका बाबुबीचको द्वन्द्व देखिन्छ । 'ऊ' पात्रको गाडी छुने र हेर्ने चाहनामाथि मारुतीकारले कुल्चदै रितेशको बाबु अगाडि बढेकाले उनीहरूमा बाह्य द्वन्द्व देखिन्छ ।

**खोर** कथामा आंशिक द्वन्द्व रहेको छ । रूख ढाल्न गएका बुढाबुढी र मुनालाई पाता कसेको र बन्दुक पड्काएपछि उनीहरू अचम्मित हुनपुग्दछन् । मदनले मुनासँग बीसहजार मागेपछि उसको झुपडी बनाउने सपना तुहिन्छ र लाटी हुन पुग्छे । यहाँ मुनाको परिवार र वनपालेहरूबीच बाह्य द्वन्द्व र मुनामा आन्तरिक द्वन्द्व देखिन्छ ।

**भित्ता** कथामा द्वन्द्वको प्रवलता देखिन्छ । यहाँ निर्दल र बहुदल, प्रजातन्त्र र निरङ्कुशता तथा डी.एस.पी. कृष्णबहादुर र देशप्रेमी प्रजातन्त्र सेनानी शिक्षकका वीच बाह्य द्वन्द्व रहेको छ । आफ्नो योगदान र देशको सम्मान नहुँदा व्यर्थै आन्दोलनमा घाइते भएको ठानी पश्चाताप मान्नुले शिक्षकमा आन्तरिक द्वन्द्व रहेको छ ।

**खेल** कथामा बाह्य र आन्तरिक द्वन्द्व रहेको छ । ज्ञानुबाबु एक मतको अन्तरले हारेकाले रन्थनिएकी रामेसोरी मत नदिने विमलीको वदला कसरी लिने भन्ने सोचाइमा

रहेकाले आन्तरिक द्वन्द्व देखिन्छ । रामेसोरीले विमली र रामलखनका बीचको प्रेमक्रीडा सार्वजनिक गराउँदा गाउँले र उनीहरूबीच बाह्य द्वन्द्व रहेको पाइन्छ ।

**प्रभु** कथामा आंशिक द्वन्द्वको निर्वाह भएको पाइन्छ । पाँच राजनीतिक दलबीचको खिचातानी, विभाजन र वैचारिक बेमेलले उनीहरूमा केही द्वन्द्व देखिएको छ ।

**नायक** कथामा आन्तरिक द्वन्द्व रहेको छ । जीवनवादी कथाकार आफ्नो कथामा नायक मार्न चाहँदैनन् तर नायकले आफूलाई मार्नै पर्ने कथानक बनाउने अडान लिएपछि र निर्माता निर्देशकको सुझावपछि आफ्नो प्रतिभा कुण्ठित हुँदा कथाकारको मनमा ठूलै रेक्टरको भूईंचालो आएकाले यहाँ आन्तरिक द्वन्द्व देखिन्छ ।

### (ङ) उद्देश्य

**पुलिस** कथाले पुलिस प्रशासनमा देखिएको विकृति, निर्दयी व्यवहार, लुटपाट र त्यसले उत्पन्न गरेको दयनीय अवस्थालाई प्रस्तुत गरेको छ । स्त्रीलम्पट, भ्रष्ट, संवेदनाहीन र सम्बन्धहीन पुलिसको व्यवहारलाई देखाउने उद्देश्य राखिएको पाइन्छ ।

**तरूल** कथाले मानिसका आवश्यकताहरू आर्थिक अभावका कारण पूरा हुन नसक्ने र त्यसको निम्ति निम्नस्तरका मानिसले मदिराको अवैध व्यापार गरी जीवन निर्वाह गर्नुपरेको यथार्थलाई प्रस्तुत गरेको छ । विसङ्गति बोधको माध्यमबाट जीवन निर्वाह गर्नुपर्ने कटुयथार्थ पक्षलाई यस कथाले देखाएको छ ।

**एकै दिन** कथाले समाजमा मानिसले जातीय र वर्गीय दृष्टिले आफ्नो हैकम र प्रभुत्व प्रदर्शन गर्दछ । धार्मिक प्रवृत्तिका मानिसहरू पनि पाखण्डी र ठग बनी श्रमजीवी गरिबहरूको परिश्रम लुट्दछन् र गरिबहरू सधै ठगिइरहन्छन् भन्ने कुरालाई देखाउने उद्देश्य राखेको छ ।

**वेद ऋचा** कथाले चरित्रहीन युवतीहरूले सोझा पुरुषहरूलाई यौनतुष्टि पूरा गरिसकेपछि लत्याएको कुरालाई प्रस्तुत गरेको छ । यौन असन्तुष्टिले मानिसको मानसिकतामा पार्ने असरको चित्रण गर्दै यसले मानिसको घरबार नै नष्ट हुने कुरालाई देखाउनु यसको उद्देश्य हो ।

**कोठार** कथाले गाउँको धनाढ्य परिवारमा हुने नोकरप्रथा, घरमा कान्छी स्वास्नी प्यारो हुने तथा जेठी र जेठीका सन्तानको बिचल्ली हुने अवस्थालाई चित्रण गरिएको छ । गरिबहरूको आफ्नो भन्ने कोही नहुँदा उनीहरूको पक्षमा बोलिदिने पनि कोही नहुने र आफ्नी पत्नी मालिकद्वारा समातिन पुग्दा पनि केही गर्न नसकेको बाध्यता र विवशतालाई देखाइएको छ ।

**महानगर** कथामा सहरिया परिवेशले मानिसलाई कति सम्म स्वार्थी र परिचयहीन वनाउँछ भन्ने कुराको चित्रण गरेको छ । नाममा महानगर भनिएको राजधानीमा मानिसहरू सुख सुविधा र आवश्यक सेवाबाट वञ्चित भएका छन् । यहाँ मानिसले मानिसलाई नै नचिन्ने स्थितिको सिर्जना भएको कुरालाई आफ्नो सहयोगी र ज्यान बचाउने पूर्व परिचितलाई नै भुलेको प्रसङ्ग यस कथाले प्रस्तुत गरेको छ ।

**भूत** कथाले आजको मानिस मान, धन, बुद्धि र पहुँचको घमण्डमा भएकाले अनैतिक, अभद्र र अशिष्ट हुँदै गएको छ । यस्तो आचरणको मानिस सभ्य र अशिष्ट हुँदै गएकाले यस्तो आचरणको मानिसलाई सभ्य र अनुशासित बनाउन नैतिकता भन्ने कुरा आवश्यक रहेको कुरा उद्देश्यको रूपमा प्रस्तुत गरेको छ ।

**बाठो** कथाले पत्रकार जस्तो पेशामा आबद्ध युवकले वेश्यावृत्ति पेसामा संलग्न युवतीको उद्धार गर्ने नाममा यौनसन्तुष्टिका साथै पैसा पनि लिएर आफ्नो खर्च चलाएको कुरा प्रस्तुत गरिएको छ । छोरीलाई आफूजस्तो नबनाउने सोच राख्ने वेश्या मरेपछि पैसा नबुझाएर छोरीलाई पनि वेश्या नै ठान्ने पुरुष मानसिकताको उजागार गरेको छ ।

**बन्द** कथाले गरिवी र अभावका कारण जीवन उत्सर्ग गर्नुपर्ने दारुण अवस्थालाई प्रस्तुत गरेको छ । बन्दले निम्न वर्गीय व्यक्तिको जनजीवनमा पार्ने असरलाई देखाउदै बन्दका कारण मानिसको जीवन नै सङ्कटमा परेको कुरालाई देखाउनु यसको उद्देश्य रहेको छ ।

**बाघ** कथामा पारिवारिक जीवनमा आइपर्ने संस्कारगत समस्याहरूलाई प्रस्तुत गरिएको छ । खाँदै नखाएको विषले ज्युँदै मार्छ भनेझैँ आफूले गल्ती गर्दै नगरेको कुरा पनि भोग्नु पर्दछ कि भन्ने डर त्रासलाई देखाइएको छ । वास्तविकता अर्कै भए पनि मानिस भ्रम र त्रासका बीच बाँच्नु पर्ने अवस्थालाई चित्रण गर्नु यस कथाको उद्देश्य हो ।

**भ्रम** कथाले मानिस मानिसका बीचका असमानता असमझदारीको चित्रण गर्दै मानिसबीच आत्मीय प्रेम लुप्त भइसकेको देखाई मित्रताको ठाँउमा अराजकता, दुश्मनी, षडयन्त्र, स्वार्थीपन र लुटपाटजस्ता विसङ्गतिको चित्रण गर्ने उद्देश्य लिएको छ ।

**आक्रमण** कथाले मानिसलाई समय, परिवेश, सञ्चार र सङ्गतले पुराना मूल्य मान्यता र संस्कृतिबाट व्यक्तिको मानसिकतामा नयाँ संस्कृति र नयाँ संस्कार उत्पन्न हुने सङ्क्रमणलाई प्रस्तुत गर्ने उद्देश्य राखेको छ ।

**जनता** कथाले प्रजातन्त्र आए पनि जनताहरू आधारभूत सेवा र सुविधाबाट समेत् बञ्चित भएको कुरा देखाएको छ । आफ्नै स्वार्थमा लाग्ने पदलोलुप र सत्तालिप्सामा केन्द्रित नेताहरूको निर्लज्जताप्रति व्यङ्ग्य प्रहार गरिएको छ । जनताको आक्रोशका माध्यमबाट नेताहरूलाई सचेत गराउनु पनि यस कथाको उद्देश्य हो ।

**पतन** कथाले नेताहरूको स्वार्थी, भोगविलासपूर्ण र असहयोगी व्यवहारलाई प्रस्तुत गरेको छ । त्यसैगरी गाउँका शिक्षित भनाउँदा बौद्धिक प्राज्ञिक व्यक्तिहरूपनि आफनो भलाई नहुँदा मात्र नेताको विरूद्ध बोल्ने तर नेताको सामान्य बोलीबाटै प्रभावित भएर अभावहरू बिर्सने ढोंगी व्यवहारलाई चित्रित गर्नु नै यस कथाको उद्देश्य हो ।

**अन्तर** कथामा नेताले देश र प्रजातन्त्रलाई हेर्ने दृष्टिकोण प्रस्तुत गरेको छ । सर्वसाधारण मानिसले सोच्ने र नेताहरूले सोच्ने दृष्टिको खासै फरक नभए पनि नेताहरूले देश र प्रजातन्त्रलाई नरिवल समान मीठो फल ठान्ने सोचाइ प्रति व्यङ्ग्यप्रहार गर्नु यस कथाको उद्देश्य हो ।

**उचाइ** कथाले राजनीतिमा देखिएको नातावादको संस्कारलाई उजागार गरेको छ । देशको राजनीतिक व्यवस्थाले प्रशासन संयन्त्रलाई आफ्नो अनुकूल उपयोग गर्ने प्रथालाई यसमा प्रस्तुत गरिएको छ । त्यस्तै राजनीतिक चिन्तन जे जस्तो भए पनि र जे जस्तो पदमा रहे पनि मानिसले आफनो नातागोताहरूको भलाइका निम्ति नै काम गर्ने संस्कारप्रति व्यङ्ग्य गर्नु यस कथाको उद्देश्य हो ।

**युद्ध** कथाले प्रतिभावान र क्षमतावान नभएका व्यक्तिहरू आफ्नो समयको सदुपयोग नगरी व्यर्थ जिउँछन् । अनुशासित र काम नपाएका युवाहरू लुटपाट, डकैती र अनावश्यक कार्यमा लाग्न सक्छन् भन्ने कुरा प्रस्तुत गरेको छ । त्यस्तै मानिसले जीवनमा आफ्नो क्षमता, हैसियत र स्तरभन्दा माथिको कुरा प्राप्त गर्दा ऊ खुसी हुन्छ भन्ने कुरालाई देखाउनु यस कथाको अर्को उद्देश्य हो ।

**रोग** कथाले नेपाली राजनीतिमा भ्रष्टाचारले जरा गाड्दै र जताततै मौलाउँदै गई रोगको रूप धारण गरेका देखाइएको छ । यसले सरकार, संसदसँगै समाजमा पनि आफ्नो प्रभाव जमाउँदै लगेकाले आज नैतिकता, इमान्दारिता र विश्वास धराशयी भएको कुरालाई चित्रण गर्नु यसको उद्देश्य रहेको छ ।

**जोकर** कथाले सोझा, इमान्दार र त्यागी सर्वसाधारण जनतालाई झुक्याएर उनीहरूको मत बटुली आफनो स्वार्थ सिद्ध गर्ने नेताहरूलाई व्यङ्ग्य गरेको छ । मतको क्रय विक्रय

गरी समिकरणको राजनीतिद्वारा घृणित खेललाई चुनावी नाफा नोक्सानको जोडघटाउको रूपमा प्रजातन्त्रलाई उपभोग गर्ने नेताको स्वरूपलाई देखाउनु यसको उद्देश्य हो ।

**सलिम** कथाले बाल्यावस्था जीवनको अविस्मरणीय क्षण भएको कुरा देखाउँदै निर्दोष र अवोध यस अवस्थाको मित्रतालाई धार्मिक र साम्प्रदायिकताले छुँदैन भन्ने कटु यथार्थ प्रस्तुत गरेको छ । व्यक्तिमा भएका शोख र लक्ष्यहरू आर्थिक कारणले पूरा हुन सक्दैन भन्ने कुरालाई देखाउनु पनि यसको उद्देश्य हो ।

**हिटलर** कथाले वर्तमान जीवनको आतङ्क, हत्या, हिंशा र भयावह वातावरणमा मानिसहरूले बाँच्नु पर्ने बाध्यताजस्ता नियतिजन्य विवशताको चित्रण गरेको छ । मानिस भएर मानिस सँगै डराउनुपर्ने अवस्थाको चित्रण गर्नु पनि यस कथाको उद्देश्य हो ।

**हे नर्मदे** कथाले गरिबी र अभावमा पनि मानिसको जिजीवीषा रहने भएकाले सङ्घर्ष गरी राख्नुपर्ने कुरालाई देखाएको छ । नयाँ भविष्यको निम्ति ठूलो जोखिम लिएर काम गर्दागर्दै पनि परिश्रम निष्फल हुन पुगेको यथार्थ प्रस्तुत गरेको छ । यथार्थ र कल्पना, मृत्यु र जीवन, प्रकृति मान्छेका बीचको सङ्घर्षको निरन्तरतालाई देखाउनु यसको उद्देश्य हो (सुवेदी, २०५९: पृ.१३७) । कोही आर्थिक अभावले बाँच्न मुस्किल भएको र कोही भने परलोकका निम्ति नदीमा पैसा बगाउने धार्मिक सांस्कृतिक विकृतिप्रति व्यङग्य गर्नु यस कथाको अर्को उद्देश्य हो ।

**मारुती ८००** कथाको उद्देश्य नेपाली भूमि, जनता, राजनीतिक र प्रशासन सबै क्षेत्रहरू विदेशबाट नियन्त्रित र सञ्चालित भएको नाङ्गो चित्र प्रस्तुत गर्नु हो । नेपालको नागरिक बनी छद्मभेष धारण गरेर दिल्लीको आदेशानुसार नेपाल र नेपाली जनतालाई औपनिवेश बनाइराख्ने तथा नेपालीको आफ्नो भावना र चाहनामाथि दमन गरिनै राख्ने भारतीय नीतिलाई उदाङ्गो पारेको छ । वर्गीय विभेदका माध्यमबाट ठूला र शक्तिशाली देशले गरिब र साना देशलाई हेर्न गिद्दे दृष्टिलाई देखाउनु पनि यस कथाको अर्को उद्देश्य हो ।

**खोर** कथाले गरिव र सोझा युवतीहरूलाई प्रेमको नाटक रचेर उनीहरूको शारीरिक शोषण गरी अस्मिता र धन लुटी मोज गर्ने स्वार्थी पुरुषहरूको चित्रण गरेको छ । विभिन्न प्रलोभन देखाइ इज्जत र सम्पत्ति लुट्ने वनपाले जस्ता कर्मचारीको स्वार्थीपनलाई प्रस्तुत गर्ने यस कथाको उद्देश्य हो ।

**भित्ता** कथाले सच्चा राष्ट्रभक्त र प्रजातन्त्रको निम्ति आफनो जीवनको वलिदिने योद्धाहरूले योगदानको कदरको सट्टा उपहास भोग्नुपरेको यथार्थ प्रस्तुत गरेको छ । हिजो

आन्दोलन दबाउनेहरू नै प्रजातन्त्र प्राप्तिपछि पनि उच्च ओहोदामा पुगेको तथा पुरानै संस्कार र प्रवृत्तिहरू दोहोरिएको यथार्थताको चित्रण गर्नु यस कथाको उद्देश्य हो ।

**खेल** कथाले नोकरहरू आफ्ना मालिकहरू प्रति कतिसम्म स्वामीभक्त हुन्छन् र उनीहरूले आफना मालिकहरूमाथि षडयन्त्र गर्नेहरूसँग बदला लिएरै छाड्दछन् भन्ने कुरालाई प्रस्तुत गरेको छ । नुनको सोझो गर्ने इमान्दार नोकरहरूको प्रवृत्ति देखाउनु नै यस कथाको मुख्य उद्देश्य हो ।

**प्रभु** कथाले देशमा जनयुद्धले पारेको अन्यौल र अत्यास लाग्दो स्थिति, राजनीतिक दलहरूको खिचातानी र अनिर्णयता, दरबार हत्याकाण्ड र त्यसको स्वरूपको चित्रण गरेको छ । राजालाई प्रभु ठान्ने नेपाली धार्मिक संस्कार र देशको अन्यौलग्रस्त अवस्थाको निकासका निम्ति अपेक्षाको रूपमा राजालाई लिंदा बाघरूपी निरङ्कुशताभित्र फस्नु परेको यथार्थ देखाउनु यस कथाको उद्देश्य हो ।

**नायक** कथाले नेपाली सिनेजगतको वास्तविकतालाई देखाउने प्रयास गरेको छ । नेपाली चलचित्र निमार्णमा आयातीत र अनुवादित कथाहरू तोडमोड पारी अतिरञ्जित भावुक दृश्यका भरमा फिल्म बनाउन खोज्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ । त्यस्तै लेखकले वास्तविक कथालाई कृत्रिम रङ्ग दिएर कथाको भावलाई नै कुण्ठित पार्ने र निर्माता निर्देशकले समयमा उचित पारिश्रमिक नदिने जस्ता सिनेक्षेत्रका विकृतिहरूलाई देखाउनु यस कथाको उद्देश्य हो ।

## (च) परिवेश

नयनराज पाण्डेको **खोर भित्र जोकर** कथासङ्ग्रहमा सङ्कलित कथाहरू मुलुकको समकालिन सामाजिक, आर्थिक, राजनीतिक र मनोवैज्ञानिक धरातलमा आधारित छन् । सामयिक राजनीतिक यथार्थ, सामाजिक असङ्गति र दुरावस्थाको चित्रण, परिवर्तन युगको परिवर्तन संस्कार, नागरसभ्यताका व्यस्त र संवेदनाहीन यान्त्रिकता, समाजको आर्थिक विषमता जस्ता पक्षहरूलाई उनले आफ्ना यी कथाहरूमा प्रस्तुत गरेको पाइन्छ (गिरी, २०६१: ३६९) । राजनैतिक, धार्मिक र जातीय कारणले हुने दङ्गा तथा जमिन्दारी संस्कृतिबाट प्रताडित सामान्य मान्छे र दरिद्र विपनामै बाँच्नु परेका धेरै मान्छेहरूको कथालाई उनले जीवन्त उपस्थित गराएका छन् । नेपाली समाज, अर्थतन्त्र र सांस्कृतिक परिदृश्यको परिवर्तनको यथार्थ चित्रण उनका कथामा प्रकट हुन्छन् (सुवेदी, २०६१.....) ।

यस कथासङ्ग्रहमा सङ्कलित कथाहरूमध्ये विशेषगरी नेपालगन्ज र त्यस वरपरको आञ्चलिक परिवेश जीवन्त चित्रित भएको छ । थारू, अवधी आदि सामाजिक-सांस्कृतिक

विषयलाई गम्भीरताका साथ उतारेको पाइन्छ । स्थानगत परिवेशका रूपमा यात्राका क्रममा देखिएका स्थानहरू नेपालगन्ज, मुग्लिन, काठमाडौं, धरान, बागलुङ्ग, विराटनगर आदि प्रस्तुत गरिएका छन् । ग्रामीण परिवेशअन्तर्गतका कुटानी, पिसानी, खेतीपाती, खलिहान, मेला, कमैया र ओरगानी राख्ने जमिन्दारी प्रथा, मसान साध्ने आदि संस्कारहरूलाई परिवेशका रूपमा चित्रण गरिएको पाइन्छ । सिङ्गो देश र नेपाल बाहिर भारतसम्म राष्ट्रिय र अन्तराष्ट्रिय परिवेश पनि आंशिक रूपमा देखिन्छ । सहरीया परिवेशअन्तर्गतका व्यस्तता, महङ्गी, अपरिचित स्वार्थी तथा पाखण्डी प्रवृत्ति आदि देखिन्छ ।

समयगत परिवेशअन्तर्गत निरङ्कुश राजतन्त्र, प्रजातन्त्र र अग्रगमन जस्ता समसामयिक कालखण्डलाई कथाहरूले चित्रित गरेका छन् । मन्दिर, मस्जिद , दसैं पास्नी, इद, विवाह, धर्म र सम्प्रदाय आदि सांस्कृतिक परिवेशको चित्रण गर्न उनका कथाहरू सफल छन् । आर्थिक अभावका कारण वेश्यावृत्तिमा लाग्नुपर्ने बाध्यता, जीवनमरणको दोसाँधमा नर्मदा नदीभित्र पसेर पैसा बटुली जीविकोपार्जन गर्नु पर्ने बाध्यता, बेरोजगारी समस्याका कारण सहर छोड्नु पर्ने बाध्यता जस्ता परिस्थितिहरूले आन्तरिक परिवेशको सिर्जना गरेका छन्।

### (छ) भाषाशैली

**खोरभित्र जोकर** कथासङ्ग्रहका कथाहरू प्रायशः सामान्य वर्णनात्मक शैलीमा रहेका छन् भने केहीमा प्रयोगात्मक नाटकीय वा संवादत्मक, स्वैरकल्पनात्मक शैलीको प्रयोग पाइन्छ । सरल, सहज र सुवोध भाषाशैलीका माध्यमबाट सामाजिक, राजनैतिक र मनावैज्ञानिक यथार्थको चित्रण गर्ने काम यी कथाहरूमा भएको छ ।

पाण्डेका विवेच्य कथाहरू प्रायः रैखिक र केही वृत्ताकारीय ढाँचामा लेखिएका छन् । उनले कतै आफ्ना कथाहरूमा प्रथम पुरूषीय कथनपद्धति अँगालेर आफ्नै कथा भनिरहेको पाइन्छ भने कतै तृतीय पुरूषीय कथनपद्धतिका माध्यमबाट आफूले देखेका घटनाहरू वर्णन गरेको पाइन्छ ।

यी कथाहरूमा विविध श्रोतका शब्दहरूको प्रयोग भएको छ । वेद, ऋचा, परकाया, मुक्त, कर्मकाण्ड, प्रसाद आदि संस्कृत मूलका शब्दका साथै 'स्लो प्वाइजन, लिस्ट, लङ ड्राइभिङ, क्यान्डिल, लाइट, डिनर' जस्ता अङ्ग्रेजी भाषाबाट आएका आगन्तुक शब्दको प्रयोग भएको छ । नेपालगन्जको आसपास थारू र अवधी भाषायुक्त कथाहरूमा 'आक्रमण' कथाले थारूभाषा र 'सलिम' कथाले उर्दू भाषाका शब्दहरूलाई प्रस्तुत गरेका छन् ।

थारू भाषाका केही शब्दहरू 'ढिबरी' 'खपरैल', 'आज मैका निचोर डार', 'बैगन', 'कलेवा', 'बाप', 'महतारी' 'खलिहान' आदि हुन्  भने अवधी भाषाका केही शब्दहरूमा 'कटिया', 'गुल्ता', 'पतङ्ग', 'दिल', 'नमाज', 'मस्जिद', 'फर्मा', आदि शब्दहरू प्रयोग भएका छन् । यसबाहेक हिन्दी, बङ्गाली, उर्दू भाषाबाट आएका आगन्तुक शब्दहरू पनि प्रयोग भएको छ ।

यसरी नेपाली समाजभित्र प्रचलित विभिन्न किसिमका शब्दहरूको प्रयोगका साथै पाण्डेले आफ्ना कथाहरूमा 'आँ गर्दा अलङ्कार बुझ्नु', 'अर्काको सम्पत्तिमा रजाईं गर्नु', 'हिस्स बूढी ङिच्च दाँत', 'कुटुकुट टोक्नु' जस्ता उखान र टुक्काहरूका साथै 'घुरघुर' 'गड्याम-गुडुम' 'घ्याच्च', 'डङ्रङ्ग', 'सुँक्कसुँक्क', 'लल्याकलुलु' जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग पनि गरेका छन् ।

पाण्डेका कथाहरू सङ्क्षिप्त, सूक्ष्म कथावस्तु भएका, सार्थक विम्ब र प्रतीकहरूको समिश्रण गरिएका छन् । स्वैरकल्पना र प्रतीकात्मक अर्थले पनि सत्यको सन्धान उनका कथाहरूले गरेका छन् । छोटा तर कला र मूल्य सम्पन्न सचनाहरूमा जीवनको समग्रता आश्चर्यजनक रूपले नयनले सङ्केत गरेका छन् । नेपाली कथाको रचना संसारमा पाण्डेको उपस्थिति विषयवस्तु र भाषिक प्रयोगको चमत्कारी चमक साथ स्थापित भएको छ (सुवेदी, २०६१...) । पाण्डेका **तरुल, भूत, प्रवास, बाघ, आक्रमण, मारुती ८००, प्रभु** जस्ता कथाहरूका शीर्षक नै प्रतीकात्मक रहेका छन् । सरल र बोधगम्य भाषाका माध्यमबाट समकालीन वस्तुजगत्को यथार्थ र कलात्मक शब्दचित्र उतारिएको भाषाशैलीले कथामा उच्चता थपिएको छ ।

## निष्कर्ष

नयनराज पाण्डेका **खोरभित्र जोकर** कथासङ्ग्रहभित्रका कथाहरु मुलुकको समका-लीन सामाजिक, आर्थिक, राजनीतिक र मनोवैज्ञानिक पक्षलाई चित्रण गर्न सफल रहेका छन् । एक बसाइमा नै पढ्न सकिने छोटा आयामयुक्त उनका कथाहरुको शीर्षक अभिधात्मक, प्रतीकात्मक तथा व्यङ्ग्यात्मक अर्थमा कथ्यविषय अनुरुप सार्थक रहेको पाइन्छ । कथाका पात्रहरु नेपाली समाजको यथार्थ धरातलबाट टिपिएका निम्न, मध्यम र उच्च वर्गीय नारी तथा पुरुष्हरु रहेका छन् । द्वन्द्वका दृष्टिले आन्तरिक तथा बाह्य दुवै द्वन्द्वको प्रयोग गरिएका यस कथासङ्ग्रहमा सङ्कलित कथाहरुमा विशेष गरी नेपालगन्ज र त्यस वरपरको आञ्चलिक परिवेश जीवन्त चित्रित भएको छ । समयगत परिवेशका दृष्टिले २०४६ पछिको सयम-

लाई लिएको पाइन्छ । प्रायः सामान्य वर्णनात्मक शैलीमा रहेका उनका कथाहरुमा स्थानीय थारु, हिन्दी-उर्दू तथा अन्य तत्सम र तद्भव शब्दहरुको पनि प्रयोग भएको देखिन्छ । सरल र बोधगम्य भाषाप्रयोग गरिएका पाण्डेका कथामा सार्थक विम्ब प्रतीकका साथै नेपाली समाजमा प्रचलित उखान टुक्काहरुको समेत प्रयोग भएको पाइन्छ ।

## ४.४.२.२ निदाएँ जगदम्वा कथासङ्ग्रहको विवेचना

कथाकार नयनराज पाण्डेको दोस्रो कथासङ्ग्रहका रूपमा प्रकाशित **निदाएँ जगदम्बा** वि.सं. २०६५ मा दूबो प्रकाशनमा प्रा.लि. ले प्रकाशन गरेको हो । कुल १७ वटा कथाहरू रहेको यस सङ्ग्रहमा ७४ पृष्ठ रहेका छन् । वर्तमान समय र समाजमा विद्यमान कुरूप मानसिकता र बेथितिका विरुद्ध आक्रोश पोख्ने उनका कथाहरू समयसामयिक कालखण्डका सजीव चित्रहरू हुन् । पाण्डेका कथामा नेपाली समाजका व्याप्त मूल्यहीनता, पाखण्ड श्रमको शोषण, भष्टाचार, कुण्ठाग्रस्त मानसिकता, राजनैतिक अवसरवाद र अकर्मण्यतालाई प्रस्तुत गरिएको छ । उनले मध्यपश्चिम तराईको जनजीवनमा व्याप्त शोषण र दैन्यका विविध स्वरूपलाई पनि आफ्ना कथामा चित्रण गरेको पाइन्छ (अधिकारी, २०६५: घ) ।

यस सङ्ग्रहभित्रका कथाहरूमा व्यङ्ग्यात्मकता सहितको कथात्मकता र निबन्धात्मक दुवै शैली रहेको पाइन्छ । कथाहरू एक बसाइमा पढ्न सकिने छोटा, छरितो र रोचक पनि रहेका छन् । यी कथाहरूमा पाण्डेले अभाव, गरिबी, सङ्घर्ष र सीमान्तकृतका आवाजहरूलाई प्रकाश पार्दै हैकम र रजाइँ गर्ने सामन्तवर्गको मुखुण्डो उतार्ने प्रयास गरेका छन् ।

### (क) शीर्षक चयन

**निदाएँ जगदम्बा** कथाकै नामबाट यस कथासङ्ग्रहको नामाकरण गर्नुले पनि यस कथाको उत्कृष्टतालाई बुझाउँदछ । प्रस्तुत कथाले देशमा सङकटकालीन अवस्थाले सिर्जना गरेको अन्यौल र असुरक्षाको स्थितिलाई प्रस्तुत गरेको छ । तत्कालीन समयमा प्रगतिवादी विचारधाराका पुस्तकहरू भेटेमा सुरक्षा फौजले माओवादीका नाममा ज्यानै लिन सक्ने खतरा भएकाले कथाको प्रमुख पात्र शरणकुमार प्रगतिवादी (क्रान्ती) पुस्तकहरूकै कारण अनिन्द्राको रोगी बन्न पुगेको छ । खाल्डो खनी ती पुस्तकहरूलाई श्रीमती जगदम्बाको सहयोगमा व्यवस्थापन गरेपछि सुतिरहेको समयमा पत्नीको प्रश्नको उत्तरमा आफू निदाएको अभिव्यक्ति

वा **निदाएँ जगदम्बा** नै यस कथाको शीर्षक बनेर आएकाले कथ्यविषयअनुरूप यसको यसको शीर्षक सार्थक देखिन्छ ।

**शासन** कथाले शासनसत्ता हुँदा प्राप्त हुने मान सम्मान, सुविधा र रवाफ समयक्रमसँगै अर्को शासन प्रणाली लागू हुँदा गुम्छ भन्ने यथार्थलाई प्रस्तुत गरेको हुनाले कथ्यविषय अनुकूल शीर्षक सार्थक रहेको छ ।

**आवरण** कथाले 'म' पात्रका दाजु प्रभावशाली र आदर्श नेता मानिए पनि आफ्नी नोकर्नीलाई गर्भिणी तुल्याउँछ । 'म' पात्रले पनि त्यस नोकर्नीसँग यौनसम्बन्ध राख्न चाहे पनि दाजु र नोकर्नीबीचको सम्बन्ध थाहा पाएपछि नैतिकताका आधारमा यौनसम्बन्ध राख्दैन । नोकर्नीले समेत आफ्नो लोग्ने र 'म' पात्रको दाजुबाहेक कसैसँग सहवास नगरेको कुरा बताउनाले कथाका पात्रहरू आवरणले छोपिएको देखिएका छन् । यसरी कथ्यविषयअनुसार यसको शीर्षक सार्थक रहेको छ ।

**अमेरिका** कथाले अमेरिकाले नेपाललाई हेर्ने दृष्टिकोण र नेपाली जनताको शान्तिको चाहनालाई पूरा गर्न हतियार पठाएर आफ्नो साम्राज्यवादी प्रभुत्व कायम राख्न खोज्ने दृष्टिकोणसँग कथ्य सम्बन्ध राखेकाले यसको शीर्षक सार्थक भएको पुष्टि हुन्छ ।

**भिडन्त** कथाले सङ्कटकालीन अवस्थामा राज्यपक्षले शङ्काकै भरमा निर्दोष व्यक्तिलाई गोली हानी मारे पनि सञ्चार माध्यमद्वारा 'भिडन्तमा आतङ्कारीको मृत्यु' भनी समाचार सम्प्रेषण गर्ने यथार्थलाई कथ्यविषय बनाएकाले यस कथाको शीर्षक कथ्यअनुसार सार्थक रहेको छ ।

**घिच्नु/घिचाउनु** कथाले नेपाली जनताले आफ्नो परिश्रम र पसिनाको मूल्य पुस्तौँ पुस्तादेखि राजतन्त्रात्मक शासन-प्रणालीलाई नलिएको ऋण तिर्नुपरेको प्रसङ्गले यस कथाको शीर्षक साङ्केतिक वा प्रतीकात्मक रूपमा सार्थक देखिन्छ ।

**कीला** कथाले मित्रतामा साम्प्रदायिक विभेदले पारेको असरका कारण दुई मित्रहरूबीच कटुता उत्पन्न गरी कीला गाडिएको घाउझैं असह्य बनाएकोले प्रतीकात्मक रूपमा यसको शीर्षक सार्थक देखिन्छ । अर्कोतर्फ साहिल साम्प्रदायिक दङ्गामा परि कीला गाडिएका कारण आत्मीय मित्रकहाँ जान नसकेको कथ्य विषयसँग सम्बन्ध राख्ने हुँदा विषयानुकूल शीर्षक सार्थक छ ।

**कुकुर** कथामा अभिधा अर्थमा कुकुरको विवरण दिए पनि लक्ष्यार्थमा नेपाली जनतालाई विभिन्न जातका कुकुरहरूसँग तुलना गरेकाले यहाँ प्रतीकात्मक अर्थमा कथाको शीर्षक सार्थक रहेको छ ।

**पोशाक** कथाले नयाँ स्तरीय र मूल्यवान पोशाक (दौरा सुरवाल) सिलाएर पनि प्रदर्शन गर्ने उचित समय र स्थान नपाउँदा कुण्ठित भएका नेताको भावनालाई माघ १९ को कदमपछि पोशाक प्रदर्शन गर्न उचित समय ठानी पजेरो चढेको र पोशाकको सवत्र चर्चा भएको कथ्यविषय लिएकाले यस कथाको शीर्षक सार्थक देखिन्छ ।

**रावण** कथाको शीर्षकले मानव समुदायका दृष्टिमा हिंस्रक र उपेक्षित पात्रलाई बुझाउँदछ । रामको भूमिका खेल्न सक्षम लछानु चौधरीलाई जातीयताका आधारमा उपेक्षा र दमन गरी उसको प्रतिभालाई कुण्ठित गरेर रावणको भूमिका खेल्न लगाइएको छ । फलस्वरूप लछानु विद्रोही वा राक्षस बनी हिंस्रक कार्यमा लाग्न बाध्य भएकाले कथ्यविषयअनुरूप यसको शीर्षक सार्थक रहेको छ ।

**संविधान** कथामा मड्सिडिज गाडी उभ्याएर आरामदायी यात्राको निम्ति यात्रुहरूलाई बोलाउने तर नगुड्ने कुरासँग नेपालको संविधानलाई तुलना गरेर केवल कोरा सिद्धान्तमा मात्र संविधान रहेको र त्यसका माध्यमबाट झुटको खेती गरी जनता झुक्याएको राजनैतिक यथार्थता प्रस्तुत गरेको छ । यसरी शीर्षक र मूलकथासँग शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको देखिन्छ ।

**लाग्छ नि....** शीर्षक कथाले चाकडी र चाप्लुसी गरेर राजदूत भई विदेशमा बसेका नेपाली मण्डले कर्मचारीको विलासितापूर्ण जीवनचर्या प्रस्तुत गरेको छ । देशको माया कति लाग्छ भनी सोध्दा ट्वाल्ल परेर भक्भकाउँदै टाउको दुखाएर 'लाग्छ नि....' भनेको प्रसङ्गले कथ्यविषयसँग सार्थक सम्बन्ध राखेकोले यो कथाको शीर्षक सार्थक बनेको छ ।

**...र संसद फेरि सुरू भयो** कथामा मुक्त कमैया घोषणा गर्ने प्रजातान्त्रिक सरकार-का संसदहरूले मुक्त कमैयाहरूलाई झुठो आश्वासन दिई उनीहरूका नाममा राजनीति गरेर पुनः संसद चलाइएको तर न्याय दिन नसकेको कथ्यविषयअनुसार शीर्षक सार्थक रहेको छ ।

**देश** कथाले थारू जातिले मुसा मारेर मीठो मानी-मानी खाइसकेपछि घर नभए जस्तै सबैले आफ्नो अधिकारका लागि लड्दा यो देश नै नरहने स्थितिसँग सामजस्य राख्दछ । विभिन्न आन्दोलन, जनयुद्ध र आफ्ना मागहरूका नाममा तोडफोड र हडताल गर्नुले देशको

अवस्था बिग्रेको देखाइएको छ । यसरी प्रतीकात्मक रूपमा यस कथाको शीर्षक सार्थक देखिन्छ ।

**प्रवास** कथाले काठमाडौंको पत्रकार पेसासँग सम्बद्ध समस्यालाई लिएर आफ्नै देशको राजधानी भए तापनि अभावहरूसँग लड्नुपर्दा प्रवास सरह हुन पुगेको कुरा देखाएको छ भने अर्कोतर्फ पत्रिकाको नाम 'प्रवास' हुनुले पनि कथ्यविषयअनुरूप शीर्षक सार्थक रहेको देखिन्छ ।

**चकलेट** कथामा जनतालाई विकास र अति आवश्यक सुविधा प्रदान गर्नुपर्ने मन्त्री आफ्नो गाउँ फर्कंदा बाटो बिर्सिनुका साथै गाउँले केटाकेटीहरूलाई चकलेट बाँडेर फर्किएको छ । विकासको नाममा चकलेट बाँड्ने कथ्यविषयसँग सम्बन्ध राखेकाले यसको शीर्षक सार्थक रहेको देखिन्छ ।

**मृत्युशैचयामा युधिष्ठिर** कथामा मृत्युशैचयामा रहेका प्रधानमन्त्रीलाई युधिष्ठिरसँग आरोप गरी घटनाको वर्णन गरिएकाले प्रतीकात्मक तथा व्यङ्ग्यात्मक अर्थमा यसको शीर्षक सार्थक देखिन्छ ।

**(ख) कथावस्तु**

**निदाएँ जगदम्बा** कथाको कथावस्तु नैतिक स्खलन भएको वामपन्थी नेताको आत्मसंस्मरणजस्तो लाग्ने र कुरूप यथार्थ सार्वजनिक गर्न सक्ने व्यङ्ग्यसँग सम्बन्धित रहेको छ । २०५९ सालको शाही कदमपछि नेपाली राजनीतिक क्षेत्रमा देखिएको सङ्कटकालीन अवस्थामा शान्ति सुरक्षा नाजुक भएकाले वामपन्थी नेतामा आएको सन्त्रासपूर्ण मानसिकता-लाई प्रस्तुत गरिएको छ । क्रान्तिसँग सम्बन्धित प्रगतिशील विचारधारा भएका पुस्तकहरू सुरक्षा फौजले खानतलासी गर्दा भेटेमा ज्यानै जान सक्ने खतरा रहेको छ । यस्तो अवस्थामा इच्छाबिना पनि त्यस्ता पुस्तकहरू खाल्डो खनी पुर्नुपर्ने बाध्यता सिर्जना भएको छ । निन्द्रा नलाग्ने रोगले पीडित बनेका शरणकुमार ती पुस्तकहरू थान्को लगाएपछि मात्र ढुक्कसँग निदाउन पुग्दछन् । त्यसपछि उनमा नयाँ पोशाक लगाएर राजा कहाँ टीका थाप्न जाने अवसरवादी सोच बनेको घटनालाई कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

**शासन** दरबारको शान, रवाफ, मान-प्रतिष्ठा र रहनसहनको पूर्वस्मृतिका रूपमा जेलमा रहेको दरबारको अन्तिम वंशको गवाहीले दिएको वर्णनमा आधारित कथावस्तु लिएको छ । सुसारे, पकवान, माली, पक्षी, सिकार, स्वीमिङ्गपुल, तबेला, विलियर्ड, हतियार, पुस्तकालय, अत्तर, नाचघर, हीरा, जवाहरत, मणि, पेन्टिङ आदिको चित्रण गर्दै दरबारभित्रको यौन

दुराचारको नग्न चित्र प्रस्तुत गरेको छ । ती सबै जनआन्दोलनरूपी महाभुकम्पले गर्दा नासिएपछि आफूले चुरोट पनि मागेर पिउनुपरेको निरीहतालाई कथावस्तु बनाइएको छ ।

**आवरण** कथाले बाहिर हेर्दा समाजसेवी र नारीको सम्मान गर्नुपर्छ भन्ने जमिन्दार तथा प्रभावशाली नेता भित्री रूपमा अनैतिक र भ्रष्ट रहेको रहस्योद्घाटनलाई कथावस्तु बनाएको छ । चरित्रवान् र भलाद्मी व्यक्तित्वका धनी 'म' पात्रका दाजुले गाउँको थारू समुदायकी काम गर्ने केटी (ओरगानी) राखेर अनैतिक कार्य गरेको चित्र यहाँ उतारिएको छ । ओरगानीबाट बतासे छोरा जन्मेपछि उसको पति बन्दुक बोकी 'म' पात्रका दाजुलाई जनकारवाही गरी बदला लिने अभियानमा लागेको कुरालाई कथाले समेटेको छ ।

**अमेरिका** कथामा अमेरिकाबाट नेपालमा 'द्वन्द्वको असर' सम्बन्धी अध्ययन गर्न आएको अधिकारीले नेपाल आएर जानकारी प्राप्त गरेको कथावस्तु रहेको छ । ऊ विमानबाट अवतरण भएपछि दोभासेद्वारा एक ठाउँमा पुऱ्याउनभन्दा अर्कै ठाउँमा पुऱ्याइएको छ । त्यहाँ द्वन्द्वमा आफन्तहरू गुमाएर अनाथ भएकाहरू, असहाय महिलाहरू, शान्तिका निम्ति माग गरिरहेका जुलुसहरू देखिन्छन् । नेपाली जनताको शान्तिको चाहनालाई गम्भीरतापूर्वक लिएको स्वीकार गर्ने अधिकारीले समस्या समाधानका निम्ति अमेरिकाबाट हतियारहरू पठाइ सहयोग गरेको घटनालाई कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

**भिडन्त** कथाले सङ्कटकालीन सुरक्षाकर्मीको ज्यादतीलाई कथावस्तु बनाएको छ । कर्णाली अञ्चलको विकट जिल्लामा बच्चा पाउन नसकेर पत्नी मरेकी, सुरक्षाफौजको कारवाहीमा छोरो मारिएको र घर जलेपछि नेपालगन्ज आएको जगतबहादुर शिलाजीत र जिम्मू बेचेर जीवीकोपार्जन गर्दछ । सपनामा सिपाहीलाई मारेको देखी विपनामा पाप कटाउन प्रहरी कार्यालय पुगेर आफैंलाई थुन्न लगाउँछ । कार्यालयमा रहेको एकमात्र इन्स्पेक्टर बम पड्किएको आवाजले ड्युटीमा गएपछि त्यही मारिन्छ, अन्य प्रहरीहरू कार्यालयमा आएपछि केरकार गर्दा छोराको मृत्युको बदला लिन आएको आरोप लगाइ जगतबहादुरलाई गोली हानेर मारिन्छ । भोलिपल्ट 'भिडन्तमा आतङ्कारीको मृत्यु' शीर्षकमा समाचार छापिन्छ ।

**घिच्नु/घिचाउनु** कथामा अपरिचितको नाममा नखाएको ऋण पनि तिर्नुपर्दा 'म' पात्रको मनमा उब्जेको आक्रोश कथावस्तुका रूपमा रहेको छ । कुनै अज्ञात व्यक्तिको नाममा ऋण तिर्नुपर्ने 'म' पात्रलगायत सबै सर्वसाधारणको अवस्थालाई देखाउँदै हामीले तिरेको ऋणले कुनै अपरिचित व्यक्तिले मोज र ऐश गर्दै परिश्रम र पसिनाको मूल्य लिएको देखाइएको छ ।

**कीला** कथामा धार्मिक-साम्प्रदायिक हिन्दू र मुस्लिम दङ्गाको कारण आत्मीय मित्रहरू साहिल र ओमका बीचको घनिष्ट मित्रता सत्रुताको हदसम्म पुगेको घटना नै कथावस्तु बनेर आएको छ । नेपालगन्जको सुर्खेत रोड अनि इदगाह रोड घर भएका साहिल र ओम दुबैले एकअर्काको धार्मिक, सांस्कृतिक चाडपर्व सद्भावपूर्ण रूपमा मनाउँछन् । हिन्दूद्वारा मुस्लिम केटीको बलात्कार भनी गरिएको दुष्प्रचारका कारण सहरका मस्जिदमा आगो लाग्यो । साहिलको गोडामा कीला गाडिएर घाउ बन्यो । सहरको जनजीवन कर्फ्यूका कारण अस्तव्यस्त बन्न पुग्यो । साहिलले ओमलाई फोन गर्न खोज्दा आगो लगाउने काममा ओम पनि रहेको थाहा भएपछि उनीहरूले एकअर्कालाई चाडपर्वमा बोलाएनन् । साहिलको घाउले भने पाक्दै धेरै पछिसम्म दुःख र पीडा दिइरहेको थियो । यसरी दुई आत्मीय मित्रका बीचको फाटोलाई यस कथाले कथावस्तु बनाएको छ।

**कुकुर** कथामा संसारका कुकुरहरूका प्रजातिबारे वर्णन र विवरण नै कथावस्तु बनेर आएको छ । समय खराब भएकाले मानिसको कथा नलेखेर कुकुरको कथा लेख्नुपर्ने बाध्यता लेखकमा रहेको छ । स्वामीभक्त कुकुरहरू भुस्याहा कुकुरहरूका बीच भेद देखाएर चाकडी, चाप्लुसी गर्ने व्यक्ति र गरिब निमुखा नेपाली जनतालाई प्रस्तुत गरिएको छ ।

**पोशाक** कथामा नेपाली राजनीतिका वामपन्थीका नेताले लगानी, परिश्रम र कारिगरीसहित सिलाएको राष्ट्रिय पोसाक प्रदर्शन गर्ने महत्त्वपूर्ण स्थान नपाएर माघ १९, २०६१ का दिन दरबार पुगेको कथावस्तु रहेको छ । वामपन्थी विचारधाराका नेताका रूपमा चिनाइएको उक्त पात्र गाउँमा आफ्नी जन्मदिने आमा छँदा-छदै आर्यघाट पुगेर दाहसंस्कार गरेको घटनाको प्रस्तुति यस कथामा पाइन्छ ।

**रावण** कथा सहरमा बसोवास गर्ने 'म' पात्र गाउँमा पुग्दा साथीभाइहरू खुसी हुने र रामलीला खेल्ने प्रसङ्गबाट कथावस्तु प्रारम्भ भएको छ । 'रामलीला' मञ्चन गर्दा 'म' पात्रले रामको भूमिका खेल्दछ । कमैयाको छोरो लछानुलाई रामको भूमिका खेल्न सक्षम भए पनि रावणको भूमिका खेल्न लगाइन्छ । लछानुमा आफू रावणको भूमिका खेल्दा उचित सम्मान नपाएको आक्रोश जाग्दछ । उसलाई जातीयता र वर्गीयताको आधारमा 'थारूको बच्चा पनि 'राम बन्न सक्छ' भनी निराश बनाइँदा विद्रोही बन्न पुगेको र हाल उसलाई सुरक्षा फौजले खोजिरहेको प्रसङ्गमा कथाको अन्त्य भएको छ ।

**संविधान** कथामा नेपालका प्रसिद्ध ठाँउहरूसम्म पुग्ने मर्सिडिज गाडीमा बसेर ती ठाउँहरूको अवलोकन, भ्रमण गर्न गाडीवालाले सबै यात्रुहरूलाई बसाएको प्रसङ्ग कथावस्तुको

रूपमा रहेको छ । यात्रुहरूलाई शान्ति, जीउज्यानको पूर्ण सुरक्षा मौलिक हकको पूर्ण प्रत्याभूति भए पनि गाडीमा बसालेपछि गाडी एक कदम पनि अगाडि नगुड्ने र गाडी गुडाउनका निम्ति नभइ हेर्नका निम्ति भएको प्रसङ्ग प्रस्तुत गर्दै कथावस्तुको अन्त्य भएको छ ।

**लाग्छ नि...** कथाको कथावस्तु हुकुम प्रमाङ्गीबाट निजामती सेवामा प्रवेश गरेका रिटायर्ड राजदूतको दैनिक दिनचर्यासँग सम्बन्धित रहेको छ । कहिलेकाँही आफूलाई मण्डले, घुस्याहा र चरित्रहीन जस्ता आरोपहरू लाग्ने हुँदा देश छोडेर अमेरिकामा छोरी-ज्वाई कहाँ गएर बस्न मन लाग्ने 'ऊ' चाकडी गर्दै विरोधीलाई गोली ठोक्ने बिन्ती बिसाउँछ । रखौटी मस्तीपूर्ण जीवन जीउने ऊ आफ्नो जीवनी लेखाउँदा देशको मायासम्बन्धी जीवनी लेखकको प्रश्नमा झस्किँदै, आत्तिँदै र भकभकाउँदै 'लाग्छ नि . . . भन्दै शब्दकोशमा 'देश' शब्दको अर्थ खोज्न थालेको प्रसङ्गसँगै कथाको अन्त्य हुन्छ ।

. . . **र संसद फेरि सुरु भयो**' कथाको कथावस्तु श्रमजीवी, गरिब थारू, मधेशी आन्दोलन र संसदसँग सम्बन्धित रहेको छ । राज्यले मुक्त कमैया घोषणा गरेपछि सहरमा मजदुरी गरेर आफ्नो जोहो गर्ने थारू र मधेश आन्दोलनका कारण आफ्नो ज्यान जोगाउन हिँडेका संसद एउटै होटेलमा भेट हुन पुग्छन् । यी दुबै एक अर्काका गाउँले भएकाले संसदले त्यस थारूलाई आफूसँगै काठमाडौँ लैजाने आश्वासन दिन्छ र ऊ केही आशावादी बन्छ । संसद होटेलमा भएको जानकारी पाएर आन्दोलनकारीले होटेलमा ढुङ्गामूढा गर्दछन् । मुक्त कमैयालाई आफूसँगै लैजाने आश्वासन दिएका संसद, भोलिपल्ट बिहानै सुरक्षा फौजको सहयोगमा काठमाडौं गएपछि संसद भवनमा मुक्त कमैयाको नाममा राजनीति सुरु भए पनि उसलाई नसम्झिएको घटनासँगै कथावस्तुको अन्त्य भएको छ ।

**देश** कथाको कथावस्तु थारू समुदायले ज्यादै मन पराउने मुसा मार्ने प्रसङ्गमा आधारित छ । मङ्सिरमा मुसाको चटनी खाएको स्वाद भागीरामको छोरा लछानुले बिर्सन नसकेपछि घरमा देखिएको मुसो खन्दाखन्दै घर नै भत्किन पुग्छ । रहरलाग्दा मुसाहरू मार्दै जाँदा गाउँका सबै छिमेकीहरू मिलेर मुसा मार्छन र मीठो मान्दै मुसाको चटनी र करङ्गी धानको भात खान्छन् । राती सुत्न लाग्दा घर भत्किएर सुत्ने ठाउँ नै नभएपछि छिमेकी घर जान्छन् तर छिमेकीको घर पनि मुसा मार्ने अभियानमै भत्किएको देखाएर कथाको अन्त्य भएको छ ।

**प्रवास** कथा काठमाडौंको खर्चालु जनजीवनसँग सम्बन्धित रहेको छ । पत्रिकाको सम्पादकको रूपमा काम गर्ने 'म' पात्रलाई आर्थिक समस्याले निकै सताएको छ ।

ऊसँग डेराबाट आफूले काम गर्ने प्रेससम्म पुग्ने भाडासमेत हुँदैन । पत्रिकामा विज्ञापनका लागि कुनै व्यापारी आएमा पत्रिका प्रकाशनदेखि आफ्नो घरेलु समस्या टर्ने सोचिरहेको 'म' पात्रसँग आफूलाई शर्मा एण्ड कम्पनीको म्यानेजिङ डाइरेक्टर भन्ने व्यक्तिले भेट्न खोज्दा निकै आशा पलाँउछ । उक्त डाइरेक्टरले 'म' पात्रलाई डेरामा भेटिसकेपछि पत्रिकामै काम पाऊँ भन्छ तर 'म' पात्रले 'प्रवास' पत्रिकाका नयाँ अङ्कहरूसमेत निकाल्न सक्दैन । यसरी भोक र अभावले सताएको कथावस्तु यस कथामा पाइन्छ ।

**चकलेट** कथाको कथावस्तु चुनाव जितेर काठमाडौं गएपछि जनताको गुनासो मेट्न पहिलो पटक गाउँ फर्कंदा बाटो बिराएका मन्त्री र उनको स्वकीय सचिवसँग सम्बन्धित रहेको छ । धर्मपुरका बासिन्दाले थोरै भोट दिएर चुनावमा रु.६० हजार खर्च पनि गराइदिएकाले त्यहाँ विकास नगर्ने मन्त्रीको सोचाइ देखिन्छ । गा.वि.स अध्यक्ष बाटोमा भेटिंदा पाँच वर्षभित्र खानेपानी समस्या समाधान गर्ने आश्वासन दिने मन्त्रीले गाउँको बाटो नभेटिएपछि आफ्नो गाउँ पुग्ने पूरा नक्साको योजना बनाउने सोच्दछ । गाउँभन्दा देश ठूलो भएकाले आफ्नो गाउँ खोजेर व्यर्थैमा समय खेर फाल्नुभन्दा देशतिरै फर्कनु ठीक ठानी आफ्नो खल्तीमा भएको चकलेट केटाकेटीलाई बाँडेर ऊ राजधानी फर्कन्छ ।

**मृत्युशैचयामा युधिष्ठिर** कथामा दोस्रो जनआन्दोलनपछि बनेको सरकारका प्रधानमन्त्रीको अन्त्यावस्था भएकाले उनी पछिको नेतृत्वसँग सम्बन्धित कथावस्तु रहेको छ । देशमा शान्तिका निम्ति उनले गरेको पहलले लोकप्रियता पाएका प्रधानमन्त्री मृत्युशैचयामा छँदा पार्टीका विभिन्न प्रभावशाली नेताहरूसहित सञ्चार माध्यम र अन्य विदेशी राजदूतहरूले उनको पार्टीको नेतृत्वको सम्बन्धमा शोधपुछ गर्दा आफ्नै छोरीको नाम घोषणा गरेको कुरा कथामा प्रस्तुत भएको छ ।

## (ग) पात्रविधान

**निदाएँ जगदम्बा** कथासङ्ग्रहका कथाहरूमा समाजको यथार्थ धरातलबाट टिपिएका पात्रहरू सजीव रूपमा प्रस्तुत भएका छन् । पाण्डेका प्रायः कथामा थोरै पात्रहरूको प्रविष्टि भएको पाइन्छ । यी कथाहरूमा आएका चरित्रले कुनै सामाजिक वर्ग, जाति, पेसा वा मनोवैज्ञानिक स्तरको प्रतिनिधित्व गरेका छन् ।

**निदाएँ जगदम्बा** कथामा 'शरणकुमार' र 'जगदम्बा' प्रमुख पात्रका रूपमा रहेका छन् । वामपन्थी नेता भए पनि दरबारमा टीका थाप्न जाने सङ्केत गरिएकाले शरणकुमार प्रतिकूल र गतिशील पात्रका रूपमा देखिन्छन् ।

**शासन** कथामा प्रमुख पात्रका रूपमा 'म' पात्र आएको छ । ऊ दरबारको आफ्नो वंशको अन्तिम साक्ष्यको रूपमा आएकाले वर्गीय पात्र हो भने जगते नामको ढोकेलाई गोली हानी मारेकोले प्रतिकूल पात्र हो । यस कथामा गौण पात्रका रूपमा जगते, जगतेको छोरो, बुबाहजुर, मुमाहजुर, भीमे आदि रहेका छन् ।

**आवरण** कथामा प्रमूख पात्र 'म' पात्रको दाजु हो भने सहायक पात्रको रूपमा 'म' पात्र र ओरगानी रहेका छन् । 'म' पात्रको दाजु आफ्नो काम गर्ने नोकर्नीसँग सहवास गर्ने प्रतिकूल पात्र हो । ओरगानी आफ्नो श्रीमान् हुँदाहुदै पनि परपुरुषसँग सम्बन्ध राखेर बतासे छोरा जन्माएकाले प्रतिकूल र वर्गीय नारी चरित्र हो । ओरगानीको श्रीमान् गौण पात्रका रूपमा प्रस्तुत भएको छ ।

**अमेरिका** कथामा अमेरिकी अधिकारी प्रमुख पात्रका रूपमा आएको छ । उसको दोभाषे सहायक पात्र र मन्त्रीमण्डलको वरिष्ठ सदस्य गौण पात्रका रूपमा रहेका छन् । अमेरिकी अधिकारीले नेपालीहरूको शान्तिको चाहनाको विपरीत हतियार पठाएकाले प्रतिकूल र वर्गीय पात्रका रूपमा आएको छ ।

**भिडन्त** कथाको प्रमुख पात्र जगतबहादुर सैजुवाल हो । ऊ जुम्लाबाट नेपालगन्ज आएको अशिक्षित र वर्गीय पात्रका रूपमा कथामा प्रस्तुत भएको छ । इन्स्पेक्टर यस कथाको सहायक पात्र हो भने जगतेको छोरो र जगतेकी स्वास्नी गौण पात्र हुन् । जगतेलाई आतङ्कारी ठानेर गोली हान्ने प्रहरीहरू पनि सहायक र प्रतिकूल पात्रका रूपमा आएका छन् ।

**घिच्नु/घिचाउनु** कथामा प्रमुख पात्रका रूपमा 'म' पात्र रहेको छ । उसलाई नखाएको ऋण तिर्न लगाउने अपरिचित व्यक्तिलाई पनि प्रमुख पात्रका रूपमा लिन सकिन्छ । 'म' पात्रकी श्रीमती र पसले सहायक पात्र हुन् ।

**कीला** कथाको प्रमुख पात्रका रूपमा साहिल रहेको छ । ऊ मुस्लिम समुदायमा जन्मेको ओमको मित्र हो भने ओम सहायक पात्र हो । कथामा ओमका बाबु, ओमको भतिजा, साहिलको बाबु, मसुद, असिफ र शाहनवाज गौणपात्रका रूपमा आएका छन् ।

**कुकुर** कथामा मानिस बाहेक मानवेतर प्राणी कुकुरलाई मुख्य पात्रका रूपमा प्रस्तुत गरिएको छ । कुकुरहरूका विभिन्न प्रजातिमध्ये शिहुआहुआ, वुल्फहाउन्ड, भुस्याहा आदि कुकुरहरूको नालीबेली यस कथामा देख्न सकिन्छ । कुकुरको कथा भन्छु भन्दै लेखक स्वयम् समेत पात्रका रूपमा उपस्थित भएका छन् ।

**पोसाक** कथामा 'उनी' मुख्य पात्रका रूपमा प्रस्तुत भएका छन् । 'उनी' सर्वनामले सम्बोधन गरिएका पात्रमा अवसरवादी प्रवृत्ति भएकाले गतिशील पात्रका रूपमा देखिन्छन् । उनकी श्रीमती र आमा सहायक पात्रका रूपमा आएका छन् ।

**रावण** कथामा प्रमुख पात्रका रूपमा 'म' पात्र र लछ्रानु चौधरी आएका छन् । 'म' पात्र गाउँमा घर भए पनि सहरमा बसोवास गर्ने जमिन्दार परिवारको पात्रको रूपमा देखिएको छ । त्यसैगरी लछ्रानु गरिब निम्नवर्गीय परिवारको थारू जातिको पात्र हो भने म पात्रका हजुरबा, 'म' पात्रको काकाको छोरा, रामलीलामा भाग लिने अन्य व्यक्तिहरू, कमैया र सुरक्षाकर्मी आदिले गौणपात्रको भूमिका निभाएका छन् ।

**संविधान** कथामा गाडीको वर्णन गर्ने 'म' पाात्र मुख्य पात्रको रूपमा आएको छ भने उसले सम्बोधन गरेका बा, मैया, दिदी, बहिनी, दाइ, भाइलगायत सम्पूर्ण यात्रु-हरू समष्टिगत रूपमा गौण पात्रका रूपमा आएका छन् ।

**लाग्छ नि..** कथामा रहेको 'यिनी' सर्वनामले सम्बोधित व्यक्ति प्रमुख पात्रको रूपमा आएको छ । श्रीमती, बारगर्ल, न्यायधीश, जीवनी लेखक आदि गौण पात्रको रूपमा प्रस्तुत भएका छन् ।

. . . **र संसद फेरि सुरु भयो**' कथामा मुक्त कमैयाका रूपमा आएको 'ऊ' पात्र प्रमुख पात्रका रूपमा आएको छ । संसद सहायक तथा प्रतिकूल पात्रको रूपमा रहेको छ भने आन्दोलनकारीहरू, गाउँले केटो, पुलिस प्रशासन आदि गौण पात्रका रूपमा प्रस्तुत भएका छन् ।

**देश** कथामा भागीराम चौधरी प्रमुख पात्रका रूपमा रहेको छ भने उसकी स्वास्नी किन्की, छोरा लछ्रानु सहायक पात्रका रूपमा आएका छन् । थारू समुदायका अन्य छिमेकीहरू फत्तु, लौटन आदि गौण पात्रका रूपमा प्रस्तुत भएका छन् ।

**प्रवास** कथाको 'म' पात्र प्रमुख पात्र हो भने उसकी पत्नी र शर्मा एण्ड कम्पनीको म्याग्नेजिङ डाइरेक्टर सहायक पात्रको रूपमा प्रस्तुत भएको छ । छोरो प्रवास, घरबेटी, कम्पोजिटर र छिमेकीहरू गौण पात्रका रूपमा आएका छन् ।

**चकलेट** कथामा आफ्नो गाउँ फर्कंदा बाटो बिराउने मन्त्री प्रमुख प्रतिकूल पात्र हो भने उसको यात्रामा साथ दिने स्वकीय सचिव सहायक पात्रको रूपमा आएको छ । गा.वि.स अध्यक्ष, प्रौढ बुज्रुक र केटाकेटीहरू गौण पात्रका रूपमा प्रस्तुत भएका छन् ।

**मृत्युशैयामा युधिष्ठिर** कथामा मुख्य पात्रको रूपमा युधिष्ठिर आएका छन् । उनलाई पूर्व प्रधानमन्त्री कोइरालाको विम्बका रूपमा हेर्न सकिन्छ । त्यसैगरी विदेशी राजदूतहरू, पदाधिकारी, पार्टी प्रमुख, वरिष्ठ चिकित्सक, कृष्ण, अर्जुन, भीम, नकुल, सहदेव, अभिमन्यु प्रत्यक्षदर्शी, निजी चिकित्सक, निजीसहायक, पत्रकार आदि गौण पात्रका रूपमा देखापरेका छन् ।

### (घ) द्वन्द्वविधान

**निदाएँ जगदम्बा** कथाको मुख्य पात्र शरणकुमारभित्र आन्तरिक द्वन्द्व देखिन्छ । उसको जीवनमा सुरक्षाकर्मीले छापा मार्दा क्रान्तिसम्बन्धी पुस्तक भेटेमा बेपत्ता पार्ने सन्त्रास उत्पन्न भएको छ । जसका कारण ऊ अनिद्राको रोगी हुनपुगेको छ । शरणकुमारकी श्रीमती जगदम्बामा पनि आंशिक रूपमा आन्तरिक द्वन्द्व रहेको पाइन्छ ।

**शासन** कथामा दरबारको शानरवाफ र मानप्रतिष्ठा महाभुकम्पका कारण गुमेकाले र आफू जेलमा बस्नुपर्दा 'म' पात्रमा आएको बेचैनी र छटपटीले आन्तरिक द्वन्द्वको सिर्जना गरेको छ ।

**आवरण** कथामा आंशिक रूपमा आन्तरिक द्वन्द्व रहेको पाइन्छ । 'म' पात्रका दाजुले काम गर्ने ओरगानीसँग अनैतिक सम्बन्ध राखी सहरतिर लागेपछि ओरगानीको लोग्नेले 'म' पात्रका दाजुलाई जनकारवाही गर्ने योजना बनाएकाले उसमा आन्तरिक द्वन्द्व रहेको पाइन्छ ।

**अमेरिका** कथामा अमेरिकी अधिकारीको कुरा नबुझ्दा जनार्दनले सपिङ्ग कम्पलेक्स, चिडिया घर आदि ठाउँमा पुऱ्याउँदा जनार्दनलाई अमेरिकी अधिकारीले हकारेकाले आंशिक द्वन्द्वको सिर्जना भएको छ । यहाँ भूमिगत राजनीतिक दल र सरकार पक्षकाबीच भएको द्वन्द्वलाई पनि सङ्केत गरिएको छ ।

**भिडन्त** कथामा द्वन्द्वको प्रवलता रहेको पाइन्छ । बाह्य द्वन्द्वका रूपमा सुरक्षा फौज र माओवादीबीचको द्वन्द्व देखिन्छ भने आन्तरिक द्वन्द्वका रूपमा जगतबहादुरको स्वास्नी र छोरा मारिंदा तथा घर जल्दा उसको मनमा पैदा भएको पीडा र त्यसपछिको जीवनसङ्घर्ष रहेको छ । जगतबहादुरलाई सुरक्षा फौजले घरमै आई कुटपिट गर्दा बाह्यद्वन्द्वको प्रवलता रहेको पाइन्छ ।

**घिच्नु/घिचाउनु** कथामा पनि द्वन्द्वको प्रधानता पाइन्छ । आफ्ना जागिरको पहिलो तलबले आमालाई पस्मिनाको सल र श्रीमतीलाई भेनेटीबक्स किनिदिने सोच लिएको 'म' पात्रले पसलमा दोब्बर रकम तिर्नुपर्दा उसको मनमा आन्तरिक द्वन्द्वको सिर्जना भएको

पाइन्छ । यसै विषयलाई लिएर पसले र श्रीमतीसँग झगडा भएकाले बाह्य द्वन्द्व पनि रहेको पाइन्छ ।

**कीला** कथामा बाह्य द्वन्द्व प्रवल रहेको देखिन्छ । साम्प्रदायिक दङ्गाका कारण दुई मित्रबीचको मित्रता शत्रुतासम्म पुग्दछ । हिन्दू सम्प्रदायद्वारा सहरमा मुस्लिमका पसलहरू, मस्जिद, कुरान आदि जलाइँदा बाह्य द्वन्द्वको स्थिति उच्चतामा पुगेको पाइन्छ ।

**कुकुर** कथामा समय खराब भएका कारण लेखकले मान्छेको कथा भन्न नसक्नुमा आंशिक रूपमा आन्तरिक द्वन्द्व सिर्जना भएको आभाष पाइन्छ भने अन्य द्वन्द्व रहेको देखिंदैन ।

**पोशाक** कथामा दौरा, सुरुवाल र कोट उत्कृष्ट स्तरको भएकाले त्यसको प्रदर्शनको निम्ति कुनै महत्त्वपूर्ण स्थान र अवसर नपाउँदा वामपन्थी नेतामा ब्लडप्रेसर बढेर तनाव उत्पन्न भई निराशावादी देखिएकाले उनमा आन्तरिक द्वन्द्व उत्पन्न भएको छ ।

**रावण** कथामा लछ्यानु चौधरीलाई रामको भूमिका खेल्न नदिई जातिका आधारमा खिसी गरेर रावणको भूमिका खेल्न लगाउँदा ऊ निराश भई भूमिगत भएकाले उसमा आन्तरिक द्वन्द्व रहेको छ ।

**लाग्छ नि . . .** कथामा जीवनी लेखकले 'यिनी' पात्र वा पूर्व राजदूतलाई देशको माया लाग्छ ? भनी गरेको प्रश्नको उत्तरमा आत्तिने, अल्मलिने र झस्किउने गरेको प्रसङ्गले उनीमा आन्तरिक द्वन्द्व रहेको देखिन्छ ।

**. . . र संसद फेरि सुरु भयो** कथामा आन्तरिक र बाह्य दुवै द्वन्द्व रहेको पाइन्छ । यस कथामा बाह्य द्वन्द्वका रूपमा आन्दोलनकारी र प्रहरी प्रशासनबीच भएको द्वन्द्व प्रस्तुत भएको छ । आन्तरिक द्वन्द्वअन्तर्गत मधेसी पहाडी समुदायका बीच भएको द्वन्द्वका कारण कर्फ्यू लागेपछि दिनभरि मजदुरी गरी जिवीकोपार्जन गर्ने मुक्त कमैयामा अन्यौलको सिथति सिर्जना हुँदा उसमा आन्तरिक द्वन्द्व रहेको देखिन्छ ।

**देश** कथामा मानव र मानवेत्तर प्राणीबीच पनि द्वन्द्व रहेको छ । यहाँ मुसा मार्ने थारू र मुसाहरूका बीचमा बाह्य द्वन्द्व पाइन्छ भने मुसा मार्दा घर भत्किएकाले भागीराम उसकी स्वास्नी लगायत छिमेकीहरूमा समेत आन्तरिक द्वन्द्व उत्पन्न भएको छ ।

**प्रवास** कथामा विज्ञापनको प्रतीक्षामा रहेको 'म' पात्रका सामु काम पाउँ भनी मेनेजर आएपछि 'म' पात्रको आर्थिक अभाव जस्ताको तस्तै भएकाले उसमा आन्तरिक द्वन्द्वको सिर्जना भएको छ । यहाँ 'म' पात्र र समाजमा रहेको विसङ्गतिका बीचको द्वन्द्व पनि देखाइएको छ ।

**चकलेट** कथामा गाउँमा फर्कंदा बाटो बिराएको 'म' पात्र र उसको स्वकीय सचिवमा एम्बुसमा परिन्छ कि भन्ने त्रास उत्पन्न भएकाले आन्तरिक द्वन्द्वको सिर्जना भएको छ । आफू बाहिर रहँदा सहायक मन्त्रीले आफ्ना मान्छे भर्ना गरी कमिसन एक्लै हसुर्ला भन्ने शङ्काले पनि मन्त्रीमा आन्तरिक द्वन्द्व उत्पन्न गराएको छ ।

**मृत्युशैचयामा युधिष्ठिर** कथामा आंशिक रूपमा आन्तरिक द्वन्द्व रहेको पाइन्छ । प्रधानमन्त्रीलाई भावी पार्टी नेतृत्वको बारेमा प्रश्न गर्दा उनी अलमल परेको क्षणमा आन्तरिक द्वन्द्व रहेको छ भने नेपालको राजनीतिमा प्रत्यक्ष सरोकार राख्ने विदेशी राजदूतहरुमा पार्टीको नेतृत्व कसलाई दिने भन्ने सन्दर्भमा आन्तरिक द्वन्द्व उत्पन्न भएको देखिन्छ ।

**(ङ) उद्देश्य**

**निदाएँ जगदम्बा** कथामा राष्ट्रिय राजनीतिक परिवर्तनले व्यक्ति मनमा पार्ने प्रभावलाई देखाउन खोजिएको छ । आफ्नो जीवनभन्दा ठूलो सिद्धान्त नभएकाले जीवनरक्षाका लागि समयानुसार परिवर्तन हुनुपर्ने बाध्यात्मक अवस्थालाई देखाइएको छ । अर्कोतर्फ आफूलाई कम्युनिष्ट भन्ने नेताहरूको अवसरवादी चरित्रप्रति व्यङ्ग्य गर्नु पनि यस कथाको प्रमुख उद्देश्य हो ।

**शासन** कथामा अति निरङ्कुशताको कारण हिजोको शान, रवाफ र इज्जत आज एकादेशको कथा बन्न सक्छ भन्ने यथार्थको चित्रण पाइन्छ । समय र परिस्थितिले मानिसलाई महलबाट जेलमा पुऱ्याउँछ भन्ने कुराको सन्देश दिनु नै यस कथाको मुख्य उद्देश्य हो ।

**आवरण** कथामा मानिसहरू बाहिरी रूपमा नैतिकता र आवरणको आदर्श वा खोलले छोपिएका भए पनि भित्री रूपमा भ्रष्ट हुन्छन् भन्ने कुरा देखाउनु मुख्य उद्देश्य रहेको छ ।

**अमेरिका** कथामा नेपालमा द्वन्द्व समाधानका लागि हतियार पठाएर सहयोग गर्ने अमेरिकाको प्रवृत्तिप्रति व्यङ्ग्य गर्नु नै प्रमुख उद्देश्य रहेको देखिन्छ ।

**भिडन्त** कथामा सङ्कटकालीन समयमा माओवादी र राज्यपक्षबाट निर्दोष मानिसहरूले ज्यान गुमाउनु परेको यथार्थको रहस्योद्घाटन गर्नुका साथै निर्दोष मानिसलाई शङ्काको भरमा राज्यपक्षबाट मारिएपछि 'भिडन्तमा आतङ्कारीको मृत्यु' भनी समाचार सम्प्रेषण गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गर्नु प्रमुख उद्देश्य रहेको छ ।

**घिच्नु/घिचाउनु** कथामा पुस्तौँपुस्तादेखि जनताको परिश्रम चुस्ने तथा उनीहरूमाथि निरङ्कुशता लाद्ने राजतन्त्रात्मक शासन सत्ताको वास्तविकताको चित्रण गर्नु प्रमुख उद्देश्य रहेको छ ।

**कीला** कथामा जाति, धर्म र वर्णका नाममा हुने साम्प्रदायिक ढङ्गले समाजमा कटुता उत्पन्न गराउँछ भन्ने कुरा देखाउनु नै प्रमुख उद्देश्य रहेको छ ।

**कुकुर** कथाले अभिधा अर्थमा संसारका कुकुरहरूको प्रजातिगत विवरण दिने उद्देश्य राखेको पाइन्छ भने व्यङ्ग्यार्थमा नेपालमा रहेका स्वामीभक्त कुकुर भनी चाकडी र चाप्लुसी गर्ने नेता र कर्मचारी तथा भुस्याहा कुकुर भनी गरिब, निमुखा, अशिक्षित जनताहरूलाई सचेत गराई व्यङ्ग्य गर्नु यस कथाको उद्देश्य रहेको पाइन्छ ।

**पोशाक** कथामा आफूलाई वामपन्थी विचारधाराको ठान्ने नेताको सिद्धान्त र व्यवहारप्रति मेल नभएको देखाइ उसको अवसरवादी चरित्रप्रति व्यङ्ग्य गर्नु नै मुख्य उद्देश्य रहेको देखिन्छ ।

**रावण** कथामा कुनै पनि व्यक्तिको आन्तरिक प्रतिभा र क्षमतालाई कुण्ठित बनाउँदा उसमा निरास र विद्रोही भाव जन्मन सक्छ त्यसैले प्रतिभावान् व्यक्तिलाई उसको क्षमतानुसार अवसर पनि प्रदान गर्नुपर्छ भन्ने कुरा देखाउनु नै मुख्य उद्देश्य रहेको छ ।

**संविधान** कथामा हेर्नमा आकर्षक र महङ्गो मर्सिडिज गाडी देशका सबै ठाउँमा पुग्ने भएकाले आरामदायी र भरपर्दो यात्राका निम्ति आह्वान गरिएको तर गाडी एक कदम पनि अगाडि नगुड्ने भएझैं नेपालको संविधान पनि सिद्धान्तमा राम्रो भनिए पनि व्यवहारमा कुनै अर्थ नभएको कुराप्रति व्यङ्ग्य गर्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

**लाग्छ नि . . .** कथामा चाकडी कै भरमा राजदूतसम्म बन्न सफल पूर्वराजदूतको दिनचर्याको यथार्थलाई देखाइएको छ । आफूलाई राष्ट्रवादी भन्न मन पराउने तर देशको उन्नति र प्रगतिको बारेमा रतिभर नसोच्ने 'देश' शब्द सुन्दासमेत टाउको दुख्ने मण्डलेहरूको चरित्रमाथि व्यङ्ग्य गर्नु यस कथाको मुख्य उद्देश्य देखिन्छ ।

**... र संसद फेरि सुरु भयो** कथामा विभिन्न किसिमका झुठा आश्वासनहरू बाँडेर मुक्त कमैयाका नाममा राजनीति गरी संसद बन्ने तर यथार्थमा उनीहरूलाई कुनै राहतसमेत उपलब्ध नगराउने यथार्थको चित्रण गर्नु प्रमुख उद्देश्य रहेको छ ।

**देश** कथामा आफ्नो हक र अधिकारको माग गर्ने नाममा विभिन्न आन्दोलन र हडताल गर्दा देशका सार्वजनिक संरचनाहरू भत्किएर मुसा मार्दा घर नरहेभ्कै देश नै नरहने स्थितिप्रति सचेत गराउनु मुख्य उद्देश्य रहेको छ ।

**प्रवास कथामा** काठमाडौंमा पत्रकार पेसासँग सम्बद्ध समस्यालाई विषयवस्तु बनाएर डेरा गरेर बस्ने मानिसहरूका निम्ति यहाँको बेरोजगारी र अभावले आफ्नै देशको राजधानी पनि प्रवास जस्तै बनेको यथार्थको चित्रण गर्नु नै प्रमुख उद्देश्य रहेको छ ।

**चकलेट** कथामा जनतालाई विभिन्न भ्कुठा आश्वासनहरू बाँडेर चुनाव जितिसकेपछि घुसखोरी र भ्रष्टाचार गर्दै काठमाडौंमै भोगविलास गर्ने र आफू जन्मेको गाउँ र जनतालाई समेत बिर्सने नेताहरूको चरित्रमाथि व्यङ्ग्य गर्नु मुख्य उद्देश्य रहेको देखिन्छ ।

मृत्युशैचयामा युधिष्ठिर कथाको उद्देश्य सत्तालिप्सा, व्यक्तिगत स्वार्थ, नातावाद आदिलाई प्रश्रय दिई सत्ताको बागडोर आफन्तलाई नै सुम्पिने पुरानै सामन्ती संस्कारको पुनरावृत्तिप्रति व्यङ्ग्य गर्नु रहेको छ । यसका साथै नेपालको राजनीति वैदेशिक कुटनीतिबाट सञ्चालन हुने गरेको यथार्थ चित्रण गर्नु यसको अर्को उद्देश्य रहेको छ ।

## (च) परिवेश

नयनराज पाण्डेको **निदाएँ जगदम्बा** कथासङ्ग्रहका कथाहरू वि.स. २०४६ अर्थात प्रजातन्त्रप्राप्तिदेखि २०६४ सालसम्मको सामाजिक राजनीतिक परिवेशमा सिर्जना गरिएका छन् । समाजमा व्याप्त पीडा र मर्मलाई चित्रण गर्ने क्रममा उनका कथाले तत्कालीन सामाजिक, आर्थिक, राजनीतिक भेदभावपूर्ण अवस्थाको सजीव चित्र उतारेका छन् ।

यस कथासङ्ग्रहमा उनका कथाहरूमा केही ग्रामीण परिवेशको चित्रण भए पनि बढी सहरीया परिवेशमा नै आधारित रहेका छन् । ग्रामीण परिवेशअन्तर्गतका बर्दिया, बासँगढी, जुम्ला, जोगागाउँ आदि स्थानहरू तथा जमिन्दारी प्रथा, ओरगानी राख्ने चलन आदि प्रचलनहरू चित्रण गरिएका छन् । सहरीया परिवेशअन्तर्गत दरबार, धनाढ्य, उच्च कुलीन परिवार, काठमाडौं उपत्यका र यसभित्रका सोल्टी क्राउन प्लाजा, एअरपोर्ट, चिडीयाखाना, रेष्टुरेन्ट, रिपोर्टस क्लव, आर्यघाट, कुमारी पाटी, प्रधानमन्त्री निवास आदि नेपालगन्ज र यसभित्रका एकलैनी, सुर्खेतरोड, त्रिभुवन चोक, इदगाह रोड आदि लगायत नेपालका प्रमुख सहरहरू धरान, विराटनगर, पाल्पा, राजविराज, विरगन्ज, इलाम, पोखरा, बुटवल, धुलावारी आदि स्थानहरू चित्रण गरिएका छन् ।

सांस्कृतिक परिवेशअन्तर्गत धार्मिक अन्धविश्वास, धार्मिक-साम्प्रदायिक सद्भाव र सहिष्णुता, हिन्दू-मुस्लिम दङ्गा, इद, बकरइद, रमजान, ताजिया, महरम, मस्जिद, कुरान आदि मुस्लिम धर्मसँग सम्बन्धित तथा दसै, तिहार, दसैंमा रामलीला नाटक प्रदर्शन गर्ने चलन, दाहसंस्कार, मङ्सिरको दाइँ, मृत्युशैचया आदि चित्रण गरिएका छन् । राजनीतिक परिवेशअन्तर्गत माघ १९ को शाही कदम, सङ्कटकाल, राजतन्त्रात्मक शासन प्रणाली, आन्दोलन, द्वन्द्वग्रस्त अवस्था, मधेश आन्दोलन, चुनाव र नेताको गाउँ भ्रमण, दोस्रो जनआन्दोलन आदि चित्रण गरिएको छ ।

यस कथासङ्ग्रहमा पश्चिम तराईको आञ्चलिक परिवेश पनि आंशिक रूपमा प्रस्तुत भएको छ । आन्तरिक परिवेशअन्तर्गत द्वन्द्वग्रस्त अवस्था र सङ्कटकालीन स्थितिले पारेको सन्त्रास र भययुक्त वातावरण तथा आर्थिक सङ्कटग्रस्त जनजीवनले उत्पन्न भएको बाध्यात्मक परिस्थितिको चित्रण यहाँ प्रस्तुत गरिएको छ ।

### (छ) भाषाशैली

नयनराज पाण्डेको **निदाएँ जगदम्बा** कथासङ्ग्रहका अधिकांश कथामा वर्णनात्मक त्यसपछि क्रमशः संवादात्मक, विवरणात्मक, संस्मरणात्मक र निवन्धात्मक शैलीको प्रयोग पाइन्छ । सरल, सहज र सुबोध भाषाशैलीका माध्यमबाट सामाजिक यथार्थको चित्रण गर्ने काम उनका कथाले गरेका छन् ।

पाण्डेका विवेच्य कथाहरू रैखिक ढाँचामा लेखिएका कुनै कथामा प्रथम पुरुषीय कथनपद्धति अँगालेर कथाकारले आफ्नै कथा भनिरहेका छन् भने कुनै कथामा तृतीय पुरुषीय कथनपद्धतिका आधारमा आफूले देखेका कुराहरू व्यक्त गरेका छन् ।

यस कथासङ्ग्रहभित्र चलनचल्तियुक्त साधारण बोलीचालीको प्रयोग भएको पाइन्छ । यी कथाहरूमा विविध स्रोतका शब्दहरूको प्रयोग भएको छ । संस्कृत मूलका शब्दहरू जस्तै 'वसुधैव कुटुम्बकम्' 'जगदम्बा', 'अनुलोम-विलोम', 'कृतज्ञता', 'श्रव्यदृश्य' आदि प्रयोग गरिएका छन् भने अङ्ग्रेजी शब्दहरू, 'हनी हन्टर', 'नोमिनेट', 'गाइड', 'बास्टर्ड', 'ब्वाइल्ड वाटर', 'टाइट सेडुल,' 'अफकोर्स', आदि प्रयोग गरिएका छन् । यसैगरी थारू भाषाका शब्दहरू,'गौ किरिया', 'ओरगानी', 'बुकुरा', 'लडिया', 'फरुवा', 'डेहरी', 'खलियान','चिलगाडी' आदि शब्दहरू प्रयोग गरिएका छन् । यसैगरी मुस्लिम-उर्दू शब्दहरू 'इद मुवारक', 'सेवई', 'अम्मी', 'अब्वा', 'नमाज', आदि प्रयोग भएका छन् ।

यसरी नेपाली समाजभित्र प्रचलित विभिन्न किसिमका शब्दहरूको प्रयोगका साथै कथाकारले आफ्ना कथाहरूमा 'तातो गाँस निल्नु न थुक्नु', 'भुइँमा न भाँडोमा हुनु' 'औडाह हुनु' 'गोलमाल गर्नु' आदि उखान- टुक्काका साथै 'डङरङ्ग' 'गर्ल्यामगुर्लम', 'ग्वाम-ग्वाम', 'छ्याल्लब्याल्ल', 'खलखल', 'टनटन', 'प्वाक्क' आदि अनुकरणात्मक शब्दहरूको प्रयोग पनि गरेका छन् ।

सरल र छोटा वाक्यको गठन गरिएका उनका कथाहरूमा थोरै र सङ्क्षिप्त रूपमा धेरै र गहन अभिव्यक्ति दिने भाषिक सीप रहेको पाइन्छ । प्रतीकात्मक भाषाका माध्यमबाट उनका कथाहरूले गुढ रहस्यको व्यङ्ग्यात्मक अर्थ प्रदान गर्दछन् ।

## निष्कर्ष

नयनराज पाण्डेको पछिल्लो पुस्तकाकार कृतिका रुपमा रहेको **निदाएँ जगदम्बा** कथासङ्ग्रहमा जम्मा १७ वटा कथाहरु सङ्कलित रहेका छन जसमध्ये अघिल्लो कथासङ्ग्रह **खोरभित्र जोकर**अन्तर्गका **प्रवास, देश** र **चकलेट** गरी तीनवटा कथाहरु दोहोरिएको पाइन्छ । पाण्डेले यस सङ्ग्रहका कथाहरुमा वर्तमान समयमा र समाजमा विद्यमान कुरुप मानसिकता र सामाजिक तथा राजनीतिक वेथितिका विरुद्ध आक्रोश पोखेका छन् । यी कथाहरुमा उनले अभाव, गरिबी सङ्घर्ष र सीमान्तकृतका आवाजहरुलाई प्रकाश पार्दै शोषक र सामन्त वर्गको मुखुन्डो उतार्ने प्रयास गरेका छन् । परिवेशका दृष्टिले केही कथाहरुमा पश्चिम तराईको जनजीवनको चित्रण गरिएको छ भने सामाजिक वर्ग, जाति, पेसा वा मनोवैज्ञानिक स्तरको प्रतिनिधित्व गर्ने नारी तथा पुरुष पात्रहरु र उनीहरुले प्रयोग गर्ने स्थानीय भाषाको प्रभाव समेत रहेको देखिन्छ । सङ्क्षिप्त सरल, वर्णनात्मक संवादात्मक शैलीयुक्त, प्रतीकात्मकता बोकेका पाण्डेका कथामा प्रथम तथा तृतीयपुरुष दुवै दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.३ निष्कर्ष

नयनराज पाण्डे नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । वि.सं २०३३ मा **सुखी जीवन** शीर्षकको कविता रेडियो नेपालाट प्रसारण भए तापनि उनको प्रथम प्रकाशित फुटकर रचना **केही टुक्रा** कविता (रूपरेखाः २०३९) हो । पाण्डेले हालसम्म नेपाली साहित्यका कविता, कथा, उपन्यास नाटक, एकाङ्की र समसामयिक लेख जस्ता विभिन्न विधामा कलम चलाएको पाइन्छ । हालसम्म उनले दुई दर्जन भन्दा बढीसङ्ख्यामा फुटकर कविताहरूको रचना गरे

तापनि कवितासङ्ग्रह भने प्रकाशन भएको देखिँदैन। ती सबै कविताहरू हालसम्म विभिन्न पत्रपत्रिकाहरूमा नै सीमित रहेको पाइन्छ । साहित्य यात्राको ३ दशक अवधिमा हालसम्म उनका ६ वटा पुस्तकाकार कृतिहरू प्रकाशन भएका छन् जसमध्ये २ वटा कथासङ्ग्रह र ४ वटा उपन्यासहरू रहेका छन् ।

पाण्डेको प्रथम प्रकाशित पुस्तकाकार कृति आख्यान विधाअन्तर्गत **नाङ्गो मान्छेको डायरी** उपन्यास वि.सं २०४४ मा अनुभव प्रकाशन काठमाडौँले प्रकाशन गरेको हो । यस उपन्यासमा शिक्षित बेरोजगारी समस्याको ज्वलन्त चित्रण गर्दै देशको प्रशासनिक क्षेत्रमा देखिएको विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । आलोचनात्मक यथार्थवादी धाराको यस उपन्यासमा थोरै तर जीवन्त पात्र, विशृङ्खलित कथानक, आर्थिक दुरावस्था र त्यसले सिर्जना गरेको परिवेश, अवचेतन मनका तन्द्रा र स्वप्न अवस्था प्रकट गर्ने भाषा शैलीको प्रयोगले विसङ्गत जीवनको चित्रण गरेको पाइन्छ । आर्थिक अभावले निम्त्याएको मानवीय मूल्यहीनता र पारिवारिक विघटनको अवस्थालाई यस उपन्यासले चित्रण गरेको छ ।

पाण्डेको दोस्रो पुस्तकार कृति **विक्रमादित्य एउटा कथा सुन !** उपन्यास २०४४ रूपायन प्रकाशनले प्रकाशित गरेको हो । यो मिथकीय पृष्ठभूमिमा रचना गरिएको प्रयोगवादी उपन्यासका रूपमा रहेको छ । यस उपन्यासमा विश्वमा देखापरेको शासकीय निरङ्कुशता, अराजकता र दमनले उत्पन्न गरेको जनमानसको उपेक्षा, तिरस्कार र हेपाहा प्रवृत्तिको चित्रण गर्दै उक्त प्रवृत्तिको अन्त्यका निम्ति विद्रोहमार्फत गुमेको आफ्नो स्वतन्त्र भूमि र अधिकार प्राप्त गरी शान्त र समुन्नत समाज र भविष्य निर्माण गर्नुपर्ने धारणा उपन्यासमा प्रस्तुत गरिएको छ । सशक्त विम्ब र प्रतीकका माध्यमद्वारा भाषा र शिल्प पक्षको उचाई उपन्यासले प्रदान गरेको छ ।प्रस्तुत उपन्यास विश्वजनिन र त्रिकालिक परिवेशको साथै मिथकको विथकीकरण गर्दै परम्परा भिन्न उपन्यासका रूपमा रहेको पाइन्छ ।

पाण्डेको तेस्रो पुस्तकाकार कृति **अतिरिक्त** उपन्यास वि.सं. २०५० मा साझा प्रकाशनबाट प्रकाशित भएको पाइन्छ । मनोवैज्ञानिक यथार्थवादी धाराको यस उपन्यासमा समाजद्वारा उपेक्षा गरिएको नपुंसक पात्रलाई आधार बनाई उसको चेतन र अवचेतन मनलाई केलाउँदै अस्तित्व प्रदान गर्न खेजिए पनि विज्ञानद्वारा लिङ्ग परिवर्तन गरेपश्चात उसको मानसिकतामा आएको उहापोह र खण्डित हुनपुगेको जीवनलाई प्रस्तुत गरिएको छ। चेतनप्रवाह र पूर्वदीप्ति शैलीका माध्यमबाट प्रस्तुत गरिएको यो उपन्यास वैचारिकताको तहमा उत्कृष्ट देखिन्छ । उपन्यासमा नपुंसक पनि एउटा सामाजिक प्राणी

भएकाले उसमा शारीरिक अपूर्णता भए पनि उसको पनि आफ्नो अस्तित्व हुनुपर्छ अर्थात प्रदान गर्नुपर्छ भन्ने भाव प्रस्तुत गरेको पाइन्छ । मान्छेभित्र निहीत अस्तित्बोधले नै उसका सोचाइहरू निर्धारित हुन्छन् भन्ने कुरालाई यस उपन्यासमा देखाइएको छ ।

वि.सं २०५५ मा **तन्नेरी** प्रकाशनद्वारा प्रकाशित **उलार** उपन्यास पाण्डेको चौथो कृतिका रूपमा रहेको छ । प्रस्तुत उपन्यास यथार्थवादी धरातलमा सामाजिक विषयवस्तुलाई लिई रचना गरिएको आलोचनात्मक यथार्थवादी धाराको उपन्यास हो । नेपालगन्जको आञ्चलिकता, स्थानीय भाषा, विम्ब तथा प्रतीकको प्रयोगले उपन्यास सशक्त बनेको छ । यस उपन्यासमा २०४६ को प्रजातन्त्र पुनर्स्थापनापछि पनि देखापरेको राजनीतिक विसङ्गति, नग्नता र भ्रष्टतालाई उदाङ्गो पारिएको छ । प्रस्तुत उपन्यासले एकैसाथ २०४६ सालको परिवर्तन पश्चातको टाँगारूपी नेपाली समाजको आर्थिक, सामाजिक सन्तुलन बिग्रेर घोप्टिनै लागेको यथार्थलाई सजीव सशक्त र प्रतीकात्मक शैलीमा प्रस्तुत गरेको छ ।

पाण्डेका दुई कथासङ्ग्रहमध्ये **खोरभित्र जोकर** वि.सं २०६१ मा दोभान प्रकाशनबाट प्रकाशित कृति हो । यस कथासङ्ग्रहमा जम्मा ३१ वटा कथाहरू सङ्कलित रहेका छन् । यी कथाहरू मुलुकको समकालीन सामाजिक, आर्थिक, राजनीतिक र मनोवैज्ञानिक धरातल नखज्मज्याई उतारिएका कलात्मक शब्दचित्रहरू हुन् । यस कथासङ्ग्रहका कथाहरूमा वर्तमान युगका दूषित संस्कार, प्रजातन्त्रको नाममा भएका ज्यादती, प्रतिगामी तत्त्वको हालीमुहाली, तराईको जीवनपद्धति र त्यहाँको परिवेशमा उत्पन्न वास्तविक छवि सूक्ष्म रूपमा विश्लेषण गरिएको पाइन्छ । नयनको पछिल्लो कृति वि.सं २०६५ मा दूबो प्रकाशनद्वारा प्रकाशित **निदाएँ जगदम्बा** कथासङ्गह हो । यस सङ्ग्रहमा जम्मा १७ वटा कथाहरू रहेका छन् । पाण्डेका यी कथाहरूमा नेपाली समाजमा व्याप्त मूल्यहीनता, पाखण्ड, श्रमको शोषण, भ्रष्टाचार, कुण्ठाग्रस्त मानसिकता, राजनैतिक अवसरवाद र अकर्मण्यतालाई प्रस्तुत गरिएको छ ।

यी ६ वटा पुस्तकाकार कृतिका साथै विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा पाण्डेका आधा दर्जन नाटकलगायत विभिन्न साहित्येतर लेख तथा रचनाहरू पनि फुटकर रूपमा प्रकाशित भएको पाइन्छ । यी विविध विधामा कलम चलाए तापनि यस अध्ययनबाट नयनराज पाण्डेलाई मूलतः आख्यानकारकै रुपमा लिन सकिन्छ ।

# पाँचौ अध्याय

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

वि.सं. २०२३ मा वागमती अञ्चलको काठमाडौं जिल्लाअन्तर्गत प्युखाटोलमा जन्मेका नयनराज पाण्डे डिल्लीराज पाण्डे र श्रीमती भगवतीदेवी पाण्डेका जेठा छोरा हुन् । यिनका एक दिदी, एक बहिनी र एक भाइ रहेका छन् । मध्यमवर्गीय परिवारमा जन्मेका पाण्डेको बाल्यकाल स्नेहपूर्ण वातावरणमा बितेको देखिन्छ । घरबाट नै अक्षराम्भ गरेका नयनराज पाण्डेले प्राथमिक र निम्नमाध्यमिक शिक्षा मङ्गलप्रसाद मा.वि नेपालगन्जबाट पूरा गरेका हुन् । त्यसैगरी क्रमशः माध्यमिक शिक्षा महेन्द्र मा.वि.नेपालगन्ज, प्रवीणता प्रमाणपत्र तह महेन्द्रबहुमुखी क्याम्पस नेपालगन्ज र स्नातक तह नेपाल ल क्याम्पस काठमाडौंबाट उत्तीर्ण गरेका हुन् । वि.स. २०४० मा भारतको तीर्थस्थल अयोध्यामा व्रतबन्ध संस्कार गरेका नयनराज पाण्डेको विवाह पाल्पा जिल्ला हुँगी निवासी सानु पन्तसँग २०४७ सालमा वैदिक विधिअनुसार सम्पन्न भएको हो । हाल उनका दुई छोराहरू रहेका छन् ।

मध्यमवर्गीय जागिरे परिवारमा जन्मिएका पाण्डेको पुर्ख्यौली सम्पत्तिको रूपमा बर्दियामा केही विगाहा जग्गा र काठमाडौंको वसुन्धरास्थित श्रीटोलमा १० आना क्षेत्रफलमा ८ कोठे भवन रहेको छ । उनको आम्दानीको मुख्य श्रोत लेखनकार्य नै हो । चलचित्र तथा टेलिश्रृङ्खलाका कथा/पटकथा तथा संवाद लेखन र निर्देशनबाट आएको पारिश्रमिकका साथै साहित्यलेखनबाट पनि उनले केही पारिश्रमिक पाउँदछन् ।

बाल्यकालदेखि नै भावुक तथा कल्पनाशील र अर्न्तमुखी नयनराज पाण्डे नराम्रा बानीहरूबाट टाढै रही सरल र सन्तुलित आहारप्रति रुचि राख्दछन् । विभिन्न स्वदेशी तथा विदेशी साहित्यकार र उनीहरूको साहित्यिक कृतिहरू पढ्न मन पराउने पाण्डेको मुख्य रुचिको क्षेत्र साहित्यलेखन र पेसा चलचित्र लेखन बनेको देखिन्छ । सदाचार र सत्कर्ममा विश्वास राख्ने पाण्डेमा नराम्रा कुराहरूप्रति असन्तुष्टि व्यक्त गर्ने मिलनसार सहयोगी इमान्दार र मृदुभाषी जस्ता गुणहरू रहेको पाइन्छ । आफू बाँचेकै परिवेश, समय, परिस्थिति, राजनैतिक वातावरण, आममानिसको सङ्घर्ष र दुःख पीडाबाटै प्रेरित भएर साहित्य सिर्जनामा लागेका पाण्डे सिर्जनामा मौलिकपन हुनुपर्दछ भन्ने मान्यता

राख्ने साहित्यकार हुन् । आमा भगवती पाण्डे र पिताको प्रशंसा जस्ता अनुभूतिहरूबाट पनि उनलाई साहित्यलेखनको प्रेरणा प्राप्त भएको पाइन्छ ।

नयनराज पाण्डेका व्यक्तित्वका विविध पाटाहरू रहेका छन् । शारिरिक व्यक्तित्वका दृष्टिले मझौला आकृतिका, ५ फिट ७ इन्चको उचाइ भएका हृष्टपुष्ट र फुर्तिलो देखिने पाण्डे स्वभावजन्य व्यक्तित्वका दृष्टिले झट्ट हेर्दा गम्भीर जस्तो देखिए पनि फरासिला, आकर्षक, निडर, विवेकशील, सचेत चिन्तनशील र परिपक्व देखिन्छन् । लेखकीय व्यक्तित्वअन्तर्गत साहित्यिक र साहित्येतर व्यक्तित्वका धनी पाण्डेका साहित्यिक व्यक्तित्वअन्तर्गत कवि व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, नाटकार व्यक्तित्व आदि प्रमुख रहेका छन् । यसैगरी उनका अन्य व्यक्तित्वमा सम्पादक व्यक्तित्व, पटकथाकार व्यक्तित्व, अभिनेता व्यक्तित्व, स्तम्भकार-टिप्पणीकार व्यक्तित्व, संस्थागत तथा सामाजिक व्यक्तित्व जस्ता विभिन्न व्यक्तित्व रहेको जानकारी पाइन्छ ।

नयनराज पाण्डे मुख्यतः चलचित्रलेखन पेसासँग सम्बन्धित छन् । यद्यपि तीनदशक लामो समयदेखि साहित्यमा निरन्तर साधनारत छन् । उनको साहित्य सिर्जनाको मुख्य विधा आख्यान हो तापनि उनले कविता, नाटक, एकाङ्की पनि लेखेका छन् । उनको प्रथम प्रकाशित रचना **केही टुक्रा** शीर्षकको कविता हो, जुन वि.स २०३९ को 'रूपरेखा' मासिक पत्रिकामा प्रकाशित भएको पाइन्छ । उनका **नाङ्गो मान्छेको डायरी** (२०४४), **विक्रमादित्य एउटा कथा सुन** ! (२०४४) **अतिरिक्त** (२०५०) र **उलार** (२०५५) उपन्याहरू प्रकाशित भएका छन् भने **खोरभित्र जोकर** (२०६१) र **निदाएँ जगदम्बा** (२०६५) कथा सङ्ग्रह गरी आधादर्जन आख्यानात्मक कृतिहरू प्रकाशित छन् । त्यसैगरी उनका विविध विधाका रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित अवस्थामा छरिएर रहेका छन् । पाण्डेको साहित्य रचनाको मुख्यस्रोत आफ्नै जीवनभोगाइ, समाज, परिवेश, राष्ट्रप्रेम, समाजमा व्याप्त विकृति विसङ्गति, राजनीतिक अवस्था, युद्ध र सङ्कटकालीन सन्त्रासमय वातावरण, प्रणय, मानवीय संवेदना, विदेशी परिवेश, मनोविज्ञानजस्ता विभिन्न क्षेत्रहरू रहेको कुरा यस अध्ययनबाट प्राप्त हुन्छ ।

विभिन्न पत्रपत्रिकामा प्रकाशित उनका दुई दर्जनभन्दा बढी फुटकर कविताहरू रहेको पाइन्छ । उनका चारवटा प्रकाशित उपन्यासहरूमध्ये पहिलो प्रकाशित उपन्यास **नाङ्गो मान्छेको डायरी** (२०४४) हो । आलोचनात्मक यथार्थवादी प्रवृत्ति रहेको यस उपन्यासले आर्थिक अभाव र बेराजगारी समस्याले सताइएको एक युवाको विकृत तथा अस्तित्वहीन अवस्थाले नाङ्गिएको र घरबार लथालिङ्ग भएको प्रसङ्गलाई डायरी शैलीमा प्रस्तुत गरिएको छ ।

परम्परा भिन्न शैली र लघु आयाममा संरचित यस उपन्यासले सामन्ती संस्कारमा जकडिएको समाजमा मूल्यहीन र असफल भएको युवाको असामान्य मनोदशाको पनि चित्रण गरेको छ । 'म' पात्रलाई एक्लो बनाएर उसकी स्वास्नी र छोरीसमेतले वेश्यावृत्ति पेसामा आवद्ध हुनुले आर्थिक अभाव पूरा गर्न पारिवारिक विघटन भएको अवस्थालाई चित्रण गरिएको छ । सङ्क्षिप्त र थोरै संवाद रहेको यस उपन्यासमा 'म' पात्रको केन्द्रीयता र भूमिका निर्वाह भई अभाव, कुण्ठा र मनोदशाको चित्रण गरिएकाले आन्तरिक अर्थात प्रथम पुरुषीय कथनपद्धति देखिन्छ ।

पाण्डेको दोस्रो औपन्यासिक कृति **विक्रमादित्य एउटा कथा सुन !** (२०४४) ले विश्व नै एउटा शरणार्थी शिविरमा परिणत भएको र पृथ्वीका प्रत्येक व्यक्ति शरणार्थी बनेको घटना चित्रण गर्दै निरङ्कुशता विरुद्ध स्वतन्त्रता प्राप्तिको चाहनालाई अभिव्यक्त गरेको छ । सूत्रात्मक घटना श्रृङ्खलाहरू प्रस्तुत गरी फोटो खिचेझैं विविध कथाहरू जोडेर स्वस्थानीको मिथकको विमिथीकीकरण गरिएको यो उपन्यास प्रयोगवादी हो । विक्रमादित्य विश्वका अत्याचार र तानाशाही प्रवृतिलाई अन्त्य गरी स्वतन्त्र र स्वाधीन समाज परिवर्तनका पक्षमा नयाँ गोरेटो निमार्ण गर्ने पात्रको रूपमा आएको छ । 'देश भन्नु केवल माटो र हावा मात्र नभइ यो देश मेरो हो भन्ने भावना पनि हो' भन्ने भाव यस उपन्यासले व्यक्त गरेको छ । द्वन्दको दृष्टिले पनि सशक्त रहेको यस उपन्यासमा मिश्रित दृष्टिविन्दु रहेको देखिन्छ । विश्वजनीन र त्रिकालिक परिवेश चित्रण गर्ने विम्ब र प्रतीकका माध्यमबाट समसामयिकताको प्रस्तुति गर्नु यस उपन्यासको उल्लेख्य पक्ष हो ।

पाण्डेको तेस्रो औपन्यासिक कृति **अतिरिक्त** पाण्डेका अन्य उपन्यासभन्दा आकारगत रूपमा केही बृहत् रहेको छ । समाजबाट उपेक्षित बनेको नपुंसक पात्रलाई उभ्याई उसको विसङ्गति, शून्यबोध, निस्सारता र अस्तित्वको खोजी गरेको यस उपन्यासमा मनोविश्लेषणात्मक प्रवृत्ति पाइन्छ । हीनताग्रन्थीले आक्रान्त नपुंसक पात्रको जटिल मनस्थितिको विश्लेषण गरी विज्ञानको परीक्षणमार्फत लैङ्गिक परिवर्तन गरिए पनि उसको मानसिकता, सोचाइ र दृष्टिकोण नबदलिएको देखाई विज्ञानको असफलताको चित्रण यस उपन्यासले गरेको छ । आन्तरिक परिवशको प्रधानता भएको यस उपन्यासले नपुंसकको कुण्ठा, पीडा, आवेग, सन्देह र अभावग्रस्तताको सफल चित्रण गरेको पाइन्छ । संवादको प्रयोग नै नभएको यस उपन्यास प्रथम पुरुषीय कथनपद्धतिका माध्यमबाट प्रस्तुत भएको छ ।

पाण्डेको चौथो उपन्यास **उलार**ले प्रजातन्त्र पुनर्स्थापना पश्चात् पनि नेपाली राजनीतिमा देखापरेको भ्रष्टता, सत्तासीनहरूको चक्रव्यूहमा परी जनताहरू सर्वहाराकरणतिर प्रवृत्त हुनुपरेको यथार्थको चित्रण गरेको छ । प्रेमललवा जस्ता अशिक्षित र इमान्दार जनताहरूलाई संरक्षण दिएझैं गरी शोषण गरी षडयन्त्र गर्ने शान्तिराजा र राजेन्द्रबाबुजस्ता राजनीतिक व्यक्तिको मुखुण्डो उघारी आलोचनात्मक ढङ्गले प्रस्तुत गरेकाले यस उपन्यासमा आलोचनात्मक यथार्थवादी प्रवृत्ति देखिन्छ । नेपालगन्जको स्थानीय आञ्चलिक विषय, भाषा, रङ्गमा मधेशी समुदाय, बदिनी प्रथा, धार्मिक साम्प्रदायिक दङ्गा, टाँगा र रिक्सा चलाएर जीवन धान्ने अवस्थाको चित्रण यस उपन्यासमा रहेको पाइन्छ । राजनैतिक विकृति, कमिसनतन्त्र, मतको क्रयबिक्रय आदि प्रवृत्तिका कारण नेपाली राजनीति धरापमा पर्न लागेको सङ्केत यस उपन्यासमा देखिएको छ । शीर्षक, पात्र र कथ्यविषय नै विम्ब, प्रतीक र आलङ्कारिक रहेको तृतीय पुरुष दृष्टिविन्दुमा संरचित '**उलार**' उपन्यास नेपाली उपन्यासको क्षेत्रमै एक उल्लेख्य र विशिष्ट प्राप्ति हो ।

कथा विधातर्फ **खोरभित्र जोकर** र **निदाएँ जगदम्बा**जस्ता दुई कथासङ्ग्रह-भित्र सङ्कलित कथामा मुलुकको सामाजिक, आर्थिक, राजनीतिक र मनोवैज्ञानिक पक्षको चित्रण गरिएको पाइन्छ । सङ्कटपूर्ण समाज र विषाक्त संस्कृतिको विघटन गरी निष्कपट र आशावादी जिन्दगीको विजारोपण उनका कथाले गरेका छन् । एक बसाइमै पढेर सकिने छोटा, छरिता र रोचक कथाहरूले अभाव, गरिबी, सङ्घर्ष र सीमान्त आवाजलाई प्रकास पार्दै रजाइ र हैकम गर्ने सामन्ती प्रवृत्तिको मुखुण्डो उतार्ने काम गरेका छन् । कथाको शीर्षक, कथ्य विषय र प्रतीकात्मक सम्बन्ध अनुरूप नै चयन गरिएका छन् । ती शीर्षकहरू पद, पदावली र वाक्यांश सबै स्तरमा संरचित रहेका छन् । राजनीतक र सामाजिक विषयको प्रधानता रहेका उनका कथाहरू सांस्कृतिक विषयमा पनि रचिएका पाइन्छन् । उच्चवर्गीय र निम्नवर्गीय पात्रहरूको स्वभाविक चित्रण गर्दै उच्च वर्गका पात्रमा देखिने शोषण र दमनको चित्रण र निम्नवर्गको गरिबी, अभाव र सङ्घर्षलाई उनले आफ्ना कथामा स्थान दिएका छन् । समसामयिक परिवेशलाई बढी आत्मसात् गर्ने पाण्डेले पञ्चायत, प्रजातन्त्र, सङ्कटकालीन, जनआन्दोलन, मधेश आन्दोलनजस्ता राजनैतिक परिवेशलाई चित्रण गरेका छन् । ग्रामीण तथा सहरीया दुवै स्थानगत परिवेश प्रस्तुत गर्ने पाण्डेले पश्चिम तराईका थारू र अवधी भाषी समुदायको आञ्चलिक परिवेशलाई पनि आफ्ना कथामा उतारेका छन् । धार्मिक साम्प्रदायिक दङ्गा, द्वन्द्वग्रस्त र आर्थिक सङ्कटग्रस्त जनजीवनका

पीडाहरूलाई पनि उनका कथाले उतारेका छन् । अधिकांश वर्णनात्मक त्यसपछि संादात्मक र निबन्धात्मक शैलीको प्रयोग उनका कथाहरूमा पाइन्छ । रैखिक ढाँचाका उनका कथाहरू कतै प्रथम पुरुषीय कथनपद्धतिमा लेखिएका छन् भने कतै तृतीय पुरुषीय कथनपद्धतिमा लेखिएका छन् । साधारण बोलीचालीको भाषा सरल र छोटा वाक्य गठन भएका उनका कथामा संक्षिप्तता भित्र गहनता प्रस्तुत गर्ने भाषिक सीप देखिन्छ ।

यसरी देशभित्रका समसामयिक सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक जीवनसँग प्रत्यक्ष-अप्रत्यक्ष रूपमा विभिन्न विषयवस्तुलाई आफ्ना साहित्यिक रचनामा प्रस्तुत गरेर नयनराज पाण्डे नेपाली साहित्यका क्षेत्रमा निरन्तर क्रियाशील बनेको कुरा स्पष्ट हुन्छ । प्रस्तुत अध्ययनबाट नेपाली साहित्यका क्षेत्रमा निरन्तर नयाँ र समसामयिक चित्रण गर्दै अगाडि बढिरहेका पाण्डेको अनवरत सक्रियता र क्रियाशीलता देखिन्छ । उनी पहिले कवि, त्यसपछि कथाकार, उपन्यासकार र नाटककार हुन् भन्ने कुरा पनि यस अध्ययनले देखाएको छ । यसरी हेर्दा उनलाई समसामयिक नेपाली आख्यान क्षेत्रका सशक्त र सक्रिय हस्तीका रूपमा लिन सकिन्छ ।

## ५.२ निष्कर्ष

साहित्यकार नयनराज पाण्डेको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गरिएको प्रस्तुत अध्ययनबाट प्राप्त भएका निष्कर्षलाई समष्टि रूपमा निम्नलिखित बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ -

१ वि.सं. २०२३ मा जन्मेका नयनराज पाण्डेको औपचारिक साहित्य यात्राको आरम्भ वि.सं. २०३९ सालको **रूपरेखा** पत्रिकामा प्रकाशित **केही टुक्रा** कविताबाट भएको हो ।

२ आफ्नो घरमा नै अक्षरारम्भ गरेका पाण्डेले नेपालगन्जस्थित मङ्गलप्रसाद माध्यमिक विद्यालयबाट प्राथमिक र निम्नमाध्यमिक शिक्षा पूरा गरी महेन्द्र माध्यमिक विद्यालय नेपालगन्जबाट प्रवेशिका परीक्षा, महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जबाट प्रवीणता प्रमाणपत्र तह र नेपाल ल क्याम्पस, काठमाडौबाट कानुनमा स्नातक तह उत्तीर्ण गरेका हुन् ।

३ तीनदशक जति समय साहित्य साधनामा निरन्तर क्रियाशील पाण्डे सर्वश्रेष्ठ नाटकलेखन पुरस्कार (ने.रा.प्र.प्र.), राष्ट्रिय प्रतिभा पुरस्कार, लोकेन्द्र साहित्य पुरस्कार, रामराज पन्त स्मति पुरस्कार, गरिमा सम्मान, महेन्द्रपुस्तकालय

नेपालगन्जबाट सारस्वत सम्मान, मोसन पिक्चर्स अवार्डजस्ता सम्मान र पुरस्कारद्वारा सम्मानित बनिसकेका छन् ।

४ नयनराज पाण्डेका  कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, नाटककार व्यक्तित्व, सम्पादक व्यक्तित्व, पटकथाकार व्यक्तित्व, अभिनेता व्यक्तित्व र स्तम्भकार-टिप्पणीकार व्यक्तित्वहरुमध्ये साहित्यिक व्यक्तित्वअन्तर्गत  उपन्यासकार व्यक्तित्व र साहित्येतर  व्यक्तित्वअन्तर्गत पटकथाकार व्यक्तित्व उल्लेखनीय रहेको पाइन्छ ।

५ चलचित्र लेखन र साहित्यकारका रूपमा परिचित नयनराज पाण्डे साहित्यका क्षेत्रमा मूलतः आख्यानकार रूपमा चिनिन्छन् भने कवि र नाटककार व्यक्तित्व पनि उनका साहित्यिक व्यक्तित्व मध्येकै अन्य महत्त्वपूर्ण पाटा हुन् ।

६ नेपाली साहित्यका बहुविधामा कलम चलाउने नयनराज पाण्डेका **नाङ्गो मान्छेको डायरी** (२०४४) **विकमादित्य एउटा कथा सुन** (२०४४) **अतिरिक्त** (२०५०) र **उलार** (२०५५) उपन्यासहरूका साथै **खोरभित्र जोकर** (२०६१) र **निदाएँ जगदम्बा** (२०६५) कथासङ्ग्रहरू प्रकाशित भएका छन् ।

७ प्रथम प्रकाशित उपन्यासका रूपमा प्रकाशित पाण्डेको **नाङ्गो मान्छेको डायरी** उपन्यास छोटो आयाममा संरचित विसङ्गत जीवन र आर्थिक अभावका कारण भोग्नु परेको पीडाजन्य मानसिकता प्रस्तुत गर्ने उपन्यास हो । गरिबीले सिर्जना गरेको मानवीय मूल्यहीनताको जीवन्त र सीमान्त चित्रण गर्ने यो आलोचनात्मक यथार्थवादी उपन्यास हो ।

८ **विक्रमादित्य एउटा कथा सुन !** उपन्यास प्रयोगवादी शिल्प संरचनामा आधारित रही निरङ्कुशता र वर्वरताका विरुद्ध स्वतन्त्रता र स्वाधीनता प्रस्तुत गर्ने उपन्यास हो । मिथकको विमिथीकरण गर्दै एउटा उपन्यासभित्र अर्को उपन्यास खप्टिएर बसेझैं लाग्ने यो महत्त्वपूर्ण प्रयोगवादी उपन्यास हो ।

९ मनोवैज्ञानिक यथार्थवादी उपन्यास **अतिरिक्त** मा पाण्डेले समाजबाट उपेक्षित हुनुपरेको नपुंसक जस्तो पात्रलाई स्थान दिई उसको हीनताग्रन्थी, मानसिक कुण्ठा, विसङ्गत जीवन र अस्तित्वको खोजीको विश्लेषण गरेका छन् । यसबाट पाण्डे मनोवैज्ञानिक उपन्यासकारको रूपमा पनि चिनिएका छन् ।

१० नयनराज पाण्डेको चौथो प्रकाशित उपन्यास **उलार**ले राजनैतिक विकृतिको नाङ्गो र कुरूप यथार्थलाई चित्रण गर्दै सर्वसाधारण जनतालाई राजनीतिले सर्वहाराकरणतिर धकेलेको यथार्थता प्रस्तुत गरेको छ । स्थानीय आञ्चलिकताका माध्यमबाट समग्र राष्ट्रकै बिम्ब खिच्न सफल यस उपन्यासले प्रतीकात्मक शीर्षक र आलोचनात्मक यथार्थवादी प्रवृतिलाई आत्मसात् गरेको छ ।

११ नयनराज पाण्डेका कथाहरूमा नेपाली सामाजिक, राजनीतिक र सांस्कृतिक विषय, जीवन भोगाइका अनुभूति, युद्धकालीन वातावरण, राजनीतिक क्षेत्रका विकृति विसङ्गति, राष्ट्रप्रेम, मानवीय संवेदना, यात्रात्मक अनुभूति, श्रमशोषण, समसामयिक समय र समाजमा विद्यमान वेथितिका विरुद्ध व्यङ्ग्यजस्ता विविध विषयवस्तुहरू रहेको पाइन्छ ।

१२ सङक्षिप्त, सरल, वर्णनात्मक र संवादात्मक शैलीयुक्त, प्रतीकात्मकता बोकेका उनका कथाहरूमा शीर्षक र कथ्यविषयका बीच तादात्म्य कायम भएको देखिन्छ । प्रथम र तृतीय पुरुष दुवै  दृष्टिविन्दुको प्रयोग उनका कथामा रहेका छन् ।

१३ नयनराज पाण्डेका कथा र उपन्यासले नेपाली साहित्यका क्षेत्रमा समसामयिक विषयवस्तु प्रस्तुत गरी सक्रिय र सशक्त आख्यानकारका रूपमा पाण्डेलाई चिनाएका छन् ।

## ५.३ सम्भावित शोधशीर्षकहरू

नयनराज पाण्डेको कृतित्वसँग सम्बद्ध रही निम्नलिखित शोधशीर्षकमा शोधकार्य गर्न सकिने सम्भावना रहेको छ :

१ नयनराज पाण्डेका फुटकर कविताको अध्ययन

२ नयनराज पाण्डेका कथासङ्ग्रहको कृतिपरक अध्ययन

३ नयनराज पाण्डेको औपन्यासिक कृतिको अध्ययन

४ नयनराज पाण्डेको नाटकहरूको अध्ययन

५ नयनराज पाण्डेको आख्यानकारिता ।

## सन्दर्भग्रन्थसूची


अज्ञात, (२०४४), 'नाङ्गो मान्छेको डायरी' ,**गरिमा** (५ : ८), पृ. १०८ ।

........, (२०४४) 'नाङ्गो मान्छेको डायरी' **जनसम्वाद साप्ताहिक**, (५ : ४५), पृ. ३ ।

अधिकारी, गोपालप्रसाद शर्मा, (२०६३), 'उलारको कथा र यसले बोकेको व्यथा' **शब्दसंयोजन**, (३ : ७), पृ. ८५-८६ ।

अधिकारी, तुलसी, (२०४४), 'नाङ्गो मान्छेको डायरी', **गोरखापत्र**, (८७ : ११४), पृ.ख ।

अधिकारी, सरोज, (२०६२), **'**अक्षरको खेती', **नेपाल**, (६ : १४), पृ (१४-१७) ।

अधिकारी, हरि, (२०६५), 'लेखकको प्रतिष्ठा बढोत्तरी गर्ने कृति,' **नयाँ पत्रिका**, (२ : १०५), पृ.६ ।

ओझा, दसरथ (ई.सं.१९७५), **समीक्षाशास्त्र,** राजपाल एण्ड सनः दिल्ली, पृ., ३१ ।

गिरी, वानिरा, (२०५८), 'उलार : एक समीक्षा', **पुनर्जागरण साप्ताहिक**, (१९ : ३१), पृ. ५ ।

गिरी, मधुसूदन, (२०६०), **भेरी अञ्चलको साहित्यिक इतिहास**, काठमाडौंः ने.रा.प्र.प्र. मा प्रस्तुत (अप्रकाशित) अनुसन्धान प्रतिवेदन ।

......., (२०५९), **नेपाली साहित्यमा भेरी अञ्चलको योगदान**, (८ : १), पृ. ८ ।

गैरे, नारायणप्रसाद शर्मा, (२०५७), 'उपन्यासकार नयनराज पाण्डेः व्यक्तित्व र कृतित्व', **नेपालगन्ज एक्सप्रेस** (२ : १७५), पृ.२ ।

........., (२०५८), 'उपन्यासकार नयनराज पाण्डेसँग साक्षात्कार', **नेपालगन्ज एक्सप्रेस** (२:१८३), पृ. ३ ।

गौतम, ध्रुवचन्द्र, (२०६१), 'नगरकोटको खोरभित्र जोकर', **देशान्तर साप्ताहिक**, (२०६१/४/३१), पृ.५।

......., (२०४४), 'नाङ्गो मान्छेको डायरी यथार्थसँग साक्षात्कार गर्दै', **नाङ्गो मान्छेको डायरी**, काठमाडौं : अनुभव प्रकाशन, पृ.९ ।

गौतम, पदम, (२०६५), 'निदाएँ जगदम्बाः पुस्तक समीक्षा', **राजधानी दैनिक**, (२०६५/४/१८), पृ.७ ।

ढकाल, जीवलाल, (२०५७), **नेपाली साहित्यमा बाँके जिल्लाको योगदान**, त्रि.वि. अप्रकाशित शोधपत्र ।

ढकाल, नारायण (२०५६), 'उलार र संसदको सोह्रौं अधिवेशन', **कान्तिपुर**, (७ : १२५), पृ. ६ ।

थापा, मञ्जुश्री, (२०५६), 'उलार', **हिमाल**, (९ : ३), पृ.४० ।

धरावासी, कृष्ण, (२०४५), 'विक्रमादित्य एउटा कथा सुन !' **साप्ताहिक विचार,** (२०४५/३), पृ.७ ।

धिताल, ऋषि, (२०६५), **बाँके जिल्लाका उपन्यासकार र औपन्यासिक कृतिको अध्ययन**, त्रि.वि. अप्रकाशित शोधपत्र ।

न्यौपाने, दैवज्ञराज, (२०४५), 'विक्रमादित्य एउटा कथा सुन !', **साप्ताहिक विमर्श**, (२०४५/३/१७) ।

पराजुली, राजेन्द्र, 'आस्तित्त्विक खोज उपन्यास अतिरिक्त' **गरिमा**, (१४ : ८), पृ.९६-९८ ।

पाण्डे, नयनराज, (२०५०), **अतिरिक्त**, काठमाडौंः साझा प्रकाशन ।

........., (२०५५), **उलार**, काठमाडौंः तन्नेरी प्रकाशन ।

........., (२०६१), **खोरभित्र जोकर**, काठमाडौंः दोभान प्रकाशन ।

........, (२०४४), **नाङ्गो मान्छेको डायरी**, काठमाडौंः अनुभव प्रकाशन ।

........, (२०६५), **निदाएँ जगदम्बा**, काठमाडौं : दूबो प्रकाशन ।

......., (२०४४), **विक्रमादित्य एउटा कथा सुन !**, काठमाडौं : रूपायन प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम, (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दो.सं., ललितपुरः साझा प्रकाशन ।

वस्नेत, मनबहादुर, (२०६५), 'जनताको पक्षमा उलार', **आजको शिक्षा साप्ताहिक** (१ :४७), पृ.९ ।

भट्टराई, घटराज, (२०५६), **नेपाली लेखक कोश**, काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

भट्टराई, लेखनाथ, (२०४४), 'नाङ्गो मान्छेको डायरी पल्टाएर हेर्दा', **माइबेनी** (१:१), पृ.४-९ ।

रावल, ललिजन, (२०४५), 'शरणार्थी जिन्दगीहरूको स्वअस्तित्वको खोजमा उपन्यास विक्रमादित्य एउटा कथा सुन !', **युगान्तर साप्ताहिक**, (६ : १२), पृ.४ ।

रेग्मी, सनत, (२०५५), 'समापन समीक्षा' **उलार** काठमाडौंः तन्नेरी प्रकाशन ।

शर्मा, तारानाथ, (२०५६), **नेपाली साहित्यको इतिहास**, चौ.सं, काठमाडौ : अक्षर प्रकाशन ।

शर्मा, दीर्घा, (२०४४), 'नाङ्गो मान्छेको डायरी', **सिर्जना**, (१३ : १), पृ.५९ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, (२०६२), **शोधविधि**, ते.सं., ललितपुर : साझा प्रकाशन ।

श्यामल, (२०५५), 'सीमान्त तहका जनताको सङ्घर्ष कथा', **उलार**, काठमाडौं : तन्नेरी प्रकाशन ।

सुधांशु, (२०४४), 'नाङ्गो मान्छेको डायरी', **समीक्षा साप्ताहिक** (२८ : ३६), पृ.५ ।

सुवेदी, पुरुषोत्तम, (२०५९), 'अविनाश श्रेष्ठ र नयनराज पाण्डेका दुई कथाः एक दृष्टि', **समकालीन नेपाली साहित्य**, (९ : ४), पृ.१३३ ।

.........., (२०६१), 'नयनराज पाण्डेका कथामा समकालीनताको तस्वीर, **खोरभित्र जोकर**, काठमाडौं : दोभान प्रकाशन ।

सुवेदी, राजेन्द्र, (२०५६), 'उलार उपन्यास आञ्चलिक धरातलको जिउँदो चित्र', **समकालीन नेपाली साहित्य**, (९ : ४), पृ.१२२-१२७ ।

........., (२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, ललितपुर साझा प्रकाशन ।